# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७ मितिः २०८१/०१ /३०

## भाग-२

### वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जमा दिग्दर्शन, २०८१

# विषय-सूची


| सि.नं. | विषय | पाना नं. |
|---|---|---|
| | **परिच्छेद-१** | |
| | **परिचय** | **१-६** |
| १. | परिचय | १ |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ उद्देश्य | २ |
| | १.३ आवश्यकता तथा औचित्य | २ |
| | १.४ दिग्दर्शनका लक्षित प्रयोगकर्ता | ३ |
| | १.५ विधि तथा प्रक्रिया | ३ |
| | **परिच्छेद-२** | |
| | **संवैधानिक र संघीय ऐन नियमका प्रावधानहरु** | **७-८०** |
| २.१ | नेपालको संविधान | ७ |
| २.२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | २१ |
| २.३ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | ५९ |
| २.४ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ | ७० |
| २.५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ | ७३ |
| २.६ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ | ७६ |
| २.७ | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ | ७७ |
| २.८ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | ७९ |
| | **परिच्छेद ३** | |
| | **दस्तावेजहरु** | **८१-९३** |
| ३.१ | दीर्घकालीन सोंच र योजना र विकासशील देशमा स्तरोन्नतिको रणतीति | ८१ |
| ३.२ | आवधिक योजना | ८२ |
| ३.३ | मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) | ८४ |
| ३.४ | आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ | ८६ |
| ३.५ | प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ | ८६ |
| ३.६ | समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि | ८७ |

| | | |
|---|---|---|
| ३.७ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ | ८८ |
| ३.८ | दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (Roadmap)२०१६—२०३० | ८९ |
| ३.९ | राष्ट्रिय अभियान तथा अन्य अन्तर सम्बन्धित विषयहरू | ८९ |
| ३.१० | राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशन | ८९ |
| ३.११ | स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरूको घोषणापत्र | ८९ |
| ३.१२ | एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ | ९० |
| ३.१३ | जलवायु परिवर्तन बजेट कोडीङ्ग | ९२ |
| | **परिच्छेद-४** | |
| | **स्थानीय तहको योजनाहरु र तिनीहरु बीचको अन्तर-सम्बन्ध** | **९४-९५** |
| | **परिच्छेद-५** | |
| | **स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया** | **९६-१३९** |
| ५.१ | स्थानीय तहको बजेट तर्जुमाका चरणहरु | ९६ |
| ५.२ | बजेट तर्जुमाका चरण तथा क्रियाकलापहरुको विस्तृतीकरण | ९७ |
| | **परिच्छेद-६** | |
| | **लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budge-GRB)** | **१४०-१४८** |
| ६.१ | परिभाषा | १४० |
| ६.२ | संस्थागत जिम्मेवारी | १४० |
| ६.३ | लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र कोडिङ्ग | १४२ |
| ६.४ | वार्षिक योजना/कार्यक्रम र बजेटका चरणहरु र तिनको लैङ्गिक विश्लेषणको तरिकाहरु | १४५ |
| | **परिच्छेद-७** | |
| | **बजेट तर्जुमामा नागरिक सहभागिता (Citizen Engagement)** | **१४९-१५२** |
| ७.१ | परिभाषा | १४९ |
| ७.२ | बजेटमा नागरिक सहभागिताका माध्यमहरु | १४९ |
| ७.३ | स्थानीय तहको वार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमाका विभिन्न चरणमा नागरिक सहभागिता | १५० |

**परिच्छेद -८**
**दीगो विकास लक्ष्य** **१५३-१७२**

८.१ परिचय १५३

८.२ दीगो विकास लक्ष्यहरु १५३

८.३ दीगो विकास लक्ष्यहरुमा नेपालको संलग्नता १५४

८.४ स्थानीय तहमा दीगो विकास लक्ष्य १५५

८.५ उपसंहार/निष्कर्ष १७२

**परिच्छेद-९**
**उपसंहार** **१७३**

**परिच्छेद -१०**
**अनुसूचीहरु** **१७४-२३६**

# परिच्छेद-१
# परिचय

## १. परिचयः

नेपालको संविधानको कार्यान्वयन सँगसँगै नेपाल एकल शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रुपान्तरित भएको छ । फलतः संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा रहेको छ । संविधानले नै तीनै तहका सरकारहरुले संविधान र कानूनको सीमाभित्र रही त्यस्तो अधिकार क्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्न सक्ने व्यवस्था पनि गरेको छ । तथापि, प्रदेश तथा स्थानीय तहले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने, तीनवटै तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने संवैधानिक अवस्था र राजस्व स्रोतको बाँडफाँड एवम् अनुदान वितरणको प्रवन्ध संघीय कानून बमोजिम हुने जस्ता प्रावधानहरुले तीनवटै तहको आर्थिक तथा वित्तीय व्यवस्थापनको छाता ऐन (Umbrella Act) को रुपमा संघबाट विभिन्न ऐनहरु/नियमहरु तर्जुमा भएका छन् । यी ऐन/नियमहरुले स्थानीय तहको आर्थिक प्रथा वित्तीय व्यवस्थालाई व्यवस्थित गर्न उल्लेखनीय योगदान गरेका पनि छन् । तथापि, सबै स्थानीय तहहरु बीचको आर्थिक तथा वित्तीय व्यवस्थापन सम्बन्धी काम कारबाहीमा एकरुपता कायम गर्दै ती निकायहरुको कार्यपद्धतिमा सुधार सहितको क्षमता अभिवृद्धि गर्नु आजको टड्कारो आवश्यकता देखिएको छ ।

### १.१ <u>पृष्ठभूमिः</u>

नेपालको संविधानले समाजबाद-उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने सोंच लिएको छ । यो सोंच र परिकल्पनालाई तीनै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट मात्र मूर्तरुप दिन सकिन्छ । तीनवटै तह संघ, प्रदेश र स्थानीयको भूगोल एउटै भएकाले राज्यका तीनवटै तहले नेपालको संविधान र प्रचलित कानूनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही एकाँकी रुपमा (Isolation) भन्दा अपसी समन्वयमा आर्थिक तथा वित्तीय नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक छ । यसका लागि संविधानको परिकल्पना अनुरुप तीनवटै तहलाई समन्वय गर्न र एउटै शुत्रमा परिचालन गर्न संघीय सरकारबाट वित्तीय संघीयता कार्वान्वयनको सन्दर्भमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, स्थानीय तह संचालन ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन तथा नियमावली, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन कार्यान्वयनमा ल्याइएका छन् । तीनवटै तहका आर्थिक तथा वित्तीय नीति तथा कार्यक्रमले राज्यको समग्र लक्ष्य प्राप्तीको धागोमा उन्ने काम गरेका छन् ।

उल्लिखित प्रयासहरु हुँदाहुँदै पनि कतिपय स्थानीय तहहरुमा कानूनले निर्दिष्ट गरेबमोजिमको समयमा बार्षिक योजना तथा बजेट प्रस्तुत भएको अवस्था छैन । वार्षिक योजना तथा बजेटका मूलभूत स्रोतको रुपमा रहनु पर्ने स्थानीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, स्थानीय आवधिक योजना (Perodic Plan), स्थानीय मध्यावधिक खर्च संरचना (Medium Term Expenditure Framework-MTEF), स्थानीय आयोजना बैङ्क (Project

Bank) कतिपय तहहरुमा नहुँदा वार्षिक बजेट तर्जुमा नै स्वःविवेकमा र हचुवामा हुने गरेको यथार्थलाई पनि अस्वीकार गर्न सकिदैन । संघीय तथा प्रादेशिक नीति तथा आवधिक योजना र कार्यक्रमसँग र गैर सरकारी निकायका आयोजना/कार्यक्रमसँग आबद्ध नभई बार्षिक योजना तर्जुमा हुँदा कतिपय कार्यक्रमहरुमा दोहोरोपना (Duplication) भएको अवस्था पनि नदेखिएको होइन। वार्षिक योजना तथा बजेट तर्जुमाको हचुवाका कारण स्रोतको उपलव्धता र विनियोजनमा दक्षता (Allcation efficienty) नहुँदा कार्यान्वयनमा प्रभावकारिता (Operational Efficiency) सँधै ओझेलमा पर्ने गरेको छ । यसका अतिरिक्त, योजना तथा बजेटमा खर्चका मापदण्ड समेत प्रभावकारी नहुँदा, आर्थिक अनुशासन कायम हुन नसकेको र बर्षेनी बेरुजु बढिरहेको अवस्था समेत विद्यमान छ ।

यस अवस्थामा मुलुकको शासन संचालनको आधारभूत तहको रुपमा रहेको स्थानीय तहको सेवाप्रवाहमा सुधार ल्याउनु, आर्थिक तथा वित्तीय अवस्थामा सुधार गर्नु र वार्षिक बजेटबाट स्रोतको अनुमानमा यथार्थता र विनियोजनमा दक्षता ल्याउनु अपरिहार्य छ । यसका लागि स्थानीय तहको क्षमता अभिवृद्धिलाई निरन्तरता दिँदै यस सम्बन्धी ऐन, कानून, कार्यविधि, मापदण्ड तर्जुमा र पद्धतिको स्थापना र तद्नुरुप र मानव संशाधनको विकास गर्न आवश्यक देखिएको छ । यसैक्रममा, वार्षिक योजना तथा बजेट तर्जुमामा प्रभावकारीता ल्याई यसको कार्यान्वयनबाट अपेक्षित उपलव्धी हासिल गर्ने हेतुले यो मार्गदर्शन/दिग्दर्शन बनाइएको छ ।

१.२ उद्देश्यः

कुनैं पनि देशको आर्थिक तथा सामाजिक विकास त्यस देशको सरकारले अवलम्वन गर्ने आर्थिक तथा वित्तीय नीतिमा निर्भर गर्दछ । विशेषतः संघीय शासन ब्यवस्थामा स्थानीय तह आधारभूत तहको रुपमा रहने र यसले सम्पादन गर्ने आर्थिक तथा सामाजिक विकासका कार्यले जनसरोकारका विषयहरुलाई प्रत्यक्ष सम्बोधन गर्नुपर्ने स्पष्ट छ । यसका लागि स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्र रही स्रोत र साधनको कुशलतापूर्वक परिचालन गर्नु आवश्यक छ भने अर्कोतर्फ उपलव्ध स्रोत र साधनलाई दक्षतापूर्वक विनियोजन गरी प्रतिफल प्राप्त गर्नुपर्ने हुन्छ । स्रोत परिचालन, विनियोजन दक्षता र कार्यान्वयनमा प्रभावकारिताका लागि वार्षिक योजना तथा बजेट तर्जुमामा कुशलता र दक्षता आवश्यक छ । यसका लागि प्रक्रियाहरुलाई ब्यवस्थित गर्नु आवश्यक देखिंदा सो प्रयोजनका लागि यो दिग्दर्शन तयार गरिएको हो । यसले बजेट तर्जुमा प्रक्रिया ब्यवहारिक, नतीजामूलक, सहभागितामूलक, समावेशी र पारदर्शी हुनेछ । साथै, विनियोजनको दक्षताले योजना तथा बजेटको कार्यान्वयन तथा अनुगमनका लागि समेत आधार र मार्गदर्शन गर्नेछ ।

१.३ आवश्यकता तथा औचित्यः

मुलुकमा वित्तीय संघीयताको कार्यान्वयनको सन्दर्भमा संघीय सरकारले तर्जुमा गरेका कतिपय ऐन कानूनहरुले स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धमा केही ब्यवस्थाहरु गरेका छन् । त्यस्तै संघीय तथा प्रदेश सरकाबाट प्रतिपादित कतिपय दस्तावेजहरु र मार्गदर्शनहरुले पनि यो प्रक्रियामा सहयोग पुऱ्याएका छन् । ऐन, कानून र दस्तावेजहरुमा फरक/फरक

प्रसँगमा ब्यवस्थित यी विषयहरु छरिएर रहेको अवस्था छ जसलाई स्थानीय तहले आफ्नो वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा अवलम्वन गर्नुपर्दछ ।

यसरी विभिन्न ऐन कानून र दस्तावेजहरुमा छरिएर रहेका यस सम्बन्धी प्रावधानहरुलाई एउटै दस्तावेजमा संश्लेषण गरेमा कार्यप्रक्रियामा सहजता र सरलता आउने निश्चित छ । यसका अतिरिक्त, योजना तथा बजेट जस्तो प्राविधिक विषयलाई चरणवद्ध रुपमा हुने क्रियाकलापहरु सहित यसका निश्चित ढाँचाहरु (formats) समेत बनाएमा वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा सरलता आउँदछ । यसर्थ, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमासँग सम्बन्धित ऐन नियमहरु, दस्तावेजहरु, यसका चरणहरु, समयतालीका, जिम्मेवारी, ढाँचाहरु, समेतलाई एउटै दस्तावेजमा समेट्दै बजेट तर्जुमा जस्तो जटिल विषयलाई सरल रुपमा प्रस्तुत गर्न आवश्यक देखिएको छ ।

### १.४ दिग्दर्शनका लक्षित प्रयोगकर्ताः

यो दिग्दर्शन मूलतः मधेश प्रदेश तथा लुम्विनी प्रदेशको स्थानीय सरकारको प्रयोगका लागि बनाइएको हो । तसर्थ, यो दिग्दर्शन स्थानीय सरकारका निर्वाचित पदाधिकारीहरु, कर्मचारीहरु, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिहरु, सहजकर्ताहरु, पेशाविद्हरु सबैले उपयोग गर्न सक्नेछन् । यसबाट मूलतः स्थानीय तहको योजना कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक, ब्यवस्थित र समावेशी एवम् सन्तुलित बनाउन अत्यन्त उपयोगी हुने अपेक्षा गरिएको छ ।

### १.५ विधि तथा प्रक्रियाः

प्रस्तुत योजना, कार्यक्रम तथा बजेट तर्जुमा तर्जुमा दिग्दर्शन (Planning, programming and Budget Formulation Manual) तयार गर्ने सन्दर्भमा देहाय बमोजिमको विधि तथा प्रक्रिया अवलम्बन गरिएको छ

१.५.१ समस्या तथा आवश्कयता पहिचानः USAID/PFM को कार्यक्षेत्र रहेको मधेश प्रदेश तथा लुम्विनी प्रदेशमा सार्वजनिक वित्त ब्यवस्थापनको क्षेत्रमा गर्नुपर्ने सुधारको सम्बन्धमा प्रदेश तहमा अन्तर स्थानीय सरकार सार्वजनिक वित्त ब्यवस्थापन समन्वय समिति (Inter Local Government Public Financial Management Co-ordination Committee-ILG-PFMCCs) गठन भएको छ । उल्लिखित समितिबाट आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम माथि छलफल हुँदा, स्थानीय तहमा वार्षिक योजना तथा बजेट तर्जुमामा देखिएका कठिनाईहरु/जटिलताहरुको पृष्ठभूमिमा, सबै स्थानीय तहहरुका लागि यस सम्बन्धी सरल र कार्यान्वयनयोग्य, दिग्दर्शनको आवश्यकता पहिचान गरिएको थियो । उल्लिखित समितिको सिफारिस बमोजिम यो विषय केन्द्रीय समन्वय समितिमा समेत छलफल भई वार्षिक योजनामा समावेश भए बमोजिम USAID/PFM परियोजनाबाट यस सम्बन्धी विस्तृत कार्यविवरण (Detailed Terms of Reference) बनाई यस सम्बन्धी विशेषज्ञ सेवा आव्हान गरी नियमानुसार विज्ञको छनौट गरिएको थियो ।यसर्थ यसमा नियुक्त विज्ञबाट विस्तृत कार्यविवरणमा उल्लेख भएअनुसारको विधि र प्रक्रिया अवलम्बन गरिएको छ ।

१.५.२ <u>परामर्श बैठक (Consultation Meetings):</u>विशेषतः सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित निकायहरु-संघीय तथा प्रादेशिक अर्थ मन्त्रालय, संघीय तथा प्रादेशिक योजना आयोगहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, संघीय मामला तथा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, छनौट भएका प्रदेश तथा जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीय तहहरु र अन्तर स्थानीय सरकार सार्वजनिक वित्त व्यवस्थापन समन्वय समितिमा स्थलगत रुपमा गई परामर्श बैठकहरु गरी सम्बन्धित निकायको धारणा समेत बुझी त्यसलाई प्रतिविम्बित गरिएको छ । यसका अतिरिक्त, मधेश तथा लुम्बिनी प्रदेशका छनौट भएका स्थानीय तहका जनप्रतिनिधिहरुको अभिमूखीकरण तालीमलाई पनि यस प्रयोजनका लागि उपयोग गरी सुझावहरु संकलन गरिएको छ ।

१.५.३ <u>सम्बन्धित ऐन कानून र दस्तावेजहरुको अध्ययनः</u>

नेपालमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा भएका संवैधानिक प्रावधानहरु, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय तह कार्यसंचालन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, प्रदेश तथा स्थानीय तहका ऐन तथा नियमहरुका सम्बन्धित दफाहरु र विशेषतः संघ तथा प्रदेशका आवधिक योजनाहरु, मध्यमकालीन खर्च संरचना, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदनहरु, आयोजना बैङ्क, दीगो विकास लक्ष्य, लैङ्गिक उत्तरदायी बजेट निर्देशिका, अनुदान सम्बन्धी कार्यविधि जस्ता दस्तावेजहरुको अध्ययन गरिएको छ ।

१.५.४ <u>सूचना सकलनः</u>

सम्बन्धित प्रदेशको स्थानीय तहको वार्षिक योजना तथा बजेट प्रणाली र त्यसका अन्तरालहरु (Gaps) पत्ता लगाउन र यससँग सम्बन्धित आवधिक योजना (Periodic plan), मध्यावधि खर्च संरचना (MTEF) र आयोजना बैङ्क (Project Bank) एवम् नागरिक सहभागिता (Citizen Engagement) को अवस्था वुझन र त्यससँग सम्बन्धित सुझावहरु संकलन गर्न यससँग सम्बन्धित २२ वटा प्रश्नहरु (Questioners) तयार गरी मधेश तथा लुम्बिनी प्रदेशका छनौटमा परेका जनप्रतिनिधिहरु कर्मचारीहरु र पेशाविद्हरुसँग सूचना संकलन गरिएको छ । यसको अतिरिक्त केही स्थानीय तहहरुको योजना तथा बजेट तर्जुमा सम्बन्धी अभ्यास, अनुभव र सिकाई (Lesson learned) को अवलोकन समेत गरिएको छ।

१.५.५ <u>मस्तिष्क मन्थन, विश्लेषण तथा खाका तयारीः</u>

स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेट दिग्दर्शन तयारीको सन्दर्भमा, सम्बन्धित निकायका पदाधिकारीहरुबाट प्राप्त परामर्श, प्रश्नावलीबाट प्राप्त पृष्ठपोषण (Feedback) र सम्बन्धित कानूनहरु र दस्तावेजहरुको अध्ययनको विश्लेषण र मस्तिष्क मन्थन (Brain Storming) को आधारमा यसको मस्यौदा खाका तयार गरी सम्बन्धित पदाधिकारीहरुसँग छलफल गरी अन्तिम खाका बनाइएको छ ।

यो दिग्दर्शनको मूलभूत उद्देश्य वार्षिक योजना तथा बजेट तर्जुमाका प्रक्रियाहरुलाई विस्तृत रुपमा विवेचना गर्नु रहेतापनि यससँग प्रत्यक्ष सम्बन्धित संवैधानिक तथा कानूनी व्यवस्था, स्थानीय आवधिक योजना, त्रि-वर्षिय खर्च संरचना र आयोजना वैङ्क जस्ता दस्तावेजहरुमा उल्लिखित प्रावधानहरुलाई पनि संक्षेपमा उल्लेख गरिएको छ ।

१.५.६ <u>मस्यौदा तयारीः</u>

माथि उल्लिखित चरणहरु विशेषतः सम्बन्धित ऐन कानून  र दस्तावेजहरुको अध्ययन, स्थलगत अध्ययन/अवलोकन, पदाधिकारी र पेशाविद्हरुसँगको परामर्श समेतको आधारमा तय भएको खाका (Framework) भित्र रही दिग्दर्शनको मस्यौदा तयार गरिएको छ ।

१.५.७ <u>प्रस्तुती तथा सुझाव संकलन र प्रमाणीकरणः</u>

यसरी तयार भएको दिग्दर्शनको मस्यौदालाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकारको राष्ट्रिय योजना आयोग, संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश योजना आयोग, अर्थ मन्त्रालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, छनौटमा परेका जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय तहहरुका प्रशासनिक पदाधिकारीहरु, पेशाविद्हरु  समेत सम्मिलित मञ्च (forum) मा प्रस्तुत गरी सुझावहरु संकलन गरिएको छ ।

१.५.८ <u>दिग्दर्शनको विषयवस्तुः</u>

प्रस्तुत दिग्दर्शनमा देहायका परिच्छेद सामग्री र विषयवस्तु रहेका छन्

| परिच्छेद | सामग्री | विषयवस्तु |
|---|---|---|
| १ | परिचय | पहिलो परिच्छेदमा प्रस्तुत दिग्दर्शन तयारीको पृष्ठभूमि, उद्देश्य, आवश्यकता तथा औचित्य, तयारी विधि तथा प्रक्रिया उपयोग र समाविष्ट विषयवस्तु उल्लेख छ । |
| २ | संविधान र ऐन नियम | यस परिच्छेदमा स्थानीय तहको योजना तथा बजेट तर्जुमासँग सम्बन्धित संवैधानिक प्रावधान, संघीय ऐनहरु- स्थानीय तह कार्यसंचालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, संघ, प्रदेश र स्थानीय तह वीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनका प्रावधानहरु समेटिएका छन् । |
| ३ | दस्तावेजहरु | संघ, प्रदेश र स्थानीय तहको सहकार्य, सह-अस्तित्व र समन्वयमा मात्र वित्तीय संघीयताले मुर्तरुप लिने |

| परिच्छेद | सामग्री | विषयवस्तु |
| --- | --- | --- |
| | | हुँदा वार्षिक योजना तथा बजेटका अभिन्न अङ्ग, आवधिक योजना, त्रि-वर्षिय खर्च संरचना, आयोजना बैङ्क, लैङ्गिक बजेट विश्लेषण, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, अनुदान सम्बन्धी कार्यविधि आदिका प्रावधानहरु समेटिएका छन् । |
| ४ | स्थानीय तहको योजनाहरु र तिनीहरु बीचको अतरसम्बन्ध | यस परिच्छेदमा वार्षिक योजना तथा बजेट तर्जुमाका महत्वपूर्ण स्रोतहरुको रुपमा रहने आवधिक योजना, आयोजना वैङ्क, मध्यमकालीन खर्च संरचनाको अन्तरसम्बन्ध बारेमा चर्चा गरिएको छ । |
| ५ | स्थानीय वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया | यस परिच्छेदमा योजना, कार्यक्रम तथा बजेटको तर्जुमाका प्रक्रियागत चरणहरु, क्रियाकलापहरु, समयतालीका, जिम्मेवारी सहितको विस्तृत कार्य प्रक्रिया औंल्याइएको छ । |
| ६ | लैङ्गिक उत्तरदायी बजेट विश्लेषण | यस परिच्छेदमा वार्षिक योजना/कार्यक्रम तथा बजेटको लैङ्गिक विश्लेषणको आवश्यकता र तरिका दर्शाइएको<br>छ । |
| ७ | नागरिक सहभागिता | यस परिच्छेदमा योजना, कार्यक्रम तथा आय-व्यय विवरणको तयारीको क्रममा नागरिक सहभागिता गराउने चरणगत विधिहरु उल्लेख गरिएको छ । |
| ८ | दीगो विकास लक्ष्य | यस परिच्छेदमा दीगो विकास लक्ष्यहरु र ती लक्ष्यहरु हासिल गर्न स्थानीय तहले गर्नुपर्ने कार्यहरु औंल्याइएको छ । |
| ९ | उपसंहार | यस परिच्छेदमा निर्देशिकाले अपेक्षा गरेको नतीजा सहितको निष्कर्ष उल्लेख छ । |
| १० | अनुसूची | यसमा मुख्य मुख्य अनुसूचीहरु समाविष्ट छन् । |

## परिच्छेद-२
## संवैधानिक र संघीय ऐन नियमका प्रावधानहरु

जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई अत्मसात गर्दै बनेको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको बनाएको छ र तीनवटै तहको राज्यशक्तिको बाँडफाँड सहित अधिकारको व्यवस्था गरेको छ । यस्तो अधिकारको प्रयोग आ-आफ्नो तहको कानून अनुसार गर्नुपर्ने प्रावधान भएतापनि संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्ने, प्रदेश तथा स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने, संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानूनी बमोजिम हुने, राजस्व बाँडफाँड, अनुदान वितरण जस्ता विषय संघीय कानून बमोजिम हुने जस्ता संवैधानिक व्यवस्थालाई व्यवस्थित गर्ने क्रममा नेपाल सरकारले विभिन्न कानूनहरु बनाएको छ ।

यी कानूनहरुलाई स्थानीय तहले वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा आधारभूत स्रोतको रुपमा अनिवार्य ग्रहण गर्नुपर्ने हुन्छ । यसर्थ, यस परिच्छेदमा यस सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थालाई संक्षेपमा विवेचना गरिएको छ ।

### २.१ नेपालको संविधानः

नेपालको संविधान तीनवटै तहको राज्यशक्तिको बाँडफाँडको स्रोत हो । यसले राज्यका निर्देशित सिद्धान्त, नीति तथा दायित्व किटान गरेको छ जसलाई तिनवटै तहका सरकारले कार्वान्वयनमा लैजानु पर्दछ । यसका अतिरिक्त स्थानीय तहको कार्यपालिका, व्यवस्थापिका, स्थानीय आर्थिक कार्यप्रणाली, संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध जस्ता विषयहरुले स्थानीय तहको शासकीय स्वरुपलाई व्यवस्थित गरेको छ । यसर्थ, यहाँ वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा, स्थानीय तहले ध्यान दिनु पर्ने संवैधानिक प्रावधानहरुलाई मात्र उध्दृत गरिएको छ ।

#### २.१.१ <u>राज्यको निर्देशक सिद्धान्त,नीति तथा दायित्वः</u>

नेपालको संविधानको धारा ४९ देखि ५५ सम्म राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था छ । यी सिद्धान्त, नीति तथा दायित्व तीनवटै सरकारका मार्गदर्शक सिद्धान्तहरु हुन जसलाई तीनवटै सरकारले आफ्नो रणनीति, नीति, योजना कार्यक्रममा प्रतिविम्वित गर्नुपर्दछ । अतः स्थानीय तहले पनि आफ्नो वार्षिक योजना/कार्यक्रम र बजेट निर्धारण गर्दा, यी विषयहरुलाई ध्यान दिनुपर्ने हुँदा ती सिद्धान्त नीति तथा दायित्वलाई यहाँ उध्दरण गरी प्रस्तुत गरिएको छ ।

४९. **<u>मार्गनिर्देशनका रूपमा रहनेः</u>** (१) यस भागमा उल्लिखित निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्गनिर्देशनका रूपमा रहनेछन् ।

(२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन गर्न आवश्यकता अनुसार स्रोत साधन परिचालन गर्ने गराउनेछ ।

५०. **निर्देशक सिद्धान्तहरू:** (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोगः गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ ।

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ ।

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

(४) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वऔमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।

५१. **राज्यका नीतिहरू:** राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछः-

(क) **राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिः**

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अश्भुण्ण राख्ने,

(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र २ ऐक्यबद्धता कायम गरी संघीय इकाईबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्धन गर्ने,

(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,

(४) सरबाँगीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने,

(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी प्रहरी बल, सशस्त्र प्रहरी, बल नेपाल लगायत सबै सुर निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,

(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने,

(७) पूर्व कर्मचारी, सेनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने ।

(ख) **राजनैतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिः**

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने,

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,

(६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने ।

(ग) **सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिः**

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,

(४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमाः जोड दिने,

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने,

(७) बहुभाषिक नीति अवलम्बन गर्ने ।

(घ) **अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिः**

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको गर्दै सर्वांगीण राष्ट्यि राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको बिकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने,

(११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(१२) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र सँघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।

(ङ) **कृषि र भूमिसुधार सम्बन्धी नीतिः**

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्द किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्द जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

(च) **विकास सम्बन्धी नीतिः**

(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिंगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

(४) वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

(५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्न,

(६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,

(७) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

(८) जनसाँख्यिक तथ्यांकलाई अच्चावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।

(छ) **प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिः**

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो उर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, बन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय लागि भ्रभागमा बातावरणाय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राखे,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्युन गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा -पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

(९) प्राकतिक ऋेतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने ।

(ज) **नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने,

(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,

(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने,

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने,

(८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

(९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने,

(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,

(११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने,

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

(१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने,

(१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगता भएका व्यक्ति अनुकूल बनाउने,

(१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने ।

(झ) **श्रम र रोजगार सम्बन्धी नीतिः**

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकक आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सु-सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

(ञ) **सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः**

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,

(५) बालबालिकाको सर्वोतम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र. सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने ।

(ट) **न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिः**

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,

(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

(३) जनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने ।

(ठ) **पर्यटन सम्बन्धी नीतिः** नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उच्चोगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।

(ड) **अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिः**

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,

(२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने ।

५२. **राज्यको दायित्वः** नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ ।

५३. **प्रतिवेदन पेश गर्नेः** यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व "कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले, त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

५४. **अनुगमन सम्बन्धी व्यवस्थाः** यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्न संघीय संसदमा कानून बमोजिम एक समिति रहनेछ ।

५५. **अदालतमा प्रश्न उठाउन नसकिने**ः यस भागमा लेखिएका कुनै विषय कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

## २.१.२ <u>राज्यशक्तिको बाँडफाँड:</u>

नेपालको संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गरेको छ । उक्त धाराको उप-धारा ४ ले स्थानीय तहलाई अनुसूची ८ बमोजिम अधिकार सुम्पेको छ । यसको प्रयोग भने गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । यसका अतिरिक्त अनुसूची ९ बमोजिमको तीन तहको साझा अधिकारको प्रयोग पनि संघीय कानून, प्रदेश कानून र स्थानीय कानून बमोजिम हुने व्यवस्था छ । एकल सूची र साझा सूचीमा नपरेका विषयमा भनें संघको अधिकार हुनेछ भनी धारा ५८ मा अवशिष्ट अधिकार अन्तर्गत स्पष्ट उल्लेख गरिएको छ ।

**अनुसूची-८**
**(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)**
**स्थानीय तहको अधिकारको सूची**

| <u>क्र.सं</u> | <u>विषयहरू</u> |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

संविधानको अनुसूची ८ मा उल्लिखित एकल अधिकार अन्तर्गत आर्थिक तथा वित्तीय विषयमा मूलतः सहकारी संस्था, एफ.एम. सञ्चालन, सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमीकर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय बजार, साना जलविद्युत, खानी तथा खनिज पदार्थ संरक्षण आदि पर्दछन् ।

५७. **<u>राज्यशक्तिको बाँडफाँड:</u>** (१) संघको अधिकार अनुसूची-५ मा उल्लिखित वेषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानून बमोजिम हुनेछ ।

(३) संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित वेषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान, संघीय कानून र प्रदेश कानून बमोजिम हुनेछ ।

(४) स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ ।

(५) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूचीः नसके मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ ।

(६) उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर

सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ ।

(७) उपधारा (५) बमोजिम गाउँ सभा वा नगर सभाले कानून बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ ।

५८. **अवशिष्ट अधिकार:** यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुनेछ ।

२.१.३ आर्थिक अधिकारको प्रयोग:

नेपालको संविधानको धारा ५९ ले तीनवटै तहको सरकारको आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरेको छ । यस अन्तर्गत तीनवटै तहले आ-आफ्नो आर्थिक अधिकारको कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न पाउँनेछन् । बार्षिक बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने, वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुने र संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानूनले तोकेबमोजिम गर्ने व्यवस्था छ । यसका अतिरिक्त, तीनवटै तहले प्राकृतिक स्रोतको प्रयोग वा लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने र प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनुपर्ने प्रावधान छ । उल्लिखित प्रावधानहरुको अधिनमा रही संघीय कानूनसँग नबाँझने गरी स्थानीय तहले आर्थिक तथा वित्तीय कानून बनाउने, बजेट बनाउने, निर्णय गर्ने र आर्थिक नीति तथा योजनाहरु तयार गर्ने कामहरु सम्पादन गर्नुपर्दछ ।

**अनुसूची-९**
**(धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उप-धारा (१) सँग सम्बान्तिध)**
**संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा,खेलकूद र पत्रपत्रिका |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू |
| ६ | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरीबी निवारण |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन अनुमति |

५९. आर्थिक अधिकारको प्रयोग: (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् ।

(२) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछ ।

(३) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ ।

(४) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ ।

(५) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ ।

(६) वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ । त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ ।

(७) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

२.१.४ <u>राजस्व स्रोतको बाँडफाँडः</u>

नेपालको संविधानको धारा ६० ले तीन तहको सरकार बीच राजस्व स्रोतको बाँडफाँडको व्यवस्था गरेको छ । यसअनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने व्यवस्था छ । तर साझा सूचिभित्रको र सूचीमा नपरेकाको विषयमा स्थानीय तहले राजस्व उठाउन पाउँदैन । यसरी आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बमोजिम उठाउने राजस्वले मात्र स्थानीय तहको कार्यभार संचालन गर्न नपुग्ने हुँदा नेपाल सरकारले संकलन गरेको राजस्व न्यायोचित वितरण गर्नुपर्ने व्यवस्था छ । यसका अतिरिक्त, नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान (Equalization Grant), सशर्त अनुदान (Conditional Grant), समपूरक अनुदान (Complementary Grant) र विशेष अनुदान (Special Grant) प्रदान गर्नुपर्ने संवैधानिक व्यवस्था

छ ।

यसरी स्थानीय तहको सरकार संचालनार्थ संविधानबाट नै आन्तरिक राजस्व, बाँडफाँडबाट प्राप्त राजस्व र ४ प्रकारका अनुदानहरु नै प्रमुख स्रोतको रुपमा प्रत्याभूत भएको देखिन्छ ।

६०. **<u>राजस्व स्रोतको बाँडफाँडः</u>** (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् ।

तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(३) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(५) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन् ।

(६) नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(७) संघ, प्रदेश र स्थानीय तह बीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ ।

(८) राजस्व बाँडफाँड सम्बन्धी संघीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न्न सहयोग गर्नु पर्ने विषयहरूमा ध्यान दिनु पर्नेछ ।

२.१.५ <u>कर लगाउन वा ऋण लिन नपाइनेः</u>

प्रतिनिधित्वको सम्मती विना करारोषण गर्न नपाइने (No Taxation without representations) सिद्धान्त मुताविक नेपालको संघ तथा प्रदेशमा जस्तै स्थानीय तहमा पनि कानून बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण समेत लिन नपाउँने व्यवस्था नेपालको संविधानको धारा २२८ मा उल्लेख छ । यसर्थ, संविधानको अनुसूची ८ को अधिकारको सूचीको अधिनमा रही स्थानीय तहले राजस्व सम्बन्धी कानून सभाबाट पारित गर्नु/गराउनु पर्दछ । यस्तो राजस्व सम्बन्धी कानून राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी बनाउँनु पर्ने व्यवस्था छ । जसलाई योजना तथा बजेट बनाउँदा अनुशरण गर्नुपर्दछ ।

२२८. **<u>कर लगाउन वा ऋण लिन नपाइनेः</u>**

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन ।

(२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा

स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

२.१.६ स्थानीय संचित कोषः

संघ, प्रदेश र स्थानीय तहको आय र व्ययको यथार्थ विवरण पारदर्शी रुपमा राख्नका लागि तीनवटै तहको छुट्टाछुट्टै संचित कोष आवश्यक पर्दछ । यसर्थ स्थानीय तहको यस्तो कोषको व्यवस्थाका लागि नेपालको सविधानको धारा २२९ बाट स्थानीय संचित कोषको व्यवस्था गरिएको छ । यस्तो संचित कोषमा स्थानीय तहका नाममा प्राप्त हुने सबै प्रकारको राजस्व, अनुदान र ऋण लगायतका रकम जम्मा हुने र स्थानीय कानून बमोजिमका सबै खर्चहरु उक्त कोषबाटै हुने व्यवस्था छ । यो संवैधानिक व्यवस्थालाई देहायबमोजिम उध्दृत गरिएको छ ।

२२९. **स्थानीय सञ्चित कोषः**

(१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

२.१.७ राजस्व र व्ययको अनुमानः

गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान (बजेट) स्थानीय कानून बमोजिम पेश गर्नुपर्ने, पारित गर्नुपर्ने र बजेट पेश गर्नुपर्ने अवस्थामा घाटा पूर्ति गर्ने स्रोत समेत प्रस्ताव गर्नु पर्दछ जसको संवैधानिक प्रावधानलाई वार्षिक योजना, कार्यक्रम र बजेट बनाउँदा अक्षरशः पालना गर्नुपर्दछ ।

२३०. **गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमानः**

(१) यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।

## २.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ः

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवर्द्धन गर्न, समाजबादउन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय तहमा

विधायिकी कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने उद्देश्यले संघीय व्यवस्थापिका संसदले यो ऐन तर्जुमा गरेको छ ।

प्रस्तुत ऐनमा १५ वटा परिच्छेद र १२१ वटा दफाहरु रहेका छन् । स्थानीय तह संचालन ऐनमा उल्लिखित दफाहरुमध्ये दफा ११ र १२ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची ९ मा उल्लिखित साझा अधिकारको सूचीलाई विस्तृतीकरण गरेको छ । यी दफाहरमा रहेका प्रावधानहरुलाई मनन् गरेर मात्र स्थानीय तहको योजना तर्जुमा, राजस्व परिचालन र विनियोजन गर्नु आवश्यक हुन्छ । अतः वार्षिक बजेट तर्जुमाको सन्दर्भमा, यी दफाहरुमा उल्लिखित काम, कर्तव्य र अधिकारलाई पृष्ठभूमिको रुपमा बुझ्नु पर्ने हुँदा यी व्यवस्थाहरु उध्दृत गरी प्रस्तुत गरिएको छ ।

११. **गाउँपालिकाको अधिकार** : (१) गाउँपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपलिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. **नगर प्रहरी**

(१) नगर प्रहरीको गठन , संञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुच्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः-

(क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अति क्रमशः रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

ख. **सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

ग. **एफ.एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य।

घ. **स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, च्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक •............. वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) ⊕प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,

---

• केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

ङ. **स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन, र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र् नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

च,. **स्थानीय तथ्याङ्क र् अभिलेख सङ्कलन**

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य।

छ. **स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) संभाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य।

ज. **आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

झ. **आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्दन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र बायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

ञ. **स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन, :

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

ट. **स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य।

ठ. **गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९०) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ड. **स्थानीय अभिलेख व्यवस्थापन**

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्रार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक शक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ढ. **जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण**

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य।

ण. **कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्दन,

(६) पशु नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

त. **जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

थ. **बेरोजगारको तथ्याङ्क सङ्कलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य।

द. **कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य।

ध. **खानेपानी, साना जलविद्यत आयोजना, वैकल्पिक उर्जा**

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धनी अन्य कार्य।

न. **विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको संचालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य।

प. **जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग,

(७) ढुङ्गा, गिट्टी, बालुवा, ⊕माटो तथा स्लेट जस्ता बस्तु सर्वेक्षण, दर्ता उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

फ. **भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र् विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

(३) गाउँपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. **खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवर्द्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

ख. **स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य ©स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

---

© केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

(१२) जुनोटिकर कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

ग. **विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू**

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन ।

घ. **सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बधी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलन

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

ङ. **वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,

(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव तथा बन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन, -

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाङ्कन,

(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,

(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, ®अनुगमन र नियमन,

---

® केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्वन

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

च. **सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

छ. **व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

ज. **स्थानीयस्तरमा पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माण ।**

झ. **सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

ञ. **प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँट ।

ट. **सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र् नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन।

•ठ. **संघ, संस्था दर्ता तथा नवीकरण**

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

(५) उपदफा (१) र (३) मा उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिका तथा नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. **भूमि व्यवस्थापन**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू -उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

ख; **सञ्चार सेवा**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।

ग. **यातायात सेवा**

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

---

• केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

◆घ. **लघु, घरेलु तथा साना उद्योग**

(१) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन।

(६) सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ।

(७) गाउँपालिका वा नगरपालिकाले •यस दफा बमोजिमका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ।

१२. **वडा समितिको काम, कर्तव्य र अधिकार** : (१) वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछ :-

क. **वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन**

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छुनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

ख. **तथ्याङ्क अद्यावधिक तथा संरक्षण**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको

---

◆ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

• केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अच्चावधिक गर्ने,

ग. **विकास कार्य**

(१) बाल उद्यानका व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमंलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधिको माग सङ्कलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

(१५) पशुपक्षी बिकास तथा छाडा चोपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक लाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने,

(२४) घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायवीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्गलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने ,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्दन गर्ने।

घ. **नियमन कार्य**

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राखे,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

ङ, **सिफारिस तथा प्रमाणित गर्ने**

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने ,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्याङ्कन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

°(३४क) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,

(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

(३) उपदफा (१) बमोजिम कार्यपालिकाबाट वडा समितिको काम, कर्तव्य र अधिकार नतोकिएसम्म वडा समितिले उपदफा (२) बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ।

(४) वडाबाट गरिने कार्य वडा कार्यालयको नाममा हुनेछ।

१३. **न्यूनतम दररेट निर्धारण गर्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी तोक्नु पर्नेछ ।

° केहि नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

(३) उपदफा (१) बमोजिमको दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

१४. **समिति, उप-समिति वा कार्यदल गठन गर्न सक्नेः** (१) कार्यपालिकाले आफ्नो काम, कारवाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उप-समिति गठन गर्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठन हुने समिति, उप-समिति वा कार्यदलको कार्यक्षेत्र, कार्याविधि र अन्य विषय त्यस्तो समिति, उप-समिति वा कार्यदल गठन गर्दाको बखत तोके बमोजिम हुनेछ ।

१५. **परिचालन र समन्वय गर्न** : गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्नेछ ।

१६. **कार्यविभाजन र कार्यसम्पादन** : (१) कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यविभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको नियमावलीबाट पदाधिकारीको कार्यविभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्मको लागि निजको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

क. **अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार** : अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र वैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) दफा १२ को खण्ड ङ. बमोजिम वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) गाउँपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) गाउँपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

ख. **उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार** : उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(३) गैरसरकारी सङ्घ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

(७) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(८) सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।

ग. **वडा अध्यक्षको काम, कर्तव्य र अधिकार : वडा अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ** :-

(१) वडा समितिको अध्यक्ष भई कार्य गर्ने,

(२) वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,

(३) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने,

(४) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,

(५) दफा १२ को खण्ड ङ मा उल्लिखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धी कार्य गर्ने,

(६) सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,

(७) कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने।

घ. **कार्यपालिकाका सदस्यका काम, कर्तव्य र अधिकार** : कार्यपालिकाको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) कार्यपालिकाको बैठकमा भाग लिने,

(२) अध्यक्ष वा प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई तोकिएको कार्य गर्ने,

(३) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(४) कार्यपालिकाले तोकेका अन्य कार्य गर्न ।

### २.२.२ योजना तर्जुमा तथा कार्यान्वयनः

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ ले स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयन गर्ने विधिहरु तोकेको छ, जसलाई वार्षिक योजना/कार्यक्रम बजेट बनाउँदा अनुशरण गर्नु आवश्यक छ । यसर्थ, दफा २४ को आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाउनु पर्ने, त्यस्ता योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषय, दफा २५ को गैरसरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संस्था, सामाजिक तथा सामुदायिक संघ संस्थासँग गर्नुपर्ने समन्वय र दफा २६ को साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने विषयहरुलाई वार्षिक योजना/कार्यक्रम बनाउँदा ध्यान दिनु पर्ने देखिँदा ती विषयहरु यहाँ उध्दृत गरिएको छ ।

२४. **योजना बनाई कार्यान्वयन गर्ने**: (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लाग् गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

(३) गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(४) गाउँपालिकाले उपदफा (१) वमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेछ।

(५) गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ ।

(६) गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(८) गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

(१०) गाउँपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

२५. **समन्वयमा कार्य गर्नु पर्ने** : (१) गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ।

तर कुनै अन्तरराष्ट्रिय गैरसरकारी सङ्घ संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहसँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(ग) स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने ।

(३) यस दफाको विपरीत कुनै सङ्घ संस्थाले काम गरेमा स्थानीय तहले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ।

(४) समन्वय सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

२६. **साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने** : गाउँपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झोता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ :-

(क) बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

(घ) फोहोरमैला बिसर्जनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(ङ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(च) बस्ती विकास तथा भू-उपयोग योजना,

(छ) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(ज) संयुक्त उद्यम,

(झ) आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ञ) स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

(ट) अन्तरस्थानीय तह भगिनी सम्बन्ध,

(ठ) असल अभ्यास र अनुभवको आदान प्रदान,

(ड) भौतिक तथा आर्थिक सहयोग,

(ढ) अन्य उपयुक्त विषय ।

## २.२.३ गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रः

नेपालको संविधानको अधिनमा रही स्थानीय सरकार संचालन ऐनको परिच्छेद ९ ले गाउँपालिकाको वित्तीय अधिकार क्षेत्रलाई विस्तृतीकरण सहित प्रस्तुत गरेको छ । यसमा मूलतः जनप्रतिनिधिको स्वीकृतिमा बनेको कानून विना कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था उल्लेख छ । यसमा विशेषतः राजस्वका क्षेत्रहरु एकीकृत सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडीवुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क लगाउँन सक्ने व्यवस्था उल्लेख छ । यसका अतिरिक्त स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन र कार्य विवरण निर्धारण गरिएको छ । यी विषयहरु वार्षिक योजना/कार्यक्रम बजेट तर्जुमा गर्दा अक्षरशः अनुशरण गर्नुपर्ने विषयहरु भएकाले ऐनका दफाहरु सहितको व्यवस्था यहाँ उघ्दृत गरिएकोछ ।

५४. **कानून बमोजिम बाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाउने** : कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन पाउने छैन।

*५५. **सम्पत्ति करः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछः-

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ।

---

* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युत गृह, मसान घाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

•५६. **<u>भूमिकर (मालपोत)</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ।

५७. **<u>घर जग्गा बहाल कर</u>** : गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ ।

५८. **<u>व्यवसाय कर</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउनेछ।

५९. **<u>बहाल बिटौरी शुल्क</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ।

६०. **<u>पार्किङ्ग शुल्क</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्नेछ ।

६१. **<u>जडीबुटी, कवाडी र जीवजन्तु कर</u>** : गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउनेछ।

---

• आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

६२. **सेवा शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउनेछ।

तर अर्को गाउँपालिकासँगको सीमा नदी वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिकालाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गर्नु पर्नेछ।

(२) गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ :-

(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी , व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होष्टेल), हाट बजार, पशु बधशाला, शव दाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) सिफारिस सम्बन्धी कुनै सेवा।

(३) गाउँपालिका ले उपदफा (१) र (२) मा उल्लिखित सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा सुबिधा उपयोग गरे बापत लाग्ने सेवा शुल्क उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्नेछ ।

[×]६२क. **बिक्री गर्न सक्ने:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

× केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

°६२ख. **सामुदायिक वनबाट आय प्राप्त गर्नेः** (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

६३. **कर, शुल्क वा दस्तुर लगाउन नपाउने** : (१) गाउँपालिकाले प्रचलित कानून बमोजिम कुटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन सक्ने छैन।

(२) गाउँपालिकाले वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान वा विकास समितिद्वारा विदेशबाट पैठारी भएका मालसामानमा कुनै पनि किसिमको कर, शुल्क वा दस्तुर लगाउन पाउने छैन।

(३) गाउँपालिकाले तोकेको अवधिभित्र सामूहिक आवास वा संयुक्त आवास अन्तर्गत निर्माण भएका आवास बिक्री नभई बाँकी रहेको स्टकमा एकीकृत सम्पत्ति कर लाग्ने छैन।

तर त्यसरी बिक्री नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा स्टकमा कर लाग्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको स्वीकति लिई निर्माण भएको संयुक्त आवास वा सामूहिक आवासको सामूहिक उपभोगमा रहने वेसमेण्ट, बगैंचा, पार्किङ्ग तथा सडक क्षेत्रमा एकीकृत सम्पत्ति कर लगाइने छैन ।

•६४. .............

६५. **स्थानीय राजस्व परामर्श समिति** : (१) गाउँपालिकामा राजश्व सम्बन्धी परामर्शको लागि देहाय बमोजिमको एक स्थानीय राजश्व परामर्श समिति रहनेछ :-

(क) उपाध्यक्ष वा उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना सदस्य -सदस्य

(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

---

° केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

• आर्थिक ऐन, २०७५ द्वारा खारेज गरिएको।

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त
संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा
निजले तोकेको प्रतिनिधि -सदस्य

(च) कार्यपालिकाको राजस्व महाशाखा,
विभाग वा शाखा प्रमुख -सदस्य सचिव

(२) राजस्व परामर्श समितिको काम, कर्तव्य र् अधिकार देहाय बमोजिम हुनेछः-

(क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने,

(च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६६, **<u>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति</u>** : (१) गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहनेछ :-

(क) अध्यक्ष वा प्रमुख - संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा
अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा
प्रमुखले तोकेको चार जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ।

तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरू गर्ने।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्य प्रत्येक वर्षको ♣वैशाख दश गतेभित्र सम्पन्न गरिसक्नु पर्नेछ र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत गर्नु पर्नछ।

(७) उपदफा (१) बमोजिम तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको ∅बैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा

♣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

∅ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त बजेटको सीमाभित्र रही विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिका वा नगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

६७. **बजेट तथा कार्यक्रम तर्जुमा समिति** : (१) दफा ६६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष वा उप-प्रमुख | - संयोजक |
| (ख) | विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका सदस्यहरू | - सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | योजना महाशाखा, विभाग वा शाखा प्रमुख | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ख) दफा ६६ बमोजिमको समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,

(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसी तादाम्यता तथा परिपूरकता कायम गर्ने,

(ङ) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६८. **ऋण लिन सक्ने :** (१) गाउँपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको ऋण पच्चीस वर्षभन्दा बढी अवधिको लागि लिन सकिने छैन ।

(३) नेपाल सरकारबाट प्राप्त ऋण वा नेपाल सरकार जमानी भई लिएको ऋण सम्बन्धित गाउँपालिकाले निर्धारित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो गाउँपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्न वा ऋण भुक्तानी गरिदिनेछ।

(४) गाउँपालिकाले ऋण लिने सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

२.२.४ <u>गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्यप्रणाली:</u>

स्थानीय सरकार संचालन ऐनको परिच्छेद-१० मा गाउँपालिकाको आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ । यस अन्तर्गत स्थानीय संचित कोषको व्यवस्था, आकस्मिक कोषको व्यवस्था, बजेट पेश, छलफल र पारित गर्ने प्रक्रिया, आर्थिक वर्ष र आय-व्ययको लेखा, खर्च गर्ने अख्तियारी र विधि, सार्वजनिक खरीद गर्ने, मौज्दात रकम संचित कोषमा जम्मा हुने, कारोवारको लेखा, लेखापरीक्षण, आन्तरिक नियन्त्रण, रकमान्तर, सूचना प्रविधिको प्रयोग जस्ता विषयहरु रहेका छन् । यसको दफा ७१ को बजेट पेश, छलफल र पारित गर्ने प्रक्रिया वार्षिक योजना/कार्यक्रम बजेट तर्जुमासँग प्रत्यक्ष सम्बन्धित छ । आर्थिक कार्यप्रणाली सम्बन्धी अन्य दफाहरु पनि बजेटसँग अप्रत्यक्ष सम्बन्धित हुने हुँदा तिनीहरु सहितको दफाहरु तल उघ्दृत गरिएकोछ ।

६९. **<u>स्थानीय सञ्चित कोष</u>** : (१) प्रत्येक गाउँपालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषम देहायका रकमहरू रहनेछन् :-

(क) आफूले उठाएको राजश्व तथा आयबाट प्राप्त रकम,

(ख) राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम,

(ग) नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(घ) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ङ) कुने व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(च) राष्ट्रिय प्राथमिकताको आधारमा गाउँपालिकाको लागि नेपाल सरकारले विदेशी सरकार, निकाय, सङ्घ संस्था वा व्यक्तिवाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम,

(छ) अन्य गाउँपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ज) आन्तरिक ऋणबाट प्राप्त रकम,

(झ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) गाउँपालिकाको कोषमा जम्मा हुन आउने सबै रकम कुनै वैङ्कमा खाता जम्मा गनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम कानून बनाउँदा देहाय बमोजिमका रकम बाहेक अन्य रकम सो कोषबाट खर्च गर्न नसकिने गरी बनाउनु पर्नेछः-

(क) सभाले सञ्चित कोषबाट खर्च गर्न गरी स्वीकत गरेको वार्षिक वजेट बमोजिमको रकम,

(ख) बार्षिक बजेट विचाराधीन रहेको अवस्थामा दैनिक कार्य सञ्चालनको लागि पेश्कीका रूपमा त्यसरी विचाराधीन बजेटमा विनियोजित व्यय रकमको बढीमा एक तृतीयांश रकम,

(ग) अदालतका फैसला बमोजिम गाउँपालिकाले तिर्नुपर्ने रकम,

(घ) दफा ७० बमोजिमको आकस्मिक कोषको लागि सभाले तोकिदिएको रकम,

(ङ) गाउँपालिकाले लिएको ऋणको तिर्नु पर्ने सावाँ तथा ब्याजको रकम ।

७०. **आकस्मिक कोष** : गाउँपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

७१. **बजेट पेश र पारित गर्ने** : (१) उपाध्यक्ष, वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्नेछ ।

(३) सभाले उपदफा (१) बमोजिम पेश भएको बजेटमाथि कार्यतालिका बनाई पन्ध्र दिनभित्र छलफलको काम सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छलफल सम्पन्न भएपछि सभाले बजेट पारित गर्न वा सुझाव सहित कार्यपालिकामा पठाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारण सहित सभामा पाँच दिनभित्र पुनः पेश गर्नु पर्नेछ ।

(६) सभाले उपदफा (१) वा (५) बमोजिम पेश भएको बजेट असार मसान्तभित्र पारित गरिसक्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो निर्वाचनबाट गठन भएको गाउँपालिकाका पदाधिकारीले पद बहाली गरेको दुई महिनाभित्र बजेट पेश गर्न र पारित गर्न बाधा परेको मानिने छैन ।

(८) पूरक अनुमान तथा बजेट सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

७२. **आर्थिक वर्ष र् आय व्ययको लेखा** : (१) गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राखु पर्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्नेछ।

(३) गाउँपालिकाले उपदफा (२) बमोजिमको व्यवस्था अवलम्बन गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गीकरण गर्न सक्नेछ।

७३. **खर्च गर्ने अख्तियारी र कार्यविधि** : (१) सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अख्तियारी प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्योट गर्ने समेतको लेखा सम्बन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुनेछ।

(४) स्थानीय संचित कोषको संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख तथा जिल्ला समन्वय समितिको कोषको सञ्चालन जिल्ला समन्वय अधिकारी र लेखा प्रमुखले गर्नेछ।

(५) खर्च खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारी तथा जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्नेछ।

(६) प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(७) कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन।

७४. **सार्वजनिक खरिद गर्ने** : (१) गाउँपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा सङ्घीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको ऐनको अधीनमा रही गाउँपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्नेछ।

७५. **सञ्चित कोषमा जम्मा हुने** : एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको सञ्चित कोषमा स्वतः जम्मा (ट्रान्सफर) हुनेछ।

७६. **कारोबारको लेखा** : (१) गाउँपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ।

(४) गाउँपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नु पर्नेछ।

(५) गाउँपालिका ले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्नेछ।

(६) स्थानीय तहको आय व्ययको लेखा राखे जिम्मेवारी पाएको कर्मचारीले ठीकसँग लेखा नराखेको कारणबाट नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई कुनै किसिमको हानि, नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानि, नोक्सानी त्यस्तो हानि, नोक्सानी गर्ने कर्मचारीबाट असुल उपर गर्नु पर्नछ।

७७. **लेखापरीक्षण** : (१) स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ।

(२) स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम गरिएको आन्तरिक लेखा परीक्षणको एक प्रति अन्तिम लेखा परीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराउनु पर्नेछ।

७८. **आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने** : (१) स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरूप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेट्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिकाको अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गरिएको अनुगमनबाट देखिएका त्रुटिलाई सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने जिम्मेवारी सम्बन्धित अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुखको हुनेछ।

(५) गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

७९. **रकमान्तर** : कार्यपालिकाले स्वीकृत बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ ।

८०. **सूचना प्रविधिको प्रयोग** : मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नु पर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्नेछ ।

## २.३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४:

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँड, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्न बनेको यो ऐनमा ३९ वटा दफाहरु छन् । यसमा तीनवटै तहको वित्त व्यवस्थापन मूलतः राजस्वको अधिकार, राजस्वको बाँडफाँड, अनुदानको व्यवस्था, वैदेशिक सहायता तथा आन्तरिक ऋण, सार्वजनिक खर्च व्यवस्था, राजस्व र व्ययको अनुमान, वित्तीय अनुशासन जस्ता विषयहरु समाविष्ट छन् । स्थानीय तहको योजना तथा बजेट तर्जमासँग यी विषयहरु प्रत्यक्ष सम्बन्धित रहेका हुँदा ऐनका यी प्रावधानहरुलाई देहाय बमोजिम उघ्दृत गरिएकोछः

३. **गैर कर तथा रोयल्टी लगाउन सक्नेः** (१) नेपाल सरकारले संघीय कानून बमोजिम अनुसूची-१ मा उल्लिखित कर तथा गैर कर लंगाउन र उठाउन सक्नेछ ।

(२) प्रदेशले प्रदेश कानून बमोजिम अनुसूची -२ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्नेछ ।

(३) स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची -३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्नेछ ।

**अनुसूची-३**
**(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)**
**स्थानीय तहले लगाउन सक्ने कर तथा गैर कर**

(क) कर

(१) सम्पत्ति कर,

(२) घर वहाल कर,

(३) घर-जग्गा रजिष्ट्रेसन शुल्क,

(४) सवारी साधन कर,

(५) भूमि कर (मालपोत),

(६) मनोरञ्जन कर,

(७) विज्ञापन कर,

(८) व्यवसाय कर ।

(ख) गैर कर

(१) सेवा शुल्क दस्तुर,

(२) पर्यटन शुल्क,

(३) दण्ड जरिबाना ।

(ग) स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैरकर ।

(४) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानून बमोजिम लागेको आफ्नो अधिकारभित्रको दण्ड जरिबाना उठाउनेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ ।

(६) नेपाल सरकारले संघीय कानून बमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्नेछ ।

४. **गैर करको दर निर्धारणका आधार**: नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नु पर्नेछ ।

∉५. **एकल कर प्रशासनः** (१) यस दफामा तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुबैको अधिकारसूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाइने र उठाइनेछः-

∉ आर्थिक ऐन, २०७५ द्वारा संशोधित ।

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने,

तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिकाले लगाउने र उठाउनेछ ।

(ख) घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने,

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउनेले उठाउने,

(घ) विज्ञापन करको दर गाउँपालिकाले लगाउने र उठाउने ।

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये साट्ठी प्रतिशत रकम गाउँपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

६. **मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट** (१) नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र पन्ध्र प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकार प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरिने रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गरिनेछ र प्रदेशहरु तथा स्थानीय तहहरुलाई प्राप्त हुने रकम नेपाल सरकारले देहायको बिभाज्य कोष खडा गरी त्यस्तो कोषमा सो रकम जम्मा गर्नेछः-

(क) प्रदेशहरुले प्राप्त गर्ने रकम प्रदेश विभाज्य कोष

(ख) स्थानीय तहहरुले प्राप्त गर्ने रकम स्थानीय विभाज्य कोष ।

(४) उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित ग्रेषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइनेछ ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ ।

•६क. **सवारी साधन करको बाँडफाँटः** (१) दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ ।

---

• आर्थिक ऐन, २०७५ द्वारा थप ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठ्ठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गरिनेछ ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकराले ले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नछ ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ ।

७. **<u>प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट</u>:** (१) नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ ।

**अनुसूची ४**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)**

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | बन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | प्राकृतिक स्रोत | ५० | २५ | २५ |

<u>द्रष्टव्य</u>:-

(१) नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड तथा वितरण गर्नेछ ।

(२) यस अनुसूची बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बाँडफाँट भएको रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ ।

८. **<u>वित्तीय समानीकरण अनुदान</u>:** (१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

९. **सशर्त अनुदानः** (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ ।

(३) प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम संशर्त अनुदान प्रदान गर्नेछ ।

१०. **समपूरक अनुदा**न (१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ ।

(५) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **बिशेष अनुदानः** (१) नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक बां अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने ।

(२) प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

(३) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **वैदेशिक सहायता लिने अधिकार**ः (१) वैदेशिक अनुदान वा ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ ।

(२) नेपाल सरकारले वैदेशिक अनुदान वा ऋृण लिँदा देशको समष्टीगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ ।

(३) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक अनुदान वा सहयोग लिन सक्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्वस्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न, गराउन सक्ने छैन।

१३. **वैदेशिक सहायताको क्षेत्र र प्रयोगः** (१) नेपाल सरकारले वैदेशिक सहायताको परिचालनबाट प्राप्त हुने प्रतिफल र उपलब्धिको आँकलन गरी पारदर्शी रूपमा वैदेशिक सहायता लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वैदेशिक सहायताको परिचालन नेपाल सरकारले देहायको राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गर्नु पर्नेछः-

(क) भौतिक पूर्वाधारको निर्माण, मर्मत र जिर्णोद्वार,

(ख) शिक्षा, स्वास्थ्य र मानव विकास,

(ग) स्वदेशी उत्पादन र उत्पादकत्व बृद्धि,

(घ) स्वदेशमा रोजगारी सिर्जना र क्षमता विकास,

(ङ) विपद् व्यवस्थापन,

(च) विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण,

(छ) वातावरण संरक्षण र जलबायु परिवर्तन,

(ज) सार्वजनिक निजी साझेदारीमा गरिने लगानी,

(झ) सार्वजनिक निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले वैदेशिक सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरु ।

१४. **आन्तरिक ऋणः** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्नेछ ।

तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेशले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्नेछ ।

(३) प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव कार्यान्वयन योग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्नेछ ।

१५. **नेपाल सरकारले ऋण दिन सक्ने:** (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्नेछ ।

(२) प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्नेछ ।

(५) नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्नेछ ।

१६. **सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने:** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा चालु खर्च, पूँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनु पर्नेछ ।

१७. **मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने:** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यकालीन खर्च संरचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि समभाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसंगको तादाम्यता,

(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म सोही उपदफा बमोजिमको मध्यकालीन खर्च संरचना आ-आफ्नो प्राथमिकता र आवश्यकताका आधारमा तयार गर्न सक्नेछन् ।

१८. **आय व्ययको प्रक्षेपण गर्ने:** (१) प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको देहायका विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) व्ययको अनुमान,

(ख) आफ्नो स्रोतबाट सङ्कलन हुन सक्ने अनुमानित राजस्व,

(ग) राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम,

(घ) अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम,

(ङ) बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत ।

(२) नेपाल सरकारले अयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत अगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रदेश सरकारले अयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. **राजस्व प्रस्ताव तयार गर्ने:** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको आवश्यकता, औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजस्व प्रस्ताव तयार गर्दा प्रदेश वा स्थानीय तहले त्यस्तै विषयमा नेपाल सरकार अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसका दरसँग यथासम्भव तादात्म्य हुने गरी गर्नु पर्नेछ ।

२०. **आर्थिक सर्वेक्षण पेश गर्नु पर्ने:** नेपाल सरकारले राजस्व र व्ययको अनुमान पेश गर्नु अगावै सङ्घीय संसदमा आर्थिक सर्वेक्षण पेश गर्नु पर्नेछ ।

२१. **राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने:** (१) नेपाल सरकारको अर्थ मन्त्रीले प्रत्येक वर्ष संविधान बमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसदको दुवै र सदनको संयुक्त बैठकमा पेश गर्नु पर्नेछ ।

(२) प्रदेशको अर्थ मन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नु पर्नेछ ।

(४) प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम पेश गरिने राजस्व र व्ययको अनुमान दफा ३८ बमोजिमको मापदण्ड अनुरुप हुनु पर्नेछ ।

२२. **राजस्व र व्ययको अनुमान साथ संलग्न गर्नु पर्ने विवरणः** (१) नेपाल सरकार तथा प्रदेशले राजस्व र व्ययको अनुमान पेश गर्दा देहायका विवरण संलग्न गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भए नभएको विवरण,

(ख) दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना,

(ग) आगामी तीन आर्थिक वर्षको राजस्व, व्यय र अनुमानको प्रक्षेपण,

(घ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(ङ) वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्तीय नीति,

(च) आगामी तीन आर्थिक वर्षको कूल ग्राहस्थ उत्पादनमा हुने वृद्धिदर, मुद्रास्फिति, चालु खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति उल्लेख भएको समष्टिगत आर्थिक स्थिति,

(छ) कर बा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तिको विवरण ।

(२) नेपाल सरकार तथा प्रदेशले अघिल्लो वर्ष अनुमान गरे अनुसारको राजस्व सङ्कलन हुन नसकेको वा मन्त्रालयलाई छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपाय समेत उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि पनि प्रदेशले सो खण्ड बमोजिमको विवरण पेश गर्नु पर्ने छैन ।

(४) स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याएको रकम लक्ष अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपायको विवरण संलग्न गर्नु पर्नेछ ।

२३. **घाटा बजेट पेश गर्न सक्नेः** (१) नेपाल सरकार प्रदेश तथा स्थानीय तहले सम्बन्धित व्यवस्थापिकामा आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्न स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले घाटा बजेट पेश गर्दा नेपाल सरकारले संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सोको पालना गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुक कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन ।

२४. <u>पेश्की खर्चः</u> (१) नेपाल सरकार तथा प्रदेशले विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालु आर्थिक वर्षको व्यय अनुमानको एक तिहाई भन्दा बढी नहुने गरी ऐन बमोजिम खर्च गर्न सक्नेछन् ।

(२) स्थानीय तहले विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालु आर्थिक वर्षको व्ययको एक तिहाईभन्दा बढी नहुने गरी कानून बमोजिम खर्च गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ ।

२५. **<u>आर्थिक तथा वित्तीय नीति अनुशरण गर्नु पर्नेः</u>** प्रदेश तथा स्थानीय तहले आर्थिक र वित्तीय नीति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नु पर्नेछ ।

२६. **<u>सञ्चित कोषमा दाखिला गर्नु पर्नेः</u>** यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार,प्रदेश तथा स्थानीय तहलाई प्राप्त हुने सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

२७. **<u>बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नु पर्ने</u>**ः नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नु पर्नेछ ।

२८. **<u>अनुदानको प्रयोगः</u>** यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

२९. **<u>रकमान्तर गर्न नपाइनेः</u>** बजेटमा पूँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइन छैन ।

३०. **<u>पारदर्शीता कायम गर्नुपर्ने</u>**ः (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले वित्तीय व्यवस्थापन सम्बन्धी काम कारबाही यस ऐन र प्रचलित कानून बमोजिम पारदर्शी रूपमा गर्नु पर्नेछ ।

(२) नेपाल सरकार प्रदेश तथा स्थानीय तहले आय व्यय विवरणको लेखा प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी पन्ध्र दिनभित्र तत्सम्बन्धी विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले प्रदेश तथा स्थानीय तह समेतको आर्थिक विवरणको आधारमा एकीकृत आर्थिक विवरण तयार गरी प्रत्येक वर्षको पुस मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

३१. **आय व्ययको वर्गीकरण तथा लेखाङ्कन:** नेपाल सरकार प्रदेश तथा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन •महालेखा नियन्त्रकको कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिम गर्नु पर्नेछ ।

३२. **आवधिक विवरण पेश गर्नु पर्ने:** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको आवधिक विवरण महालेखा नियन्त्रकको कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (३) बमोजिम स्थानीय तहबाट प्राप्त विवरण समेत समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्न पर्नेछ।

(३) स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्रदेश र स्थानीय तहले दोस्रो चौमासिक आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

३३. **अन्तर-सरकारी वित्त परिषद:** (१) नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तर-सरकारी बित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न देहायको अन्तर-सरकारी वित्त परिषद् रहनेछः-

(क) नेपाल सरकारको अर्थ मन्त्री -संयोजक

(ख) प्रदेशको अर्थ मन्त्री -सदस्य

(ग) ⊕गाउँपालिकाका अध्यक्ष वा प्रमुख वा उपप्रमख मध्येबाट प्रत्येक प्रदेशबाट एक जना महिला सहित दुई जना प्रतिनिधित्व हुने गरी प्रदेशले सिफारिस गरेका चौध जना -सदस्य

(घ) वित्त सम्बन्धी विज्ञहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीन जना -सदस्य

(ङ) सचिव, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई सदस्यबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

• नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⊕ केहि नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(४) अन्तर-सरकारी वित्त परिषद्को बैठक प्रत्येक वर्षको चैत्र महिनामा एक पटक र अन्य बैठक संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(५) अन्तर-सरकारी वित्त परिषद् बैठकमा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य र अन्य निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) अन्तर सरकारी वित्त परिषद् बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. **नेपाल सरकारले निर्देशन दिन सक्ने:** (१) नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा (२) बमोजिम प्रदेशहरु बीच समन्वय गर्नु पर्ने वित्त सम्बन्धी विषयमा प्रदेश मन्त्रिपरिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रदेश मन्त्रिपरिषद्को कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा (८) बमोजिम वित्त सम्बन्धी विषयमा आफै वा प्रदेश मार्फत् स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

३५. **प्रदेशको जिम्मेवारी**ः (१) एक प्रदेशले अर्को प्रदेशको वित्त विषयसँग सम्बन्धित कानून, निर्णय वा आदेश कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।

(२) एक प्रदेशले अर्को प्रदेशका बासिन्दालाई वित्त सम्बन्धी विषयमा समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

३६. **समन्वय र सहयोग गर्नु पर्ने**ः (१) एक प्रदेशले अर्को प्रदेशसँग वित्त सम्बन्धी साझा चासो, सरोकार र हितका विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न तथा आफ्ना कार्य र विधायनबारे आपसमा समन्वय र आपसी सहयोग विस्तार गर्न सक्नेछन् ।

(२) नेपाल सरकार प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारीभित्रको राजस्व एक अर्का मार्फत् उठाउन वा कुनै खास प्रकारका राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्नेछन् ।

(३) नेपाल सरकार, प्रदेश वा स्थानीय तहले राजस्वका दर यथासमभव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्नेछन् ।

३७. **राजस्व उठाउने सम्बन्धी अन्तरिम व्यवस्था**ः (१) प्रदेश सञ्चित कोषको व्यवस्था र सञ्चालन नभएसम्मको लागि यस ऐन बमोजिम प्रदेशले उठाउन पाउने कर, गैर कर तथा दण्ड जरिबाना नेपाल सरकारले उठाई सङ्घीय सञ्चित कोषमा दाखिला गर्नेछ ।

(२) स्थानीय तहले यस ऐन बमोजिम उठाउन पाउने कर, गैर कर तथा दण्ड जरिबाना सम्बन्धित गाउँ सभा वा नगर सभाबाट कानून नबनेसम्म प्रचलित कानून बमोजिम उठाउन सक्नेछन् ।

३८. **मापदण्ड बनाई लागू गर्न सक्ने:** नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्न आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३९. **नेपाल राजपत्रमा प्रकाशन गर्ने:** मन्त्रालयले यस ऐन बमोजिम तोकेको आय व्ययको वर्गीकरण, ढाँचा र दफा ३८ बमोजिमको मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

२.४ **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४:**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न संविधानको धारा २९६ बमोजिम व्यवस्थापिका संसदले यो ऐन बनाएको हो । स्थानीय तहको योजना तथा बजेट बनाउँदा यो ऐनको प्रत्यक्ष प्रयोग नहुने भएतापनि यो आयोगका काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदानका विषयमा थप जानकारीका लागि तत्सम्बन्धी प्रावधानहरु यहाँ उल्लेख गरिएको छ ।

३. **आयोगको काम, कर्तव्य र अधिकार:** (१) संविधान तथा यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिश गर्ने,

(ख) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहवीच राजस्वको बाँडफाँड सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाइ सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँडका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने ।

(२) आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिनेछ ।

४. **राय परामर्श लिन सक्नेः-** आयोगले आफ्नो काम, कर्तव्यको सम्बन्धमा अन्य संवैधानिक निकाय, नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ ।

१४. **प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार:** (१) आयोगले प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा देहायका आधारमा तय गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछः-

(क) राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(ख) लगानी गन सक्ने क्षमता,

(ग) प्राप्त गर्ने उपलव्धीको हिस्सा,

(घ) प्राप्त उपलव्धीको उपभोगको हिस्सा,

(ङ) पूर्वाधारको अवस्था र आवश्यकता,

(च) आर्थिक अवस्था र भौगोलिक बनोट ।

(२) आयोगले उपदफा (१) बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछः-

(क) परिचालित प्राकृतिक स्रोतको अवस्थिति,

(ख) प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र,

(ग) परिचालित प्राकृतिक स्रोत उपरको निर्भरता,

(घ) प्रतिफलबाट लाभान्वित जनसङ्ख्या,

(ङ) प्राकृतिक स्रोतमा आश्रित जनसङ्ख्या,

(च) प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता ।

१५. **<u>राजस्वको बाँडफाँड गर्दा लिइने आधारः-</u>** (१) आयोगले नोल सरकार, प्रदेश तथा स्थानीय तहवीच र प्रदेश तथा स्थानीय तहवीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछः-

(क) जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण,

(ख) क्षेत्रफल,

(ग) मानव विकास सूचकाङ्क,

(घ) खर्चको आवश्यकता,

(ङ) राजस्व सङ्कलनमा गरेको प्रयास,

(च) पूर्वाधार विकास,

(छ) विशेष व्यवस्था ।

(२) उपदफा (१) बमोजिम आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच वर्षको लागि मान्य हुनेछ र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागू भएपछि पहिलो पटक उपदफा (१) बमोजिम निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवशः पाँच वर्ष अगावै पुनरावलोकन गर्न आवश्यक देखेमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्नेछ । नेपाल सरकारले गरेको अनुरोध मनासिव देखिएमा आयोगले उपदफा (१) बमोजिम निर्धारित विस्तृत आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम पहिलो पटक निर्धारण भएको विस्तृत आधार र ढाँचा पाँच वर्षमा एकभन्दा बढी पटक पुनरावलोकन हुन सक्नेछैन ।

१६. **अनुदान सिफारिस गर्दा लिइने आधारः-** (१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलव्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिइ गर्नु पर्नेछः-

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता ।

(२) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलव्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र उपदफा (१) मा उल्लिखित विषयहरुलाई आधार लिइ गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरु बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस
गर्नेछ ।

## २.५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ः

संघ, प्रेश तथा स्थानीय तहको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न यो ऐन बनेके हो । यो ऐनमा उल्लिखित दफाहरुमध्ये देहायको दफाहरु स्थानीय तहको आर्थिक कार्यविधिसँग सम्बन्धित छन्।

४. **प्रदेश र स्थानीय तहको वित्तीय विवरणः**(१) स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी

एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रदेश लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्य क्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँड अन्तर्गत प्राप्त रकम तथा प्रदेश सरकारको आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण र उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा प्रदेशभित्रका स्थानीय तहको आर्थिक कारोवारको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको विवरण पठाउँदा महालेखा परीक्षकले तोकेको ढाँचामा पठाउनु पर्नेछ ।

५. **<u>एकीकृत वित्तीय विवरण तयार गर्नेः</u>** (१) संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(२) संघ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

(३) कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त अनुदान, राजस्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्यय विवरण तथा दफा ४ को उपदफा (१) बमोजिम स्थानीय तहको आर्थिक कारोवारको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको विवरण पठाउँदा महालेखा परिक्षकले तोकेको ढाँचामा पठाउनु पर्नेछ ।

(५) महालेखा नियन्त्रक कार्यालयले उपदफा (३) र दफा ४ को उपदफा (२) बमोजिम प्राप्त विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) अर्थ मन्त्रालयले उपदफा (५) बमोजिम प्राप्त एकीतृत वित्तीय विवरण प्रत्येक वर्षको पुष मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(७) एकीकृत वित्तीय विवरण तयार गर्ने तथा सार्वजनिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१७. **<u>आयोजनाको वर्गीकरण र आयोजना बैङ्कः</u>**(१) संघ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्नेछ ।

(२) योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैङ्क रहनेछ ।

(३) उपदफा (२) बमोजिमको आयोजना बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्नेछ ।

(४) आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **वित्तीय हस्तान्तरणः** संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँड र अनुदान रकमको हस्तान्तरण प्रचलित कानून बमोजिम अर्थ मन्त्रालयबाट हुनेछ ।

२५. **लेखाको सिद्धान्त, आधार र लेखाको ढाँचाः** (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम तोकिएको आधारमा राखिनेछ ।

(२) कारोवार लेखाङ्कनका अन्य आधारहरु तोकिए बमोजिम हुनेछ ।

(३) लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपदफा (१) र (३) बमोजिमको लेखा राख्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी महालेखा परिक्षकवाट स्वीकृत गराइ लागु गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृत भएको लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(६) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश र स्थानीय तहले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिएको आधारमा लेखा राख्न सक्नेछन् ।

३१. **आन्तरिक नियन्त्रण प्रणालीः** (१) संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेछ ।

(२) लेखा उत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रवभाकारी रुपमा कार्वान्वयन भए वा नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु वा गराउनु पर्नेछ ।

(३) आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३४. **प्रदेश तथा स्थानीय तहको आन्तिरक लेखा परीक्षणः** (१) प्रदेश तथा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखा परीक्षण गर्नु गराउनु पर्नेछ ।

(२) उपदपाः (१) बमोजिम आन्तरिक लेखा परीक्षणको प्रतिवेदनबाट औल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्ने सम्बन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुनेछ ।

(३) प्रदेश तथा स्थानीय तहले आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएबमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ ।

(४) प्रदेश तथा स्थानीय तहले आन्तरिक लेखापरीक्षणले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहिको प्रतिवेदन प्रदेशको हकमा सम्बन्धित मन्त्री तथा स्थानीय तहको हकमा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

६१. **<u>आर्थिक कार्यविधी सम्बन्धी मार्गदर्शनः</u> प्र**देश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा यस ऐनको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ ।

६२. **<u>सूचना प्रविधिको प्रयोग गर्नेः</u>** (१) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न क्रमशः सूचना प्रविधिको प्रयोग गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले आवश्यक सूचना प्रविधिमा आधारित प्रणालीहरु विकास गरी लागू गर्नेछ ।

(३) उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

(४) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट प्राप्त हुने सूचनाहरु प्रमाणीकीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ ।

(५) यस ऐन बमोजिम हुने कारोवार तथा व्यवस्थापनसँग अन्तर सम्बन्धित अन्य प्रणालीहरुको विकास र अन्तर आबद्धता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २.६ <u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७</u>ः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो नियमावली बनाएको छ । यस नियमावलीका नियमहरुमध्ये देहायका प्रमुख नियमहरु स्थानीय तहको आर्थिक व्यवस्थापनसँग सम्बन्धित छन्ः

५. <u>संघीय संचित कोषबाट निकासा र हस्तान्तरणः</u> संघीय विनियोजन ऐन बमोजिम अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलव्ध गराउने अनुदान रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण हुनेछ ।

१०. <u>एकीकृत वित्तीय विवरण पठाउनु पर्नेः</u> स्थानीय तहले ऐनको दफा (४) को उपदफा (१) बमोजिम तयार गरेको एकीकृत वित्तीय विवरण असोज मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ ।

२४. <u>आयोजना वर्गीकरणः</u> प्रदेश तथा स्थानीय तहले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण गर्दा आवधिक योजना तथा क्षेत्रगत नीति, प्रदेशको विकास नीति तथा योजना, सम्बन्धित प्रदेश कानून र अन्तर सरकारी वित्त परिषद्को निर्णय समेतलाई आधार लिनुपर्ने छ ।

२६. <u>राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्ट गर्नेः</u> नियम २५ बमोजिम राष्ट्रिय आयोजना बैङ्कमा समावेश गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगले उपयुक्त विद्युतीय प्रणाली (अनलाइन सिष्टम) को व्यवस्था गर्न सक्नेछ । उक्त प्रणालीमा स्थानीय तहले समेत आफुले कार्यान्वयन गर्ने आयोजनाको विवरण, प्रगति अवस्था लगायत योजना आयोगले तोकेको अन्य विवरण प्रविष्ट

गर्नुपर्नेछ । योजना आयोगले स्थानीय तह मार्फत कार्यान्वयन गरिने आयोजनाको पहिचान, वर्गीकरण, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण सम्बन्धमा आवश्यक आधार तथा मापदण्ड तयार गर्नेछ । आयोजनाको आवश्यकता तथा लागतको आधारमा छुट्टाछुट्टै वर्गीकरण गर्न सक्नेछ ।राष्ट्रिय योजना आयोगले स्थानीय तहमा पनि आयोजना बैङ्कको स्थापना गर्न तथा आयोजनाको पहिचान, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण गर्न आवश्यक सहजीकरण गरिदिन सक्नेछ ।

## २.७ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७:

मुलुकले अङ्गीकार गरेको वहुलवादमा आधारित वहुदलीय प्रतिष्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्ति प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तह वीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न बाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।यस ऐनको परिच्छेद ३ र ४ का केही दफाहरु नीति, योजना र बजेट तर्जुमाको समन्वयसँग सम्बन्धित भएको र वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा यी विषयहरु विचारणीय रहेको हुँदा प्रस्तुत गरिएकोछ ।

**४(३) कानून वा नीति बनाउँदा विचार गर्नुपर्नेः**

स्थानीय तहले आफ्नो एकल वा साझा अधिरकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नु पर्नेछः

(क संघ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) संघीय र प्रदेश कानूनसँग बाँझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्वान्वयनमा सघाउ पुग्ने,

(घ) प्रदेश नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने ।

**४(४) प्रदेश वा स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउनु हुँदैनः**

(क) मौलिक हक, संवैधानिक हक वा संघीय कानून प्रदत्त हकमा प्रतिवन्ध लगाउँने वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने,

(ख) संघीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न नपाउँने वा संघीय कानूनले कुनै काम कसैले गर्न नपाउँने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउँने ।

**६(४) साझा अधिकारको कार्यान्वयनः**

संविधानको अनुसूची-९ को विषयमा संघीय कानून नबनेको अवस्थामा प्रदेशले र संघीय वा प्रदेश कानून नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधिनमा रहि आवश्यक कानून बनाउन वा सो विषयको कार्यान्वियन गर्न सक्नेछन् ।

**८(५) प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्नेः**

स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुई भन्दा बढी स्थानीय तहले कानून बनाइ संयुक्त रुपमा कार्यान्वयन गर्न वा संचालन गर्न सक्नेछन् ।

**११(२) समन्वय र परामर्श गर्नेः**

नेपाल सरकारले देहायका विषयमा स्थानीय तहसँग आवश्यकतानुसार समन्वय र परामर्श गर्नेछः

(क) स्थानीय तहले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना वा नीति बनाउँदा,

(ख) नेपाल सरकारले उपयुक्त ठहराएको अन्य विषय ।

११(३) **नेपाल सरकारले देहायका विषयमा आवश्यकतानुसार प्रदेश र स्थानीय तहसँग परामर्श गर्नेछः**

**(क)** संविधानको अनुसूची (९) मा उल्लिखित साझा अधिकारका विषयमा कानून वा नीति बनाउँदा,

(ख) राजस्वको बाँडफाँड तथा नयाँ कर प्रणाली लागू गर्ने क्रममा सो को नीतिगत विषयमा,

(ग) प्राकृतिक स्रोत तथा त्यसको लाभको बाँडफाँड गर्दा ।

१३(३) **आयोजना तर्जुमा र कार्वान्वयनः**

स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।

१३(४) प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ ।

१३(५) संघले आयोजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने र त्यस्तो आयोजना स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ ।

१३(६) विषयगत समितिले संघ प्रदेश वा स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकाय बीच आवश्यक समन्वयको व्यवस्था मिलाउनेछ ।

१४(१) **सहयोग गर्नुपर्नेः**

प्रदेश र स्थानीय तहको अधिकार सूची तथा आफ्नो कार्य जिम्मेवारीमा परेको विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहबाट अनुरोध भइ आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्नेछ ।

१४(२) स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून नीति, तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भइ आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्नेछ ।

१४(३) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई कानून बनाउनुका लागि नमूना कानूनको मस्यौदा बनाइ उपलव्ध गराउन सक्नेछ ।

१४(४) संघले बनाएका कानून नीति तथा योजना कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले आवश्यक सहयोग गर्नुपर्नेछ ।

१४(५) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा प्रदेश र स्थानीय तहले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्नेछ ।

२२(१) **विषयगत समितिः**

संघ र प्रदेशका सम्बन्धित विषयको कार्य क्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तह बीच समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन देहाय बमोजिमको विषयगत समिति रहनेछन्ः

(क) नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री- सदस्य

(ग) अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष- सदस्य

२३. **विषयगत समितिको काम, कर्तव्य र अधिकारः**

विषयगत समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने,

(ख) क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाको लागि परिषद्लाई सुझाव दिने,

(घ) परिषद्को निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ङ) परिषद्ले तोकेका अन्य कार्य गर्ने लगायतका कामहरु गर्नुपर्ने व्यवस्था छ ।

२.८ **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४:**

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीऊ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संररचनाको संरक्षण गर्न नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन बनाएको छ । यस ऐनको परिच्छेद ७ ले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्थानीय तहका अध्यक्ष तथा प्रमुख समेत सदस्य रहने जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरी यसको कार्य विवरण तोकेको छ । साथै, यसै ऐनको दफा १७ ले गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका वा नगरपालिकामा तोकिए बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेकोछ ।यसर्थ, स्थानीय विपद्को व्यवस्थापनको सन्दर्भ पनि वार्षिक योजना/कार्यक्रम तथा बजेटसँग सम्बन्धित देखिएकाले यहाँ प्रस्तुत गरिएको छः

१७. **स्थानीय विपद् व्यवस्थापन समितिः**

(१) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका वा नगरपालिकामा तोकिए बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधकार देहाय बमोजिम हुनेछः

ऐनमा स्थानीय विपद् व्यवस्थापन समितिको लागि देहायका काम, कर्तव्य र अधिकार तोकिएको छ जसलाइ वार्षिक योजना तथा बजेटका नीति तथा कार्यक्रमबाट वर्षेनी सम्वोधन गर्नुपर्दछ ।

(क) परिषद्‌बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, ।

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउँने,

(ग) सरकारी, निजी एवम् गैर सरकारी संस्था, स्थानीय स्वयँसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउँने,

(च) विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास गर्ने/गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा यस ऐन बमोजिमको कार्यको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र संचालन गर्ने/गराउने,

(ट) स्थानीय स्तरमा आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना र संचालन गर्ने,

(ठ) विपद्‌मा परी हराएका, विग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्‌बाट प्रभावित घर परिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने/गराउने,

(ढ) विपद्‌को समयमा प्रयोग गर्न सकिने बारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने,

(ण) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने/गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम अन्य कार्य गर्ने/गराउने,

(थ) यसका अतिरिक्त विपद् व्यवस्थापनका लागि स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र सो कोषका लागि समेत वर्षेनी बजेट विनियोजन गर्ने ।

# परिच्छेद ३
# दस्तावेजहरु

नेपालको संविधानले मुलुकका तीन तहका सरकारहरुले आ-आफ्ना योजना तथा बजेट आफैले तर्जुमा गर्न सक्ने स्वायत्तता प्रदान गरेको छ । तर यो स्वायत्तता बेलगाम भने छैन । तीनवटै तहको सरकारको कार्यथलो (भूगोल) एउटै रहेको हुँदा समग्र राष्ट्रिय लक्ष्य, उद्देश्य र नीतिहरुको खाकाभित्र नै सबै तहका सरकारको योजना तथा बजेट बन्नु पर्ने संवैधानिक र कानूनी प्रावधान रहेको छ । यसर्थ, तहगत रुपमा तीनवटै सरकारहरु स्वायत्त भए पनि यिनीहरुले गर्ने कामहरु फरक/फरक रहे पनि यिनीहरुले तर्जुमा गर्ने योजना, आयका स्रोतहरु, विनियोजनका क्षेत्रहरु एवम् हासिल गर्ने नतीजा वीच अनुबन्धन (Linkage) स्थापित गर्नुपर्ने हुन्छ । यसर्थ, स्थानीय तहको योजना तथा बजेट तर्जुमा गर्दा संविधान र कानूनहरुको प्रावधानहरुको अतिरिक्त संघ तथा प्रदेश एवम् स्थानीय तह स्वयंले बनाएका दस्तावेजहरुलाई समेत आधारहरुको रुपमा ग्रहण गर्नुपर्ने हुँदा यस अध्यायमा केही महत्वपूर्ण दस्तावेजहरुका प्रावधानहरु औंल्याइएको छ । वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा यी दस्तावेजहरु र तिनमा उल्लिखित सम्बन्धित प्रावधानहरु अनिवार्य रुपमा अनुशरण गर्नुपर्दछ ।

## ३.१ <u>दीर्घकालीन सोंच र योजना र विकासशील देशमा स्तरोन्नतिको रणतीतिः</u>

दीर्घकालीन (१५ वर्ष देखि २५ वर्ष) रुपमा विकासको अवस्था, जनताको आयस्तर, जीवनस्तर र उनीहरुले प्राप्त गर्ने सेवा सुविधाको अवस्था समेतको आंकलन गर्ने उद्देश्यले दीर्घकालीन सोंच वा योजना बनेको हुन्छ । यस्तो दीर्घकालीन योजनामा मूलतः दीर्घकालीन सोंच राष्ट्रिय लक्ष्य, रणानीति, प्रमुख सम्बाहक, सहयोगी क्षेत्र, दीर्घकालीन सोंचको परिदृश्य तथा परिमाणात्मक लक्ष्य र विषयगत सोंचहरु रहेका हुन्छन् । तीनवटै सरकार संघ, प्रदेश र स्थानीय तहले यस्तो दीर्घकालीन सोंच वा योजना बनाएको हुनुपर्छ । यस्तो दीर्घकालीन सोंच/योजना पनि संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्बन्धित हुन्छ । कुनै पनि स्थानीय तहले वार्षिक योजना/बजेट बनाउँदा तीनवटै तहको दीर्घकालीन सोंच/योजनालाई मूल आधारको रुपमा ग्रहण गर्नुपर्दछ ।
पन्ध्रौं योजनामा नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका व्यवस्था, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई ध्यान दिइएको छ । नेपाल सरकारको "समृद्ध नेपालः सुखी नेपाली" को परिकल्पना पूरा गर्न आगामी २५ वर्षको लागि "दीर्घकालीन सोच २१००" को प्रारूप सहितको परिदृश्य तयार गरिएको छ । उपरोक्त सोच हासिल गर्ने आधार योजनाको रूपमा तथा प्रदेश र स्थानीय तहका दीर्घकालीन र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी पन्ध्रौं योजना कार्यान्वयनमा रहेको छ । तसर्थ स्थानीय तहको योजना तर्जुमा गर्दा नेपाल सरकारले तय गरेको दीर्घकालीन सोचको परिदृश्य तथा पन्ध्रौं योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता र भौतिक लक्ष्यसँग तादात्म्यता कायम गर्नु पर्दछ ।


अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न विकासका सबै आयाममा कसैलाई पनि पछि नछोड्ने प्रतिवद्धता बमोजिम दिगो विकास लक्ष्यलाई सङ्घ, प्रदेश र स्थानीय तहको विकास योजनामा आन्तरिकीकरण गर्न आवश्यक छ । पन्ध्रौं योजना र सोको आधारमा तर्जुमा भएको वार्षिक बजेट तथा कार्यक्रम मार्फत राष्ट्रिय तहमा दिगो विकास लक्ष्यहरू आन्तरिकीकरण गरिएका छन् भने प्रदेश र स्थानीय तहमा पनि स्थानीयकरणको कार्य प्रारम्भ भएको छ । वि.सं.

२०७९ सम्ममा नेपाललाई अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउन स्थानीय तहमा गर्नुपर्ने कार्यहरूलाई ध्यान दिई स्थानीय तहको योजना तर्जुमा गर्नु आवश्यक छ । स्थानीय तहले योजना तर्जुमा गर्दा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नतिका तीन आधारहरू क्रमशः प्रति व्यक्ति कुल राष्ट्रिय आय (Gross National Income-GNI),, मानवीय साधन सूचकाङ्क (Human Assests Index-HDI) र आर्थिक सङ्कटासन्नटा सूचकाङ्क (Economic Vulnerability Index-EVI) हासिल पूरा गर्नुपर्ने मापदण्ड र नेपाल सरकारले लिने रणनीति तथा तर्जुमा गर्ने कार्यक्रमलाई सहयोग पुग्ने गरी गर्नुपर्दछ ।


स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकारले तर्जुमा गरेको दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिनुपर्दछ । यसैगरी सम्बन्धित प्रदेश सरकारको दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मान्नु पर्दछ । समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब मात्र पूरा हुन सक्दछ, जब स्थानीय तहले तदनुरूप आफ्ना योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दछन् ।

## ३.२ **आवधिक योजनाः**

दीर्घकालीन सोंच र वर्तमान विकासको अवस्थाको पृष्ठभूमि भविष्यमा (विशेषतः ५ देखि ७ वर्ष) हाँसिल गर्ने लक्ष्य, उद्देश्य र अपेक्षित नतीजालाई परिभाषित गरी त्यसका लागि अवलम्वन गरिने रणनीति, नीति, कार्यक्रम, प्राथमिकता र अनुमानित स्रोत साधनको समष्टिगत स्वरुप नै योजना हो । सामान्यतयाः योजना तर्जुमा विकास नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग गर्ने प्रक्रिया हो ।



योजना एक चक्रको रुपमा निरन्तर चलिरहने प्रक्रिया हो । यसको शुरुवात र अन्त्य हुँदैन । यस अन्तर्गत मूलतः आवश्यकताको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण, समीक्षा/मूल्याङ्कन तथा सिकाइका चरणहरु रहेका हुन्छन् ।





सीमित स्रोत र साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न, सामाजिक तथा आर्थिक विकासमा तिव्रता ल्याउन, आगामी दिनको नतीजा आँकलन गर्दै नतीजामुखी विकास पद्धती अवलम्वन/ प्रवर्द्धन गर्न, नागरिकको जीवनस्तमा सुधार ल्याई उनीहरुको आर्थिक/सामाजिक अवस्था अभिवृद्धि गर्न र लैङ्गिक उत्तरदायी बजेटको माध्यमबाट सामाजिक रुपान्तरण गर्नका लागि पनि योजनाको आवश्यकता अपरिहार्य छ ।

भौगोलिक (Geographical) स्थानगत (Spatical) दृष्टिले नेपालमा ३ थरी आवधिक योजनाहरु बनिरहेका छन् ।

१. राष्ट्रिय/संघीय आवधिक योजना (National Periodic Plan)

२. प्रादेशिक आवधिक योजना (Provincial Periodic Plan)

३. स्थानीय आवधिक योजना (Local Level Periodic Plan)





नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषय र क्षेत्रलाई समेट्ने गरी देशको समग्र आर्थिक सामाजिक विकासका लागि आवधिक योजना तर्जुमा
गर्दछ । उल्लिखित राष्ट्रिय आवधिक योजनालाई समेत आधार मानी प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषय र क्षेत्रलाई समेट्ने गरी आ-आफ्नो प्रदेशको आर्थिक एवम् सामाजिक विकासको लागि आवधिक योजना बनाएको हुन्छ । यसैगरी राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनालाई समेत आधार बनाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही स्थानीय तहको विशिष्टता, संम्भावना, अवसर र आवश्यकता पहिचान गरी आवधिक योजना तयार गरेको हुन्छ । संघ, प्रदेश र स्थानीय तहका आवधिक योजनाहरु एक आपसमा अन्तरसम्बन्धित पनि हुन्छन् । अतः स्थानीय तहले आफ्नो आवधिक योजना, त्रि-वर्षिय खर्च संरचना र वार्षिक योजना तथा बजेट बनाउँदा संघ तथा प्रदेशका आवधिक योजनालाई र आफ्नै गाउँ/नगरको आवधिक योजनालाई महत्वपूर्ण आधारको रुपमा ग्रहण गरेको हुन्छ । यसर्थ स्थानीय तहले आफ्नो वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्दछ ।

## ३.३ मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF):

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम वीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउँन सहयोग गर्दछ । सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलव्ध सीमित

स्रोत/साधनको बस्तुनिष्ट, आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्दछ । सार्वजनिक खर्च व्यवस्थापनका प्रमुख अवयवहरु-विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयमा यसले सम्बोधन गर्दछ ।

आवधिक योजना र बार्षिक योजनालाई बजेटसँग तादात्म्यता कायम गरी स्रोत र साधनको विनियोजनालाई उपलव्धीमूलक बनाउँनु, आयोजनाहरुको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाको लागि स्रोतको सुनिश्चितता गर्नु, मध्यम अवधिको आन्तरिक र बाह्यस्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु, सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु र बजेट अनुमानलाई यथार्थपरक बनाउँनु यसको मूलभूत उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आवद्ध गर्दछ ।




मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलव्धी समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रिय हिसावले प्रत्येक वर्ष तीन वर्षको बजेटको अनुमान गरिएको हुन्छ ।

वित्त व्यवस्थापमा मध्यमकालीन खर्च संरचनाको आवश्यकतालाई दृष्टिगत गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १७ ले तीनवटै तहको सरकारले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च तयार गर्नुपर्ने

अनिवार्यता गरेको छ । त्यस्तैगरी स्थानीय सरकार (संचालन) ऐनले पनि यसलाई अनिवार्य बनाएको छ । यसर्थ स्थानीय तहले आगामी आर्थिक वर्षको वार्षिक योजना तथा बजेट तयार गर्दा, चालु वर्षको मध्यमकालीन खर्च संरचनालाई आधार मान्नु पर्ने र त्यसकै आधारमा पछिल्लो थप हुने वर्षको लागि प्रक्षेपण थप्नु पर्ने देखिन्छ । यति मात्र होइन, नेपाल सरकार तथा प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनालाई समेत आधार बनाइ, वार्षिक योजना कार्यक्रम र बजेटको साथमा नै स्थानीय सभामा मध्यमकालीन खर्च संरचना पेश गर्नुपर्दछ । यसर्थ, मध्यमकालीन खर्च संरचनालाई वार्षिक योजना तथा बजेटको अभिन्न अङ्ग बनाउनु पर्दछ ।

## ३.४ आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९:

राष्ट्रिय योजना आयोगबाट स्वीकृत भई कार्यान्वयनमा रहेको प्रस्तुत मापदण्डको मूलभूत उद्देश्य आयोजनाको विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरणलाई वैज्ञानिक एवम् वस्तुगत मापदण्डमा आधारित बनाउनु, सम्बन्धित विषय क्षेत्रगत मन्त्रालय तथा निकायहरुलाई तथ्यमा आधारित आयोजनाको विकास र छनौटका लागि आधार प्रदान गर्नु, आयोजनाको तयारीको कार्यमा सामञ्जस्यता कायम गर्नु, वित्तीय, प्राविधिक, सामाजिक तथा वातावरणीय दृष्टिले उपयुक्त एवम् पूर्वतयारी सम्पन्न भएका आयोजना मात्र छनौट गरी विनियोजन दक्षता कायम गर्नु र आयोजना व्यवस्थापनलाई वैज्ञानिक एवम् वस्तुगत बनाइ आयोजनाको प्रभावकारी कार्यान्वयन मार्फत अधिकतम प्रतिफल हासिल गर्नु हो । आर्थिक कार्यविधि ऐन, २०७६ को दफा १७ मा आयोजना वैङ्कको व्यवस्था गरिएको र यो मापदण्डमा आधारित भई तीन वटै तहका सरकारले राष्ट्रिय योजना आयोगबाट तयार भएको राष्ट्रिय आयोजना बैङ्क (National Project Bank) को सफ्टवेयरमा आ-आफ्नो आयोजनाहरु प्रविष्ट गर्नुपर्ने अनिवार्यता रहेको हुँदा प्रस्तुत मापदण्ड तीनवटै तहका सरकारको लागि उपयोगी छ ।

प्रस्तुत मापदण्डमा आयोजना तर्जुमा प्रक्रियाका क्रियाकलापहरु, आयोजनाको पहिचान, आयोजनाको विकास र आयोजनाको छनौट तथा प्राथमिकीकरणका विधिहरु औंल्याइएको छ । आयोजनाको पहिचान गर्दा मूलतः मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, आवधिक योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत नीति, योजना तथा रणनीति, नागरिक तथा जनप्रतिनिधिको माग र आवश्यकता, उपलब्ध अवसर तथा संम्भावनाहरु, प्रादेशिक सन्तुलनको स्थिति, राष्ट्रिय राजनीतिक दलको घोषणापत्र, न्यूनतम सेवाको आवश्यकता, विद्यमान समस्या तथा चुनौतिहरुलाई आधार मान्नु पर्नेछ । पहिचान गरिएको आवश्यकता सम्वोधन गर्न सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरी विकल्पको खोजी र विकल्पको विश्लेषण र छनौट गर्नुपर्दछ । आयोजनाको विकास अन्तर्गत गर्नुपर्ने पूर्व सम्भाव्यता अध्ययनको विषय वस्तु र प्रतिवेदनको ढाँचा यसमा दिइएको छ । प्रस्तुत मापदण्ड र आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्ने सन्दर्भमा आयोजनाको लेखा-जोखा तथा स्वीकृतिको प्रकृया तथा मापदण्ड, आयोजना प्राथमिकीकरणका आधार र विधि र आयोजना विश्लेषणका विधि र सूत्रहरु औंल्याएको छ ।

यसर्थ, स्थानीय तहले आयोजना छनौटलाई व्यवसायिक र प्राविधिक विषय वनाइ कायम गर्दै बजेटलाई नतीजामुखी बनाउँन प्रस्तुत मापदण्ड उपयोगी हुने हुँदा आयोजना पहिचान, विकास र छनौटका लागि यसका प्रावधानहरु अनुशरण गर्न आवश्यक छ ।

## ३.५ प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७:

नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिवद्धतासहित नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ । यसैगरी महिला, बालबालिका, अपाङ्गता भएको व्यक्तिको अधिकार लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको नेपाल पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनीरूपमा स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ, । नेपाल सरकारका सबै विषयगत मन्त्रालयहरूले आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छन् र प्रत्येक मन्त्रालयले वार्षिक कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणाली समावेश गरी तदनुरुप प्रतिवेदन समेत गर्ने गरेका छन् । नेपालको संविधान जारी भए पश्चात् सङ्घीय शासन प्रणाली अनुसार स्थापित प्रदेश तथा स्थानीय तहहरूले संविधान तथा प्रचलित कानून बमोजिम वि.सं. २०७५ सालदेखि आफ्ना योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै आएका छन् ।

नेपालको पन्ध्रौ योजना (२०७६/७७ - २०८०/८१) ले राज्यका तीनै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति तय गरेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने व्यवस्था गरेको छ । यसलाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल सरकार, अर्थ मन्त्रालयले प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्यमा प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका तयार गरी जारी गरेको छ । यो निर्देशिकाले प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा र स्थानीय तहमा विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको महिला सशक्तिकरण र लैङ्गिक समानतामा गर्ने योगदानको आधारमा वर्गीकरण गरी साङ्केतीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिले बजेट तयारीका समयमा विकसित गरिएका नीति तथा खर्च प्रस्तावबाट लाभग्राहीमा परेको प्रभाव मूल्याङ्कन गर्ने आधार प्रदान गर्दछ । साथै यसले महिला सशक्तीकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू समावेश गर्नुका साथै वर्गीकरण गरिएका क्रियाकलापहरूका लागि भएको विनियोजनका आधारहरूमा खर्चको अभिलेख राख्ने उद्देश्य राखेको छ । निर्देशिकामा वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा अपनाउनु पर्ने प्रावधानहरू समावेश गरेको छ । यसलाई समेत मार्गदर्शन गर्ने आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा समेत कार्यक्रमको वर्गीकरण र साङ्केतीकरण गरी महिला सशक्तिकरण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न सहयोग गर्नेछ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी योजना तथा बजेट प्रणाली अबलम्बन गर्नुपर्नेछ ।

यस सम्बन्धी विस्तृत विधि र प्रक्रिया परिच्छेद- ६ मा दिइएको छ ।

### ३.६ <u>समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिः</u>

स्थानीय तहले समपूरक तथा विशेष अनुदान र सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन गरिने आयोजना तथा कार्यक्रम पहिचान गरी राष्ट्रिय आयोजना बैङ्कमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था छ । तसर्थ स्थानीय तहले आवधिक योजना, मध्यमकालीन खर्च संरचना तर्जुमा तथा स्थानीय आयोजना बैङ्क तयार

गर्दा सहलगानी र समपूरक तथा विशेष अनुदानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रम समावेश गरी तर्जुमा गर्नुपर्दछ ।

समपुरक सम्बन्धी कार्यविधिमा समपुरक अनुदान प्रदान गरिने क्षेत्र, माग गर्ने प्रक्रिया र रकमको सीमा तोकिएको छ । वार्षिक बजेटमा समपुरक अनुदानबाट संचालन गरिने आयोजनाहरु मूलतः कृषि उपजको भण्डारण गृह र शीतगृह, खानेपानी, ग्रामीण नमूना आवास, सिंचाई तथा नदी नियन्त्रण, फोहोर मैलाको प्रशोधन र व्यवस्थापन, शैक्षिक पूर्वाधार निर्माण, पर्यटन पूर्वाधार निर्माण, पुल निर्माण, वैकल्पिक ऊर्जा, ग्रामीण तथा कृषि सडक, स्वास्थ्य, कार्यालय भवन निर्माण, विद्युत उत्पादन/प्रसारण, वन, वातावरण तथा जलाधार क्षेत्र, जेखिमयुक्त बस्ती स्थानान्तरण, विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माणसँग सम्बन्धित हुनुपर्दछ ।

राष्ट्रिय योजना र आयोगबाट प्रकाशित विशेष अनुदान सम्बन्धी कार्यविधिले विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार तोकेको छ । विशेष अनुदान विशेषत सामाजिक विकाससँग सम्बन्धित छ । यसर्थ, वार्षिक योजना/कार्यक्रम तथा बजेटमा विशेष अनुदानबाट संचालन हुने आयोजनाहरु प्रस्ताव गर्दा शैक्षिक विकास, आधारभूत स्वास्थ्य सेवा, खानापनी आपूर्ति, अल्पसंख्यक, सिमान्तकृत वर्ग एवम् दुर्गम तथा पिछडिएको क्षेत्रको उत्थानसँग लक्षित, खाद्य सुरक्षा, फोहोर मैला व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण जस्ता आयोजना/कार्यक्रमहरु छनौट गर्नुपर्दछ ।

### ३.७ <u>स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७:</u>

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संघ, प्रदेश तथा स्थानीय तहका लागि वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान तथा रोयल्टी बाँडफाँड) सशर्त अनुदानको आधार सिफारिस तथा आन्तरिक ऋणको सीमा सिफारिस गर्दछ ।

यस प्रयोजनका लागि स्थानीय तहको लागि कार्यसम्पादन सूचकहरु र तिनको अङ्कभार तोकिएको छ जसलाई वार्षिक योजना/कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिन आवश्यक छ । ती सूचकहरु देहायबमोजिम रहेका छन्:

- ❖ प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभामा पेश गरे/नगरेको,
- ❖ असार मसान्तभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान पारित गरे/नगरेको,
- ❖ घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको राजस्वमध्ये ६० प्रतिशत रकम मासिक रुपमा स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको,
- ❖ आगामी आर्थिक वर्षको आय-व्ययको प्रक्षेपित तथ्याङ्क सहितको विवरण पुष मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेश गरे/नगरेको,
- ❖ गत आथिक वर्षको बजेट कार्यान्वयनको वार्षिक समीक्षा कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको,
- ❖ अनुमानित राजस्व प्रक्षेपण अनुसार प्रगति भए/नभएको र अघिल्लो आर्थिक वर्षको असूलीको तुलनामा राजस्व वृद्धि भए/नभएको,
- ❖ कूल विनियोजनमा खर्चको प्रतिशत र पूँजीगत खर्चको प्रतिशत,

- ❖ बेरुजुको अवस्था,
- ❖ SuTRA को प्रयोगको अवस्था,
- ❖ आवधिक योजना तर्जुमा गरे/नगरेको,
- ❖ कक्षा १ देखि ८ सम्मको खूद विद्यार्थी भर्ना दर,
- ❖ कक्षा १० को परीक्षाको अङ्क (**GPA**) भन्दा उच्च (**GPA**) प्राप्त विद्यार्थी संख्या,
- ❖ चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात,
- ❖ पूर्ण खोपको अनुपात,
- ❖ कार्यसम्पादन सूचक आयोगको **Online Poral** मा प्रविष्टी गरे/नगरेको ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्रगत अन्तर्गत १०० वटा समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरू निर्धारण गरेको छ । योजना तर्जुमा गर्दा यी सूचकहरू कार्यान्वयन हुने सुनिश्चितता गर्नुपर्दछ ।

### ३.८ दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (Roadmap)२०१६—२०३०:

नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता जनाएकोछ । दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापी सहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरू छन् । दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव छैन । यसमा प्रदेशका साथै स्थानीय तहको पनि सहयोगी भूमिका हुनुपर्छ ।

तसर्थ, स्थानीय तहले आफ्नो योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्ने गरी गर्नुपर्दछ । यस सम्बन्धी विस्तृत विवेचना परिच्छेद-८ मा गरिएको छ ।

### ३.९ राष्ट्रिय अभियान तथा अन्य अन्तर सम्बन्धित विषयहरू:

स्थानीय योजना तर्जुमा गर्दा राष्ट्रिय अभियानहरू, नेपाल पक्ष भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धी, सम्झौता र प्रतिबद्धतासँग सम्बन्धित विषयहरूलाई पनि ध्यान दिनु आवश्यक छ । यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (२०१८—२०३०) र जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना २०१८ लगायत विकास प्रक्रिया र उपलब्धिमा प्रत्यक्ष असर पार्ने नीतिगत तथा कानूनी व्यवस्थाहरूलाई पनि विशेष रूपले ख्याल गर्नुपर्दछ ।

### ३.१० राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशनः

स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको सम्बन्धमा समय समयमा पठाउने मार्गनिर्देशन समेतलाई ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्दछ । यसरी योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारका नीति, योजना र वार्षिक बजेटसँग स्थानीय योजनाको सामञ्जस्यता कायम गर्नुपर्दछ ।

### ३.११ स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरूको घोषणापत्र:

स्थानीय तहमा योजना तर्जुमा गर्दा स्थानीय सरकारमा सहभागी राजनीतिक दलले स्थानीय निर्वाचनको क्रममा सार्वजनिक गरेको घोषणापत्र वा प्रतिबद्धतालाई ख्याल गरी पूरा हुन सक्ने कार्यक्रम वा आयोजनाहरूलाई समेत ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्दछ । यसबाट स्थानीय तहको विकास कार्यमा सहमतिको वातावरण स्थापना भई विकासमैत्री वातावरण सिर्जना गर्न सहयोग पुग्दछ ।

## ३.१२ **एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४:**

नेपालको संविधान, २०७२ ले सरकारका ती तह-संघ, प्रदेश र स्थानीयका लागि अलग-अलग संचित कोष रहने व्यवस्था गरेको छ । तीनवटै सरकारका आर्थिक कारोवारको लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुने व्यवस्था पनि छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ३२ बमोजिम महालेखा नियन्त्रक कार्यालयलाई तीनै तहका सरकारको समग्र आर्थिक कारोवारको लेखाङ्कन, प्रतिवेदन तथा सो सँग सम्बन्धित अन्य कार्यहरु सम्पादन गर्ने जिम्मेवारी पाएको छ । यसका अतिरिक्त स्थानीय तह सरकार संचालन ऐनको दफा ७६(२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ ।

उल्लिखित जिम्मेवारी अनुरुप तीनवटै सरकारको आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदनको गुणात्मक अभिवृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अन्तर्राष्ट्रिय मुद्राकोषको Government Finance Statistics Manual 2014 (GFSM-2014) अनकूल वर्गीकरण र व्याख्या गरी महालेखा परीक्षकको स्वीकृतिमा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ महालेखा नियन्त्रक कार्यालयबाट जारी भएको छ र यसमा आवश्यकतानुसार ४ वटा संशोधनहरु पनि भइसकेका छन् । प्रस्तुत दस्तावेजमा देहायका व्यवस्थाहरु रहेका छन्ः-

(क) आर्थिक संकेत वर्गीकरण तथा व्याख्यालाई योजना, बजेट तथा लेखाङ्कन र प्रतिवेदनको मूल आधारका रुपमा स्थापित गर्दै समष्टिगत आर्थिक विश्लेषणका लागि उपयोग गर्न सक्ने गरी आर्थिक संकेतहरुको साथै प्रशासनिक, उद्देश्यात्मक तथा आम्दानी खर्चको स्रोत समेतलाई आवश्यक संकेतहरुमा व्यवस्थित गरिएको,

(ख) नगदमा आधारित (Cash Basis) रहेको वर्तमान सरकारी लेखा तथा प्रतिवेदन प्रणालीलाई क्रमशः प्रोदभावी (Accrual Basis) लेखाप्रणाली तर्फ उन्मुख गर्ने सोच अनुरुप सम्पत्ति तथा दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएको,

(ग) संघ, प्रदेश तथा स्थानीय सरकारका बजेट उप-शीर्षक तथा कार्यालय संकेतहरुमा समेत एकरुपता कायम गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी सम्पूर्ण तहका सरकारका निकायहरु समेटी निकायगत बजेट संकेत तथा कार्यालय संकेतको निर्धारण गरिएको,

(घ) साविकमा प्रचलनमा रहेको नेपाल सरकारको बजेट संकेत (बजेट उप-शीर्षक) मा नेपालको संगठनात्मक संरचना अनुरुपका विभागीय संकेत नभएको तर सो अनुरुप लेखा र प्रतिवेदनको आवश्कयता महसुस भएकोले त्यस प्रयोजनलाई समेत दृष्टिगत गरी विभागीय सकेत समावेश गरिएको,

(ङ) संघ, प्रदेश तथा स्थानीय सरकारका बजेट संकेतहरु समान रुपमा कायम गर्न सकिने गरी सम्बन्धित प्रदेश, जिल्ला तथा स्थानीय तह र ती तहका कार्यालयहरुको लागि निश्चित मापदण्डमा आधारित भइ अलग अलग संकेतहरु निर्धारण गरिएको,

(च) सरकारका प्रत्येक तहमा एकरुपता (एक निकाय र अर्को निकायवीच पृथकता नहुने गरी) कायम हुने तथा विभिन्न तहहरु बीचको वित्तीय प्रतिवेतदन समायोजन गर्न सहज हुने गरी राजस्व तथा खर्चका संकेतहरु निर्धारण गरिएको,

(छ) प्रत्येक बजेट संकेत तथा आर्थिक संकेतको अर्थ र प्रयोजन खुल्ने गरि विद्यमान संवैधानिक व्यवस्था, GFSM,2014 तथा साविकको वर्गीकरण र व्याख्यामा आधारित भइ आर्थिक संकेतको वर्गीकरण तथा व्याख्या गरिएको,

(ज) हाल नखुलेका/पहिचान नभएका तर भविष्यमा आवश्यक पर्ने कुनै आम्दानी तथा खर्च शीर्षकका संकेतहरुको व्यवस्था गर्नुपर्ने सम्भावनालाई दृष्टिगत गरी त्यस्तो अवस्थाका लागि सम्भाव्य संकेतहरुको व्यवस्था गर्न आवश्यक खाली ठाउ समावेश गरिएको ।

यस एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्यामा प्रयोग भएका राजस्व खर्च, पूँजीगत सम्पत्ति तथा दायित्वका संकेतहरु लेखाङ्कनमा प्रयोग गर्दा संकेत नं. को अन्तमा ३ वटा शुन्य भएका शीर्षकलाई आधार शीर्षक, संकेत नं. को अन्तमा २ वटा शून्य भएका शीर्षकलाई मूल शीर्षक, संकेत नं. को अन्त्यमा १ वटा शून्य भएका शीर्षकलाई शीर्षक र बाँकी अन्य शीर्षकलाई उप-शीर्षक भनिएको छ । साथै, सामान्य रुपमा शीर्षक भन्नाले आधार शीर्षक, मूल शीर्षक र उप-शीर्षक समेतलाई बुझिन्छ । यस्ता शीर्षकहरुमा देहायबमोजिम राजस्व प्राप्ती तथा खर्च लेख्नु पर्दछ ।

१. यस वर्गीकरणमा १ बाट शुरु भएका अङ्कले राजस्व, २ बाट भएका संकेतले चालु खर्च, ३ बाट शुरु भएका संकेतले सम्पत्ति तथा दायित्व (पूँजीगत खर्च-३१, सम्पत्ति-३२ र दायित्व-३३) र ६ बाट शुरु भएको संकेतले सम्पत्ति तथा दायित्को मौज्दातलाई जनाउँछ ।

२. राजस्व उप-शीर्षकमा मात्र रकम जम्मा गर्न मिल्छ । जस्तैः ११११११, ११४१५ आदि,

३. खर्च उप-शीर्षकमा मात्र खर्च लेख्न मिल्छ । जस्तैः २११११, २२६१३ आदि,

४. आधार शीर्षक, मूल शीर्षक र शीर्कमा राजस्व जम्मा गर्न तथा खर्च लेख्न मिल्दैन, तर हिसाव एकीकरण हुन्छ,

५. बाँडफाँड हुने राजस्वलाई वित्तीय दायित्वको रुपमा संकेत ३३३११ देखि ३३३८१ मा संकलन गरी विभाज्य कोषमा जम्मा गर्नु पर्दछ । विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड पश्चात सम्बन्धित तहका सरकारलाइ प्राप्त भएपछि सम्बन्धित निकायले बाँडफाँड भई प्राप्त हुने राजस्व शीर्षकमा आम्दानी बाध्नु पर्दछ ।

स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा, उल्लिखित आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या बमोजिम राजस्व तथा खर्चका संकेतहरु कायम गर्ने र ती संकेतहरुको व्याख्यामा द्विविधा नहुन त्यसका व्याख्यालाई अनुशरण गर्नुपर्दछ । प्रत्येक वर्षजसो संशोधन भइरहने यो दस्तावेज महालेखा नियन्त्रक कार्यालयको वेवसाइटमा अद्यावधिक रुपमा पाइन्छ ।

## ३.१३ जलवायु परिवर्तन बजेट कोडिङ्ग:

नेपालमा जलवायु परिवर्तन र त्यसका चुनौतीहरु देखा पर्न थालेको र यसबाट जलस्रोत, कृषि तथा खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायत जीवकोपार्जनका संसाधनहरु अत्यधिक मात्रामा प्रभावित हुँदै गइरहेकोले जलवायु परिवर्तनको विषय महत्वपूर्ण र चिन्ताको विषय बनेको छ । यी समस्याको सामना गर्न तयार गरिएको जलवायु परिवर्तन नीति,२०६७ ले जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै जलवायु अनकूलित हुँदै, न्यून कार्वन उन्मुख सामाजिक आर्थिक विकास पथलाई अवलम्वन गर्दै जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रवर्द्धन गरी जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएकोछ ।

जलवायु परिवर्तनका असर र प्रभावको न्यूनीकरण र अनुकुलनको आवश्यकता समेतलाई दृष्टिगत गरी जलवायु परिवर्तन नीति, २०६७ मा भएको व्यवस्था अनुसार राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Program of Action- NAPA) लाई विकास एजेण्डाको रुपमा कार्यान्वयनमा ल्याउन जरुरी छ । यसका लागि स्थानीय तहले आफूलाई प्राप्त हुने अनुदान रकमबाट जलवायु परिवर्तन सम्बन्धी कार्क्रमका लागि समेत निश्चित रकम छुट्याइ कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु जरुरी छ ।

विकास कार्यभित्र जलवायु परिवर्तनलाई सम्वोधन गरी गरिएका कार्यमा भएको लगानी वारेको एकीकृत जानकारीँ उपलव्ध हुन नसक्दा जलवायु परिवर्तनको क्षेत्रमा के कति लगानी भएको छ र के कति लगानीको आवश्यक छ भन्ने यकिन गर्ने स्पष्ट आधार तय गर्न कठिन हुने हुन्छ । बजेटमा जलवायु परिवर्तनका कार्यक्रमहरु स्पष्ट नदेखिदा जलवायु परिवर्तनका क्षेत्रमा भएका लगानीको अनुगमनमा कठिनाइ पर्ने हुन्छ जसले गर्दा त्यस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न र आगामी वर्षहरुमा जलवायु परिवर्तनका क्षेत्रमा लगानीको सुनिश्चितता गर्दै योजना तर्जुमा गर्न कठिनाइ पर्ने हुन्छ ।

कुन कुन निकायका कुन कुन कार्यक्रम जलवायु परिवर्तनमा केन्द्रित छन् वा आगामी दिनमा जलवायु परिवर्तनमा कसरी केन्द्रित हुँदै जानेछन् भन्ने वारे जानकारी उपलव्ध हुन सकेमा अनुकूलन क्षमता अभिवृद्धिका साथै लगानी समन्वयमा समेत सघाए पुग्न सक्ने देखिन्छ । साथै जलवायु परिवर्तन र वातावरणका कार्यक्रमका बीच रहेको भिन्नता यकिन गरी जलवायु परिवर्तनमा मात्र भएको खर्च छुट्याउने आधारको विकास गर्नु पनि त्यत्तिकै जरुरी हुन आएको छ । यसको लागि " जलवायु परिवर्तन बजेट कोड" को प्रयोग गर्नु मनासिव हुने भएको र उक्त कोडको प्रयोगले जलवायु परिवर्तन सम्बन्धी कार्यमा भएको लगानीको अनुगमन तथा प्रभावकारी कार्यान्वयनमा समेत सहयोग पुग्ने भएकोले जलवायु परिवर्तन बजेट कोडको प्रयोग आवश्यक देखिन्छ ।

निम्न कार्यक्रमहरुलाई जलवायु परिवर्तनसँग सम्बन्धित कार्य मानी ती कार्यक्रमहरुमा विनियोजित बजेट वा भएको खर्चलाई तलको तालिकामा उल्लेख भएबमोजिम जलवायु परिवर्तन बजेट कोड प्रयोग गर्न उपयुक्त हुन्छ;

- ❖ प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गरने तथा हरियाली अभिवृद्धि गर्ने कार्यक्रम ।

- ❖ भू-उपयोग योजना तथा जलवायु परिवर्तनको असरलाइ थेग्न सक्ने (Resilient) भौतिक पूर्वाधारको विकास कार्यक्रम ।
- ❖ जलवायु परिवर्तनको कारणबाट मानव स्वास्थयमा देखा पर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम ।
- ❖ जलवायु परिवर्तनको कारणबाट खतरामा परेका जीव (Endangered) र जैविक विविधताको संरक्षण कार्यक्रम ।
- ❖ हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने गरी गरिएको फोहोर मैला व्यवस्थापन गर्ने कार्यक्रम ।
- ❖ ऊर्जा, सिँचाइ र स्वच्छ खानेपानीका लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम ।
- ❖ खाद्य स्वच्छता (Safety) तथा सुरक्षा (Security) सँग सम्वन्धित कार्यक्रम ।
- ❖ जलवायु परिवर्तनका कारण उत्पन्न विपद् जोखिमलाई न्यून गर्ने कार्यक्रम
- ❖ हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने तथा न्यून कार्वन उत्सर्जन गर्ने ऊर्जाको प्रयोग गर्नका लागि पुनर्नविकरणीय एवं वैकल्पिक ऊर्जाको उत्पादन, प्रयोग तथा यस सम्बन्धी प्रविधिको विकास गर्ने कार्यक्रम ।
- ❖ जलवायु परिवर्तनसाग सम्बन्धित सूचना, शिक्षा, सञ्चार, अनुसन्धान तथा विकास एवं तथ्याङ्क सङ्कलन गर्ने कार्यक्रम ।
- ❖ जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, कानून एवं कार्य योजना तयार गर्ने कार्यक्रम ।

**जलवायु परिवर्तन बजेट कोडको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरुः**

प्रस्तावित बजेटमा जलवायु परिवर्तन बजेट कोड प्रयोग गर्दा निम्न बमोजिम गर्नुपर्दछ ।

- ❖ जलवायु परिवर्तनसँग सम्बन्धित माथि उल्लिखित कार्यक्रमहरुलाई मात्र जलवायु परिवर्तन बजेट कोडिङ्ग गर्ने ।
- ❖ मन्त्रालय/विभाग/कार्यालयहरुले आ-आफ्नो प्रस्तावित वार्षिक कार्यक्रमको प्रत्येक कार्यक्रम जलवायु परिवर्तनसँग सम्बन्धित भए/नभएको उल्लेख गर्न "छ" वा "छैन" लेख्ने ।
- ❖ "छ" लेखिएका सबै कार्यक्रमको बजेट जोड्ने र प्रतिशत निकाल्ने ।
- ❖ बजेट प्रतिशतको आधारमा उक्त कार्यक्रम तल तालिकामा दिइएबमोजिम १, २ वा ३ कुन पर्दछ तय गर्ने ।
- ❖ तय गरिएको उक्त संकेत (१, २ वा ३) लाई बजेट फारामको माथि एउटा वक्स बनाएर लेख्ने ।

**जलवायु परिवर्तन बजेट कोडको प्रयोगः**

माथि उल्लिखित वुँदा बमोजिमका कार्यक्रमहरुमा निम्न बमोजिम जलवायु परिवर्तन बजेट कोड (संकेत) प्रयोग गर्न सकिन्छ;


| बजेट/खर्चको अनुपात | उपादेयता | बजेटमा उल्लेख हुने कोड (संकेत) |
|---|---|---|
| प्रस्तावित वार्षिक कार्यक्रमको ५० प्रतिशत भन्दा बढी बजेट जलवायु परिवर्तनसँग सम्वन्धित भएमा | अत्यन्त सान्दर्भिक | १ |
| प्रस्तावित वार्षिक कार्यक्रमको २० प्रतिशत देखि ५० प्रतिशतसम्म बजेट जलवायु परिवर्तनसँग सम्वन्धित भएमा | सान्दर्भिक | २ |

| | | |
|---|---|---|
| प्रस्तावित वार्षिक कार्यक्रमको २० प्रतिशत भन्दा कम बजेट जलवायु परिवर्तनसँग सम्वन्धित भएमा वा प्रस्तावित कार्यक्रम जलवायु परिवर्तनसँग सम्वन्धित नभएमा | तटस्थ | ३ |

स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्दा संघीय सरकारको जलवायु परिवर्तन कोडीङ्ग आधारसँग मेल खाने गरी क्रियाकलाप तहदेखि नै जलवायु परिर्वतन बजेटलाई कोड प्रदान गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ । यो व्यवस्था SuTRA मा राखी कार्यान्वयन गर्न उपयक्त हुद्दछ ।

# परिच्छेद-४
# स्थानीय तहको योजनाहरु र तिनीहरु बीचको अन्तर-सम्बन्ध

संघ तथा प्रदेश तहले जस्तै स्थानीय तहले पनि रणनीतिक योजना (Strategic Plan), गुरु योजना (Master Plan), आवधिक योजना (Periodic Plan), आयोजना बैंङ्क (Project Bank), मध्यमकालीन खर्च संरचना Medium Term Expenditure Framework-MTEF) र वार्षिक योजना, कार्यक्रम र आयव्ययको विवरण (Plan, Program Income and Expenditure) बनाउनु पर्ने हुन्छ ।



संघ तथा प्रदेशले जस्तै स्थानीय तहले पनि भविष्यको गन्तव्य (लक्ष्य) सुनिश्चित गरी त्यसलाई पूरा गर्न रणनीतिक योजना वनाउनु पर्छ । यसमा लक्ष्य प्राप्त गर्न के गर्ने भन्दै त्यसपछिका नतीजा श्रृंखला खोज्दै लगानीसम्म पु

गिन्छ । रणनीतीक योजना भनेकै वास्तवमा नतीजामुखी योजना प्रक्रिया हो । यो विषयगत वा समष्टिगत दुवै हुनसक्छ तर बढी विषयगत रुपमा तर्जुमा गरिन्छ । गुरुयोजनाको साधारणतया १० देखि २० वर्षसम्मको विकास प्रयासलाई दिशा निर्देश गर्दछ । यो क्षेत्रगत वा समष्टिगत दुवै हुनसक्छ तर बढी क्षेत्रगत रुपमा नै तयार गरिन्छ र यस्तो योजनालाई सामान्यतया नक्सामा उतारिएको हुन्छ ।

स्थानीय सरकारले आफ्नो रणनीतिक योजना र गुरुयोजनाको मार्गदर्शनमा रही आवधिक योजना बनाउनु पर्दछ । यस्तो योजना साधारणातया ३ देखि ७ वर्ष हुने भएतापनि नेपालका प्रायजसो स्थानीय तहहरुले ५ वर्षको आवधिक योजना बनाएको पाइन्छ जुन उपयुक्त पनि हो । यो ५ वर्षको विकास प्रयासलाई मार्गदर्शन गर्ने रणनीतिक योजना हो । यसमा समष्टिगत, क्षेत्रगत र स्थानगत विशेषता समेत समावेश रहेको हुन्छ ।

आवधिक योजनालाई मूर्तरुप दिनका लागि आयोजना वैङ्क बनाउँनु पर्दछ । आयोजना वैङ्क वनाउँदा आवधिक योजनाको मार्गदर्शनको अधिनमा रहि आयोजना पहिचान, आयोजना लेखाजोखा र आयोजना छनौट र प्राथमिकता निर्धारण गरिएको हुन्छ । यसरी प्राथमिकतामा परेका योजनाहरुको अभिलेखमा रहने आयोजना वैङ्कमा रहेका आयोजनालाई वार्षिक रुपमा अद्यावधिक हुने मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमले सम्वोधन गरेको हुन्छ ।

यसरी हेर्दा, वार्षिक योजना, कार्यक्रम तथा बजेटको मध्यमकालीन खर्च संरचना, आयोजना वैङ्क, आवधिक योजना, गुरुयोजना र रणनीतिक योजनासँग अन्तरसम्बन्ध रहेको हुन्छ । रणनीतिक योजना, गुरुयोजना, आवधिक योजना, आयोजना वैङ्क, मध्यमकालीन खर्च संरचनाको खाकाभित्र रहेर मात्र वार्षिक योजना, कार्यक्रम तथा बजेट बनाउँनु पर्दछ ।


# परिच्छेद-५
# स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया

एक आर्थिक वर्षको अवधिका लागि सरकारले आफ्नो क्षेत्राधिकारभित्र संचालन गर्ने आयोजना, कार्यक्रम, क्रियाकलाप र त्यसका लागि आवश्यक आम्दानी र खर्चको समग्र खाका वा मार्गदर्शन नै वार्षिक बजेट हो । अर्को शव्दमा बजेट भनेको सरकारको वार्षिक वित्तीय योजना हो । यसलाई सार्वजनिक वित्त नीतिको औजारको रुपमा पनि औल्याउन सकिन्छ । यो आवधिक योजना कार्यान्वयनको माध्यम पनि हो । यसले राजनैतिक प्रतिवद्धतालाई व्यवहारमा उतार्ने काम गर्दछ ।

नेपालमा तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय) ले माथि परिच्छेद २ मा उल्लिखित कानूनी प्रवधानहरु र परिच्छेद ३ मा उल्लिखित दस्तावेजहरुको अधिनमा रही प्रत्येक आर्थिक वर्षको लागि वार्षिक योजना, कार्यक्रम र आय-व्ययको खाकाको विवरण तयार गर्दछन् र सो विवरण स्वीकृतार्थ आ-आफ्नो संसद/सभामा पेश गर्दछन् । संसद/सभाबाट पारित भएपछि बजेट स्वीकृत भएको मानिन्छ र कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको क्रम शुरु हुन्छ । बजेट तर्जुमा आफैमा प्राविधिक (Technical) विषय भएको र तर्जुको प्रभावकारितामा बजेटको सफलता निर्भर रहने हुँदा यसका लागि विशेष समय दिइ यसलाई विश्वसनीय दस्तावेजको रुपमा विकास गर्न आवश्यक छ । यो यथार्थतालाई विद्यमान कानून र स्वीकृत दस्तावेजहरुले पनि मार्गदर्शन गरेका छन् । यसर्थ, यस परिच्छेदमा स्थानीय तहले वार्षिक योजना, कार्यक्रम र आय एवम् व्यय तर्जुमा गर्दा अप्नाउनु पर्ने विधि, प्रक्रिया र क्रियाकलाप र त्यसको समय-सीमा समेत चरणवद्ध रुपमा प्रस्तुत गरिएको छ । यस क्रममा स्थानीय तहले बजेट तर्जुमा गर्दा मूलतः ७ वटा चरणहरु, ती चरण अन्तर्गतका विभिन्न क्रियाकलापहरु र त्यसको समय सीमा (समयाविधि), जिम्मेवार पदाधिकारी सहित विस्तृतमा प्रकाश पारिएको छ । यी चरणहरु र क्रियाकलापहरु अक्षरशः परिपालना (Compliance) भएमा, बजेट तर्जुमा समयमा हुन सक्ने, बजेट विश्वसनीय र प्रभावकारी हुने र अन्ततः यसको कार्यान्वयन समेत प्रभावकारी भई अपेक्षित प्रतिफल समेत प्राप्त हुने अपेक्षा राखिएको छ ।

## ५.१ स्थानीय तहको बजेट तर्जुमाका चरणहरुः

स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियालाई कार्यगत दृष्टिले विभिन्न चरणमा राख्न सकिन्छ र यसको संख्या कार्यप्रकृतिको आधारमा निर्धारण हुन्छ । तथापि, हाल स्थानीय तहको वार्षिक योजना/कार्यक्रम तथा बजेटलाई नेपाल सरकारद्वारा स्वीकृत दस्तावेजहरुमा ७ चरणमा वर्गीकरण गरी २३ वटा क्रियाकलापहरुमा व्याख्या गरिएको हुँदा सोहीलाई आधार लिन उपयुक्त हुन्छ । स्थानीय तहमा तर्जुमा हुने वार्षिक योजना तथा बजेट तर्जुमाको ७ वटा चरणहरु देहाय बमोजिम रहेका छन्ः-




## ५.२ <u>बजेट तर्जुमाका चरण तथा क्रियाकलापहरुको विस्तृतीकरणः</u>

स्थानीय तहमा बजेट तर्जुमा प्रक्रियाका क्रियाकलापहरु पौषको दोस्रो हप्ताको समाप्तसँगै शुरु गर्नुपर्ने र साउनको पहिलो हप्ताभित्र सम्पन्न गर्नुपर्दछ । यसरी हेर्दा, वर्षको करिव ७ महिनाको अवधि बजेट तर्जुमामा व्यतित हुने देखिन्छ । बजेट तर्जुमा गर्दाका चरणहरु र ती चरणहरु अन्तर्गतका क्रियाकलापहरुको स्थानीय तहका जिम्मेवार जनप्रतिनिधि र प्रशासकीय पदाधिकारी सँधैं चनाखो हुन आवश्यक छ । बजेट तर्जुमाका चरणहरु, तिनका क्रियाकलापहरु र समयसीमालाई देहायको ढाँचामा प्रस्तुत गरिएकोछः-

**वार्षिक योजना तथा बजेट तर्जुमाका चरण तथा कार्यहरु**

| चरण नम्बर | चरणहरु | क्रियाकलापहरु | | समयसीमा |
|---|---|---|---|---|
| १ | बजेटको पूर्व तयारी | १.१ | वस्तुस्थिति विवरण तयारी | मंसीर मसान्त |
| | | १.२ | मध्यमकालीन खर्च संरचना तयारी | पौष १५ गतेभित्र |
| | | १.३ | आगामी आर्थिक वर्षको राजस्वको प्रक्षेपण | पौष १५ गतेभित्र |
| | | १.४ | आय-व्यय प्रक्षेपणको विवरण प्रदेश तथा संघको अर्थ मन्त्रालयमा प्रेषित गर्ने | पौष मसान्तभित्र |
| | | १.५ | विषयगत क्षेत्र विभाजन र जिम्मेवारी बाँडफाँड | माघ मसान्तभित्र |

| चरण नम्बर | चरणहरु | क्रियाकलापहरु | | समयसीमा |
|---|---|---|---|---|
| २ | स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण | २.१ | संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँडको सीमा र मार्गदर्शन प्राप्त गर्ने | संघ फागुन मसान्त, प्रदेश चैत्र मसान्तभित्र |
| | | २.२ | गैसस, उपभोक्ता समिति, सहकारी जस्ता संस्थासँग पूर्व बजेट छलफल | चैत्र मसान्तभित्र |
| | | २.३ | नीति तथा कार्यक्रम सभामा पेश | वैशाख ७ गतेभित्र |
| | | २.४ | योजना/कार्यक्रम तथा बजेटको प्राथमिकता निर्धारणका आधार र विधि तयारी | वैशाख १० गतेभित्र |
| | | २.५ | कूल बजेट अनुमान, सीमा निर्धारण र मार्गदर्शन तयारी | वैशाख १० गतेभित्र |
| | | २.६ | वडा समिति र विषयगत शाखालाई बजेट सीमा र मार्गदर्शन पठाउने | वैशाख १५ गतेभित्र |
| ३ | वस्ती/टोलस्तरबाट योजना/कार्यक्रम छनौट | ३.१ | वस्ती/टोल वैठकको कार्यतालिका तयारी र जिम्मेवारी | वैशाख मसान्तभित्र |
| | | ३.२ | वस्ती/टोलमा योजना/कार्यक्रम छनौट गरी वडा समितिमा पेश | वैशाख मसान्तभित्र |
| ४ | वडास्तरीय योजना, प्राथमिकता निर्धारण | ४.१ | गैसस र अन्य संघ संस्थाबाट योजना तथा बजेट संकलन र छलफल | जेष्ठ १० गतेभित्र |
| | | ४.२ | सीमाभित्रका प्राथमिकता प्राप्त योजना/कार्यक्रम बजेट तथा कार्यक्रम समितिमा पेश | जेष्ठ १० गतेभित्र |
| ५ | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | ५.१ | शाखाबाट विषय क्षेत्रका योजना/कार्यक्रमको प्राथमिकता निर्धारण | जेष्ठ १५ गतेभित्र |
| | | ५.२ | विषयगत समितिमा छलफल र प्राथिमकता | जेष्ठ २५ गतेभित्र |
| | | ५.३ | योजना/कार्यक्रम र बजेटको प्रस्ताव तयार गर्ने | जेष्ठ मसान्तिभत्र |
| | | ५.४ | गैसस र अन्य संघ संस्थाको कार्यक्रम | असार ५ गतेभित्र |

| चरण नम्बर | चरणहरु | क्रियाकलापहरु | | समयसीमा |
|---|---|---|---|---|
| | | | एकीकृत तयार गर्ने | |
| | | ५.५ | आर्थिक विधेयकको मस्यौदा तयार गर्ने | असार ५ गतेभित्र |
| | | ५.६ | विनियोजन विधेयकको मस्यौदा तयार गर्ने | असार ५ गतेभित्र |
| ६ | कार्यपालिकाबाट स्वीकृति र सभामा पेश | ६.१ | बजेट वक्तव्य, विधेयकहरु, बजेट अनुमान र वार्षिक योजना/कार्यक्रम स्वीकृत गर्ने | असार १० गतेभित्र |
| ७ | सभाबाट स्वीकृति | ७.१ | सभाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र |
| | | ७.२ | बजेट पुस्तिका र सम्बन्धित दस्तावेजहरु छपाई र वितरण | साउन १५ गतेभित्र |

५.२.१ **<u>बजेटको पूर्व तयारी चरणः</u>**

स्थानीय तहको आगामी आर्थिक वर्षको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमाको प्रारम्भ चालु आर्थिक वर्षको मसीर महिनावाट प्रारम्भ गर्नुपर्दछ । चालु आर्थिक वर्षको मंसीरबाट शुरु हुने बजेटको पूर्व तयारी चरणमा देहायका ५ वटा क्रियाकलापहरु संचालन गर्नुपर्दछ ।

(क) वस्तुस्थिति विवरण (स्थिति पत्र) तयारी/अद्यावधिक,

(ख) मध्यमकालीन खर्च संरचना तयारी/अद्यावधिक,

(ग) आगामी आर्थिक वर्षको आय र व्यय प्रक्षेपण,

(घ) प्रक्षेपित आय व्ययको प्रतिवेदन प्रेषण,

(ङ) विषयवस्तु क्षेत्र विभाजन र जिम्मेवारी ।

५.२.१.१<u>वस्तुस्थिति विवरण/स्थितिपत्र (Status Paper) अद्यावधिक गर्नेः</u>

विगतको उपलव्धीको समीक्षा, चालु आर्थिक वर्षको अवस्थाको विश्लेषणको पृष्ठभूमिमा आगामी आर्थिक वर्षको योजना, कार्यक्रम तथा बजेटको प्रक्षेपण हुने गर्दछ । यसको लागि सर्वप्रथम आफ्नो गाउँ/नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, पर्यावरणीय, पूर्वाधार, सुशासन जस्ता विषयगत क्षेत्र तथा आय-व्ययको अवस्था समेत खुलेको वस्तुस्थिति विवरण/स्थितिपत्र (Status Paper) बनाउँनु पर्दछ ।

यस प्रकारको स्थितिपत्रले आफ्नो गाउँ/नगरपालिकाको आवधिक योजना, मध्यावधिक खर्च संरचनाको पृष्ठभूमिमा गत आर्थिक वर्षको बजेटको कार्यान्वयन स्थितिको समीक्षा गर्नुपर्दछ । चालु आर्थिक वर्षको योजना, कार्यक्रम तथा बजेटको पहिलो त्रैमासिक समीक्षा पनि यस प्रतिवेदनमा उल्लेख हुनुपर्दछ । यसका अतिरिक्त,

चालु आर्थिक वर्षको अन्त्यसम्मको अवस्थाको अनुमानको पृष्ठभूमिमा आगामी वर्षमा सम्वोधन गर्नुपर्ने मूल चुनौतीहरु समेत यसले पहिल्याउनु पर्दछ ।

आगामी योजना, कार्यक्रम तथा बजेटको तर्जुमा विगतको कार्यान्वयनको कमी/कमजोरी औंल्याउँदै पहिल्याइएको सिकाई अनुभवको धरातलमा बनाउँदा विगतका कमी/कमजोरी दोहोरिन पाउँदैनन् । कार्यान्वयन ढिला भएका आयोजनाहरुले निरन्तरता पाउँछन् र बाँकी अवधिमा आयोजना सम्पन्न गर्न सहयोग पुग्दछ । यसका साथै, स्रोत परिचालन र विनियोजन कुशलता कायम गर्न मद्दत गर्दछ । समग्रमा भन्नुपर्दा, यसले बजेट तर्जुमा प्रक्रिया मात्र होइन, बजेट कार्यान्वयनमा समेत प्रभावकारीता ल्याउँछ ।

यस प्रकारको स्थितिपत्र बनाउँने अगुवाई योजना महाशाखाले गर्नुपर्दछ र यसका लागि विषयगत समिति र महाशाखा/शाखा/इकाइलाई जिम्मेवारी तोक्नुपर्छ । प्रशासकीय प्रमुखले यो कार्यको जिम्मेवारी मंसीरको पहिलो हप्ताभित्र तोक्ने, मंसीरको चौथो हप्ताभित्र प्रतिवेदन प्राप्त गरी कार्यपालिका प्रमुखकहाँ पेश गर्ने समेत व्यवस्था मिलाउनु पर्दछ ।

५.२.१.२ <u>मध्यमकालीन खर्च संरचना (Medium Team Expenditure Framework-MTEF) तयार गर्नेः</u>

आगामी तीन आर्थिक वर्षमा हुने आम्दानी तथा खर्चको प्रक्षेपण, आयोजना, प्राथमिकीकरण, प्रति इकाई लागत, नतीजा खाका सहितको मध्यमकालीन खर्च संरचना तयार गर्ने विषय यस चरणको अर्को महत्वपूर्ण कार्य हो । मध्यमकालीन खर्च संरचना आवधिक योजनाको लक्ष्यलाई मूर्तरुप दिने गरी वनाउनु पर्दछ । यसकै आधारमा वार्षिक योजना, कार्यक्रम तथा बजेट बनाउनु पर्ने हुँदा मध्यमकालीन खर्च संरचना अनिवार्य रुपमा तयार गर्नु पर्दछ ।

गाउँपालिका तथा नगरपालिकाले मध्यम तथा दीर्घकालीन प्रकृतिका रणनीतिक आयोजना तथा कार्यक्रमहरुको सूची (आयोजना वैङ्क), स्थानीय आवश्यकता र लगानीका प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र त्यसपछिका दुइ आर्थिक वर्षहरुमा हुन सक्ने खर्चमा आधारित भइ मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ । यसरी खर्चको संरचना तयार गर्दा माष्टर प्रोक्युरमेन्ट प्लानमा परेका आयोजना वहुवर्षिय आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना राष्ट्रिय योजना आयोग वा संघीय मामिला मन्त्रालयले उलव्ध गराएको ढाँचामा तयार गर्नु पर्दछ । आयोग वा मन्त्रालयबाट उलव्ध नभएको अवस्थामा अनुसूची-१ मा दिइएको ढाँचा पनि प्रयोग गर्न सकिन्छ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले मध्यमकालीन खर्च संरचना वार्षिक योजना, कार्यक्रम तथा बजेट साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था गरेको हुँदा यसलाई अनिवार्य दस्तावेजको रुपमा तयार गर्नुपर्दछ । यसकैं

एक अङ्गको रुपमा आगामी वर्षको बजेट तयार हुने हुँदा यो दस्तावेज विशेष सान्दर्भिक छ ।

मध्यमकालीन खर्च संरचना वनाउँनका लागि सबै विषयगत महाशाखा र शाखाहरुको प्रतिनिधित्व रहने गरी योजना शाखाको नेतृत्वमा तयारी समिति वनाउनु पर्दछ । प्रशासकीय प्रमुखले यस्तो समिति मंसीरको पहिलो हप्ताभित्र वनाउने र समितिले पौषको पहिलो हप्ताभित्र तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत पौष १५ गतेभित्र कार्यपालिका प्रमुखकहाँ पेश गर्ने समेत व्यवस्था मिलाउनु पर्दछ ।


**चरण-१- बजेट पूर्वतयारीका ५ प्रक्रियाहरु**


| सि.नं. | क्रियाकलापहरु | जिम्मेवारी | समयसीमा |
|---|---|---|---|
| १ | वस्तुस्थिति विवरणस्थिति पत्र (Status Paper) तयार गरी प्रशासकीय प्रमुख मार्फत कार्यपालिका प्रमुखकहाँ पेश गर्ने | योजना महाशाखाको नेतृत्वमा सबै विषयगत समिति तथा महाशाखा/शाखा | मंसीर मसान्त |
| २ | मध्यमकालीन खर्च संरचना तयार गर्ने | योजना महाशाखाको नेतृत्वमा सबै विषयगत समिति तथा महाशाखा/शाखा | पौष १५ गतेसम्म |
| ३ | आगामी आर्थिक वर्षको आय-व्यय प्रक्षेषण विवरण तयार गर्ने | राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | पौष १५ गतेसम्म |
| ४ | आय-व्यय प्रक्षेपणको विवरण संघ तथा प्रदेश अर्थ मन्त्रालयमा पठाउने | कार्यपालीका | पौष मसान्त |
| ५ | विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यहरुलाई जिम्मेवारी दिने | कार्यपालीका | माघ मसान्त |


५.२.१.३<u>आगामी आर्थिक वर्षको आय-व्यय प्रक्षेपण विवरण तयार गर्नेः</u>

यस चरणको तेस्रो क्रियाकलाप अन्तर्गत आगामी आर्थिक वर्षको आय-व्यय प्रक्षेपणको विवरण तयार गर्नुपर्दछ । आगामी वर्षको बजेटको आकारको अनुमान गर्न र यस्तो अनुमानलाई यथार्थमा आधारित बनाउन पनि स्रोतको अनुमान आवश्यक हुन्छ । उपलव्ध हुने स्रोतको सीमाभित्र आयोजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गर्नुपर्ने अवस्थामा व्ययको अनुमान पनि अपरिहार्य छ ।

(क) **आयको प्रक्षेपण**: स्थानीय तहको बजेटको स्रोत (आय) को रुपमा मूलतः देहायका स्रोतहरु पर्दछन्:




(अ) <u>राजस्वः</u>

(१) आन्तरिक राजस्वः

घर जग्गा रजिष्ट्रेशन शुल्क, घर जग्गा वहाल कर, एकीकृत सम्पत्ति कर र घरजग्गा कर, सवारी साधन कर, विज्ञापन कर, व्यावसाय कर, भूमिकर (मालपोत), मनोरन्जन कर, जडीवुटी र

जीवजन्तु कर, पर्यटन शुल्क, पार्किङ्ग शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना, वहाल विटौरी शुल्क आदि।

(२) बाँडफाँडबाट प्राप्त हुने राजस्वः

- संघले संकलन गरेको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्क वापतको स्थानीय तहलाई प्राप्त हुने १५ प्रतिशत रकम मध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम बाँडफाँड भइ आउने राजस्व ।
- प्राकृतिक स्रोतबाट असुल भएको राजस्व मध्ये स्थानीय संचित कोषमा जम्मा भएको रकममध्येबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम प्राप्त हुने राजस्व ।

(आ) <u>अनुदानः</u>

१. संघबाट प्राप्त हुने अनुदानः

- वित्तिय समानीकरण अनुदानः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम प्राप्त हुने ।
- सःशर्त अनुदानः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम आयोजना/कार्यक्रम सहित प्राप्त हुने अनुदान ।
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनैं आयोजना पूरा गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान ।
- विशेष अनुदानः मूलतः सामाजिक क्षेत्रको कुनै खास योजना/कार्यक्रम सम्पन्न गर्नका लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदान ।

२. प्रदेशबाट प्राप्त हुने अनुदानः

- वित्तीय समानीकरण अनुदान,
- सःशर्त अनुदान,
- समपूरक अनुदान,
- विशेष अनुदान ।

३. वैदेशिक अनुदानः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १२ बमोजिम नेपाल सरकारले कुनै स्थानीय तहका आयोजना/कार्यक्रम कार्यान्वयन गर्न लिएको अनुदान स्थानीय संचितकोषमा नै जम्मा हुने गरी सम्झौता भएको अवस्थामा मात्र यो अनुदान प्रभावकारी हुन सक्छ । हाल यस्तो व्यवस्था भइनसकेको हुँदा यस्तो अनुदानको अनुमान गर्नुपर्दैन ।

(इ) <u>ऋण:</u>

१. बैदेशिक ऋणः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १२ वमोजिम नेपाल सरकारले स्थानीय तहवाट कार्यान्वयन हुने योजना/कार्यक्रमका लागि वैदेशिक ऋण लिइ दिन सक्ने हुँदा, त्यस्तो ऋण सम्झौता हुँदा उल्लिखित रकम स्थानीय संचितकोषमा जम्मा हुने सम्झौता भएको अवस्थामा मात्र यो स्रोतको अनुमान गर्नुपर्ने हुन्छ । हाल यो व्यवस्था प्रभावकारी नभएकाले यसको अनुमान गर्न पर्दैन ।

२. आन्तरिक ऋणः अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १४ बमोजिम प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस वमोजिम नेपाल सरकारको सहमतिमा स्थानीय तहले आन्तरिक ऋण लिन सक्छ । आयोगले गत आर्थिक वर्षको कूल राजस्व असुलीको १० प्रतिशतसम्म ऋण लिन सक्ने गरी सिफारिस समेत गरेको अवस्था छ । तथापि, अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १४ र १५ को आन्तरिक ऋण सम्बन्धी व्यवस्था कार्यान्वयनको लागि नेपाल सरकारबाट निर्णय नभइसकेको अवस्थामा तत्काललाई प्रस्तुत स्रोतको अनुमान गर्न पर्दैन ।

(ई) <u>आन्तरिक राजस्व अनुमानका आधारहरु:</u>

❖ राजस्व प्रक्षेपण गर्दा स्थानीय तहका लागि महालेखा परीक्षकबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा व्यवस्था भएअनुसार गर्नुपर्दछ ।

❖ राजस्वको अनुमान गर्दा मूलतः राजस्वको स्रोत, दायरा र दरलाई आधार मान्नु पर्दछ ।

❖ राजस्वको स्रोतमा मूलतः नेपालको संविधानको अनुसूची ७ र ९, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ देखि ६४ सम्मका दफाहरुलाई ख्याल गर्नुपर्दछ जुन माथिको परिच्छेद-२ मा उल्लेख गरिएको छ ।

❖ राजस्वको दायरामा राजस्वको शीर्षक अनुसारका करदाता संख्या, सम्पत्तिको परिमाण, व्यवसाय र सेवाग्राही संख्या, विक्रि परिमाण, खपत इकाइ, उपलव्ध सेवाको किसिम जस्ता पक्षहरु हेर्नुपर्दछ ।

❖ राजस्वको शीर्षकगत दायराः

- एकीकृत सम्पत्ती कर र घरजग्गा करः गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकीकृत रुपमा निर्धारित मूल्यमा

लगाउनु
पर्दछ ।

- भूमीकर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गाको उपयोगको आधारमा लगाउनु पर्छ । तर एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा यो कर लगाउनु हुँदैन ।

- व्यवसाय करः आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा लगाउनु
पर्छ ।

- बहाल विटौरीः आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख र संचालन गरेको हाट बजार वा पसल वा संरचना उपयोगमा यो शुल्क लाग्छ ।

- पार्किङ्ग शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलव्ध गराएवापत ।

- जुडीवुटी, कवाडी र जीवजन्तु कर, आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, वनकस (खर), कवाडी माल, मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला वा यस्तैं प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत यो कर लगाउन सकिन्छ ।

- सेवा शुल्कः आफ्नो क्षेत्रभित्र संचालनमा रहेका केवल कार, ट्रेकिङ्ग, कायाकिङ्ग, ऋयानोनिङ्ग, बन्जी जम्प, जीपफ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरन्जन तथा साहसिक खेलकूद, सम्बन्धी सेवा वा व्यवसाय, आफैले निर्माण, संचालन वा व्यवस्थापन गरेको पूर्वाधार वा सेवाको उपयोग (खानेपानी, विजुली, धर्मशाला, पुस्तकालय, फोहोर मैला व्यवस्थापन, सडक वत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, गेष्ट हाउस, छात्राबास, पशु बधशाला, बसपार्क, सिफारिस आदि) मा लाग्दछ ।

- दण्ड जरिवानाः आफ्नो क्षेत्रभित्रका नागरिकले आफ्नो कानून वमोजिम तोकिएको नियम उल्लंङ्घन गरेमा लाग्दछ ।

- दोहोरो अधिकार क्षेत्रभित्रका सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन, मनोरन्जन कर, विज्ञापन करको दायरा सम्बन्धित प्रदेशबाट तोकिनेछ ।

❖ राजस्वका दरहरु निर्धारण गर्दा करदाताको तिर्न सक्ने सामर्थ/क्षमता (Ability To Pay) गतवर्षको दर, छिमेकी स्थानीय

तहको दरसँग तुलना, निजी क्षेत्र र राजस्व विज्ञहरुको परामर्श र जनआवाज र गुनासाहरुलाई समेत मूल आधारको रुपमा लिन सकिन्छ ।

- ❖ आफ्नो स्थानीय तहको राजस्व सुधार कार्ययोजना बनेको छ भने सो प्रक्षेपणलाई पनि आधार मानी राजस्वको अनुमान गर्नु उपयुक्त हुन्छ ।
- ❖ राजस्व सुधार कार्ययोजना तयार नभएको अवस्थामा आन्तरिक राजस्वको अनुमान गर्दा सामान्यतया तथ्याङ्क तथा सूचनाको आधार, प्रवृत्तिगत (Trend) आधार, अनुमानको आधार आदिलाई आधार बनाउनु पर्ने हुन्छ ।
  - ▪ तथ्याङ्कीय तथा सूचनाको आधारः विद्यमान करदाता संख्या X करको औषत दर X दायरामा ल्याउन वा आउन सकिने प्रतिशत ।
  - ▪ विगतको वृद्धिको प्रवृत्तिः विगत ५ वर्षको वार्षिक वृद्धि दर निकाली अन्तिम वर्षको अनुमानित आयमा सोही औषत प्रतिशतको आधारमा वृद्धि गर्ने ।
  - ▪ अनुमानको आधारः विल्कूलै नयाँ आयका स्रोतहरुमा करारोपण गर्नुपर्ने अवस्थामा न्यूनतम करदाता संख्या वा कारोवारको परिमाण अनुमान गरी थप हुने राजस्व अनुमान गर्ने ।

(उ) <u>बाँडफाँडबाट प्राप्त हुने राजस्व अनुमानका आधारहरुः</u>

- ❖ संघबाट प्रशासन हुने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क रकमको १५ प्रतिशत राजस्व स्थानीय विभाज्यकोषमा जम्मा हुन्छ । यो कोषको रकममध्ये, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको आधारमा तोकिएको स्थानीय तहलाई बाँडफाँडबाट राजस्व प्राप्त हुने हो । यस्तो राजस्वको अनुमानलाई प्रभावित पार्ने २ वटा पक्षहरु हुन्छन्ः
  - ▪ संघले उक्त शीर्षकको राजस्व औषतमा कति प्रतिशतले वृद्धि गरेको छ ?
  - ▪ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारहरु परिवर्तन भएको छन् वा छैनन् ?
- ❖ सामान्यतयाः सिफारिसका आधारहरु यथावत रहेको अवस्थामा यसरी प्राप्त हुने राजस्वको अनुमान गर्दा विगत ५ वर्षको असुलीको औषत प्रतिशतमा गर्दा मनासिव हुन्छ ।

❖ संघबाट प्रशासन हुने प्राकृतिक स्रोतको उपयोगको रोयल्टी वापतको असुली मध्ये २५ प्रतिशत रकम स्थानीय संचितकोषमा जम्मा हुने र आयोगको सिफारिसको आधारमा उक्त रकम प्राप्त हुने हुँदा यसको अनुमान पनि सामान्यतः औषत विधि (Average Method) बाट गर्दा उपयुक्त हुन्छ ।

## राजस्व परामर्श समितिको गठन र कार्यहरु

स्थानीय तहमा राजस्व सम्वन्धी परामर्शका लागि, स्थानीय तहमा देहाय वमोजिमको स्थानीय राजस्व परामर्श समिति चालु वर्षको मंसीरको पहिलो हप्तामा नै गठन गर्नुपर्दछ र उक्त समितिलाई स्पष्ट कार्यादेश (Terms Of Reference) तोकिनु पर्दछ ।

### गठन

- उपाध्यक्ष/प्रमुख - संयोजक
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यमध्येबाट १ महिला सहित २ जना - सदस्य
- निजी क्षेत्रको उद्योग, बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको प्रमुख वा प्रतिनिधि - सदस्य
- निजी क्षेत्रको घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको प्रमुख वा प्रतिनिधि - सदस्य
- कार्यपालिकाको राजस्व शाखाको प्रमुख -सदस्य सचिव

यसका अतिरिक्त, उपलव्ध भएमा बढीमा दुई जनासम्म विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ जसबाट स्वतन्त्र नागरिकको प्रतिनिधित्व होस् र लैंङ्गिक समावेशिताको समेत सुनिश्चितता रहोस् ।

## राजस्व परामर्श समितिका मूलभूत कार्यहरु:

- राजस्व सम्बन्धी नीति वा कानूनको तर्जुमा, संशोधन परिमार्जन र सो को परिपालना (Compliance) को सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।
- राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आन्तरिक राजस्वको अनुमान गर्ने । साथै, संघबाट प्राप्त हुनुपर्ने राजस्वको पूर्व अनुमान गर्ने ।
- राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगार सिर्जनामा योगदान दिने किसिमको राजस्व नीतिको सम्बन्धमा परामर्श दिने ।
- लैङ्किक मैत्री (Gender Friendly) राजस्व नीतिका उपायहरु पहिल्याई परामर्श दिने ।
- आन्तरिक कर राजस्व/ गैरकर राजस्वका सबै पक्षहरुमा परामर्श दिने ।
- स्थानीय राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

राजस्व परामर्श समितिले आगामी आर्थिक वर्षको कूल राजस्व (आन्तरिक र बाँडफाँड दुवै) अनुमान चालु वर्षको पौष १५ गतेभित्र सम्बन्धित स्थानीय तहको अध्यक्ष/मेयर समक्ष पेश गर्नुपर्नेछ ।

(ऊ) **अनुदानको प्रक्षेपण**

- संघ तथा प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान स्थानीय तहको वार्षिक बजेटको महत्वपूर्ण स्रोत हो । यो अनुदान निःशर्त प्रकृतिको भएकाले स्थानीय तहले आफ्ना प्राथमिकताका क्षेत्रमा यो अनुदान रकम नियमानुसार विनियोजन गरी खर्च गर्न सक्दछ । यो अनुदानको अनुमान गर्दा मूलतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिसका सूचकहरु यथावत रहेको अवस्थामा सामान्यतयाः गतवर्षको प्राप्तीमा १० प्रतिशत वृद्धि वा गत ५ वर्षको प्राप्तिको औषत वृद्धिलाई आधार बनाई प्रक्षेपण गर्न उपयुक्त हुन्छ ।
- कानूनतः संघ तथा प्रदेशले प्राप्त गर्ने सःशर्त अनुदान पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको आधारमा प्राप्त हुनुपर्ने हो । तर संघ तथा प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गराउने स-साना आयोजना र कार्यक्रमहरुका लागि संघ तथा प्रदेशले गरेको विनियोजनको कूल रकम नै सःशर्त अनुदानको रुपमा रहीआएको छ । तसर्थ, प्रस्तुत अनुदानको प्रक्षेपण सहज छैन । तसर्थ, सामान्यतयाः यस्तो अनुदानको प्रक्षेपण गर्दा, गतवर्ष प्राप्त अनुदानमा नघट्ने गरी गर्दा हुन्छ । चालु वर्ष प्राप्त अनुदानले कार्य सम्पन्न भएको अवस्थामा त्यस्ता आयोजनाको रकम घटाएर प्रक्षेषण गर्दा अझ वास्तविकताको नजिक पुग्न सकिन्छ ।
- समपूरक र विशेष अनुदानको हकमा, राष्ट्रिय योजना आयोगबाट समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि बमोजिम संचालन गरिने आयोजना तथा कार्यक्रम पहिचान गरी राष्ट्रिय आयोजना वैङ्कमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको अधिनमा रही, वहुवर्षिय आयोजना/कार्यक्रम स्वीकृत भएको भए सोही वमोजिम अनुदान प्राप्तीको प्रक्षेपण गर्नुपर्दछ । अन्यथा, यस्तो आयोजना/कार्यक्रम संचालनका लागि अनुमती माग गर्नका लागि पनि पहिलो वर्षको आम्दानी प्रक्षेपण गर्न सकिन्छ । यी दुई अनुदान सबै स्थानीय तहले प्रत्येक वर्ष प्राप्त गर्ने अवस्था नहुने र विगतमा पर्याप्त विनियोजन भएको अवस्थामा भरपर्दो स्रोतको रुपमा प्रक्षेपण नगर्दा नै वेश हुन्छ ।

(ए) **सार्वजनिक ऋणको प्रक्षेपण**

- कानूनतः स्थानीय तहले आफ्नो आम्दानी भन्दाखर्च बढी हुने अवस्थाको घाटा बजेट प्रस्तुत गर्न सक्ने अवस्था छ । घाटा बजेट पूर्तिको माध्यम भनेकै सार्वजनिक ऋण हो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा १४ ले यस्तो ऋण स्थानीय तहले पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा लिन सक्ने व्यवस्था गरेको छ । यसै अनुरुप आयोगले गत आर्थिक

वर्षको राजस्व असुलीको १० प्रतिशतसम्म सार्वजनिक ऋण लिन सक्ने गरी तोकेतापनि यस्तो ऋण लिन नेपाल सरकारले सहमती दिने विधि/प्रक्रिया र परम्पराको शुरुवात नभइसकेको हुँदा, तत्काललाई प्रक्षेपण गरी सहमति माग गर्ने र सहमती प्राप्त भएमा मात्र बजेटमा प्रस्ताव गर्ने व्यवस्था गर्नुपर्दछ ।

सबै प्रकारका आयका स्रोतहरुको प्रक्षेपणका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्दछ । यो समिति पनि मंसीरको पहिलो हप्तामा बनाउनु पर्छ र यो समितिले राजस्वको हकमा राजस्व परामर्श समितिको प्रक्षेपण समेतलाई आधारमानी पौष १५ गतेभित्र अध्यक्ष/प्रमुख मार्फत कार्यपालिकामा पेश गर्नुपर्दछ ।

**<u>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन</u>**

- अध्यक्ष -संयोजक
- उपाध्यक्ष -सदस्य
- कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चारजना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव
- अध्यक्षले आवश्यक ठानेमा एकजना विज्ञ व्यक्ति - सदस्य

**<u>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको कार्य विवरण</u>**

- आन्तरिक राजस्व, बाँडफाँडबाट प्राप्त हुने राजस्व, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदान (समानीकरण, सःशर्त, समपूरक र विशेष) आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने ।
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका प्रस्तुत गर्ने ।
- आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कूल सीमा निर्धारण गर्ने ।
- विषय क्षेत्रगत बजेटको सीमा विभाजन गर्ने ।
- बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणको आधार तथा विधि तय गर्ने ।
- विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) **व्ययको प्रक्षेपणः**

❖ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यक्षेत्रभित्रको विषयमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तो खर्चको प्रक्षेपण गर्दा तथ्याङ्क तथा सूचनाको उपलव्धता अनुसार देहायका विधिहरु अपनाउनु पर्दछः

(१) तथ्याङ्कीय आधारः त्यस्ता शीर्षकहरु जसमा खर्चको इकाई, संख्या तथा दर अनुमान गर्न सकिन्छ ।

(२) विगतको वृद्धि प्रवृत्ति (Trend): त्यस्ता शीर्षकहरु जसमा खर्चको इकाइ, संख्या तथा दर अनुमान गर्न सकिंदैन र विगतको यथार्थ खर्चको विवरण प्राप्त हुन्छ ।

(३) मध्यमकालीन खर्च संरचनाः योजना तथा कार्यक्रमलाई सम्बन्धित बजेट संकेत नम्बरमा एकीकृत गरी बजेट अनुमानका लागि प्रयोगमा ल्याउने ।

(४) सम्झौताको आधारः ऋण तथा अनुदान सम्झौता भएमा सम्झौताको प्रावधानका आधारमा ।

(५) अनुमानको आधारः कुनै वस्तुगत उपलव्ध आधार नहुँदा स्वविवेकीय अनुमान गर्न सकिने ।

(६) सून्य प्रक्षेपणको आधारः खर्चको कुनै संभावना नभएको शीर्षकहरुमा प्रयोगमा ल्याउने ।

❖ खर्चको प्रक्षेपण गर्दा, चालु खर्च, पूँजीगत खर्च र आवश्यकतानुसार वित्तीय व्यवस्थाको छुट्टाछुट्टै गर्नु पर्दछ ।

❖ खर्च प्रक्षेपण गर्दा स्थानीय तहका लागि महालेखा परीक्षकबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण व्याख्या २०७४ (संशोधन सहित) अनुसार
गर्नुपर्दछ ।

❖ खर्चको प्रक्षेपण गर्दा, आयको सीमाभित्र रहेर गर्नुपर्दछ ।

❖ खर्चलाई पनि प्राथमिकीकरण गर्दै खर्चको प्रक्षेपण गर्नुपर्दछ । उदाहरणका लागि चालु खर्चतर्फ सवभन्दा पहिले प्रतिवद्ध खर्चहरु (तलव, भत्ता, अवकाश कोषा, औषधोपचार, विद्युत, संचार आदि) का लागि खर्च प्रक्षेपण गर्नुपर्दछ । त्यस्तै पूँजीगततर्फ, आयोजना, कार्यक्रमका लागि खर्च प्रक्षेपण गर्दा, निरन्तरताका आयोजना/कार्यक्रममा र विशेषतः वहुवर्षिय ठेक्काका आयोजनामा आवश्यकतानुसारको रकम छुट्याएर मात्र प्रोजेक्ट वैङ्कमा परेका पहिलो प्राथमिकताका आयोजना/कार्यक्रम संचालन गर्ने गरी खर्चको

प्रक्षेपण
गर्नुपर्दछ ।

- ❖ यस प्रकारको खर्चको प्रक्षेपणको विवरणको तयारी कार्य पनि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट गराउनु पर्दछ ।
- ❖ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षको आयको प्रक्षेपणसंगसंगै चालु आर्थिक वर्षको खर्चको प्रक्षेपण विवरण पनि चालु आर्थिक वर्षको पौष १५ गतेभित्र तयार गरी अध्यक्ष/मेयर समक्ष पेश गर्नुपर्दछ ।
- ❖ आय-व्यय प्रक्षेपणको ढाँचा अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

५.२.१.४ आय-व्यय, प्रक्षेपणको विवरण संघ तथा प्रदेश अर्थ मन्त्रालयमा पठाउनेः

- ❖ बजेटको पूर्व तयारी अन्तर्गतको तेस्रो क्रियाकलाप (आगामी आर्थिक वर्षको आय-व्यय प्रक्षेपण विवरणको) कार्य सम्पन्न भएपछि यो विवरण अनुमोदनका लागि कार्यपालिका समक्ष पेश गर्नुपर्दछ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८ मा उल्लिखित प्रावधान अनुसार आगामी आय-व्ययको प्रक्षेपण गर्दा देहाय बमोजिमको विवरण स्पष्ट हुनुपर्दछ ।
  - (क) व्ययको अनुमान (खर्च शीर्षकगत रुपमा) ।
  - (ख) आफ्नो स्रोतबाट संकलन हुन सक्ने अनुमानित राजस्व (राजस्व शीर्षकगत) ।
  - (ग) राजस्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित राजस्व (राजस्व शीर्षकगत) ।
  - (घ) संघ तथा प्रदेशबाट प्राप्त अनुदान (वित्तीय समानीकरण, सःशर्त समपूरक र विशेषको छुट्टाछुट्टै) बाट प्राप्त हुन सक्ने रकमको छुट्टाछुट्टै विवरण ।
  - (ङ) आय भन्दा व्यय बढी भएमा बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने रकम र त्यसको स्रोत ।
- ❖ गाउँ/नगरपालिकाले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण कार्यपालिकाबाट स्वीकृत/अनुमोदन गराई चालु आर्थिक वर्षको पौष मसान्तभित्र संघ तथा प्रदेश अर्थ मन्त्रालयमा पठाउनु पर्दछ । यो क्रियाकलापलाई वित्तीय समानीकरण अनुदान, निर्धारण गर्ने सूचकमा समेत आवद्ध गर्ने गरिएको छ ।

५.२.१.५विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यहरुलाई जिम्मेवारी दिनेः

- ❖ वार्षिक योजना तर्जुमा प्रक्रियाको शुरुवाती तयारीमा गाउँ/नगरपालिकाको कार्यपालिकाले आफ्नो विकास आवश्यकता अनुसार विषयगत क्षेत्रहरु र त्यस अन्तर्गत पर्ने उप-क्षेत्रहरुको विभाजन गर्नुपर्दछ । यस्ता क्षेत्रहरु

सामान्यतः देहाय वमोजिम हुन सक्छन्ः तथापि, यसमा आवश्यकतानुसार उप-क्षेत्रहरु पनि बनाउन सकिन्छ ।

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) पूर्वाधार विकास,

(घ) वातावरण तथा विपद् व्यवस्थापन,

(ङ) संस्थागत विकास र सुशासन ।

❖ विषयगत महाशाखा/शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम समितिमा पेश भएका आयोजना/कार्यक्रमलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न कार्यपालिकाले विषयगत समिति गठन गर्नुपर्दछ र कार्यवोझको आधारमा उपक्षेत्रहरु बनाउने कार्य सम्बन्धित समितिको संयोजकबाट गर्नुपर्दछ ।

**<u>विषयगत समिति गठन</u>**

| | | |
|---|---|---|
| (क) | विषयगत क्षेत्र हेर्ने कार्यपालिकाले तोकेको कार्यपालिको सदस्य | - संयोजक |
| (ख) | कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष तोकेको २ जना | - सदस्य |
| (ग) | सम्बन्धित क्षेत्रका विषयगत शाखा प्रमुख | - सदस्य |
| (घ) | कार्यपालिकाले तोकेको सम्बन्धित शाखा प्रमुख | -सदस्य-सचिव |
| (ङ) | समितिले अत्यावश्यक ठानेका कर्मचारी, गैर सरकारी संस्था तथा विषय विज्ञको रुपमा स्वतन्त्र नागरिक एकजना | -आमन्त्रित सदस्य |

**विषयगत/क्षेत्रगत समितिका काम, कर्तव्य र अधिकार**

(क) वडा समितिले वडाको सीमाभन्दा वाहिर पर्ने कार्यपालिकामा पेश गरेका आयोजना तथा कार्यक्रमको अध्ययन तथा विश्लेषण गर्ने,

(ख) विषयगत शाखाले प्राथमिकता निर्धारण सहित पेश गरेका विषय क्षेत्र/उपक्षेत्रका आयोजना तथा कार्यक्रमको अध्ययन तथा विश्लेषण गर्ने,

(ग) वडा समितिले छुट्टै सूचीको रुपमा पेश गरेको आयोजना तथा कार्यक्रम विषयगत शाखाले योजनाको प्राथमिकतामा समावेश नगरेको भए अध्ययन, विश्लेषण गरी समावेश गर्ने ।

(घ) विषयगत आयोजना तथा कार्यक्रम चालु आवधिक योजना, रणनीतिक/गुरु योजना, चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना अनुरुप भए/नभएको यकिन गर्ने र नभएको भए सो अनुरुप गर्ने व्यवस्था मिलाउने,

(ङ) सम्बन्धित विषय क्षेत्रभित्र पर्ने उपक्षेत्रहरु वीच आयोजना तथा कार्यक्रमको दोहोरोपना हटाउने, सामान्जस्यता र बजेटको सन्तुलन कायम गर्ने ।

(च) दीगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रम समावेश गर्ने व्यवस्था मिलाउने ।

(छ) विषयगत शाखाबाट प्राथमिकता निर्धारण सहित पेश भएका आयोजना तथा कार्यक्रमको पुनः प्राथमिकता निर्धारण गर्ने ।

- ❖ उपरोक्तानुसारको विषयगत क्षेत्र विभाजन, ती क्षेत्रको गठन वा पुनर्गठन गरी संरचना बनाउने र र तिनीहरुको कार्य विवरण तोक्ने कार्य कार्यपालिकाले गर्नुपर्दछ यो काम मंसीरदेखि माघ मसान्तसम्मको अवधिमा सम्पन्न गर्नु पर्दछ ।

### ५.२.२ स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण चरणः

वार्षिक बजेट तर्जमाको पूर्वतयारीका कार्यहरु सकिएपछि दोस्रो चरणमा बजेट तर्जुमाको मूलभूत कार्यको प्रारम्भ हुन्छ । यस चरण अन्तर्गत बजेटको सीमा र मार्गदर्शन प्राप्त गर्ने, सरोकारवालाहरुसँग पूर्व बजेट छलफल गर्ने, नीति तथा कार्यक्रम प्रस्ताव तयार गर्ने, प्राथमिकता निर्धारणका आधार र विधि तय गर्ने, बजेटको सीमा निर्धारण र मार्गदर्शन तय गर्ने र शाखा तथा वडा समितिलाई बजेट सीमा तथा मार्गदर्शन उपलव्ध गराउने समेत गरी ६ वटा क्रियाकलापहरु निर्धारण गरिएको छ । यस चरणमा यी ६ वटा क्रियाकलापहरु फागुनबाट शुरु गरी बैशाख १५ गतेभित्र सम्पन्न गरिसक्नु पर्दछ ।

**चरण-२- स्रोत अनुमान तथा बजेट सीमा**

| सि.नं. | क्रियाकलापहरु | जिम्मेवारी | समय सीमा |
|---|---|---|---|
| १ | राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण (अनुदान) को सीमा र मार्गदर्शन प्राप्त गर्ने । | कार्यपालिका | संघबाट फागुन मसान्त र प्रदेशबाट चैत्र मसान्तभित्र |
| २ | पूर्व बजेट छलफल गर्ने । | अध्यक्ष | चैत्र मसान्तभित्र |
| ३ | प्राथमिकता निर्धारणका आधार र विधि तयार गर्ने | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | बैशाख ७ गतेभित्र |
| ४ | नीति तथा कार्यक्रम तयार गर्ने । | बजेट तथा योजना तर्जुमा समिति | बैशाख ७ गतेभित्र |
| ५ | नीति तथा कार्यक्रम प्रस्ताव सभामा पेश गर्ने । | अध्यक्ष/प्रमुख | बैशाख ७ गतेभित्र |
| ६ | कूल बजेट तथा विषयगत क्षेत्रको सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | बैशाख १० गतेभित्र |
| ७ | विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा तथा मार्गदर्शन उपलव्ध गराउने । | प्रमुख प्रशासकीय अधिकृत | बैशाख १५ गतेभित्र |

५.२.२.१<u>राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्त गर्नेः</u>

- बजेटको पूर्व तयारी चरणमा स्थानीय तहले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८ बमोजिम संघ तथा प्रदेशको अर्थ मन्त्रालयमा आगामी आर्थिक वर्षको आय-व्ययको प्रक्षेपण पठाएको हुन्छ । उक्त आय-व्ययको प्रक्षेपण र राट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस समेतको आधारमा संघले चालु आर्थिक वर्षको फागुन मसान्तभित्र उक्त ऐनको दफा ६ बमोजिमको राजस्व बाँडफाँड र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान वापतको रकम र प्रदेशले चैत्र मसान्तभित्र वित्तीय समानीकरण वापतको रकमको विवरण पठाउनु पर्दछ । यस्तो विवरणको साथमा संघ तथा प्रदेशले स्थानीय तहमा आय-व्यय सम्बन्धमा मार्गदर्शन समेत पठाउन सक्नेछन् । यस्तो स्रोतको सीमा तथा मार्गदर्शन SuTRA मार्फत उपलव्ध हुनेछ ।
- कानूनतः संघले मूल्य अभिवृद्धि कर र अन्तःशुल्क वापतको राजस्व बाँडफाँड रकम र वित्तीय समानीकरण अनुदानको सीमा मात्र पठाउनु पर्ने र प्रदेशले वित्तीय समानीकरण अनुदानको सीमा पठाउनु पर्ने वाध्यात्मक व्यवस्था छ । तर संघले रोयल्टी वापतको बाँडफाँड र अन्य अनुदान (सशर्त, समपूरक र विशेष) एवम् प्रदेशले अन्य अनुदानको रकमको सीमा

पनि उल्लिखित समय सीमा (फागुन मसान्त/चैत्र मसान्त) मा पठाएमा स्थानीय तहको स्रोत अनुमान यथार्थको नजीक हुनसक्छ । राजस्व बाँडफाँड र वित्तीय समानीकरण बाहेकको विवरण प्राप्त नभएको अवस्थामा पौष महिनाको प्रक्षेपणलाई नै आधार बनाउन सकिन्छ ।

- ❖ उपरोक्तानुसारको सीमा संघ तथा प्रदेशबाट समयमै प्राप्त गर्न कार्यपालिका प्रमुख र प्रशासकीय प्रमुखले निरन्तर प्रयास गर्नुपर्दछ । यो सीमा भन्दा बढी स्रोत अनुमान गर्न मिल्दैन । यस्तो सीमा समयमा प्राप्त नभएमा बजेट तर्जुमाको समय सारिणी (Calendar) प्रभावित हुने हुँदा पौष महिनामा संघ तथा प्रदेशमा प्रेषित गरेको प्रक्षेपित विवरणलाई आधार बनाउँन सकिन्छ ।

५.२.२.२ <u>पूर्व बजेट छलफल गर्ने:</u>

- ❖ गाउँ/नगरपालिकामा कार्यरत गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायत सामाजिक संघ संस्थासँग पूर्व बजेट छलफल गर्नुपर्दछ । यस्तो छलफलको मूल उद्देश्य त्यस्ता संस्थाहरुले गरेको/गर्ने कामको नियमन गर्नु, स्थानीय तहले संचालन गर्ने अन्य कार्यक्रममा दोहोरोपना आउन नदिनु र त्यस्ता संघ/संस्थाको बजेट तथा कार्यक्रमलाई पनि स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउने प्रक्रिया निर्धारण गर्नु हो ।
- ❖ यस्तो छलफलका लागि मिति र समय निर्धारण गरी आफ्नो स्थानीय तहमा कार्यरत यस्ता संस्थाहरुलाई आगामी वर्ष संचालन हुने आफ्नो कार्यक्रम र बजेट सहित उपस्थित गराउनु पर्दछ । यस्तो छलफलको नेतृत्व अध्यक्ष वा प्रमुखले चैत्र मसान्तभित्र सम्पन्न गर्न उपयुक्त हुन्छ ।
- ❖ निर्वाचनको दौरान राजनीतिक घोषणापत्र मार्फत नागरिक प्रति गरेको बाचालाई बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्नुपर्ने हुन्छ । तसर्थ पूर्व बजेट छलफलको क्रममा, यस्तो अर्को भेला नागरिकको सहभागिताका लागि र सुझावहरु संकलनका लागि पनि गर्न उपयुक्त हुन्छ ।
- ❖ स्थानीय तहमा रहेका विभिन्न पेशाकर्मीहरु, व्यवसायीहरु, सर्वसाधारणहरुको आवाज (Voice) सुन्नु र त्यसलाई बार्षिक योजना, कार्यक्रम तथा बजेट मार्फत यथासंभव सम्बोधन गर्न आवश्यक पनि हुन्छ । यसका अतिरिक्त, आयोजना/कार्यक्रम छनौट, तर्जुमा र त्यसको कार्वान्वयनमा समेत नागरिक आवाज (Citizen Voice) को रुपमा व्यक्त हुने विचारलाई सुझावहरुको रुपमा ग्रहण गर्न पनि यसको आवश्यकता देखिन्छ ।
- ❖ यस प्रकारको पूर्व बजेट भेला चैत्र मसान्तभित्र नै सम्पन्न गर्न सकेमा, स्रोत अनुमान, बजेट सीमा निर्धारण, आयोजना/कार्यक्रमको प्राथमिकीकरण र विनियोजनमा समेत मद्दत गर्नेछ । अध्यक्ष वा प्रमुखले नै यस्तो भेलाको

नेतृत्व गर्ने र भेलामा कार्यपालिकाका सबै सदस्यहरुको उपस्थिति मनासिव हुन्छ ।

५.२.२.३ नीति तथा कार्यक्रम प्रस्ताव तयार गर्ने र सभामा पेश गर्नेः

- बजेट तर्जुमाको क्रममा, तयार भएको स्थितिपत्र, मध्यमकालीन खर्च संरचना, आय-व्यय प्रक्षेपणको खाका, सरोकारवाला तथा नागरिकसँग भएको छलफल समेतको आधारमा तय हुने नीति, सिद्धान्त र प्राथमिकताको सोंचको खाकाभित्र रही आगामी आर्थिक वर्षको योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने हुँदा यसै बमोजिम बजेट पूर्व छलफलका लागि नीति तथा कार्यक्रम तयार गर्नु पर्दछ ।

- स्थानीय तहको चुनावको दौरान स्थानीय सरकारमा सहभागी जनप्रतिनिधिले नागरिक सामु व्यक्त गरेको प्रतिवद्धता पूरा गर्न आधार तयारी हुनुको साथै आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान तथा कार्यक्रमलाई दिशा निर्देश समेत प्राप्त हुन्छ । यसका अतिरिक्त, बजेट पूर्व सभामा पेश हुने नीति तथा कार्यक्रमले आगामी आर्थिक वर्षको बजेट विनियोजनको सिद्धान्त, प्राथमिकता र सन्तुलित वितरणको खाका (Framework) पनि तयार गर्न पनि मद्दत मिल्द ।

- सामान्यतयाः स्थानीय सरकारको नीति तथा कार्यक्रम तयार गर्दा स्थानीय तहको निर्वाचनको दौरान जनतामा प्रस्तुत गरेको प्रतिवद्धता पत्र (घोषणापत्र) को विश्लेषण गर्नु पर्दछ । साथै नेपाल सरकार तथा प्रदेश सरकारको आवधिक योजना, दीगो विकास लक्ष्य, चालु आर्थिक वर्षको नीति, कार्यक्रम र मार्गदर्शन अध्ययन तथा विश्लेषण गर्नु पनि आवश्यक हुन्छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको अनुभव तथा सिकाईलाई पनि प्रतिवेदनको अंश बनाउनु पर्दछ ।यसका अतिरिक्त नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवम् मौलिक हकको कार्यदिश बनेका संघ, प्रदेश र स्थानीय कानूनबाट सिर्जना भएका दायित्वको अभिलेख पनि तयार गर्नु पर्दछ । साथै, स्थानीय सरकारको आवधिक/एकीकृत विकास योजना, विषयगत क्षेत्र राजनीतिक/गुरुयोजनामा गरिएका स्थानीय नीतिको विवरण तयार गर्नको साथै स्थानीय तहमा आइपरेका राजनीतिक, आर्थिक, सामाजिक, बातावरणीय र प्राविधिकजन्यबाट सिर्जित चूनौति, अवसर र प्राथमिकताको विवरण तयार गरी गाउँ/नगरपालिकाको विकास, सुशासन र सेवा प्रवाहसँग सम्बन्धित विभिन्न अध्ययन तथा निष्कर्ष र सिफारिशलाई समावेश गर्न आवश्यक हुन्छ ।

- यस्तो नीति तथा कार्यक्रम योजना महाशाखा/शाखाको सहयोग र प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा बजेट तथा कार्यक्रम समितिले तयार

गर्नुपर्दछ । स्थानीय तहको नीति तथा कार्यक्रम बजेट पूर्व सभामा पेश गर्ने राजनितिक दस्तावेज भएको हुँदा र यस उपर सभामा छलफल भई सुझाव प्राप्त हुने हुँदा अध्यक्ष मार्गनिर्देशनमा तयार गर्नुपर्दछ ।

❖ यस्तो नीति तथा कार्यक्रममा मूलतः चालु आर्थिक वर्षमा देखिएका चुनौतीहरुको पृष्ठभूमिमा आगामी आर्थिक वर्षको बजेटका मार्गदर्शक सिद्धान्त र नीतिमा केन्द्रीत हुनुपर्ने हुँदा विस्तृत रुपमा कार्यक्रमहरु उल्लेख गर्नु
पर्दैन ।

| बजेट तथा योजना/कार्यक्रम तर्जुमा समितिको गठन | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | - संयोजक |
| (ख) | विषयगत क्षेत्र हेर्ने गाउँ वा नगर कार्यपालिकाका सदस्यहरु | - सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | योजना विभाग वा शाखा प्रमुख | - सदस्य-सचिव |

| बजेट तथा योजना/कार्यक्रम तर्जुमा समितिको कार्य विवरण | |
|---|---|
| (क) | आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने । |
| (ख) | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने । |
| (ग) | बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई योजना/कार्यक्रम र बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने । |
| (घ) | योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने र आपसी तादात्म्यता कायम गर्ने । |
| (ङ) | बजेट तथा कार्यक्रम सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरु गर्ने । |

❖ यस प्रकारको मार्गदर्शन, नीति तथा कार्यक्रम गाउँ/नगरपालिकाको अध्यक्ष वा प्रमुखको मार्गदर्शन र प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा योजना शाखाले वैशाख ७ गते अगावै तयार गरी अध्यक्ष वा प्रमुख मार्फत कार्यपालिकामा पेश गर्नुपर्दछ र सभामा पेशा गर्न स्वीकृति लिनु पर्दछ । कार्यपालिकाको तर्फबाट प्रमुखले सभामा प्रस्तुत गरी सभाबाट प्रस्तुत सुझावहरु ग्रहण गर्नुपर्दछ । यस प्रयोजनका लागि वैशाख ७ गते अगावैका लागि बजेट सभाको अधिवेशन आव्हान गर्ने, उक्त सभामा बजेटका

सिद्धान्त, मार्गदर्शन र नीति प्रस्तुत भई सुझावहरु प्राप्त भएपछि वार्षिक बजेट पेश गर्ने प्रयोजनार्थ असार १० गतेका वरिपरि सम्मका लागि स्थगित गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

❖ स्थानीय सरकारको नीति तथा कार्यक्रमको विषयवस्तुको खाका सरकारको नीति तथा कार्यक्रमको सर्वमान्यतामा आधारित हुनेछ ।

❖ नीति तथा कार्यक्रमको ढाँचा अनुसूची-३ मा दिइएको छ ।

५.२.२.४ <u>आयोजना प्राथमिकता निर्धारणका आधार तथा विधि तय गर्नेः</u>

❖ यो स्थानीय तहको सिमित स्रोत साधन तथा विकास प्रयासलाई प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्ने र विषय क्षेत्रगत सन्तुलन कायम गर्ने वैज्ञानिक आधार, विधि र प्रक्रिया हो । सार्वजनिक स्रोतलाई अधिकतम लाभ तथा नतिजा हासिल गर्नेतर्फ परिचालन गर्ने योजना तर्जुमाको औजार हो । कार्यपालिकाबाट तोकिएको वैज्ञानिक आधार, विधि तथा प्रक्रिया प्रयोग गरी वडास्तरीय र गाउँकास्तरमा विषय क्षेत्र अनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा योजना/कार्यक्रमको छनौट प्रभावकारी हुन्छ ।

यसले स्थानीय समुदाय तथा नागरिकको चाहना पूरा गर्न सार्वजनिक स्रोत तथा वित्तलाई अधिकतम लाभ हासिल हुने क्षेत्रमा परिचालन गर्न सहयोग पुग्दछ ।

यसबाट स्थानीय सरकारको स्रोत तथा साधनलाई प्राथमिकताको क्षेत्रमा लगानी गर्न सकिनेछ र योजना छनौट सम्बन्धी विवाद कम गर्न सहयोग पुग्नेछ । यसका अतिरिक्त स्थानीय माग तथा आवश्यकतानुसार विषय क्षेत्र, आयोजना तथा कार्यक्रम छनौट हुने विश्वास गर्न सकिन्छ ।

❖ वडास्तर र गाउँकास्तरको आयोजना तथा कार्यक्रम प्राथमिकता निर्धारणका विधिहरु देहायअनुसारको प्रक्रियाबाट तय गर्नु पर्दछ ।

(क) विषय क्षेत्रगत तथा वडास्तरीय बजेटको सीमा निर्धारण गरेपश्चात श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आयोजना प्राथमिकताका आधार तथा विधि तयार गर्ने,

(ख) स्थानीय सरकार संचालन ऐनमा उल्लिखित प्राथमिकता निर्धारणका आधार र परिच्छेद-८ बमोजिमको दीगो विकासको लक्ष्यका सूचकसमेत मध्येनजर गरी गाउँपालिका तथा नगरपालिकाको स्थानीय विशेषता र आवश्यकताको आधारमा प्राथमिकता निर्धारणका आधारहरु तय गर्ने,

(ग) प्राथमिकता निर्धारणको विधि तय गर्दा विषयगत क्षेत्र वा कार्यान्वयन गर्ने एकाइ अनुसार एक वा दुई भन्दा बढी उपयुक्त

विधिहरुको प्रयोग गरी आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने,

(घ) जुन तहको एकाई वा विषय क्षेत्र हो सोहीसँग सम्बन्धित निर्वाचित पदाधिकारी, कर्मचारी र सरेकारवालाको उपस्थितिमा आयोजना तथा कार्यक्रमको उपलव्ध विवरण अनुसार सहभागितामूलक रुपमा मूल्याङ्कन गरी प्राथमिकताक्रम निधारण गर्ने,

(ङ) प्राथमिकताक्रममा रहेका आयोजना तथा कार्यक्रमलाई उपलव्ध बजेटको सीमाको आधारमा छनौट गरी निर्धारित ढाँचामा सम्बन्धित तह वा समितिमा पेश गर्ने ।

❖ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार आयोजना/कार्यक्रम छनौटका आधार र विधि र प्रक्रिया सम्बन्धी प्रस्ताव कार्यपालिकाकाको वैठकबाट स्वीकृत गर्न उपयुक्त हुन्छ । समितिको सचिवालयको जिम्मेवारी योजना शाखाले निर्वाह गर्नु पर्दछ ।

❖ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भई कार्यपालिकाबाट स्वीकृत निर्धारणका आधार, विधि र प्रक्रिया प्रमुख प्रशासकीय अधिकृतले वैशाख १० गतेभित्र सबै विषयगत शाखा र वडा समितिको कार्यालय (कार्यान्वयन गर्ने एकाई) लाई बजेट सीमा र मार्गदर्शनसँगै उपलव्ध गराउनु पर्नेछ ।

❖ स्थानीय सरकार संचालन ऐनमा उल्लिखित प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रियाका साथै अन्य सान्दर्भिक आधार, विधि तथा प्रक्रिया समेतको आधारमा तयार गरिएको आयोजनाको प्राथमिकता निर्धारण सम्बन्धी ढाँचा अनुसूची-४ मा दिइएको छ ।

❖ आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणका लागि स्थानीय सरकार संचालन ऐनमा उल्लेख भएका ८ वटा आधारहरुका साथै यसै दिग्दर्शनको परिच्छेद-८ मा उल्लिखित दीगो विकास लक्ष्य र क्षेत्रगत आधारहरु समेत थप गर्न सकिनेछ । आयोजना प्राथमिकता निर्धारणका लागि भार (Weightage) विधि, जोडा स्तरीकरण (Pairwise Ranking) विधि, आधार (Criteria) विधि, टिका (Tika) विधि तथा मस्को (Moscow) विधि लगायत एक वा एकभन्दा बढी विधिहरुको प्रयोग गर्न सकिनेछ । राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा भार विधिको प्रयोग गर्ने व्यवस्था गरेको छ ।

**प्राथमिकता निर्धारणका आधार तथा भार विधिको अङ्क भार**

राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा

दिग्दर्शनले देहायअनुसार प्रथमिकता निर्धारणका आधार तथा भार विधिका लागि अङ्क भार निर्धारण गरेको छः

- **गरिवी निवारणका प्रत्यक्ष योगदान पुग्ने (२० अङ्क)**
- प्रत्यक्ष योगदान पुऱ्याउने (२०)
- अप्रत्यक्ष योगदान पुऱ्याउने (१०)
- तटस्थ (५)
- **उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अङ्क)**
- चालु आर्थिक वर्षमा नै सम्पन्न हुने (१५)
- आगामी आर्थिक वर्षमा नै सम्पन्न हुने (१०)
- तटस्थ (०)
- **आम्दानी र रोजगार वृद्धि गर्ने (१५ अङ्क)**
- प्रत्यक्ष योगदान पुऱ्याउने (१५)
- अप्रत्यक्ष योगदान पुऱ्याउने (७.५)
- तटस्थ (०)
- **लागत सहभागिता जुट्ने (१५ अङ्क)**
- ५०% वा सो भन्दा बढी सहभागिता हुने (१५)
- २०-५०% वा सो भन्दा बढी सहभागिता हुने (१०)
- २०% सम्म लागत सहभागिता हुने (५)
- लागत सहभागिता नहुने (०)
- **स्थानीय स्रोत, साधन र सीपको प्रयोग हुने (१० अङ्क)**
- आवश्यक पर्ने स्रोत साधन स्थानीय तहमा उपलव्ध हुने (१०)
- आवश्यक पर्ने ५०% सम्म स्रोत साधन स्थानीय तहमा उपलव्ध हुने (७.५)
- अन्य (५)
- **समावेशी विकासमा योगदान पुऱ्याउने (१० अङ्क)**
- प्रत्यक्ष योगदान पुऱ्याउने (१०)
- अप्रत्यक्ष योगदान पुऱ्याउने (५)
- तटस्थ (०)
- **दीगो विकास र वातावरण संरक्षण गर्ने (१० अङ्क)**
- प्रत्यक्ष योगदान पुऱ्याउने (१०)

- अप्रत्यक्ष योगदान पुर्‍याउने (५)
- तटस्थ (०)
- **स्थानीय भाषिक र साँस्कृतिक विकास गर्ने (५ अङ्क)**
- प्रत्यक्ष योगदान पुर्‍याउने (५)
- अप्रत्यक्ष योगदान पुर्‍याउने (३)
- तटस्थ (०)

❖ आयोजनाको प्राथमिकताको आधारहरुको मूल्याङ्कन गर्दा कस्तो अवस्थामा प्रत्यक्ष योगदान पुग्न सक्ने मान्ने, कस्तो अवस्थामा अप्रत्यक्ष मान्ने र कस्तो अवस्थामा तटस्थ मान्ने भन्ने सम्बन्धमा थप स्पष्टता ल्याउनु पर्दछ । त्यसको लागि स्थानीय तह स्वयंबाट थप उपसूचकहरुको व्यवस्था गर्न सकिन्छ ।

**आयोजना प्राथमिकता निर्धारणको आधारहरुको मूल्याङ्कन**

❖ **प्रत्यक्ष योगदान पुर्‍याउने:** सोही सूचकलाई प्रत्यक्ष लाभ पुग्ने (सम्बन्धित सूचक हासिल गर्न ५०% भन्दा बढी योगदान दिने)

❖ **अप्रत्यक्ष योगदान पुर्‍याउने:** सोही सूचकमा प्रत्यक्ष लाभ नपुग्ने तर अर्को सूचकलाई योगदान दिने (सूचक हासिल गर्न २०-५०% भन्दा बढी योगदान दिने)

❖ **तटस्थ:** त्यस सूचकमा प्रत्यक्ष वा अप्रत्यक्ष योगदान नदिने वा २०% भन्दा कम योगदान दिने ।

**भार विधिबाट आयोजनाको प्राथमिकताक्रम निर्धारण**

| | | |
|---|---|---|
| १ | ८० अङ्क भन्दा बढी प्राप्त भएमा | पहिलो (P1) |
| २ | ६० देखि ८० अङ्क प्राप्त भएमा | दोस्रो (P2) |
| ३ | ५० देखि ६० अङ्क प्राप्त भएमा | तेस्रो (P3) |
| ४ | ५० अङ्क भन्दा कम प्राप्त भएमा | चौथो (P4) |

**नोट:** यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलव्ध भएसम्म प्राथमिकता २ र ३ परेका आयोजना तथा कार्यक्रम सम्म स्वीकृत गर्न सकिनेछ ।

५.२.२.५ <u>कुल बजेट तथा विषयगत क्षेत्रको सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने:</u>

❖ चालु वर्षको पौष महिनामा राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार गरिएको र कार्यपालिकाबाट अनुमोदन भइ संघ तथा प्रदेश अर्थ मन्त्रालयमा प्रेषित आय-व्ययको प्रक्षेपण

गरिएको तथ्याङ्कको विवरण कार्यालयको अभिलखेमा रहेकै हुन्छ । उक्त विवरणमा, संघ तथा प्रदेशबाट प्राप्त वित्तीय हस्तान्तरण (अनुदान) र संघबाट प्राप्त राजस्व बाँडफाँडको अङ्कमा बाँकी प्रक्षेपित स्रोतहरु अद्यावधिक गरी कूल बजेटको आकार तयार गर्नुपर्दछ । नेपाल सरकारबाट प्राप्त हुने स्रोतको सीमा र मार्गदर्शन नेपाल सरकारबाट स्वीकृत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application-SuTRA) मार्फत उपलव्ध हुनेछ । नेपाल सरकार र प्रदेश सरकारबाट निर्धारित मिति (फागुन मसान्त र चैत्र मसान्त) सम्ममा स्रोतको सीमा प्राप्त नभएमा पौष महिनामा संघ तथा प्रदेश अर्थ मन्त्रालयमा पेश गरेको विवरणलाई नै आधार मानेर कूल बजेटको आकार तय गर्नु पर्दछ ।

- ❖ आगामी आर्थिक वर्षको कूल बजेट रकम अनुमान गरेपछि आवश्यक प्रशासनिक तथा कार्यालय संचालन खर्च छुट्याई बाँकी रकमबाट विकास कार्यक्रमका लागि बजेट सीमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चका लागि बजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नु पर्दछ । विकास कार्यक्रमभित्र चालु तथा पूँजीगत दुवै तर्फको बजेट समावेश हुनु पर्नेछ । पूँजी सिर्जना हुने खर्च जस्तो-सार्वजनिक निर्माण, मेशिनरी आदि पूँजीगत शीर्षक अन्तर्गत पर्दछ भने पूँजी सिर्जना नहुने विकास खर्चहरु जस्तो-तालीम कार्यक्रम, बीउ विजन, अनुदान, प्रशासनिक खर्चहरु आदि चालु शीर्षक अन्तर्गत पर्दछन् ।

- ❖ कूल बजेट सीमाबाट प्रशासनिक तथा कार्यालय संचालन खर्च घटाईसकेपछिको बाँकी रकमबाट गाउँ गौरवका आयोजना, समपूरक अनुदानबाट संचालन हुने योजना, सशर्त अनुदानबाट संचालन हुने योजना तथा कार्यक्रम र दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयनको लागि आवश्यक रकम घटाई बाँकी रकमबाट विषय क्षेत्रगत बजेट सीमा निर्धारण गर्नुपर्दछ ।

- ❖ विषय क्षेत्रगत बजेट सीमा निर्धारण गर्दा गाउँकाको दीर्घकालीन सोंच, आवधिक तथा रणनीतिक/गुरुयोजनाको लक्ष्य, उद्देश्य र प्राथमिकता बमोजिम उच्च प्राथमिकतामा रहेका विषय क्षेत्रमा तुलनात्मक रुपमा बढी बजेट सीमा निर्धारण गर्नुपर्दछ । जस्तैः आवधिक तथा रणनीतिक योजनाको परिकल्पना, लक्ष्य र उद्देश्यमा आर्थिक विकासलाई प्राथमिकता दिइएको छ

**विषय क्षेत्रगत बजेट सीमा निर्धारण गर्दा क्षेत्रगत सीमाको उदाहरण**

- आर्थिक विकासः ३५%
- सामाजिक विकासः २०%
- पूर्वाधार विकासः ३०%
- वातावरण र विपद व्यवस्थापनः १०%
- संस्थागत विकास र सुशासनः ५%

भने बजेटको क्षेत्रगत सीमाको अनुपात यसै पृष्ठको वासकमा प्रस्तुत गरे अनुसार हुन सक्नेछ ।

- ❖ विषय क्षेत्रगत बजेट सीमा निर्धारण पश्चात खर्च गर्ने एकाई (महाशाखा/शाखा र वडा) अनुसार बजेटको सीमा निर्धारण गर्नुपर्दछ । यसरी बजेट सीमा निर्धारण गर्दा विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम छुट्याई वडाभित्रका स-साना र वडाबासीका दैनिक समस्यालाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रमको लागि वडागत सीमा निर्धारण गर्नुपर्दछ ।
- ❖ गाउँपालिका वा नगरपालिकाको विकासको प्राथमिकता तथा विषयगत क्षेत्र र भौगोलिक/स्थानगत सन्तुलन कायम गर्ने गरी बजेटको बाँडफाँडको व्यवस्था गर्नु पर्दछ । बजेटलाई विषय क्षेत्रगत र स्थानगत रुपमा सन्तुलन गर्ने औजारको रुपमा लिनुपर्दछ ।
- ❖ आगामी आर्थिक वर्षको लागि अनुमानित कूल श्रोतलाई सर्वप्रथम देहायअनुसार घटाई बाँकी हुन आउने श्रोतलाई विकासको स्थानगत अवस्था र क्षेत्रगत प्राथमिकता अनुसार विषयगत र वडागत रुपमा उपलव्ध हुन सक्ने बजेटको सीमा देहाय अनुसार तयार गर्नुपर्दछ ।
  - ○ कूल अनुमानित बजेटबाट तलब भत्ता र कार्यालय संचालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट छुट्याई विकास कार्यक्रमको लागि बजेट सीमा निर्धारण गर्नुपर्नेछ ।
  - ○ बजेट सीमा निर्धारण गर्दा देहायबमोजिमको प्राथमिकताको आधारमा रकम छुट्याई बाँकी रकमको हिसाब निकाल्नु पर्दछ ।
    - गाउँपालिका गौरवका आयोजनाहरुको लागि आवश्यक रकम,
    - समपूरक अनुदानबाट संचालन गर्ने आयोजनाको लागि स्वीकृत रकम,
    - विशेष अनुदानबाट संचालन गर्ने आयोजनाको लागि स्वीकृत रकम,
    - सःशर्त अनुदानको लागि तोकिएको रकम,
    - दीगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तरर्ष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको लागि आवश्यक रकम ।
- ❖ माथि उल्लिखित शीर्षकहरुको लागि आवश्यक रकम विनियोजन गरेपछि वाँकी रकमबाट विषय क्षेत्रगत र वडागत बजेटको सीमाको अनुपात निर्धारण गर्नुपर्दछ । विषय क्षेत्रगत र वडागत वजेटको सीमा निर्धारण गर्दा विषय क्षेत्रगत सीमाको अनुपात उल्लेख्य रुपमा निर्धारण गर्ने र वडास्तरका स-साना तथा नागरिकका दैनिक समस्यालाई सम्वोधन गर्न आवश्यक रकमको लागि वडागत बजेटको सीमा निर्धारण गर्नुपर्छ ।

❖ उपरोक्त अनुसार वडागत बजेटको कुल अङ्क निर्धारण भएपश्चात पछि देहायमा उल्लिखित आधारहरु बमोजिम प्रत्येक वडाको लागि बजेटको सीमा निर्धारण गर्नुपर्दछ ।

## वडागत बजेट सीमा निर्धारणको आधार र भार

देहायमा उल्लखित आधार, भार तथा ढाँचामा वडागत बजेटको सिमा निर्धारण गरिनेछः

| वडा नम्वर | जनसंख्या (+३०%) | क्षेत्रगत (+२०%) | पूर्वाधार विकासको अवस्था (+२०%) | राजस्व परिचालनको अवस्था (+२०%) | लागत सहभागिताको अवस्था (++१०%) | बजेट सीमा रकम (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

- ❖ गाउँ तथा नगरस्तरीय योजनाको लागि आवधिक/एकीकृत विकास योजना, क्षेत्रगत गुरु/रणनितिक योजनाको प्राथमिकता अनुसार विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्नुपर्नेछ । विषयगत क्षेत्रगत बजेटका सीमाको अनुपात कार्यपालिकाले निर्धारण गरेअनुसार हुनेछ । उदाहरणको लागि गाउँकाको प्राथमिकता आर्थिक विकास रहेको छ भने विषयगत क्षेत्र बजेटको अनुपात देहायअनुसार गर्न सकिनेछ ।
    - ○ आर्थिक विकासः ३०%
    - ○ सामाजिक विकासः २५%
    - ○ पूर्वाधार विकासः ३0%
    - ○ वातावरण तथा विपद् व्यवस्थापनः १०%
    - ○ संस्थागत विकास तथा सुशासनः ५%
- ❖ बजेट सीमा निर्धारणको ढाँचा अनुसूची-५ मा दिइएको छ ।
- ❖ यस प्रकार निर्धारण गरिएको वडागत तथा विषयगत क्षेत्रको बजेटको सीमा (सिलिङ्ग) बजेटसम्बन्धी मार्गदर्शन र आयोजना प्राथमिकता निर्धारणका आधार तथा विधि समेत समावेश गरी विषयगत महाशाखा/शाखा तथा वडा समितिको कार्यालयमा उपलव्ध गराउनु पर्छ ।
- ❖ विषयत तथा वडागत बजेटको सीमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सचिवालय आर्थिक प्रशासन तथा योजना महाशाखा/शाखामा तयारी गरी सम्बन्धित महाशाखा/शाखा र वडा कार्यालयलाई उपलव्ध गराउनु पर्दछ ।
- ❖ स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था अनुसार कूल श्रोतको अनुमान तथा खर्च गर्ने एकाई अनुसार बजेट सीमा निर्धारण गर्ने जिम्मेवारी श्रोत अनुमान तथा बजेट निर्धारण समितिको हुनेछ । यस प्रकार तयार

+ यो प्रतिशत उदाहरणको लागि मात्र हो र यसलाई स्थानीय आवश्यकता अनुसार कार्यपालिकाले निर्धारण गर्नु पर्दछ ।

बजेट सीमा बैशाख १० गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विषयगत शाखा र वडा समितिको कार्यालय (खर्च गर्ने एकाई) लाई निर्धारित ढाँचामा उपलव्ध गराउनु पर्नेछ ।

- स्थानीय आवश्यकता, विषय क्षेत्रगत बजेटको सीमा, नीति तथा कार्यक्रमको प्राथमिकताको आधारमा वडास्तरीय तथा विपय क्षेत्रगत आयोजना छनौटका लागि देहायको विषयमा स्पष्टता आउने गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्नुपर्नेछः
  - वडा र महाशाखा/शाखाले कुन कुन विषय क्षेत्र/उपक्षेत्रका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्ने हो?
  - बढीमा कति र न्यूनतम कति लागतसम्मका आयोजना तथा कार्यक्रम छनौट गर्ने हो?
  - कस्ता आयोजना तथा कार्यक्रम खर्च चालु बजेटबाट र कस्ता योजना तथा कार्यक्रम खर्च पूँजीगत बजेटबाट छनौट गर्नुपर्ने हो ?
  - प्राथमिकता निर्धारणका आधार विधि तथा प्रक्रिया के के हुन् ?
  - प्राथमिकता निर्धारण गरेपछि कुन ढाँचामा योजना तथा कार्यक्रम कहिलेसम्म पेश गर्नुपर्ने हो ?
  - विषयगत बजेट सिमा पालना कसरी गर्ने र वडास्तरमा विषयगत बजेट सीमा पालना गर्नुपर्ने/नपर्ने ?
- बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको ढाँचाः

**बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन**

१. ________________________________ ५.

२. ________________________________ ६.

३. ________________________________ ७.

४. ________________________________ ८.

- वास्तवमा बजेट मार्गदर्शन (Guidelines) भनेको विषयगत शाखा तथा वडा समितिलाई योजना तथा बजेट तर्जुमाको लागि कार्यपालिकाबाट प्रदान गरिने दिशानिर्देश हो । यो मार्गदर्शन आवधिक/एकीकृत विकास योजना, विषयगत क्षेत्र, गुरु/रणनीतिक योजना, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन स्थानीय आर्थिक अवस्था र विकासको प्राथमिकताको आधारमा तयार गर्नुपर्दछ । यसले विपयगत शाखा तथा वडा

समितिलई गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनितिक प्राथमिकता र आवश्यकतालाई सन्तुलन गरी योजना तथा बजेट तर्जुमा गर्न दिशानिर्देश गर्दछ । यसबाट खर्च गर्ने एकाइ (विषयगत शाखा र वडा समिति) लाई आगामी आर्थिक वर्षको योजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने तथा प्राथमिकता दिनु पर्ने विषयवस्तु बारे जानकारी प्रदान हुनको आगामी आर्थिक वर्षको योजना तर्जुमाको प्रक्रिया, प्राथमिकता र ढाँचा समेत स्पष्ट हुनेछ ।

- ❖ देहायमा उल्लखित प्रक्रिया बमोजिम योजना तथा बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्दछः
  - प्रमुख तथा अध्यक्षबाट प्रस्तुत गर्ने नीति तथा कार्यक्रमको आधारमा योजना तथा बजेट तर्जुमाको मार्गदर्शन तयार गर्ने,
  - आवधिक/एकीकृत विकास योजना, विषयगत क्षेत्र, गुरु/रणनीतिक योजनाको लक्ष्य, उद्देश्य  रणनिती तथा प्राथमिकता अनुसार प्रमुख आयोजना तथा कार्यक्रमको विवरण तयार गर्ने,
  - गाउँका गौरवका आयोजना/कार्यक्रम, समपूरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रम प्रस्तुत गर्ने,
  - उपलव्ध भएको अवस्थामा नेपाल सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम, प्राथमिकता र मार्गदर्शन अनुसार गाउँको मार्गदर्शनलाई समायोजन गर्ने,
  - वडास्तरीय योजनामा प्राथमिकता दिनु पर्ने विषय क्षेत्र तथा आयोजनाको न्यूनतम रकम उल्लेख गर्ने,
  - चालु तथा पूँजीगत बजेटबाट के कस्ता योजना तथा कार्यक्रम संचालन गर्ने हो स्पष्ट गर्ने,
  - विषय क्षेत्र समूह अनुसार आयोजना तथा कार्यक्रमको प्राथिमकता निर्धारण र पेश गर्ने प्रक्रिया र ढाँचा प्रस्तुत गर्ने ।
- ❖ बजेट सीमा तथा मार्गदर्शन प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा विपयगत शाखासँग परामर्श गरी श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सचिवालयबाट तयार गर्नुपर्दछ । सचिवालयको प्रमुखको जिम्मेवारी योजना शाखाले निर्वाह गर्नुपर्नेछ । बजेट तर्जुमासम्बन्धी सीमा र मार्गदर्शन बैशाख पहिलो हप्ताभित्र तयार गरी विषयगत शाखा र वडा कार्यालयलाई १० गतेभित्र लिखित र अन्य माध्यमबाट उपलव्ध गराउनु पर्छ । गाउँकाहरुले आफ्नो विशिष्ट अवस्था अनुसार मार्गदर्शन तयार गर्न सक्नेछन् ।
- ❖ बजेट मार्गदर्शनको ढाँचा अनुसूची-६ मा दिइएको छ ।

५.२.२.६<u>विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा तथा मार्गदर्शन उपलव्ध गराउनेः</u>

स्थानीय तहको अध्यक्ष वा प्रमुख संयोजक रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेटको कूल आकारसँगै वडा तहको र विषयगत क्षेत्रको चालु तथा पूँजीगत बजेट सिमा निर्धारण बजेट तर्जुमा मार्गदर्शन तयार गरेको हुन्छ । यसरी तयार भएको बजेट सीमा तथा मार्गदर्शन बैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहका सबै वडाहरुमा र विषयगत शाखाहरुमा पठाउनु पर्दछ ।

उपरोक्तानुसार बजेटको सीमा र मार्गदर्शन तयारी र प्रेषित भएपछि दोस्रो चरणको कार्य सम्पन्न हुन्छ ।

### ५.२.३ बस्ती तहमा योजना छनौटः

योजना तथा कार्यक्रम "तलबाट माथिको सिद्धान्त" (Botton up approach) मा आधारित हुनुपर्दछ । यो बढी भन्दा बढी सहभागितामूलक (Participatory) रहनुपर्दछ । यसो भएमा मात्र, आवश्यकतामा आधारित योजना तथा कार्यक्रम छनौट हुने र यसको कार्यान्वयनमा पनि जनसमर्थन जुट्ने र अन्ततः लक्षित नतीजा प्राप्त हुने गर्दछ ।

यसर्थ, राजनीतिक संरचनाको हिसावले सवभन्दा तल्लो तह वडा समितिले योजना/कार्यक्रम तथा बजेट तर्जुमा गर्दा वस्ती/टोल/समुदायसम्म गई योजना तथा कार्यक्रमको पहिचान र प्राथमिकीकरण गर्नु पर्दछ । यसमा स्थानीय वुद्धिजिवी, विषयगतविज्ञ, अनुभवी पेशाविद, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलीत, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको अधिकतम सहभागिता जुटाउनु पर्दछ । यसबाट मात्र वार्षिक योजना/कार्यक्रम र बजेटमा नागरिकको सहभागिता सुनिश्चित भएको मानिन्छ ।


उपरोक्तानुसारको नागरिक सहभागिता (Citizen Engagement) रहेमा, योजना, कार्यक्रम तथा बजेट तर्जुमा वास्तविकतामा आधारित हुने र कार्यान्वयनमा स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने, लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने र महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेत प्रत्यक्ष लाभ पुग्ने स्पष्ट छ ।

यस अन्तर्गत देहायका तीनवटा क्रियाकलापहरु देहायका पदाधिकारीहरुले देहायको मितिमा संचालन गर्नुपर्दछः

| सि.नं. | क्रियाकलापहरु | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १ | वस्ती/टोल वैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड | वडा समिति | वैशाख २१ गतेभित्र |
| २ | वस्ती/टोल वैठक आयोजना, आवश्यकता पहिचान र आयोजना तथा कार्यक्रम छनौट | वडा समिति सदस्य सामुदायिक र नागरिक समाज | वैशाख २८ गतेभित्र |
| ३ | वस्ती/टोल स्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रम वडा समितिमा पेश गर्ने | वडा सदस्य तथा वडा सचिव | वैशाख मसान्त |

#### ५.२.३.१ वस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्नेः

- ❖ गाउँ कार्यपालकाबाट वडा समितिलाई बजेटको सीमा तथा मार्गदर्शन प्राप्त भएपछि वडा समितिको वैठक राखी प्राप्त सीमा तथा मार्गदर्शनको विवरणको जानकारी सबै सदस्यहरुलाई गराउनु पर्दछ ।
- ❖ वडा समितिको वैठकबाटै वडामा रहेका मुख्य/मुख्य बस्ती/टोलहरुको सूची तयार गर्नु पर्दछ ।




- ❖ वडा समितिको वैठकबाट आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई पहिचान गरिएको विभिन्न वस्ती/टोल अनुसारको योजना/कार्यक्रम तर्जुमा गर्न छुट्टाछुट्टै संयोजक तोक्नुपर्दछ र संयोजकलाई सहयोगको निम्ति वडा सचिव/कर्मचारी पनि तोकिदिनुपर्दछ ।
- ❖ प्रत्येक वडाले वडाभित्रको वस्तीहरुमा योजना/कार्यक्रम तर्जुमाको लागि वैठक हुने दिन, मिति, समय र स्थान कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्दछ ।

५.२.३.२ <u>वस्ती/टोल बैठक आयोजना, आवश्यकता पहिचान र आयोजना तथा कार्यक्रम छनौटः</u>

- ❖ वस्ती/टोल स्तरमा योजना/कार्यक्रम तर्जुमा गर्दा बढी भन्दा बढी नागरिक सहभागिता (Citizen Engagement) को उद्देश्य राख्नु पर्दछ ।
- ❖ वस्तीहरुमा योजना छनौट गर्दा "कोही पनि पछाडि नपरुन्" को अवधारणा अनुसार सो वस्तिभित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति आदि) को उपलव्ध भएसम्मको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ ।
- ❖ वस्ती स्तरमा हुने योजना/कार्यक्रम तर्जुमा प्रक्रियामा टोल/वस्तीभित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समूह, बाल क्लव वा संजाल, युवा क्लव, नागरिक सचेतना केन्द्र आदि) लाई पनि सहभागी गराउनु पर्दछ ।

- ❖ प्रशासकीय कर्मचारीले छलफलमा सहभागीहरुको उपस्थिति हस्ताक्षर गराउनु पर्नेछ र छलफलको क्रममा उठेका सवालहरुको टिपोट बनाउनु पर्नेछ ।
- ❖ वस्ती/टोल स्तरको आवश्यकता पहिचान गर्दा के उपलव्ध छ, के छैन र के हुनुपर्छ भन्नेतर्फ छलफल केन्द्रीत गर्नुपर्दछ ।
- ❖ पहिचान भएका आयोजना/कार्यक्रमलाई क्षेत्रगत रुपमा वर्गीकरण गरी तिनलाई प्राथमिकीकरण गर्नुपर्नेछ ।
- ❖ छलफलमा सहभागी विवरण, छलफलबाट पहिचान भएका आवश्यकता, आयोजना/कार्यक्रम र तिनको अनुमानित लागत आदि विवरण प्रशासनिक कर्मचारीको सहयोगमा वडा सदस्यले तयार गर्नुपर्नेछ ।

५.२.३.३ <u>वस्ती/टोलस्तबाट छनौट भएका आयोजना तथा कार्यक्रम वडा समितिमा पेश गर्नेः</u>

बस्ती/टोलस्तरको छलफलका लागि तोकिएका संयोजक सदस्यले वस्ती तहको छलफलको आयोजनाको विवरण उपस्थिति, वस्ती/टोल तहको छलफलको टिपोट (उपलव्धता, आवश्यकता र प्राथमिकता) र छनौट भएका आयोजना/कार्यक्रमको अभिलेख तयार गरी निर्धारित ढाँचामा वैशाख मसान्तिभत्र वडा समितिमा पेश गर्नु पर्नेछ ।

यस सम्बन्धी ढाँचा अनुसूची-७ मा दिइएको छ ।

## ५.२.४ <u>वडास्तरमा प्राथमिकता निर्धारण तथा योजना/कार्यक्रम छनौटः</u>

यस चरणमा विभिन वस्ती/टोल स्तरमा संयोजकको जिम्मेवारीमा खटिएका सदस्यहरुबाट व्यापक नागरिक सहभागितामा पहिचान भएका आवश्यकताको पृष्ठभूमिमा तय भएका आयोजना कार्यक्रमहरु संकलन गर्नुपर्दछ । विभिन्न टोल/वस्तीबाट प्राप्त आयोजना/कार्यक्रमलाई वडा सचिववाट विषय क्षेत्रगत रुपमा तोकिएको ढाँचामा वर्गीकरण गर्नु पर्दछ । यसका अतिरिक्त, वडा समिति स्वंयले पहिचान गरेका आयोजना/कार्यक्रम पनि यही वर्गीकरणको ढाँचामा समाविष्ट गरिन्छ । यसरी संकलन भएका आयोजना/कार्यक्रमहरु प्राथिमकीकरणका सूचकहरुको आधारमा प्राथमिकीकरण गर्नुपर्दछ । यसरी प्राथमिकतामा परेका आयोजना/कार्यकमलाई बजेट सीमाभित्र राख्ने, बजेट सीमाले संचालन हुन नसक्ने प्राथमिकतामा पर्ने आयोजना/कार्यक्रमको छुट्टै सूची तयार गर्ने र अन्तर्राष्ट्रिय/गैर सरकारी संस्थाबाट संचालन हुने आयोजना/कार्यक्रमको विवरण तयार गर्ने लगायतका कामहरु यस चरणमा सम्पन्न गरिन्छन् ।

| चरण-४ का क्रियाकलापहरु | | | |
|---|---|---|---|
| सि.नं. | क्रियाकलापहरु | जिम्मेवारी | समय तालिका |
| १ | वडाको बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमलाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | वडा समिति | जेष्ठ १० गतेभित्र |

| | | | |
|---|---|---|---|
| २ | वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने वडाको महत्वपूर्ण अन्य र अन्तर वडा आयोजना तथा कार्यक्रमको छुट्टै सूची कार्यपालिकामा पेश गर्ने । | वडा समिति | जेष्ठ १० गतेभित्र |
| ३ | गैर सरकारी संस्था, समुदायमा आधारित र अन्य संघ/संस्थाबाट संचालन गर्ने कार्यक्रम तथा बजेट कार्यपालिकामा पेश गर्ने । | गैसस, सरकारी संस्था तथा अन्य संघ संस्था र वडा समिति | जेष्ठ १० गतेभित्र |

५.२.४.१<u>वडाको बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमलाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने:</u>

❖ विभिन्न वस्ती/टोलहरुमा गाउँ/नगर सदस्यको संयोजकत्वमा गठित समितिको वैठक/छलफलबाट छनौट भइ विवरण सहित पेश भएका सबै समितिहरुका आयोजना/कार्यक्रमलाई वडा सचिवले एकीकृत गरी विषय क्षेत्र अनुसारको ढाँचामा वर्गीकरण र सूचीकृत गर्नुपर्दछ र बजेट सीमाभित्र यस्ता आयोजना/कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ । वडा सचिवले आयोजना/कार्यक्रमको सूचीमा वडा समितिका पूर्व वैठकहरुबाट पहिचान गरेका वडास्तरीय आयोजना/कार्यक्रम समेत वर्गीकरण गरी समावेश गर्नु पर्दछ । यसरी सूची तयार गर्दा वडा सचिवले प्राथमिकताको विधि तथा ढाँचालाई आधार मानी प्राथमिकता निर्धारण गर्नुपर्दछ ।

❖ यस सम्बन्धी विवरणको ढाँचा अनुसूची-८ मा दिइएको छ ।

५.२.४.२<u>वडाको महत्वपूर्ण अन्य र अन्तर वडा आयोजना तथा कार्यक्रमको सूची बनाउने:</u>

❖ वडास्तरीय बजेटको सीमाभित्र नअटाएका तर वडाको विकासका लागि अति प्राथमिकतामा पर्ने कुनै आयोजना/कार्यक्रमहरु भएमा वडा सचिवले त्यसको विषयगत क्षेत्रमा वर्गीकरण गरी प्राथमिकता निर्धारणका विधि र प्रक्रिया अनुरुप प्राथमिकीकरण गरी छुट्टै सूची तयार गर्नु पर्दछ ।

❖ यसको ढाँचा अनुसूची-९ मा दिइएको छ ।

५.२.४.३ <u>गैरसरकारी संस्था, समुदाय र अन्य संघ संस्थाका कार्यक्रमको सूची बनाउने:</u>

वडा सचिवले आफ्नो वडामा गैर सरकारी संस्था, समुदायमा आधारित र अन्य संघ संस्थाबाट आगामी वर्ष संचालन गर्ने आयोजना तथा कार्यक्रम तोकिएको ढाँचामा ती संस्थाहरुबाट वडा समितिमा पेश गराउनु पर्छ र त्यस्ता आयोजना/कार्यक्रमको विस्तृत विवरण पनि सूचीकृत गर्नुपर्दछ ।

- ❖ वडा सचिवले माथि उल्लिखित ५.२.४.१, ५.२.४.२ र ५.२.४.३ का विवरणहरु तयार गरिसकेपछि वडा समितिको बैठक बोलाउनु पर्छ र ती तीनवटै विवरणहरु एजेण्डाको रुपमा बैठकमा पेश गर्नुपर्दछ ।
- ❖ वडामा पेश गरेका सूची अनुसार कार्यपालिकाबाट मार्गदर्शन मार्फत उपलव्ध आयोजना/कार्यक्रम प्राथमिकता निर्धारणका आधारहरुको अधिनमा रही वडा समितिले प्राथमिकता निर्धारण गर्नुपर्दछ । तर, टोल/बस्तीबाट पहिचान र छनौट भएका आयोजना/कार्यक्रमलाई भने बजेट सीमाभित्रको उच्च प्राथमिकता राखी सम्बोधन गर्नुपर्दछ ।
- ❖ उपरोक्तानुसार प्राथमिकता निर्धारण भएपछि बजेट सीमाभित्रका बजेट सीमा वाहिरका आयोजना/कार्यक्रमहरु छुट्याइ बजेट तथा कार्यक्रम समितिमा तोकिएको ढाँचामा प्रेषित गर्ने गरी वडा समितिले निर्णय गर्नुपर्छ । यसो गर्दा बस्ती/टोलबाट छनौट भएका आयोजना/कार्यक्रम भने बजेट सीमाको अङ्कबाट प्रस्ताव गर्नुपर्दछ । यसरी निर्णय गर्दा गैसस, सामुदायिक तथा अन्य संस्थाहरुले संचालन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने व्यवस्था मिलाउनु पर्दछ ।

उपरोक्तानुसारका तीन प्रकारका विवरणहरु कार्यपालिकाको बजेट तथा कार्यक्रम समितिमा जेष्ठ १० गतेभित्र पुग्ने गरी पठाई सक्नुपर्दछ ।

### ५.२.५ बजेट तथा कार्यक्रम तर्जुमाः

यो बार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमाको महत्वपूर्ण चरण हो । यस चरणमा विषयगत शाखाले प्राप्त बजेट सिलिङ्गको सीमाभित्र रही आ-आफ्नो विषयसँग सम्वन्धित आयोजना/कार्यक्रमको सूची तयार गर्ने, त्यस्ता आयोजना/कार्यक्रमहरुलाई सूचकको आधारमा प्राथमिकीकरण गर्ने, विषयगत समितिहरुमा छलफल गर्ने र पुनः प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमहरुलाई एकीकृत गर्ने र आर्थिक तथा विनियोजन विधेयक तयार गर्ने लगायतका क्रियाकलापहरु गर्नुपर्दछ ।

यस चरणमा गर्नुपर्ने कार्यहरु, सम्पन्न गर्ने जिम्मेवारी र समय तालीका देहाय अनुसार हुनेछः

| सि.नं. | कार्यहरु | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १ | विषयगत शाखाहरुबाट गाउँस्तरीय आयोजना र कार्यक्रमको सूची तयार गरी प्राथमिकता निर्धारण गर्ने | सम्वन्धित शाखा | जेष्ठ १५ गतेभित्र |
| २ | विषयगत समितिहरुमा छलफल र पुनः प्राथमिकता निर्धारण गर्ने | विषयगत समितिहरु | जेष्ठ २५ गतेभित्र |
| ३ | बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | जेष्ठ मसान्तभित्र |
| ४ | गैसस, अन्य संघ/संस्था र विकास साझेदारीहरुको कार्यक्रम एकीकृत गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गते भित्र |
| ५ | आर्थिक विधेयकको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने | | |

| | | | |
|---|---|---|---|
| ६ | विनियोजन विधेयकको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने | | |

५.२.५.१ <u>विषयगत शाखाहरुबाट गाउँ आयोजना र कार्यक्रम सूची तयार गरी प्राथमिकीकरण गर्नेः</u>

- ❖ विषयगत शाखा/इकाईले प्राप्त बजेट सीमा तथा मार्गदर्शनको अधिनमा रही विषयगत आयोजना/कार्यक्रमहरुको सूची तयार गर्नुपर्दछ ।
- ❖ यसरी सूची तयार गर्दा आवधिक योजना, आयोजना वैङ्क, चालु आर्थिक वर्षको स्वीकृत मध्यमकालीन खर्च संरचना र वडा समिति लगायत विभिन्न स्रोतहरुबाट प्राप्त आयोजना/कार्यक्रमहरुलाई आधार लिनु पर्दछ । सूचीमा समावेश आयोजना तथा कार्यक्रमलाई सम्बन्धित महाशाखा/शाखा/एकाइले प्रथमिकताका सूचकहरुको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सम्बन्धित विषयगत समितिमा जेष्ठ १५ गतेभित्र पेश गर्नुपर्दछ ।
- ❖ गाउँ विषयगत क्षेत्र आयोजना/कार्यक्रमहरुको सूची तयार गर्दा देहायमा उल्लिखित स्रोतहरुलाई आधार लिनु पर्दछः
  - गाउँ गौरवका संभाव्य आयोजना/कार्यक्रमहरु,
  - आवधिक तथा विषयगत गुरुयोजनामा समावेश आयोजना तथा कार्यक्रमहरु,
  - आयोजना वैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएका आयोजना तथा कार्यक्रमहरु,
  - सशर्त र समपूरक अनुदान अन्तर्गत संचालन हुने योजना तथा कार्यक्रमहरु,
  - प्रमुख कार्यपालिकाले विभिन्न समयमा सिफारिस गरेका आयोजना तथा कार्यक्रमहरु,
  - वडा समितबाट छुट्टै सूचीको रुपमा प्राप्त भएका आयोजना तथा कार्यक्रम आदि ।

५.२.५.२ <u>विषयगत समितिहरुमा छलफल र पुनः प्राथमिकता निर्धारण गर्नेः</u>

- ❖ विषयगत शाखा/एकाइले तयार गरी पेश गरेको आ-आफ्नो विषयसँग सम्बन्धित आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण सहितको सूची माथि विषयगत समितिहरुमा छलफल गर्नुपर्दछ ।
- ❖ यस्ता आयोजना/कार्यक्रमहरुलाई आवश्यकता अनुसार पुनः प्राथमिकीकरण गर्नु पर्दछ ।
- ❖ विषयगत समितिले यसरी सूची भित्रका आयोजना/कार्यक्रमहरु र तिनको प्राथमिकीकरणलाई छलफलबाट अन्तिम रुप दिँदा स्थानीय तहको चालु आवधिक योजना, क्षेत्रगत रणनितिहरु, लैङ्गिक विश्लेषण, दीगो विकास लक्ष्य,

गरिक संलग्नता, आयोजना/कार्यक्रम प्राथमिकता निर्धारणको आधार तथा मार्गदर्शनलाई मुख्य आधारको रुपमा अवलम्वन गर्नुपर्दछ ।

- ❖ उपरोक्तानुसार अन्तिम रुप दिइएका आयोजना/कार्यक्रमलाई विषयगत समितिले जेष्ठ २५ गतेभित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्दछ ।
- ❖ विषयगत समितिको गठन र त्यसको कार्यविवरण बूंदा ५.२.२ अनुरुप हुनेछ ।

५.२.५.३ <u>बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा आयोजना/कार्यक्रमको प्रस्ताव तयार गर्ने:</u>

- ❖ विषयगत समितिहरुबाट प्राथमिकताक्रम निर्धारण सहित पेश भएका आयोजना तथा कार्यक्रमहरुमा बजेट तथा कार्यक्रम समितिले दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ र Master procurement Plan मा परेका आयोजना/कार्यक्रमलाइ छुटाउनु हुँदैन ।
- ❖ यस्ता आयोजना/कार्यक्रमहरुलाई बजेट सीमा र मार्गदर्शनिभत्र रही प्रस्ताव गर्नुपर्दछ ।
- ❖ बजेट तथा कार्यक्रम समितिले आयोजना/कार्यक्रमहरुलाई अन्तिम रुप दिँदै वार्षिक विकास कार्यक्रम बनाउँदा स्थानीय तहको आवधिक योजना, आयोजना वैङ्क, मध्यमकालीन खर्च संरचना, दीगो विकास लक्ष्य, समावेशीकरण, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक विश्लेषण जस्ता विषयहरुलाई मूलभूत आधारको रुपमा लिनु पर्दछ ।
- ❖ यस सम्बन्धी वार्षिक विकास कार्यक्रमको ढाँचा अनुसूची-१० मा दिइएको छ ।

**<u>वार्षिक कार्यक्रमको मस्यौदा तयारीको आधार</u>**

- स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य तथा रणनीति अनुसारको आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने,
- स्थानीय तहको आयोजना वैङ्क तथा मध्यमकालीन खर्च संरचना अनुसारका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने,
- विषयगत समितिबाट प्राथमिकताक्रम निर्धारण भई नआएका तर गाउँ/नगरस्तरका महत्वपूर्ण आयोजनाहरु छनौट गर्नुपर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता गरी प्रस्ताव गर्ने,
- स्थानीय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका लागि अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका आयोजना तथा कार्यक्रमहरुलाई समपूरक तथा विशेष अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गर्ने,
- Master Procurement Plan मा परेका आयोजना र वहु-वर्षिय आयोजनाहरुका लागि आयोजनाको भौतिक तथा वित्तीय प्रगति र कार्यतालिका अनुरुप आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने बजेटको समेत सुनिश्चित गर्ने,

- दीगो विकासका लक्ष्यलाई स्थानीयकरणका लागि आवश्यक आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने,
- समावेशीकरण, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, बालमैत्री तथा वातावरणमैत्री कार्यहरु, लैङ्गिक सन्तुलन, सुशासन र सदाचार प्रवर्द्धन जस्ता साझा विषयलाई सम्वोधन गर्ने आयोजना तथा कार्यक्रमलाई समावेश गर्ने ।

- ❖ वार्षिक कार्यक्रम तथा आयोजनालाई अन्तिम रुप दिएपछि सो को लागि आवश्यक व्यय अनुमान सम्बन्धित शीर्षकमा समाविष्ट गर्नुपर्दछ ।
- ❖ वार्षिक विकास कार्यक्रम तथा आयोजनाको व्यय अनुमानको अतिरिक्त, चलु खर्च तर्फको पारिश्रमिक सुविधा खर्च, अवकाशित दायित्व भुक्तानी कोषको आवश्यक रकम, मालसामान तथा सेवाको उपयोग खर्च, पूँजीगत सम्पत्तिको संचालन र संभार खर्च, सेवा तथा परामर्श खर्च, विविध खर्च आदि आर्थिक प्रशासन शाखाको सहयोगमा बजेट तथा कार्यक्रम समितिले नै अन्तिम रुप दिनुपर्दछ ।
- ❖ चालु तर्फका अनिवार्य तथा प्रतिवद्ध खर्चहरु एवम् वार्षिक कार्यक्रम तथा आयोजनागत व्यय अनुमान खर्च समेतको आधारमा खर्च शीर्षकगत व्यय अनुमान विवरण तयार गर्नुपर्दछ ।
- ❖ गैर सरकारी संस्था स्वयंमले खर्च गर्ने योजना/कार्कय्रमको अङ्क बजेटमा समाविष्ट गर्नु पर्दैन तर त्यस्ता संस्थाको स्रोत स्थानीय संचित कोषमा दाखिला भई खर्च गर्ने भएमा बजेटमा समाविष्ट गर्न सकिन्छ ।
- ❖ व्यय अनुमानलाई स्रोत अनुमानसँग मिलाउनु पर्दछ । यस प्रयोजनका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पौष महिनामा गरेको आय प्रक्षेपणलाई आवश्यकता अनुसार पुनरावलोकन गर्न पनि सकिन्छ ।
- ❖ बजेट प्रस्ताव तयार गर्दा, वार्षिक खरीद योजना अनिवार्य रुपमा तयार गरी पेश गर्नुपर्दछ ।
- ❖ व्यय अनुमान गर्दा, चालु, पूँजीगत र वित्तीय व्यवस्था छुट्याएर खर्च शीर्षकगत रुपमा ढाँचामा तयार गर्नुपर्दछ । यसरी तयार गर्दा SuTRA मा अनिवार्य रुपमा प्रविष्ठ गर्नु पर्दछ ।

५.२.५.४<u>वार्षिक विकास कार्यक्रम एकीकृत गर्नेः</u>

- ❖ गाउँ/नगरपालिकामा कार्यरत गैर सरकारी संस्था (गैसस) उपभोक्ता समिति एवम् विकास साझेदारहरुबाट प्राप्त बजेट तथा कार्यक्रम माथि छलफल गरी दोहोरो नहुने तथा सम्बन्धित निकायबाट संचालन हुने गरी वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तावमा समावेश गराउनु पर्दछ । यसरी कार्यक्रम समावेश गर्दा निर्धारित वा उपलव्ध ढाँचामा तयार गर्न सकिनेछ ।
- ❖ बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यपालिका तथा सभामा स्वीकृतिका लागि पेश गर्ने खर्चको स्रोत र विनियोजन रकम सहितको आयोजना तथा कार्यक्रमको विषयगत शीर्षक अनुसारको वार्षिक विकास कार्यक्रम असार ५

गतेभित्र तयार गरिसक्नु पर्छ । यसरी तयार गर्दा, वार्षिक खरीद योजना अनिवार्य रुपमा संलग्न गर्नुपर्दछ ।

❖ आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रमको विवरण शीर्षकगत रुपमा देहायअनुसार तयार गर्नुपर्नेछः

(क) वजेट शीर्षक अनुसार बजेट विनियोजन भएका उपलव्ध बजेट सीमा अन्तर्गतका वडास्तरीय र विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमको विवरण तयार गर्ने,

(ख) बजेट शीर्षक अनुसार बजेट विनयोजन भएका स्थानीय गौरवका आयोजना/कार्यक्रमको विवरण तयार गर्ने,

(ग) विषयगत समितिबाट प्राथमिकता निर्धारण भई नआएका तर बजेट विनियोजन सुनिश्चित भएका गाउँ महत्वपूर्ण आयोजनाहरुको विवरण तयार गर्ने,

(घ) खर्चको शीर्षक अनुसार बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमको निर्धारित ढाँचामा वार्षिक विकास कार्यक्रम तयार गर्ने, र

(ङ) वार्षिक विकास कार्यक्रमलाई विनियोजन ऐनको अनुसुचीमा समावेश गर्ने ।

❖ बार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाका अध्यक्ष परामर्श, बजेट तथा कार्यक्रम तर्जुमा समितिको मार्गदर्शन र प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा समितिको सचिवालय तथा योजना शाखामा तयार गर्नुपर्दछ र यस्तो कार्यक्रम जेष्ठ महिनाको अन्त्यसम्ममा तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

❖ बजेट सुनिश्चितता सहित विनियोजनको लागि प्रस्तावित, वडास्तरीय, विषयगत, स्थानीय गौरव, समपूरक अनुदान, विशेष अनुदान, साझेदारी तथा अन्य आयोजना तथा कार्यक्रमलाई वार्षिक विकास कार्यक्रमको ढाँचामा तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नुपर्दछ ।

❖ नेपाल सरकारले निर्धारण गरेको एकीकृत आर्थिक संकेत, वर्गीकरण र व्याख्या अनुसार आय, व्यय र वित्तीय व्यवस्था बजेट तयार गर्नुपर्दछ ।

❖ आगामी आर्थिक वर्षको आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको विवरण देहाय अनुसार तयार गर्नुपर्नेछः

- राजस्व तथा व्यय प्रक्षेपणलाई अद्यावधिक गर्ने,
- आर्थिक ऐन, विनियोजन ऐन र बजेट वक्तव्यलाई अन्तिम रुप प्रदान गर्ने,
- आगामी आर्थिक वर्षको आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको मस्यौदा तयार गर्ने,

- विवरणलाई प्रणाली (SuTRA) मा प्रविष्ट गरी सोबाट प्राप्त विवरण अनुसार बजेट तयार गर्ने,
- प्रणालीबाट प्राप्त विवरणलाई निर्धारित आय, व्यय र वित्तीय व्यवस्था बजेटको ढाँचामा प्रस्तुत गर्ने ।

❖ आय तथा व्ययको विवरण प्रमुख प्रशासकीय अधिकृत र योजना शाखाको सहयोगमा आर्थिक प्रशासन तथा राजस्व शाखाबाट तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलव्ध गराउनु पर्नेछ ।

❖ बजेट तथा कार्यक्रम तर्जुमा समितिले आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको अन्तिम मस्यौदा जेष्ठ मसान्तभित्र तयार गरी अध्यक्ष मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ । यस कार्यमा आर्थिक प्रशासन योजना तथा राजस्व शाखाको भूमिका महत्वपूर्ण हुनेछ ।

❖ यस सम्बन्धी ढाँचा अनुसूची-११ मा दिइएको छ ।

५.२.५.५ <u>आर्थिक विधेयकको प्रस्ताव तयार गर्नेः</u>

राजस्व परामर्श समितिले पौष महिनामा राजस्व प्रक्षेपण गर्दाका आधारहरु र बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्रोत अनुमानमा गरेको पुनरावलोकनमा राजस्व परिचालनका लागि प्रस्ताव गरेको स्रोत, दर र दायरा र सुधारका कार्यक्रम समेतलाई आधारमानी आर्थिक विधेयकको मस्यौदा बजेट तथा कार्यक्रम तर्जुमा समितिले असार ५ गतेभित्र तयार गर्नुपर्दछ । यसको ढाँचा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलव्ध गराएको नमूना बमोजिम तयार गर्न सकिन्छ ।

५.२.५.६ <u>विनियोजन विधेयकको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्नेः</u>

माथि उल्लिखित आयोजना/कार्यक्रम र चालु तर्फका खर्चहरुलाई चालु, पूँजीगत र वित्तीय शीर्षकमा तयार भएपछि बजेट तथा कार्यक्रम तर्जुमा समितिले त्यसकै आधारमा कूल खर्च र त्यसको आधारमा तय भएको खर्च शीर्षकगत विनियोजनलाई समेटेर बजेट तथा कार्यक्रम तर्जुमा समितिले विनियोजन विधेयकलाई अन्तिम रुप दिनु पर्दछ । यसको ढाँचा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलव्ध गराएको नमूना बमोजिम तयार गर्न सकिन्छ ।

५.२.५.७ <u>एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा प्रस्ताव तयारी र कार्यपालिकामा पेश गर्नेः</u>

- ❖ माथि उल्लेख भएअनुसार आय/व्यय तथा वित्तीय व्यवस्था बजेट, गैसस तथा अन्य संघ/संस्थाका कार्यक्रम, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐनको मस्यौदा तयार भएपछि त्यसकै आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाटै नीति तथा कार्यक्रम र बजेट वक्तव्य तयार गर्नुपर्दछ । सम्बन्धित विषयगत शाखा/एकाईको सहभागिता र आर्थिक प्रशासन शाखाको सहयोगमा यो कामलाई अन्तिम रुप दिनुपर्छ ।

**सभामा पेश गर्दा तयार गर्नुपर्ने एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको**
**<u>प्रस्तावमा समावेश हुनुपर्ने दस्तावेजहरु</u>**

- ❖ नीति तथा कार्यक्रम सहित बजेट वक्तव्य,
- ❖ आय-व्यय तथा वित्तीय व्यवस्था बजेट,
- ❖ गैसस तथा अन्य संघ/संस्थाका कार्यक्रम,
- ❖ मध्यमकालीन खर्च संरचना,
- ❖ वार्षिक विकास कार्यक्रम,
- ❖ आर्थिक ऐन,
- ❖ विनियोजन ऐन ।

- ❖ माथि उल्लिखित कार्यहरु सम्पन्न भएपछि बजेट तथा कार्यक्रम तर्जुमा समितिले आवश्यक दस्तावेजहरुलाई एकीकृत गरी एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तावको मस्यौदा असार ५ गतेभित्र अध्यक्ष वा प्रमुख

मार्फत कार्यपालिकामा पेश गर्नुपर्दछ । यसरी पेश गर्ने वार्षिक बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदामा चालु आर्थिक वर्षको समीक्षा विवरण समेत तयार गरी समावेश गर्नुपर्दछ ।

### ५.२.६ बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृतः

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट अन्तिम रुप दिइ कार्यलिकामा पेश भएको एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा सहितका दस्तावेजहरु अध्यक्ष कहाँ पेश भएपछि यसलाई छलफल सहित पारित गर्न कार्यापालिकाको वैठक बोलाउनु पर्दछ र छलफल सहित सभामा पेश गर्ने प्रयोजनार्थ कार्यपालिकाको स्वीकृति लिनु पर्दछ । यस चरणमा मूलतः दुई वटा क्रियाकलापहरु हुने गर्दछन् ।

| सि.नं. | क्रियाकलापहरु | जिम्मेवारी | समय तालिका |
|---|---|---|---|
| १ | एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा सहितका दस्तावेजहरु-नीति, कार्यक्रम सहितको बजेट वक्तव्य, आय-व्यय विवरण, गैसस तथाअन्य संघ/संस्थाका कार्यक्रम, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने | कार्यपालिका | असार १० गतेभित्र |
| २ | आर्थिक विधेयक तथा विनयोजन विधेयक सभामा पेश गर्न स्वीकृत प्रदान गर्ने । | कार्यपालिका | असार १० गतेभित्र |

#### ५.२.६.१कार्यपालिकाको वैठकबाट एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा माथि छलफल गरी सभामा पेश गर्न स्वीकृति दिने:

- कार्यपालिकाको वैठक वोलाइ बजेट तथा कार्यक्रम तर्जुमा समिति (जसको संयोजक उपाध्यक्ष नै हुन्छ) बाट सम्बन्धित शाखा/ एकाईको परामर्श र प्रमुख प्रशासकीय अधिकृतको संलग्नतामा तयार भएको एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रस्ताव साथ संलग्न देहायका दस्तावेजहरु (Documents) अध्यक्ष/प्रमुखले वैठकमा पेश गर्न स्वीकृति प्रदान गर्नुपर्दछ । यी दस्तावेजहरु माथि अध्यक्ष/प्रमुखले दफावार छलफल गराई सभामा पेश गर्न कार्यपालिकाले स्वीकृती प्रदान गर्नुपर्दछ ।
    - नीति तथा कार्यक्रमको संक्षिप्त विवरण सहितको बजेट वक्तव्य,
    - वार्षिक आय-व्ययको विवरण (बजेट),
    - गैसस तथा अन्य संघ/संस्थाका कार्यक्रम,
    - मध्यमकालीन खर्च संरचना,
    - वार्षिक विकास कार्यक्रम ।
- बजेट पुस्तिकाको ढाँचा अनुसूची-१२ मा दिइएकोछ ।

- ❖ आगामी आर्थिक वर्षको बजेट चालु वर्षको असार १० गतेभित्र समाभा पेश गरिसक्नु पर्ने कानूनी प्रावधान रहेको हुँदा सो मिति अगावै भरसक असार ९ गतेभित्र वा १० गते सभामा बजेट पेश हुनुपूर्व नै स्वीकृत भइसक्नु पर्दछ ।
- ❖ कार्यपालिकाको तर्फबाट सभामा यी दस्तावेजहरु पेश गर्ने र बजेट वक्तव्य बाचन गर्न उपाध्यक्षलाई र उहाँको अनुपस्थितिमा कार्यपालिकाको कुनै सदस्यलाई कार्यपालिकाको वैठकबाटै तोक्न मनासिव हुन्छ ।

५.२.६.२ <u>आर्थिक विधेयक तथा विनयोजन विधेयक स्वीकृत गर्ने:</u>

- ❖ माथि उल्लिखित बजेट (आय-व्यय विवरण) लाई कानूनी रुपमा व्यवस्थित गर्नका लागि राजस्व परिचालनका स्रोत, दायरा र दर एवम् प्रक्रियागत व्यवस्था सहितको आर्थिक विधेयकको मस्यौदा अध्यक्ष/प्रमुखले कार्यपालिका समक्ष दफावार रुपमा छलफलका लागि पेश गर्नुपर्दछ । कार्यपालिकाले आवश्यकतानुसार छलफल गरी उक्त विधेयक सभामा पेश गर्न असार १० गते अगावै स्वीकृति प्रदान गर्नुपर्दछ ।
- ❖ व्यय अनुमानको विवरणलाई कानूनी रुप प्रदान गर्न तोकिएको ढाँचामा कार्यपालिकाका अध्यक्षले विनियोजन विधेयक कार्यपालिकाको वैठकमा पेश गर्नुपर्दछ । कार्यपालिकाको वैठकले उल्लिखत विधेयक माथि दफावार छलफल गरी सभामा पेश गर्न असार १० गते अगावै स्वीकृत प्रदान गर्नु पर्दछ ।
- ❖ यी दुवै विधेयक बजेट वक्तव्य बाचनपछि सम्बन्धित उपाध्यक्ष वा तोकिएको सदस्यले सभाध्यक्ष समक्ष टेवुल गर्नुपर्दछ ।

### ५.२.७ <u>स्थानीय सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत:</u>

गाउँ कार्यपालिकाको तर्फबाट उप-प्रमुख वा तोकिएको सदस्यबाट सम्बन्धित दस्तावेज र विधेयकहरु सभामा पेश हुने, पेश भएको दस्तावेज र विधेयकहरु सभाबाट छलफल गरी पारित गर्ने, सभाबाट पारित ऐनहरु प्रमाणिकरण गर्ने र यी ऐन तथा दस्तावेज स्थानीय राजपत्रमा प्रकाशन गर्ने लगायतका कामहरु यस चरणमा सम्पादन भएपछि वार्षिक योजना/कार्यक्रम बजेट तर्जुमाको चरण पूरा भएको मानिन्छ ।

| **बजेट तथा कार्यक्रम स्वीकृति** | | | |
|---|---|---|---|
| सि.नं. | क्रियाकलापहरु | जिम्मेवारी | समय तालिका |
| १ | आर्थिक तथा विनियोजन विधेयक र यससँग सम्वन्धित अन्य दस्तावेजहरु सहितको बजेट अनुमानपेश, छलफल र पारित गर्ने । | स्थानीय सभा | असार मसान्तभित्र |
| २ | सभाबाट पारित ऐन र दस्तावेज (Documents) हरु प्रमाणिकरण गर्ने । | अध्यक्ष | असार मसान्तभित्र |
| ३ | सभाबाट पारित ऐन र दस्तावेजहरु राजपत्रमा प्रकाशन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | असार मसान्त |

| | | | |
|---|---|---|---|
| ४ | बजेट सम्बन्धी सबै ऐन र दस्तावेजहरु छपाई र वितरण गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | साउन ७ गतेभित्र |

५.२.७.१<u>आर्थिक तथा विनियोजन ऐन र यससँग सम्बन्धित दस्तावेजहरु सहितको बजेट अनुमान पेश गर्ने, छलफल गर्ने र पारित गर्नेः</u>

- ❖ गाउँपालिका कार्यपालिकाको तर्फबाट गाउँ सभामा बजेट पेश गर्ने, छलफल गर्ने र पारित गर्ने प्रयोजनार्थ गाउँपालिका सभाको वैठक असार १० गते अगावै बोलाउनु पर्दछ ।
- ❖ कार्यपालिकाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रमसँग सम्वन्धित सबै दस्तावेजहरु उपाध्यक्ष वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले असार १० गतेभित्र स्वीकृतिका लागि सभामा पेश गर्नुपर्दछ ।
- ❖ आगामी आर्थिक वर्षको वार्षिक बजेट (आय-व्ययको अनुमान) सहितका दस्तावेजहरु सभामा पेश भएको १५ दिनभित्र (असार २५ गतेभित्र) छलफलको काम सम्पन्न गर्ने गरी सभाध्यक्षले कार्यतालीका बनाउनु पर्दछ । यसरी कार्यतालीका बनाउँदा बजेट पेश भएपछि बजेट अध्ययन र छलफलको तयारीका लागि कम्तीमा ३ दिनको समय दिनुपर्दछ ।
- ❖ गाउँ सभाले दफावार छलफल पश्चात बजेट पारित गर्न वा सुझाव सहित फिर्ता पठाउन पनि सक्ने कानूनी व्यवस्था अनुरुप सुझाव सहित बजेट फिर्ता भएमा सो उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारण सहित सभामा ५ दिनभित्र पुनः पेश गर्नुपर्दछ ।
- ❖ यसरी छलफल सकिएपछि बजेट स्वीकृतिका लागि सभामा पेश गर्नुपर्दछ ।
- ❖ गाउँ सभाले असार मसान्तसम्म आगामी आर्थिक वर्षको बजेट कार्यक्रम तथा सोसँग सम्बन्धित विधेयकहरु असार मसान्त अगावै बहुमतबाट पारित गर्नुपर्दछ ।

५.२.७.२<u>सभाबाट पारित ऐन र दस्तावेजहरु प्रमाणीकरण गर्नेः</u>

सभाबाट पारित आर्थिक ऐन र विनियोजन ऐन तथा अन्य दस्तावेजहरु, आय-व्यय विवरण, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना असार मसान्तभित्र सभा अध्यक्षले प्रमाणित गर्नुपर्दछ ।

५.२.७.३पारित भई सभाध्यक्षद्वारा प्रमाणित भएका आर्थिक ऐन, विनियोजन ऐन, आय-व्यय अनुमानको विवरण, गैसस तथा अन्य संघ/संस्थाका वार्षिक कार्यक्रम, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना प्रमुख प्रशासकीय अधिकृतले स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्दछ । यो कार्य असार मसान्तभित्र सम्पन गर्नुपर्दछ

५.२.७.४<u>वार्षिक बजेटसँग सम्वन्धित पारित भएका ऐनहरु र दस्तावेजहरु प्रकाशन गर्नेः</u>

सभाले स्वीकृत गरी सभाध्यक्षद्वारा प्रमाणित भएका सबै ऐनहरु र नीति, कार्यक्रम सहितको बजेट वक्तव्य लगायत दस्तावेजहरु सर्वसाधारणको जानकारीका लागि बजेट पारित हुनासाथ प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको वेवसाइटमा

राख्नुपर्दछ । साथै, पारित बजेटसँग सम्बन्धित सबै दस्तावेजहरु साउनको ७ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले छपाई वितरण गर्नुपर्दछ ।

# परिच्छेद-६

## लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budge-GRB)

नेपालको संविधानको धारा १८ ले समानताको हक प्रदान गरेको छ । यस अनुसार सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित गरिनेछैन भनि समानताको हकको प्रत्याभूति गरिएको छ । नेपाल विभिन्न राष्ट्र तथा अन्तर्राष्ट्रिय अभिसन्धीहरुको पक्ष राष्ट्र भएकोले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रुपले स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिवद्धता समेत व्यक्त गरेको छ । यही प्रतिवद्धता अनुरुप नेपालले आर्थिक वर्ष २०६४/६५ देखि सार्वजनिक स्रोतमा लैङ्गिक समानता कायम गर्ने हेतुले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएको छ । मुलुकले संघीय शासन प्रणाली अवलम्वन गरेपछि संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो वार्षिक बजेट बनाउँन थालेका र संघमा अवलम्वन गरिएको लैङ्गिक उत्तरदायी बजेटले मात्र मुलुकको लैङ्गिक समानताका विषय सम्वोधन हुन नसक्ने देखिंदा पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) ले राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट पद्धतिलाई संस्थागत गर्ने रणनीति लिएको छ र संवत् २०७७ को संघीय बजेटले लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने नीतिगत उद्घोष पनि गरेको छ । यसर्थ, स्थानीय तहको वार्षिक योजना/कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा लैङ्गिक विश्लेषण (Gender Analysis) अपरिहार्य भएकाले यसको परिभाषा, यसको संस्थागत जिम्मेवारी बजेट तर्जुमाको प्रत्येक चरणहरुमा गर्नुपर्ने विश्लेषण, लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग र वर्गीकरण लगायतका विषयहरु यहाँ समावेश गरिएको छ ।

### ६.१ परिभाषाः

कूल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरुमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्य प्राप्तीलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले, योजनावद्ध रुपमा, लैङ्गिक विश्लेषण सहित आर्थिक स्रोतको सुनिश्चितता, उपलव्धीको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रिया लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budge-GRB) पद्धति हो । यसले महिला र पुरुष बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्था सिर्जना गर्दछ । अर्को शव्दमा, यसले महिला तथा पुरुषलाई सार्वजनिक वित्तको समतामूलक वितरण भएको सुनिश्चत गर्दछ ।

### ६.२ संस्थागत जिम्मेवारीः

स्थानीय तहको वार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमाको सन्दर्भमा कानूनले विभिन्न संस्थागत सयन्त्रको व्यवस्था गरेको छ । ती संयन्त्रहरु देहाय बमोजिम छन् । यी संयन्त्रहरुले बजेट तर्जुमा गर्दा लैङ्गिक विषयहरुमा देहायको जिम्मेवारी बहन गर्नुपर्दछः

६.२.१ स्थानीय राजस्व परामर्श समिति ।

६.२.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ।

६.२.३ बजेट तथा कार्यक्रम तर्जुमा समिति ।

६.२.४ वडा समिति ।

६.२.५ विषयगत समिति ।

६.२.१ <u>स्थानीय राजस्व परामर्श समितिको जिम्मेवारीः</u>

❖ स्थानीय तहको उपाध्यक्ष वा उप-प्रमुखको संयोजकत्वमा गठित स्थानीय राजस्व परामर्श समितिले कर तथा गैरकर, राजस्व सम्बन्धी नीति तथा कानूनहरुका बारेमा आवश्यक सल्लाहकार सेवा उपलव्ध गराउँने सन्दर्भमा, सल्लाह दिनुपूर्व कर तथा अन्य राजस्वसँग सम्वन्धित नीति तथा कानूनहरुको लैङ्गिक प्रभावको वारेमा विश्लेषण गर्नुपर्दछ ।

❖ राजस्व परामर्श समितिले राजस्वको स्रोत, क्षेत्र र दरको विश्लेक्षण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गर्दा त्यसबाट महिला तथा पुरुषमा पर्ने प्रभाव, लैङ्गिक समानता तथा महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष सकारात्मक वा नकारात्मक प्रभाव पर्ने वा नपर्ने कुराको विश्लेषण गर्नुपर्दछ ।

❖ राजस्वका नीति र कार्यक्रमले स्थानीय उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा रोजगारी सिर्जनालाई केन्द्रीत गर्नुपर्दछ । यसो गर्दा, महिला तथा सीमान्तकृत पृष्ठभूमिका महिलाहरुमा पर्ने सकारात्मक प्रभाव पहिचान गर्नुपर्दछ ।

६.२.२ <u>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः</u>

❖ स्थानीय तहको अध्यक्ष वा प्रमुखको संयोजकत्वमा गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आन्तरिक आय तथा  बाह्य स्रोतबाट प्राप्त हुने रकमको अनुमान गर्दा महिला तथा पुरुषमा पर्ने प्रभावको मूल्याङ्कन गर्नुपर्दछ ।

❖ कूल तथा विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गर्दा लैङ्गिक मूल्याङ्कनमा आधारित हुनुपर्दछ । बजेट सीमाले महिलाको जीविकोपार्जन तथा आवाज सशक्तिकरण र विभेदजन्य नीति तथा सामाजिक परिवर्तनलाई  पर्याप्त स्रोत समेटेको हुनुपर्दछ ।

❖ बजेट तथा कार्यक्रमको प्राथिमकता निर्धारण गर्ने सन्दर्भमा लैङ्गिक अवरोधहरुको न्यूनीकरण र लैङ्गिक समानता तथा महिला सशक्तिकरणको प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रम समावेश गर्ने प्रयास गर्नुपर्दछ ।

६.२.३ <u>बजेट तथा कार्यक्रम तर्जुमा समितिः</u>

❖ उपाध्यक्ष वा उप-प्रमुखको संयोजकत्वमा गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्ताव तयार गर्दा, महिलाको जीविकोपार्जन तथा आवाज सशक्तिकरण (जस्तैः स्वास्थ्य, शिक्षा, रोजगारी, अधिकारको दावा गर्न सक्ने क्षमता, सम्पत्ति माथिको नियन्त्रण) तथा विभेदजन्य नीतिहरु, मानसिकता तथा अभ्यासहरुमा परिवर्तन (जस्तैः यौनिक हिंसा न्यूनीकरण गर्न पुरुष तथा वयस्कसँग काम गर्ने, निर्णय निर्माण मन्चहरुमा महिलाहरुको प्रभावमा सुधार ल्याउन नीति तथा प्रक्रियाहरुको परिमार्जन गर्ने) सुनिश्चित गर्नुपर्दछ ।

६.२.४ <u>वडा समितिः</u>

- ❖ स्थानीय तहको जगको रुपमा रहेको वडा समितिले वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम तर्जुमाको सिलसिलामा हुने छलफलमा बढी भन्दा बढी महिलाको सहभागिताको सुनिश्चितता गर्नुपर्दछ ।
- ❖ वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम सम्बन्धमा हुने छलफलमा महिलाहरुको आवाज सुनेको र निर्णयमा ती आवाज प्रतिविम्वित भएको सुनिश्चितता हुनुपर्छ ।
- ❖ वस्ती/टोलस्तरको छलफलमा संयोजक सदस्यको जिम्मेवारी प्रदान गर्दा उपलव्ध भएसम्म महिला सदस्यहरुलाई प्राथमिकता दिनुपर्दछ ।

६.२.५ <u>विषयगत समितिः</u>

- ❖ कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यहरु संयोजक रहने विषयगत समितिहरुले विषयगत शाखाले पेश गरेका विषय क्षेत्र/उप-क्षेत्रको आयोजना/कार्यक्रमको लैङ्गिक विश्लेषण गराउनु पर्दछ ।
- ❖ लैङ्गिक विश्लेषणबाट लैङ्गिक मैत्री देखिएका योजना/ कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिनुपर्दछ ।

**६.३ लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र कोडिङ्गः**

- ❖ नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएको प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिकाले लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र कोडिङ्ग निर्धारण गरेको छ । नेपाल सरकारले संघीय बजेटमा निर्धारण गरी आएको वर्गीकरण र कोडिङ्ग भन्दा प्रदेश र स्थानीय तहका लागि केही फरक रुपमा तोकिएको छ । यद्यपि, तीनवटै तहको सरकारको वर्गीकरण र कोडिङ्ग समान रहेको भए समग्र मुलुकको लैङ्गिक उत्तरदायी बजेटको एकीकृत विश्लेषण गर्न सहज हुने थियो । जेहोस्, तत्कालका लागि नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको देहाय बमोजिमको वर्गीकरण र कोडिङ्गलाई आधार मानी स्थानीय तहले आफ्नो वार्षिक योजना/कार्यक्रम र बजेटको विश्लेषण गर्नु पर्दछ ।
- ❖ छनौट गरिएका प्रत्येक योजनाको क्रियाकलाप हुनुपर्दछ । यसले योजनाको उद्देश्य हासिल गर्न सघाउ पुऱ्याउँछ । यी क्रियाकलापहरु योजनाको पूर्ण बजेटका लागि हुनेछन् । यसभित्र स्थानीय तहले महिलालाई लक्षित गर्ने र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरु तर्जुमा गरी समावेश गर्नुपर्ने हुन्छ । योजना तहमा महिला सशक्तिकरण तथा लैङ्गिक समानतासँग सम्बन्धित केही क्रियाकलापहरु देहाय बमोजिम हुन सक्छनः

  <u>जीविकोपार्जन सशक्तिकरणसँग सम्वन्धितः</u>

- पूर्वाधार योजनाहरुमा महिलाहरुलाई रोजगारी,
- महिला र पुरुष श्रमिकलाई समान ज्याला,
- उच्च ज्यालाका लागि महिला श्रमिकहरुको सीप अभिवृद्धि सम्बन्धी तालीम,
- महिला श्रमिकका लागि बचत तथा ऋण सम्बन्धी क्रियाकलापहरु,
- खेतीपातीका लागि महिला किसानहरुको भूमिमा पहुँच बढाउने र सुधार ल्याउने निर्दिष्ट प्रावधानहरु,

- वीउ मल तथा वीउका उन्नत तहहरु, आपूर्तिकर्ता तथा मूल्य सम्बन्धी जानकारीमा पहुँच,
- सुधारिएको सिंचाइ तथा खेतीका लागि प्रविधि तथा उपकरणहरुमा पहुँच,
- घरमा गर्नुपर्ने कठिन परिश्रमलाई न्यून गर्न प्रविधि तथा उपकरणहरुमा पहुँच,
- विद्यालयहरुमा राम्रो र गुणस्तरीय शिक्षाको पहुँचमा सुधार,
- वालिका तथा महिला शिक्षकका लागि सुहाउँदा कक्षा कोठा र शौचालय सहितको विद्यालय पूर्वाधारमा सुधार,
- शिक्षण सीप अभिवृद्धिका लागि शिक्षिकाहरुलाई तालीम,
- बालिका तथा महिलाहरुलाई जीवनचक्र भरि स्वास्थ्य हेरचाहको पहुँचमा सुधार,
- सुरक्षित मातृत्व अभ्यासहरुको चेतनामा सुधार,
- निर्दिष्ट सेवाहरु उपलव्ध गराउन विभिन्न वस्तीहरुमा स्वास्थ्य शिविर,
- प्राविधिक सीपमा सुधार ल्याउन महिला स्वास्थ्यकर्मीहरुलाई तालीम,
- दुर्गम क्षेत्रका वालिका तथा महिलाहरुको पहुँचमा स्वास्थ्य हेरचाह सुविधाहरुको अभिवृद्धि,
- बञ्चित समूहको उच्च बाहुल्यता रहेको वस्तीहरुमा पानी, सरसफाई तथा स्वच्छता सुविधाहरु,
- हिंसामा परेका बालिका तथा महिलाका लागि आश्रय स्थल,
- कार्यस्थलमा बाल हेरचाह सुविधा,
- कार्यस्थलमा महिला, पुरुष र तेस्रो लिङ्गीलाई शौचालयको सुविधा ।

<u>आवाज/सामाजिक सशक्तीकरणसँग सम्बन्धितः</u>

- लैङ्गिक हिंसा, जातीय विभेद सम्बन्धी कानूनी अधिकारका बारेमा महिलाहरुलाई अभिमुखीकरण,
- विभिन्न समितिहरुमा निर्णय निर्माण तहमा महिलाहरुको प्रतिनिधित्व र क्षमता सुदृढीकरण,
- सहकारी, महिला उपभोक्ता समूह तथा अन्य संघ सङ्गठनका महिलाहरुलाई नेतृत्व विकास तालीम,
- सेवा तथा सेवा प्रवाह संयन्त्रका वारेमा तालीम,
- शासन तथा सामाजिक उत्तरदायी औजारहरु (टुल्स) का बारेमा तालीम,
- विभेदजन्य अभ्यासहरु तीनको न्यूनीकरण सम्बन्धी छलफल गर्न कक्षाहरु,
- विकासका विभिन्न लाभहरुको पहुँचमा हुने विभिन्न लैङ्गिक अवरोधहरुका बारेमा छलफल तथा संवाद,

- सरकारद्वारा महिला, एकल महिला, अपाङ्ग महिलाहरुलाई उपलब्ध गराइएको विभिन्न सहयोगका बारेमा जानकारी र त्यस्ता सेवाहरुमा पहुँच कसरी कायम गर्ने एवम् न्यून गुणस्तरका सेवा भएका खण्डमा कसलाई जिमेवार बनाउने सम्बन्धमा जानकारी ।

विभेदजन्य औपचारिक तथा अनौपचारिक नीति, मूल्य मान्यता तथा मानसिकताहरुमा परिवर्तन

- स्थानीय नेताहरु, निर्णयकर्ता र निर्माण व्यवसायीहरुलाई महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण,
- डकर्मी, प्लम्बर तथा दक्ष निर्माण श्रमिकजस्ता परम्परागत रुपमा पुरुषले मात्र गर्दै आएका कामहरु कसरी महिलाले पनि गर्न सक्दछन् भन्ने बारेमा प्रदर्शन,
- पुरुषत्व र यसको महिला हिंसामा प्रभावका बारेमा पुरुषलाई लक्षित गरी जनचेतना, महिलाको हिँडडुल तथा निर्णय लिने क्षमता सम्बन्धी लैङ्गिक मान्यताहरुमा परिवर्तनका लागि पुरुषहरुसँग पैरवी,
- भूमि तथा अन्य आर्थिक स्रोतहरुमा महिलाहरुको स्वामित्व अभिवृद्धि,
- महिलाहरुलाई विभेद गर्ने नीतिहरुमा परिवर्तन,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई सघाउ पुऱ्याउने नीतिहरुको विकास ।

❖ स्थानीय तहको सरकारी व्यवस्था, योजना/कार्यक्रम र सेवालाई दुई तहमा लैङ्गिक उत्तरदायी संकेत दिनु पर्दछः

तह १- योजनाका क्रियाकलापको विकास र वर्गीकरण ।

तह २- योजना, लैङ्गिक उत्तरदायित्वका लागि संकेत कोडिङ्ग ।

❖ **तह १**- योजनाको क्रियाकलापहरुलाई तीन तहमा वर्गीकरण गर्नुपर्दछः

(क) निर्दिष्ट

(ख) सहयोग

(ग) तटस्थ

(क) **निर्दिष्टः** महिला तथा बालबालिकाहरु प्रति निर्दिष्ट रुपले लक्षित क्रियाकलापहरु उदाहरणका लागिः महिलाहरुका लागि सीप विकास तालीम, बालिकाहरुका लागि छात्रवृत्ति, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम आदि ।


(ख) **सहयोगीः** महिला सशक्तिकरण तथा लैङ्गिक समानता प्रति उत्तरदायी तथा सो को लागि सहज वातावरणको सिर्जना गर्ने खालका क्रियाकलापहरु; उदाहरणका लागिः खण्डीकृत तथ्याङ्क संकलन, लैङ्गिक समानताका लागि मूल्याङ्कन अध्ययन, सेवा प्रदायकहरुका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालीम, विभेदजन्य पितृ सत्तात्मक मूल्य मान्यताहरुमा परिमार्जका लागि पुरुष तथा बालकहरुसँग कार्य गर्ने ।

(ग) **तटस्थः** निर्दिष्ट र सहयोगी नछुट्टिने तटस्थ तथा महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरुको पहिचान नगर्ने वा सम्बोधान नगर्ने क्रियाकलापहरु ।

❖ **तह २**- लैङ्गिक उत्तरदायित्वका लागि संकेत (कोडिङ्ग)ः निर्दिष्ट सहयोगी तथा तटस्थमा वर्गीकृत गरिएका क्रियाकलापहरुका लागि विनियोजित बजेटको कूल जम्मा अङ्क निकाल्नु पर्दछ । यदि क्रियाकलापहरुको बजेटको ६० प्रतिशत भन्दा माथि छ भनें त्यस्तोलाई कोडिङ्ग

१ दिनु पर्दछ । यदि क्रियाकलापको बजेटको जम्मा योजनाको कूल बजेटको १० देखि ५९ प्रतिशत छ भनें त्यस्तो योजनालाई कोडिङ्ग २ दिनु पर्दछ र यदि क्रियाकलापको बजेटको जम्मा योजनाले कूल बजेटको ९ प्रतिशत वा त्यो भन्दा कम छ भनें त्यस्तो योजनालाई संकेत ३ दिनु पर्दछ ।

**<u>लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण लैङ्गिक उत्तरदायी बजेटको संकेत (कोडिङ्ग) तथा अङ्क प्राप्त</u>**




## ६.४ वार्षिक योजना/कार्यक्रम र बजेटका चरणहरु र तिनको लैङ्गिक विश्लेषणको तरिकाहरुः

### ६.४.१ <u>बजेटको पूर्व तयारीः</u>

- ❖ वस्तुस्थिति विवरण (स्थिति पत्र) तथा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि खण्डीकृत तथ्याङ्क, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण र विभिन्न सामाजिक पृष्ठभूमिका महिलाहरुको वास्तविक स्थिति सम्बन्धी तथ्यहरु प्रयोग गर्नुपर्दछ । यसका लागि सम्बन्धित स्थानीय तहको पार्श्वचित्रबाट खण्डीकृत विवरणहरु प्राप्त गर्ने, संभव भएको समयमा अतिरिक्त तथ्याङ्क तथा सूचना प्रयोग गर्ने ।

- ❖ आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण गरी पठाउँदा र संघ र प्रदेशबाट सीमा र मार्गदर्शन प्राप्ती गर्दा महिला तथा बन्चितिमा परेकाहरुको जीविकोपार्जन तथा आवाज सशक्तिकरण अभिवृद्धि तथा विद्यमान विभेदजन्य नीति/नियमहरु, मानसिकता, सामाजिक तथा लैङ्गिक मूल्य मान्यता तथा अभ्यासहरुमा परिवर्तनका लागि अत्यावश्यक कार्यलाई समेट्ने गरी पर्याप्त बजेटको सुनिश्चितता गर्नुपर्दछ । सामान्यतयाः महिला तथा बालबालिका शिक्षा, स्वास्थ्य, रोजगारी, विभेदजन्य हानिकारक अभ्यासहरुको न्यनीकरण, लैङ्गिक समानता सुधार, लैङ्गिक हिंसा न्यूनीकरण, विषयगत क्षेत्रका लाभहरुको पहुँचमा सुधार ल्याउने कार्यक्रमहरु पहिल्याई तिनमा पर्याप्त स्रोतको सुनिश्चितता गर्नु आवश्यक हुन्छ ।

६.४.२ <u>स्रोत अनुमान तथा कूल बजेट सीमा निर्धारणः</u>

- ❖ राजस्वका स्रोतहरु तथा यसको प्रक्षेपणको सन्दर्भमा लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा पर्ने प्रभावको विश्लेषण गर्नुपर्दछ । खण्डीकृत तथ्यहरुमा आधारित भएर विभेदजन्य नीतिहरु तथा सामाजिक अध्यासहरुमा परिवर्तन सहित लैङ्गिक समानता तथा महिला सशक्तिकरणका प्राथमिकताहरुलाई सम्वोधन गर्ने गरी सीमा निर्धारण गर्नु पर्दछ । यस क्रममा, विभिन्न कर, जरिवाना, शुल्कहरुले महिला तथा पुरुषलाई कसरी सकारात्मक प्रभाव पार्दछ भन्ने विषयको पहिचान गर्नुपर्दछ । लैङ्गिक मूल्याङ्कनका आधारमा आम्दानीका स्रोतहरुको अनुमान तथा बजेट सीमा निर्धारण गर्नुपर्दछ ।

- ❖ नेपालका मानव अधिकार सम्बन्धी प्रतिवद्धताहरु र स्थानीय तहमा महिला, गरिव, बन्चितिमा परेका र जोखिममा रहेकाहरुको आवश्यकता तथा प्राथमिकताहरुलाई ध्यानमा राख्दै आम्दानीको अनुमान तथा बजेट सीमा निर्धारण गर्नुपर्दछ । यस क्रममा, महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि कस्ता क्रियाकलापहरु आवश्यक हुन्छन् सो को पहिचान गर्ने र त्यस्ता खर्चहरु समावेश गरेपछि आम्दानीको प्रक्षेपण तथा बजेट सीमा निर्धारण गर्नुपर्दछ ।

६.४.३ <u>बस्ती/टोलस्तरमा योजना छनौटः</u>

- ❖ वस्ती/टोलस्तरका विभिन्न सामाजिक समूहका महिला तथा पुरुषको सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसका लागि वैठकको मितिका बारेमा विभिन्न सामाजिक समूहका महिलाहरुलाई जानकारी गराउनु पर्दछ । उनीहरुलाई वैठकमा सहभागी गराउँन उत्प्रेरित गराउँन तथा कार्यसूचीबारे जानकारी गराउँन सामाजिक परिचालनलाई परिचालन गर्नु उपयुक्त हुन्छ ।

- ❖ योजना/कार्यक्रम माथि हुने छलफलमा महिलाको जीविकोपार्जनमा सघाउ पुऱ्याउने, निर्णय लिन सक्ने क्षमतामा सुधार ल्याउने र विभेदजन्य अभ्यासमा परिवर्तन तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्ने प्रकृतिका आयोजनाको प्राथमिकीकरण गर्न छलफललाई सहजीकरण गर्नुपर्दछ ।

६.४.४ <u>वडास्तरीय योजना प्राथमिकता निर्धारणः</u>

वडा समितिमा उपलव्ध तथ्यमा आधारित भई प्रत्येक विषयगत क्षेत्रमा महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि सशिक्तिकरण तथा विभेदजन्य नीति एवम् अभ्यास दुवैमा परिवर्तनका लागि योजना/कार्यक्रमको प्राथमिकता निर्धारण गर्नुपर्दछ । यस क्रममा, मुख्य आयोजना पहिचान गर्न सहजीकरण गर्नुपर्दछ ।

६.४.५ <u>एकीकृत बजेट तथा कार्यक्रम तर्जुमाः</u>

- ❖ महिलाको जीवकोपार्जन तथा आवाज सशक्तिकरणलाई सम्वोधन गर्न र लैङ्गिक तथा सामाजिक विषयमा आधारित विभेदजन्य अभ्यासमा परिवर्तन ल्याउन विषयगत क्षेत्रको अवस्थाको मूल्याङ्कनमा आधारित क्रियाकलापका लागि बजेट विनियोजन गर्नुपर्दछ । यसका लागि महिलाको विषयगत क्षेत्रका स्रोत तथा लाभको पहुँचमा अवरोध न्यूनीकरण गर्ने क्रियाकलापवको पहिचान गर्नुपर्दछ ।
- ❖ विषयगत क्षेत्रसँग सान्दर्भिक महिलाको स्वास्थ्य, शिक्षा, आम्दानी गर्ने क्षमतामा सुधार ल्याउने, निर्णय लिने क्षमतामा सुधार ल्याउने र विभेदजन्य अभ्यासमा परिवर्तन ल्याउने खालका क्रियाकलापका लागि आवश्यक खर्चको अनुमान गर्नुपर्दछ ।
- ❖ पहिचान भएका आयोजना/कार्यक्रम कायम राख्न स्थानीय राजनीतिक नेतृत्वसँग छलफल गरी कार्यक्रमको उपलव्धी एवम् औचित्यको बारेमा विश्वस्त पार्नु पर्दछ ।

६.४.६ <u>कार्यपालिकाबाट स्वीकृत र सभामा पेशः</u>

- ❖ स्वीकृत योजनाले महिलाको जीवकोपार्जन तथा आवाज सशक्तिकरण एवम् नीतिमा परिवर्तन तथा विभेदजन्य अभ्यासका रुपान्तरणलाई समेटेको विषयलाई सुनिश्चित गर्नुपर्दछ । उपयुक्त विषय केवल लक्षित योजनाहरुमा मात्र नभई आर्थिक, भौतिक, पूर्वाधार तथा शासकीय व्यवस्था लगायतका क्षेत्रमा समेत समावेश भएको हुनुपर्दछ । यसका लागि आयोजना/कार्यक्रम सूचीको समीक्षा गरी महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि आवश्यक आयोजना भनी पहिचान गर्नुपर्दछ । पहिचान भएका आयोजना स्वीकृत गर्न निर्णयकर्तालाई उत्प्रेरित गर्नुपर्दछ ।
- ❖ सभामा बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा महिला, गरिव तथा बञ्चितिमा परेका तथा जोखिममा रहेका व्यक्तिले समेत बुझ्न सक्ने हुनुपर्दछ । लक्षित वर्ग सहभागी भएको तथा सभाबाट स्वीकृत हुनुपूर्व आफ्ना आवश्यकता तथा चासोहरुको आवाज उठाउन सक्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ । बजेट वक्तव्यमा लैङ्गिक उत्तरदायी बजेटको छुट्टै शीर्षक राखी यस अन्तर्गत योजना/कार्यक्रम तथा बजेटमा रहेका प्रावधानहरुको विश्लेषणात्मक प्रस्तुती गर्नुपर्दछ ।

६.४.७ <u>सभाबाट स्वीकृतिः</u>

- ❖ सभाले आयोजना/कार्यक्रम तथा बजेट स्वीकृत गर्नुपूर्व, लैङ्गिक विषयवस्तु प्रति गरिएको प्रतिवद्धता अनुरुप विभिन्न पृष्ठभूमि भएका महिलाहरुको जीविकोपार्जन तथा आवाज/सामाजिक सशक्तिकरण तथा संरचनात्मक (Structural) विभेदलाई न्यून

गर्ने प्रकृतिका कार्यक्रम/आयोजनाहरुको प्रत्याभूति सुनिश्चित गर्नुपर्दछ । आयोजना/कार्यक्रमले स्वास्थ्य, शिक्षा, आम्दानी गर्ने क्षमता र सीपहरुलाई सम्वोधन गरेको विषयमा स्पष्ट हुनुपर्दछ । यसका अतिरिक्त, निर्दिष्ट लिङ्ग, जनजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्य मान्यता तथा अभ्यासहरुमा लक्षित गर्ने, घरायसी कार्यवोझको न्यूनीकरण गर्न चेतना अभिवृद्धि गर्ने उपायहरुको पहिचान गर्ने, वृहत महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि छुवाछुत, छाउपडी, वालविवाह र यस्तै अन्य परम्परागत हानिकारक अभ्यासहरुमा विश्वास गर्ने मानसिकता तथा मूल्य मान्यतामा परिवर्तन ल्याउने कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सुनिश्चितता हुनु पर्दछ ।

- बजेट सभाबाट स्वीकृत भएपछि सबैलाई स्पष्ट बुझ्ने गरी बजेटमा परेका लैङ्गिक मैत्री आयोजना/कार्यक्रम र बजेटको सम्बन्धमा सर्वसाधारणहरुलाई जानकारी गराउन उपयुक्त हुन्छ ।

# परिच्छेद-७

## बजेट तर्जुमामा नागरिक सहभागिता (Citizen Engagement)

लोकतान्त्रिक शासन प्रणाली जनताको लागि, जनताद्वारा गरिने शासन व्यवस्था हो । यसमा नागरिकको भूमिका नै सर्वोपरी हुन्छ । राज्य सञ्चालनका सबै कार्यहरु जनताको हितका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जनताद्वारा नै सञ्चालन गरिन्छ । राज्य संचालनको महत्वपूर्ण पक्ष प्रभावकारी वित्त व्यवस्थापन हो भनें वित्त व्यवस्थापनको महत्वपूर्ण क्षेत्र बजेट प्रणाली नै हो । बजेट प्रणालीमा पनि बजेट तर्जुमाले नै यसको कार्यान्वयन, सुपरीवेक्षण/अनुगमन र मूल्याङ्कनलाई मार्गदर्शन गर्ने हुँदा बजेट तर्जुमालाई सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण प्रकृयाको रुपमा औंल्याउन सकिन्छ ।

विश्वस्तरमा नै (Globally) बजेट पद्धति परम्परागत बन्द बजेट प्रणाली (Traditional closed System) बाट रुपान्तरित हुँदै सहभागितात्मक पद्धतिमा परिवर्तन भएको छ जुन पारदर्शिता, सहभागिता र जवाफदेहिताका सिद्धान्तहरुमा आधारित छ । अर्को अर्थमा, बजेटमा नागरिक सहभागिताले पारदर्शिता (Transparency) जवाफदेहिता (Accidentality) र प्रभावकारिता (Effectiveness) सिर्जना गर्दछ ।

देशमा सञ्चालन हुने योजना/कार्यक्रम र बजेट नागरिक हितलाई सर्वोपरी राखेर संचालन गर्नुपर्दछ । यसर्थ, जनताको हितको लागि बनाइने योजना/कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा नागरिकको भूमिकालाई स्वीकार गर्नु अपरिहार्य छ । यसो भएमा मात्र वास्तविक अर्थमा नागरिकको आवश्यकताको पृष्ठभूमिमा योजना/कार्यक्रम पहिचान हुने, त्यसको प्राथमिकीकरण हुने र छनौट हुने अवसर प्राप्त हुन्छ । नागरिकको सहभागितामा योजना/कार्यक्रम छनौट भएमा नागरिकले त्यसको अपनत्व (Ownership) लिने र तिनको कार्यान्वयनमा स्वःस्फूति रुपमा नागरिक सहभागिता जुट्ने र सुपरिवेक्षण/अनुगमन प्रभावकारी भई अन्ततः योजना/कार्यक्रमको अधिकतम प्रतिफल (Result) प्राप्त हुने निश्चित छ । यसर्थ, सवैजसो लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकहरुमा बढी भन्दा बढी नागरिकको संलग्नतामा योजना/कार्यक्रम र बजेट तर्जुमा हुने गरेको छ । नेपालले पनि लोकतान्त्रिक शासन व्यवस्था अवलम्वन गरेको हुँदा यो प्रक्रियामा नागरिकको सहभागिता अपरिहार्य छ । यसका अतिरिक्त, संघीय प्रणालीमा स्थानीय तहको कार्यसूची स्थानीय जनताको दैनिक आवश्यकतासँग जोडिने खालका भएकाले स्थानीय जनताको सुझाव, सल्लाह र निर्णयमा योजना/कार्यक्रम छनौट गर्दा मात्र जनताको वास्तविक आवश्यकता सम्वोधन हुने, स्थानीय स्रोत साधनको उपयोग हुने र कार्यान्वयनमा जनसहभागितामा जुट्ने हुँदा यस प्रक्रियामा बढी भन्दा बढी नागरिको संलग्नता जुटाउनु पर्दछ ।

### ७.१ परिभाषाः

सार्वजनिक खर्च हुने आयोजना/कार्यक्रमहरुको पहिचान (Identify) छलफल (Discuss) र प्राथमिकीकरण (Prioritization) को प्रक्रियामा नागरिक वा स्थानीय बासिन्दाको अर्थपूर्ण सहभागितालाई नागरिक संलग्नता (सहभागिता) (Citizen Engagement) भनेर वुझ्नु पर्ने हुन्छ । यसबाट बजेट खर्च हुने क्षेत्रमा नागरिकको वास्तविक नियन्त्रण हुन्छ । यो सरोकारवालाहरु (व्यक्तिहरु, स्वार्थ समूहहरु, समुदाय आदि) लाई निर्णयमा प्रभाव पार्नका लागि दिइने अवसर हो । यो यस्तो अवसर हो जसले सुझाव, सल्लाह र परामर्शको अपेक्षा राख्दछ । यसले पारदर्शिता, जवाफदेहिता, प्रभावकारिता र दक्षता बढाउँछ जसका कारण यसले भ्रष्टाचार न्यूनीकरण र वित्तीय अनुशासन प्रवर्द्धन गर्न समेत मद्दत गर्दछ ।

### ७.२ बजेटमा नागरिक सहभागिताका माध्यमहरुः

वार्षिक योजना/कार्यक्रम कार्यान्वयनका लागि आवश्यक आम्दानी (कर/गैरकर) स्थानीय नागरिक कै पेशा व्यवसायबाट परिचालन हुने हुँदा नागरिकको पेशा व्यवसायलाई असर नगर्ने गरी नागरिककै सल्लाह, सुझाव र परामर्शमा, राजस्वको स्रोत, दायरा र दर निर्धारण गर्नुपर्दछ । यसरी भएको आम्दानीको खर्च गर्दा पनि स्थानीय नागरिकको प्रत्यक्ष सरोकारसँग जोडिएका आयोजना/कार्यक्रमको पहिचान र छनौटमा पनि स्थानीय नागरिकको आवाज (Voice) प्रतिविम्वित हुनुपर्दछ । यसर्थ स्थानीय तहको वार्षिक बजेटले नागरिकको लागि नागरिकबाट हुने आम्दानी र गर्ने खर्चमा अर्थपूर्ण सहभागिता गराउँन बान्छनीय छ । यस्तो सहभागिताका माध्यमहरु देहाय बमोजिम हुन सक्दछन्ः

(क) वैठकहरुमा नागरिक सहभागिता जुटाएर,

(ख) नागरिक अधिवेशन (Assembly) आयोजना गरेर,

(ग) मत सर्भेक्षण/गणना (opinion Poll) गरेर,

(घ) सहभागिता ढाँचा निर्धारण गरेर,

(ङ) जनमत संग्रह गरेर,

(च) विरोध प्रदर्शनको आवाज सुनेर ।

## ७.३ <u>स्थानीय तहको वार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमाका विभिन्न चरणमा नागरिक सहभागिताः</u>

### ७.३.१ <u>पूर्व तयारी चरणः</u>

- ❖ बजेटको पर्श्व तयारी चरण अन्तर्गत विषयगत महाशाखा/शाखाहरुले वस्तुस्थिति विवरण (Profile) तयार गर्दा/अद्यावधिक गर्ने प्रक्रियामा, नागरिकहरबाट सूचना/तथ्याङ्क र विचारहरु संकलन गर्नुपर्दछ । यस्तो सूचना/तथ्याङ्क र विचारहरु विभिन्न प्रश्नावलीहरु सोधेर, मत सर्भेक्षण गरेर र टोल/वस्तीस्तरमा विभिन्न अन्तरक्रियात्मक वैठकहरु आयोजना गरेर गर्न सकिन्छ ।

- ❖ आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना (MTEF) को मस्यौदा तयार गर्न बनाउने विषयगत समितिमा स्थानीय तहका विज्ञहरुलाई आमन्त्रण गर्ने र मस्यौदा तयार भएपछि उक्त मस्यौदा नागरिकस्तरमा शेयर गर्नु पर्दछ । यसबाट स्थानीय तहले गर्ने आर्थिक गतिविधिको जानकारी जनस्तरमा हुने र प्राप्त सुझावहरुलाई सम्वोधन गरी मस्यौदालाई अन्तिम रुप दिन सकिन्छ ।

- ❖ आगामी आर्थिक वर्षको आन्तिरक राजस्व प्रक्षेपण स्थानीय राजस्व परामर्श समिति मार्फत गर्नुपर्दछ । स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४ ले उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा ६ सदस्यीय राजस्व परामर्श समिति बनाएको छ । यो समितिमा उद्योग, बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ/नगरस्तरको प्रमुख वा प्रतिनिधि र घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ/नगर तहको प्रमुख वा प्रतिनिधि सदस्यको रुपमा रहने प्रावधान छ जसले नागरिक सहभागितालाई सुनिश्चित गर्दछ । यसका अतिरिक्त यस्तो समितिका वैठकहरुमा राजस्व विज्ञ उपलव्ध भएमा स्वतन्त्र नागरिकलाई पनि आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्नुपर्दछ जसले पार्टीगत राजनीतिभन्दा माथि उठेर स्वतन्त्र विज्ञताको आवाज व्यक्त गर्न सकोस् ।

- ❖ सदस्यहरुको संयोजकत्वमा गठन हुने विषयगत क्षेत्रको समितिमा आमन्त्रित सदस्यको रुपमा स्थानीय सम्बन्धित विज्ञलाई समावेश गर्नु उपयुक्त हुन्छ । यसले सम्बन्धित विषय (आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास) को योजना/कार्यक्रम पहिचान गर्ने कार्यमा स्वतन्त्र/विज्ञ स्थानीय नागरिकको आवाज (Voice) सुन्न सकिन्छ ।

७.३.२ <u>स्रोत अनुमान र कूल बजेट सीमा निर्धारणः</u>

- ❖ यस चरण अन्तर्गत गाउँ/नगरपालिकामा कार्यरत गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्थासँग पूर्व बजेट छलफल गर्दा यी संस्थाहरको निर्धारित कार्यक्रममा प्रमुख/अध्यक्षले जनताको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।
- ❖ बजेट पूर्व समाजका सबै वर्ग र तहहरुका नागरिकहरुको सुझाव/सल्लाह र परामर्श ग्रहण गर्नका लागि प्रत्येक वडामा पूर्व बजेट छलफल गर्नुपर्दछ ।
- ❖ नागरिकसँग हुने पूर्व बजेट छलफलमा आगामी आर्थिक वर्षको बजेटमा लिनुपर्ने रणनीति, क्षेत्रगत नीतिगत प्राथमिकता निर्धारण र मार्गदर्शनमा केन्द्रीत हुनुपर्दछ र छलफलबाट प्राप्त पृष्ठपोषण (Feedback) लाई समेत आधार मानी सभामा पेश हुने नीति तथा कार्यक्रमको प्रस्ताव र बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका विधि तयार गर्नुपर्दछ ।
- ❖ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले महाशाखा/शाखा तथा वडा समितिलाई मार्गदर्शन पठाउँदा योजना/कार्यक्रम पहिचान र छनौट गर्दा र प्राथमिकीकरण गर्दा अनिवार्य रुपमा सबै वर्गका नागरिकहरुको सहभागिता, स्थानीय आवश्यकतालाई सुनिश्चित गर्नुपर्ने प्रावधान उल्लेख गर्नुपर्दछ ।
- ❖ बजेट सीमा निर्धारण गर्दा विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम छुट्याई वडाभित्रका स-साना र वडावासीका दैनिक समस्यालाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रमका लागि वडागत सीमा निर्धारण गर्नुपर्दछ ।
- ❖ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम अध्यक्ष/प्रमुख संयोजक हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा अध्यक्ष/प्रमुखले आवश्यकतानुसार स्वतन्त्र नागरिकको तर्फबाट उपलव्ध भएसम्म तत् सम्बन्धी विज्ञलाई समेत आमन्त्रण गर्नु उपयुक्त हुन्छ ।

७.३.३ <u>वस्ती तहमा योजना छनौटः</u>

- ❖ योजना/कार्यक्रम पहिचान तथा छनौटका लागि वडा समितिले वस्ती/टोलस्तरको सूची तयार गर्दा सबै वस्तीहरु समेट्ने गरी सूची तयार गर्नुपर्दछ । संभव भएसम्म सबैलाई पायक पर्ने स्थानमा बैठक बोलाउने गरी भेलाको कार्यतालीका तयार गर्नुपर्दछ ।
- ❖ प्रत्येक वडाले वडाभित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने मिति र समय तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्दछ ।
- ❖ टोल/वस्तीहरुमा योजना छनौट गर्दा **"कोही पनि पछाडि नपरुन"** को अवधारणा अनुसार वस्तीभित्रका सबै वर्ग र समुदाय (स्थानीय वुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशागत, महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पिदित वर्ग,

पिछडावर्ग, अल्संख्यक, सीमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ ।

- टोल/वस्तीस्तरमा हुने योजना/कार्यक्रम तर्जुमा प्रक्रियामा टोल/वस्तीभित्रका क्रियाशिल सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समूह, बाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयहरुबाट गठन भएका समूह आदि) लाई पनि सहभागी गराउनु पर्दछ ।
- टोल/वस्तीस्तरमा भएको छलफलमा सहभागिताको सुनिश्चिताको लागि हाजिरी दस्तखत र उनीहरुको आवाज (Voice) को अभिलेखन गर्नुपर्दछ ।

७.३.४ वडास्तरमा प्राथमिकता निर्धारण तथा योजना छनौटः

- वडास्तरमा प्राथमिकता निर्धारण तथा योजना छनौट गर्दा, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्यवंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन एवम् सीपको अधिकतम प्रयोग हुने र महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने प्रकृतिको योजना/कार्यक्रमलाई प्राथमिकता दिनु पर्दछ ।
- गैसस, विकास साझेदार र समुदायमा आधारित संस्थाहरुबाट संचालन हुने आयोजना/कार्यक्रमहरुको सम्बन्धमा पनि वडा तहमा छलफल गर्दा, स्वतन्त्र नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

७.३.५ बजेट तथा कार्यक्रम तर्जुमाः

- विषयगत शाखाहरुबाट गाउँस्तरीय आयोजना र कार्यक्रमको सूची तयार गरी प्राथमिकता निर्धारण गर्दा, सम्बद्ध क्षेत्र (आर्थिक/सामाजिक/पूर्वाधार आदि) सँग सम्बन्धित स्वतन्त्र नागरिकहरुसँग छलफल गर्नुपर्दछ ।
- विषयगत समितिको वैठकमा आवश्यकतानुसार सम्बद्ध संयोजकले स्वतन्त्र नागरिकको तर्फबाट विषय विज्ञलाई आमन्त्रण गर्न उपयुक्त हुन्छ ।

७.३.६ कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृतिः

- कार्यपालिकाले योजना/कार्यक्रम तथा बजेट स्वीकृत गर्नुपूर्व योजना/कार्यक्रम तर्जुमा गर्दा नागरिक सहभागिता रहे/नरहेको यकिन गरेर मात्र स्वीकृत गर्नुपर्दछ ।
- प्रस्तावित योजना/कार्यक्रमले र करका दरहरुले जनस्तरमा पर्ने प्रभाव र कार्यान्वयनमा नागरिकको अपनत्व र अधिक सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

७.३.७ स्थानीय सभाबाट स्वीकृतिः

- स्थानीय सभामा वार्षिक योजना/कार्यक्रम बजेट प्रस्तुत भएपछि, सभाका सदस्यहरुले छलफलको क्रममा, प्रस्तावित योजना/कार्यक्रम तर्जुमा गर्दाको प्रक्रियामा नागरिकको सहभागिताको सम्बन्धमा एकिन हुनुपर्छ ।
- सभामा बजेट वक्तव्य प्रस्तुत भएपछि प्रस्तावित वार्षिक योजना/कार्यक्रममा नागरिकको प्रतिक्रिया समेत विचार गरी बजेट पारित गर्नुपर्दछ ।

❖ प्रस्तावित वार्षिक बजेट सभाबाट पारित भएपछि सबै योजना/कार्यक्रमको कार्यान्वयन योजना सहित सार्वजनिक गर्नुपर्दछ । यसबाट बजेट कार्यान्वयनमा नागरिक परीक्षण (Citizen Audit) समेत हुन सक्छ ।

आजको युग खुल्ला बजेट प्रणाली (Open Budget System) को युग हो । बजेट प्रणालीलाई जति पारदर्शी बनाउँदै लगिन्छ, त्यति नै यसमा जवाफदेहिता, प्रभावकारिता र दक्षता बढ्दछ । यसबाट बजेट कार्यान्वयन, सुपरिवेक्षण/अनुगमन र यसको मूल्याङ्कनमा समेत प्रभावकारिता आउँछ । यसको लागि बजेट तर्जुमाका प्रत्येक चरण र प्रक्रियामा नागरिकको संलग्नता अपरिहार्य छ ।

# परिच्छेद -८

# दीगो विकास लक्ष्य

**(Sustainable Development Goals-SDGs)**

## ८.१ परिचयः

सन् २०१५ को सेप्टेम्वरमा विश्वका १९३ राष्ट्रहरुले सन् २०१७ देखी २०३० सम्मको अवधिका लागि विश्वव्यापी विकास कार्यसूचीमा सहमती गरे जसलाई दीगो विकास लक्ष्य भनेर चिनिन्छ । यो सहमति गरिवीको अन्त्य, ग्रह र वातावरणको संरक्षण एवम् विश्वव्यापी शान्ति र समृद्धिका लागि संसारका सबै मुलुकहरुले एकसाथ कार्य गर्न गरिएको आह्वान हो । विश्वव्यापी समृद्धिका लागि आर्थिक सामाजिक हिसावले समावेशी, आर्थिक तथा वित्तीय हिसावले दरिलो, वातावरणीय हिसावले सुरक्षित र राजनैतिक हिसावले प्राप्य बाटोको रुपमा दीगो विकास लक्ष्यको परिकल्पना हो । यो संसारको कसैलाई पछाडि नछाड्ने र अग्रगमनमा लैजाने मूलभूत उद्देश्यका साथ मानव जाति र पृथ्वीको शान्ति र समृद्धि लक्षित भू-मण्डलीय अवधारणा समेत हो । विश्वमा गरिवी अभाव हटाउने, सामाजिक सद्भाव र गतिशीलतालाई बढावा दिने, असमानता घटाउने सबै प्रकारका विभेद अन्त्य गर्ने, जीवहरुको अस्तित्व रक्षा गर्ने समेत विश्वव्यापी प्रतिवद्धता हो। यी साझा लक्ष्यहरु प्राप्तीका लागि साझा प्रतिवद्धता र नैतिक दायित्व बोध गरी यिनलाई राष्ट्रिय लक्ष्यमा समाविष्ट गर्दै लगेमा मात्र मानव जातिको दीगो भविष्य सम्भव छ भन्ने विश्वास यसले लिएको देखिन्छ ।

## ८.२ दीगो विकास लक्ष्यहरुः

संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दीगो विकास लक्ष्य २०३० को कार्यसूचीमा १७ वटा लक्ष्यहरु छन्, जुन देहायबमोजिम हुन्ः

**लक्ष्य १-** हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिवीको अन्त्य गर्ने ।

**लक्ष्य २-** भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दीगो कृषिको प्रवर्द्धन गर्ने ।

**लक्ष्य ३-** सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

**लक्ष्य ४-** समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने ।

**लक्ष्य ५-** लैङ्गिक समानना हासिल गर्ने र सबै महिला तथा किशोरीहरुलाई सशक्त बनाउने ।

**लक्ष्य ६-** सबैको निम्ती खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दीगो व्यवस्थापन सुनिश्चित गर्ने ।

**लक्ष्य ७-** धान्न/व्यहोर्न सकिने, भरपर्दो, दीगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ८-** स्थिर, समावेशी र दीगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने ।

**लक्ष्य ९-** समानुकूलित/उत्थानशील पूर्वाधारहरु निर्माण गर्ने, समावेशी तथा दीगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने ।

**लक्ष्य १०-** देशभित्र तथा देशहरुवीचको असमानता हटाउने ।

**लक्ष्य ११-** सहरहरु र मानव वस्तीहरुलाई समावेशी, सुरक्षित, समानुकूलित/उत्थानशील र दीगो बनाउने ।

**लक्ष्य १२-** दीगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने ।

**लक्ष्य १३-** जलवायु परिवर्तन र यसका असरहरुसँग जुझ्न तत्काल कार्य अघि बढाउने ।

**लक्ष्य १४-** दीगो विकासको निम्ती महासागरहरु, समुन्द्रहरु र सामुन्द्रिक स्रोतहरु संरक्षण गर्ने र दीगो रुपमा प्रयोग गर्ने ।

**लक्ष्य १५-** पृथ्वीको भू-परिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरुको दीगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वन जङ्गलको दीगो रुपमा व्यवस्थापन गर्ने, वन जङ्गलको विनासलाई रोक्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टयाउने र जैविक विविधताको ह्रासलाई रोक्ने ।

**लक्ष्य १६-** दीगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरुको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच स्थापित गर्ने र सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरु निर्माण गर्ने ।

**लक्ष्य १७-** दीगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनःजीवन्त तुल्याउने ।



## ८.३ दीगो विकास लक्ष्यहरुमा नेपालको संलग्नताः

दीगो विकास लक्ष्य कार्यान्वनयको राष्ट्रिय मार्गचित्र प्रस्तुत गर्न नेतृत्व गर्ने र विश्वव्यापी लक्ष्यहरुलाई राष्ट्रको सन्दर्भ अनुकूल बनाउने शुरुका राष्ट्रहरुमा नेपाल पनि पर्दछ । राष्ट्रिय योजना आयोगले दीगो विकास लक्ष्यको सन्दर्भमा मुलुकको स्थितिको लेखाजोखा गर्दै सन् २०३० सम्म दीगो विकास लक्ष्य उपलव्धीको मार्गचित्र समेत प्रस्तुत गरेको छ । यस मार्गचित्रले लक्ष्यहरुका प्राथमिकता पहिचान, हस्तक्षेपका लागि आवश्यक नीतिगत उपाय र आयोजनाको लगानी आवश्यकताको खाका निर्धारण गर्नुका साथै कार्यान्वयनका लागि आवश्यक संस्थागत पूर्वाधारहरुवारे उल्लेख गरेको छ ।

नेपालको संविधान, २०७२ जारी भएसँगै दीगो विकास लक्ष्यहरुलाई नेपालको विकास कार्यसूचीमा समावेश गर्ने कार्यको शुरुवात भएको छ । दीगो विकास लक्ष्यलाई विकास योजना प्रक्रियामा आन्तरिकीकरण गर्ने कार्य चौधौं त्रि-वर्षिय योजना (२०७३/७४-२०७५-७६) देखि नै प्रारम्भ भएको छ । यसै योजनादेखि दीगो विकास लक्ष्यलाई ध्यानमा राखी विकास कार्यक्रमको प्राथमिकीकरण र स्रोत विनियोजन गरिएको छ । योजनाका ५ वटा रणानीतिहरु (पूर्वाधार, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र र सुशासन) अन्तरसम्वन्धित क्षेत्रहरु दीगो विकास लक्ष्यसँग आवद्ध छन् । समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन विकास सोंचमा आएको पन्ध्रौं पञ्चवर्षिय योजना (२०७६/७७-२०८०/८१) ले अति कम विकसित राष्ट्रको श्रेणीवाट स्तरोन्नति गर्ने, वहुआयामिक गरिवी अन्त्य गर्ने, दीगो विकास लक्ष्यहरु प्राप्त गर्ने, २०३० सम्म मध्यम आय भएको मुलुकमा पुग्ने र २०४३ सम्म सर्वतोमुखी समृद्धि र खुशी प्राप्त गर्ने उद्देश्य लिएको छ र तद्नुरुप लक्ष्यहरु निर्धारण गरिएका छन् । समग्रमा भन्नु पर्दा पन्ध्रौं योजनाले दीगो विकास लक्ष्यपथलाई दीर्घकालीन क्षेत्रगत योजना र रणनीतिहरुसँग आवद्ध गर्दै यी लक्ष्यहरुलाई योजना प्रक्रियामा मूलप्रवाहीकरण गरेको छ र सोह्रौं पञ्यवर्षिय योजना (२०८१/८२- २०८६/८७) को सोंचपत्र पनि यसैं दिशातर्फ परिलक्षित छ ।

## ८.४ स्थानीय तहमा दीगो विकास लक्ष्यः

दीगो विकासका लक्ष्यहरुलाई मुलुकका सबै निति तथा कार्यक्रमहरुमा समाहित गरी दीगो विकास लक्ष्य प्राप्त गर्ने नेपालको प्रतिवद्धता हो । तीन तहको शासकीय प्रणाली रहेको यस मुलुकमा तीनवटै

तहको संयुक्त प्रयास विना यी लक्ष्य प्राप्ती संभव छैन । यसका अतिरिक्त, विकासको जगको रुपमा रहेको स्थानीय तहको प्रतिबद्धता विना यी लक्ष्यहरु अधुरा नै रहन्छन् । यसर्थ, स्थानीय तहका आवधिक योजना मध्यमकालीन खर्च, संरचना र वार्षिक योजना/कार्यक्रम तर्जुमाको चरणमा दीगो विकास लक्ष्यहरुलाई आत्मसात गर्दै यसलाई मूल प्रवाहीकरणा र स्थानीयकरण गर्न अति आवश्यक छ । यी लक्ष्यहरु मध्ये पनि केही लक्ष्यहरु यस्ता छन्, जसलाई स्थानीय तहको वार्षिक योजना/कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गर्नुपर्दछ । तिनीहरुको चर्चा देहायका बूंदाहरुमा गरिएको छः

८.४.१ <u>गरिवीको अन्त्यः</u>

यस लक्ष्यका ५ वटा मुख्य परिमाणात्मक लक्ष्यहरु छन्ः

- २०३० सम्ममा जहाँसुकै रहेका भएतापनि सबै जनताको चरम गरिवी अन्त्य गर्ने ।
- २०३० सम्ममा राष्ट्रिय परिभाषाहरु बमोजिम गरिवीका सबै आयामहरुमा बाचिरहेका सबै उमेरका पुरुषहरु, महिलाहरु र बाल-बालिकाहरुको अनुपात कम्तीमा आधा घटाउने ।
- राष्ट्रिय रुपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र उपायहरु सबैका लागि सुनिश्चित गर्ने ।
- सबै महिला तथा पुरुषहरुको आर्थिक स्रोत साधन, प्राकृतिक स्रोत साधनहरु प्रविधि लगायत आधारभूत सेवाहरुमा पहुँच सुनिश्चित गर्ने ।
- गरिव तथा संङ्कटग्रस्त अवस्थामा रहेको मानिसहरुको आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरु, विपद्हरु र हावा-पानीजन्य चरम घटनाहरुमा उत्थानशीलता निर्माण गर्ने ।

## <u>स्थानीय तहले गर्नुपर्ने कार्य</u>

1. सन् २०३० सम्मा गरिवी न्यूनीकरण वा निवारण गर्न आ-आफ्नो स्थानीय तहको लागि लक्ष्य तथा उद्देश्य तोक्ने ।
2. सामाजिक सुरक्षासम्बन्धी सूचना सङ्कलन गर्ने, बेरोजगार तथा गरिब घरधुरीको सर्वेक्षण गर्न सहयोग पुऱ्याउने ।
3. शिक्षा, स्वास्थ्य, कृषि प्रसार सेवा, खानेपानी तथा सरसफाइ लगायतका गरिबी निवारण सम्बन्धी सार्वजनिक सेवाहरुमा समावेशी पहुँच सनिश्चित गर्ने ।
4. रोजगारीका अवसरहरुतथा बजारहरुमा पहुँच सुनिश्चित गर्न शहरी तथा ग्रामीण विकास प्रवर्द्धन गर्ने ।
5. साना तथा मझौता उद्योग (SME) र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने, सीप विकास तालीममार्फत आय-आर्जनका गतिविधि सहजीकरण गर्ने, उद्यमशीलताको विकास, स्वावलम्बी समूह गठन गर्ने र लघु वित्त लगायतका वित्तीय सेवाहरुमा तिनको पहुँच पुऱ्याउने ।

6. वैदशिक रोजगारबाट फर्केका कामदारका लागि आर्थिक तथा सामाजिक संयोजन (Integration) कार्यक्रम सञ्चालन गर्ने ।

सन् २०१९ को सर्भेक्षण अनुसार लिङ्ग र उमेर अनुसार राष्ट्रिय गरिवीको रेखामुखी रहेका जनसंख्याको अनुपात १६.७ प्रतिशत रहेको छ । सन् २०३० सम्ममा ५ प्रतिशतमा घटाई न्यून गर्ने लक्ष्य आफैंमा चुनौतीपूर्ण देखिएकाले संघ र प्रदेश सरकारका प्रयासहरुका अतिरिक्त स्थानीय सरकारहरुले आ-आफ्ना वार्षिक कार्यक्रममा गरिवी निवारणलाई प्राथमिकता दिनुपर्ने हुन्छ । स्थानीय सरकारहरुले आफ्नो विकास बजेटको निश्चित प्रतिशत गरिवी निवारण कार्यक्रमहरुमा खर्च गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको सन्दर्भ पनि वार्षिक बजेट बनाउँदा मार्गदर्शनको रुपमा लिनुपर्ने हुन्छ । गरिवीको रेखामुनि रहेका जनसंख्याको अनुपात ५ प्रतिशतमा झार्ने सन्दर्भमा, मुख्यतयाः गरिवको पहिचान गर्ने, उनीहरुका लागि रोजगारी र स्वरोजगारीका अवसरहरु विस्तार गर्ने, साधन स्रोतमा गरिवको पहुँच बढाउने, गरिवी निवारण कार्यक्रमहरुमा गरिवको सहभागितालाई प्रवर्द्धन गर्ने, सीप विकास र आधारभूत आवश्यकताको परिपूर्ति गरी मर्यादित जीविकाका अवसरहरु विस्तार गर्ने र आर्थिक एवम् अन्य स्रोत साधनमा पहुँच बढाउन सहजीकरण गर्ने जस्ता नीतिगत पहलहरु अवलम्वन गर्नुपर्दछ । स्थानीय सरकारले आफ्नो वार्षिक कार्यक्रमहरुमा गरिव घरपरिवारलाई सहयोग पुऱ्याउने, आय आर्जनका कार्यक्रमहरु, स्थानीय साधनको प्रयोग र रोजगारीसँग जोडिएका क्षमता निर्माण र सीप अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु, खानेपानी र सरसफाइजस्ता आधारभूत सुविधामा पहुँच वृद्धि र लघुवित्त मार्फत कर्जामा पहुँच बढाउने जस्ता कार्यक्रमहरुमा जोड दिनु पर्दछ र यी कार्यक्रमहरुमा मूलतः सम्पत्ति सिर्जना र वित्तीय व्यवस्था महत्वपूर्ण सरोकारको विषय बनाउनु पर्दछ ।

## ८.४.२ शून्य भोकमरी:

यस लक्ष्यका प्रमुख परिमाणात्मक लक्ष्यहरुमा भोकमरीको अन्त्य गर्नु र सुरक्षित पोषणयुक्त र पर्याप्त खानेकुरामा सबैको पहुँच सुनिश्चित गर्नु, सवैखाले कुपोषणलाई समाप्त गर्नु, कृषि उत्पादकत्व क्षमता वृद्धिका लागि लगानी बढाउनु आदि रहेका छन् । यसका लागि उत्पादनशील स्रोत साधनसम्म सबै साना तथा सीमान्त कृषकको पहुँच सुनिश्चित गरी दीगो कृषि प्रवर्द्धन गर्न पूर्वाधार र प्रविधिमा अझ बढी सहयोग र लगानी बढाउन आवश्यक छ ।

### स्थानीय तहले गर्नुपर्ने कार्य

1) स्थानीय तहमा कृषि तथा पशुपालन सम्बन्धी नीति, ऐन तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।

2) कृषि तथा पशुपालनको बजार विकास, कृषि सडकको विकास र साना सिँचाइ आयोजनाको निर्माण तथा सुधार गर्ने ।

3) कृषी जमीन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन गर्ने ।

4) कृषि प्रसार कार्यक्रम (उच्च मूल्यका कृषि उत्पादन सम्बन्धी प्रविधि तथा वस्तुको वितरण तथा बजारीकरण) सञ्चालन गर्ने ।

५) पशुपालन विकास कार्यक्रम (पशु नश्ल सुधार तथा व्यवस्थापन, पशु विमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा, पशुस्वास्थ्य सेवाको व्यवस्थापन) सञ्चालन गर्ने ।

६) पशु हाटबजार, पशु बधशाला तथा चिस्यान घरको नियमन तथा व्यवस्थापन गर्ने ।

७) स्थानीय तहमा खाद्य असुरक्षा तथा कुपोषण पहिचान गर्न यसम्बन्धी सूचना तथा तथ्याङ्क प्रणालीको उपयोग गर्ने ।

८) सम्भव भएसम्म विद्यालय तथा स्वास्थ्य चौकीमार्फत पोषण कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने ।

आगामी दिनहरुमा सरकारले सान्दर्भिक हस्तक्षेपका लागि खाद्य तथा पोषण सुरक्षाका हिसावले जोखिमयुक्त भेग र क्षेत्र पहिचान गर्नुपर्दछ । यस्तो पहिचानले कार्यक्रमहरुलाई उपयुक्त हस्तक्षेपतर्फ उन्मुख गराउनु पर्दछ । सुरक्षित खाद्य उत्पादन सहितको खाद्य तथा पोषण शिक्षा प्रवर्द्धनका लागि घर परिवार तहमा सघन जनचेतना अभियान संचालन गर्न जरुरी छ । खाद्य सुरक्षा जोखिमको संभावना भएका क्षेत्रमा सिंचाइ र स्थानीय वालीलाई प्राथमिकता दिई लगानी वृद्धि गर्न आवश्यक छ । छरितो र जलवायु संवेदनशील कृषि उत्पादन अभ्यासहरुले अनुकूलन तथा उपयोगमा जोड दिन उपयुक्त हुन्छ । स्थानीय तहका कृषि र पशुपंक्षी विकाससँग सम्बन्धित निकायहरुलाई स्थानीय सम्भाव्यता हेरी स्थानीय तहको कृषिसँग सम्बन्धित निकायलाई सुदृढ गर्नुपर्दछ । स्थानीय भूमि व्यवस्थापन अभ्यासको विकास गरी जग्गा उकास, सहकारी र सामुदायिक खेती र बाँझो कृषियोग्य भूमि प्रयोग गर्न प्रोत्साहन गर्नुपर्दछ ।

८.४.३ स्वस्थ्य जीवन र समृद्ध जीवनस्तर:

दीगो विकास **लक्ष्य ३** कतिपय हिसावले सहस्राव्दी विकास लक्ष्य (MDG) हासिल गरेका उपलव्धीमा आधारित भएर अगाडि बढेको छ र मातृ शिशु स्वास्थ्यमा सुधार, एच.आई.भी/एड्स, औलो र अन्य रोगसँग लड्ने जस्ता स्वास्थ्यसँग सम्बन्धित अधुरा मुद्दाहरुलाई सम्वोधन गर्ने चुनौती स्वीकार गरेको छ । यस लक्ष्यसंग सम्बन्धित जोखिममा रहेका (आमाहरु, जन्मजात शिशुहरु, वृद्ध-वृद्धा र बाल-बच्चाहरु) को रुग्णता र मृत्यु कम गर्न, सर्ने नसर्ने रोगहरु घटाउने, जोखिमका कारक (सूर्तिजन्य पदार्थ, लागू पदार्थको दुरुपयोग, रासायिनक खतराहरु र प्रदूषण आदि) घटाउने, सबैको लागि स्वास्थ्य सेवा उपलव्ध गराउने र स्वास्थ्य क्षेत्रलाई सवल वनाउने मुख्य रहेका छन् । यसका लागि स्वास्थ्य क्षेत्रमा लगानी बढाउने, विशेष गरी ग्रामीण र शहरका गरिव र कम सुविधा प्राप्तहरुलाई समतामा आधारित गुणस्तरयुक्त आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने, मधुमेह र मुटु सम्बन्धी रोग जस्ता नसर्ने रोगहरुको बढ्दो भारलाई सम्वोधन गर्ने, शहरी क्षेत्रमा संक्रामक रोगहरुको नियन्त्रण स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित गर्ने ग्रामीण क्षेत्रमा गुणस्तरयुक्त स्वास्थ्य जनशक्ति बढाउने रोग प्रतिरोधात्मक स्वास्थ्य उपचारमा जोड दिने, घरपरिवार र विशेष गरी महिला र बाल-बालिकाको पोषण स्थिति सुधार्ने स्वास्थ्य क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने जस्ता चुनौतीहरु देखिएका छन् ।

**स्थानीय तहले गर्नुपर्ने कार्य**

1) आधारभूत स्वास्थ् तथा सरसफाइसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा लागू गर्ने ।
2) स्थानीय तहको सार्वजनिक सुविधाहरु (स्वास्थ्य चौकी तथा स्थानीय तहका अस्पतालहरु) को स्थापना निर्माण तथा व्यवस्थापन गर्ने, आकस्मिक स्वास्थ्य सेवा र त्यसका यातायातका सुविधाहरु उपलव्ध गराउने, आवश्यकता अनुसार बिरामीहरुलाई प्रादेशिक स्वास्थ्य सुविधा भएका ठाउँहरुमा सिफारिस गर्ने ।
3) औषधी तथा स्वास्थ्य सामग्रीहरु स्थानीय तहमा खरिद, भण्डारण तथा वितरण गर्ने ।
4) निरोधात्मक स्वास्थ्य सेवा अभियान सञ्चालन गर्ने र स्थानीय तहका अन्य विस्तृत स्वास्थ्यसम्बन्धी कार्यहरु तथा चुरोट रक्सी एवम् लागू पदार्थविरुद्ध जनचेतना प्रवर्द्धन गर्ने ।
5) निजी स्वास्थ्य सुविधाहरुको सञ्चालन सम्बन्धमा (साधारण अस्पतालहरु, नर्सिङ्ग होम, डाइग्नोसिस सेन्टर तथा अन्य स्थानीय स्वास्थ्य संस्थाहरु) दर्ता, नियमन तथा अनुगमन गर्ने ।
6) पराम्परागत स्वास्थ्य उपचार सेवाहरु जस्तै आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथी तथा प्राकृतिक उपचार सुविधाहरु उपलव्ध गराउने र रेखदेख गर्ने ।

यी चुनौतीहरुलाई सम्वोधन गर्न विशेष गरी स्थानीय तह (पालिका स्तर) मा गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रवाह (व्यवस्थापन योजना, जनशक्ति, पूर्वाधार, आपूर्ति) संस्थागत गर्न आवश्यक छ । पालिकाहरुको व्यवस्थापनमा रहेको स्वास्थ्य उपचार प्रणालीलाई यथाशीघ्र सुदृढ गरिनु पर्दछ । किनकी अहिले अस्तित्वमा रहेका सार्वजनिक स्वास्थ्य प्रदायक यिनीहरु मात्र हुन् । सबै स्थितिमा तालीम प्राप्त दक्ष प्रसुतिकर्मीवाट जन्म गराउने वा उनीहरुसम्मको पहुँच सुनिश्चित गराउन पनि स्थानीय तहको विशेष भूमिका रहन्छ । यसका लागि स्रोत साधनको परिचालन मात्र होइन, टाढा र दुर्गम भेगका लक्षित समुदायसम्म पुग्न सक्ने बलियो प्रणाली (Outreach System) बनाउन आवश्यक छ । सबैका लागि स्वास्थ्य वीमा कार्यक्रमलाई पहुँचयोग्य र गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रवाहसँग आवद्ध गर्नुपर्दछ । स्वास्थ्यलाई सार्वजनिक वस्तुको रुपमा ग्रहण गरी यस क्षेत्रमा सार्वजनिक निजी र गैर सरकारी क्षेत्रको साझेदारी र समन्वय बढाउन प्रयास गर्नुपर्दछ ।

८.४.४ समावेशी र गुणस्तरीय शिक्षाः

सबै दीगो विकास लक्ष्य प्राप्तीमा शिक्षाको महत्वपूर्ण भूमिका छ, किनभने यो आफैंमा एक लक्ष्य हुँदाहुँदै यसले अरु लक्ष्य प्राप्ती सम्बल (Enabler) को काम गर्छ । ज्ञानमा पहुँच मानव विकासको महत्वपूर्ण पक्ष हो । दीगो विकास लक्ष्य ४ ले समावेशी तथा समतायुक्त गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । दीगो विकास लक्ष्य ४ ले छात्रछात्राहरुलाई सिकाइका सकारात्मक परिणामहरु प्राप्त हुन सकून भन्ने उद्देश्यले निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको व्यवस्था, सबै छात्रछात्राहरुको गुणस्तरीय प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षामा पहुँच, धान्न सकिने तथा गुणस्तरीय शिक्षामा पहुँच, प्राविधिक एवम् व्यावसायिक दक्षता भएका युवा तथा वयस्कहरुको संख्यामा वृद्धि, लैङ्गिक असमानताहरुको अन्त्य र शिक्षाका सबै तहहरुमा समान पहुँच, लगभग पूर्णसाक्षरता प्राप्त गर्ने, सबै सिकारुहरुले दीगो विकास प्रवर्द्धन गर्न आवश्यक ज्ञान र सीपहरु हासिल गरिसक्ने जस्ता सुनिश्चितता खोजेको छ ।

**स्थानीय तहले गर्नुपर्ने कार्य**

1. पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक शिक्षाका साथै अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, लामो/निरन्तर सिकाइ (Prolonged Learning) तथा विशेष शिक्षाको नीति, कानून, मापदण्ड, योजना तथा नियमन तयार गर्ने तथा लागू गर्ने ।
2. राष्ट्रिय, प्रादेशिक लक्ष्य तथा स्थानीय अवस्था सुहाउँदो गरी शिक्षामा पहुँच तथा शैक्षिक प्रतिफल प्राप्ती सम्बन्धी उद्देश्य तथा लक्ष्य तय गर्ने ।
3. सार्वजनिक विद्यालयहरुको (आधारभूत तथा माध्यमिक) स्थापना, निर्माण तथा व्यवस्थापन गर्ने । यस अन्तरगत शीक्षक तथा कर्मचारीहरुको व्यवस्थापन, शैक्षिक सामग्री तथा पाठ्यक्रमको खरिद तथा वितरण एवम् शैक्षिक पूर्वाधारहरुको निर्माण एवम् सम्भार कार्यहरु गर्ने ।
4. प्राविधिक शिक्षा व्यावसायिक तालीम तथा उच्च शिक्षाका सम्भावनाहरुमा स्थानीय पहुँच प्रवर्द्धन गर्ने ।
5. निजी विद्यालयहरु तथा शैक्षिक सुविधाहरु, शैक्षिक परामर्श सेवामा स्वीकृति सम्बन्धमा दर्ता तथा नियमन एवम् अनुगमन गर्ने ।
6. विद्यार्थीहरुको प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।
7. स्थानीय पुस्तकालय तथा अध्ययन कोठाहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षा कार्यान्वयन स्थानीय सरकारको क्षेत्राधिकार अन्तर्गत पर्दछ । यसर्थ स्थानीय सरकारले सबैका लागि सुलभ र समावेशी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुपर्दछ । विद्यालय बाहिर रहेका खासगरी विपन्न र सीमान्तकृत समुदाय र दुर्गम भेगका बालबालिकालाई विद्यालय शिक्षा सुलभ बनाउँन केन्द्रीत हुनुपर्दछ । यसका लागि समुदायको चेतना वृद्धि र राम्रो शैक्षिक पूर्वाधार मात्र पर्याप्त हुन्न, बालबालिका विद्यालय नपठाउने घरपरिवारको चासो सम्वोधन गरिनुपर्दछ । विशेषतः स्थानीय सरकारले बीचमा

विद्यालय छाड्ने दरमा कमी ल्याउने र विद्यालयमा टिकाइ राख्ने (retention) दर बढाउन आवश्यक छ । विद्यालयमा बिताउने वर्ष बढाउन र सिकाइ उपलव्धी हासिल गर्ने वातावरण तयार गर्न प्राथमिकदेखि माध्यमिक तहसम्म बीचैमा विद्यालय छाड्ने दरमा उल्लेख्य कमी ल्याउन आवश्यक छ । यसका अतिरिक्त, न्यूनतम दक्षता सुनिश्चित गर्न सिकाइ सम्बन्धी वातावरण र शिक्षाको गुणस्तरमा सुधार ल्याउन जरुरी छ । सिकाइको सान्दर्भिकतालाई आवश्यक जीवन पर्यन्त सीप (Life skills) सँग जोडिनु पर्छ । विद्यालय पूर्वाधारका गुणस्तरमा सुधारका साथै विद्यालय पूर्वाधारको सफ्टवेयर (उत्प्रेरित र कुशल व्यवस्थापन, शिक्षकहरुको संख्या, गुणस्तर र उत्प्रेरणा) र भौतिक संरचना र सुविधाहरुमा सुधार गर्न विद्यालयको सुशासन र लगानी वृद्धिमा जोड दिनु पर्दछ ।

८.४.५ <u>लैङ्गिक समानताः</u>

महिला र बालिका विरुद्ध हुने असमानता र भेदभाव अन्त्य गर्न केवल आधारभूत मानव अधिकार मात्र होइन, यो दीगो विकासलाइ परीसीमित गर्ने अत्यन्त महत्वपूर्ण एकल कारक पनि हो । आर्थिक विकासलाई गति दिन, सामाजिक विकासलाई प्रवर्द्धन गर्न, गरिमा प्रदान गर्न र आधा मानवतालाई विकासमा समान साझेदारी प्रदान गर्न लैङ्गिक समानता महत्वपूर्ण पूर्व आवश्यकता हो । यस लक्ष अन्तर्गत सबै महिला र किशोरीहरु विरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरुलाई अन्त्य, महिला र किशोरीहरु बिरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका हिंसा र शोषणको अन्त्य, महिला विरुद्ध हुने सबै प्रकारका हानीकारक व्यवहारको अन्त्य, विभिन्न सुविधा र उत्तरदायित्वको बाँडफाँड गरी पारिश्रमिक विना गरिने हेरचाह र घरायसी कामलाई मान्यता र महत्व, सबै निर्णय तहहरुको नेतृत्वमा महिलाहरुको पूर्ण र समान सहभागिता र समान अवसर स्वःयौन तथा प्रजनन स्वास्थ्यमा सबै महिलाहरुको पहुँचको सुनिश्चितता यसले खोजेको छ ।

## <u>स्थानीय तहले गर्नुपर्ने कार्य</u>

1) महिला हकको संरक्षण तथा प्रगति सम्बन्धी नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।
2) स्थानीय तहको नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सक्रियताका साथ प्रवर्द्धन गर्ने । स्थानीय तहमा लैङ्गिकमैत्री कार्य वातावरणको सिर्जना गर्ने ।
3) लैङ्गिक उतत्तरदायी बजेट प्रणाली लागू गर्ने । साहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
4) स्थानीय तहमा उपलव्ध गराइने सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ इत्यादि सबै प्रकारका सेवाहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने ।
5) स्थानीय तहमा समावेशी सशक्तिकरण तथा महिलाको क्षमता विकास सुनिश्चित गर्ने ।
6) लैङ्गिक हिंसा हटाउन निरोधात्मक, प्रवर्द्धनात्मक साथसाथै सुरक्षात्मक उपायहरु अपनाउने र सुधार गृहहरु (सुरक्षित घरहरु) उपलव्ध गराउने ।

सामाजिक तथा आर्थिक जीवनमा लैङ्गिक समानता सुनिश्चित गर्ने, महिला विरुद्ध हुने लैङ्गिक हिंसाको अन्त्य गर्ने, विकास कार्यक्रममा लैङ्गिक संवेदनशीलता सुनिश्चित गर्ने, एवम् प्रविधी र ज्ञानमा महिलाको पहुँच बढाउने जस्ता चुनौतीहरु अहिले पनि विद्यमान छन् । यसका लागि सबै कार्यक्रममा लैङ्गिक लेखापरीक्षणलाई संस्थागत गर्नुपर्दछ । यो केन्द्रदेखि स्थानीय तहसम्मका सबै कार्यक्रममा समान रुपमा लागू हुनुपर्दछ । कार्यस्थलको वास्तविकता झल्कने गरी लैङ्गिक बजेटको सूक्ष्म परीक्षण (Scrutinize) गरिनु पर्दछ । स्थानीय तहले आफ्ना वार्षिक कार्यक्रमहरु मार्फत लैङ्गिक हिंसा र हानीकारक मान्यताहरु विरुद्ध निरन्तर ठोस अभियान जारी राख्नुपर्दछ । संबैधानिक प्रावधानहरुले विशेष गरी स्थानीय तहमा निर्वाचित निकायमा महिलाको प्रतिनिधित्वलाई सशक्तिकरणमा बदल्न प्रतिनिधीहरुको क्षमता निर्माणमा जोड दिनु पर्दछ ।

८.४.६ स्वच्छ खानेपानी र सरसफाइः

दीगो विकास लक्ष्य ६ ले सबैका लागि सुरक्षित खानेपानी र सरसफाइ सुनिश्चित गर्ने मात्र होइन, वर्तमान र भावी पुस्ताका लागि स्वच्छ पानीका स्रोतहरुको दीगो व्यवस्थापन गर्ने उद्देश्य लिएकोछ । सबैको निम्ती सुरक्षित र खर्चले धान्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने, सरसफाइमा सबैको पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने र खुल्ला रुपमा दिसा पिसाव गर्ने बानीको अन्त्य गर्ने, प्रदूषण घटाएर, चुहावट अन्त्य गरेर हानीकारक फोहोर तथा रसायनहरु विसर्जन कार्यलाई न्यूनीकरण गरी खानेपानीको गुणस्तर सुधार गर्ने, पानी प्रयोगको दक्षतालाई सबै क्षेत्रहरुमा सारभूत रुपमा सुधार गर्ने, सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरु कार्यान्वयन गर्ने र पहाड, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरु लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरुको संरक्षण र पुनर्स्थापन गर्ने आकांक्षाहरु यस लक्षले लिएको छ ।

खानेपानी सुविधाको दीगोपना सुनिश्चित गर्ने, खानेपानी गुणस्तर सुधार सुनिश्चित गर्ने, आधारभूत सरसफाइमा पहुँच बढाउने र खुल्ला दिशा, पिसाब गर्ने प्रचलनको अन्त्य गर्ने, खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सुविधाहरु र सेवाहरुमा प्रदेशहरु र भौगोलिक क्षेत्रहरु वीच रहेको असमानता घटाउने, स्वच्छ पानीको स्रोतहरु र जलाधार क्षेत्रको संरक्षणमा सुधार गर्ने, एकीकृत जलस्रोत व्यवस्थापन प्रबर्द्धन गर्ने जस्ता चुनौतीहरु यस लक्ष्यसँग सम्बन्धित छन् । यस लक्ष्यका यी चुनौतीहरुलाई मूलतः स्थानीय सरकारले सम्वोधन गर्नुपर्ने हुन्छ ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1) सफा खानेपानी तथा सरसफाइको पहुँचसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमहरु लागू तथा कार्यान्वयन गर्ने । शुल्कमा आधारित खानेपानी तथा सरसफाइका सेवा शुल्क तथा नियमहरु निर्धारण गर्ने ।

2) स्थानीय सेवा प्रदायक कम्पनीहरुबाट उपयुक्तानुसार व्यावसायिक रुपमा पाइपद्वारा वा अन्य तवरले खानेपानीको प्रवन्ध गर्ने । त्यस्ता सेवा सम्बद्ध खानेपानी तथा सरसफाइसम्बन्धी विकासका कामहरु र दस्तुरमा आधारित स्थानीय खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन तथा मर्मत सम्भार गर्ने ।

3) ढल व्यवस्थापन तथा प्रशोधन केन्द्रको स्थापना तथा फोहोर पानीको प्रशोधन व्यवस्थापन

तथा पूर्वाधारको निर्माण एवम् व्यवस्थापन ।

4) भवन मापदण्डमा खानेपानी तथा ढल निकाससम्बन्धी प्रावधानसमेत समावेश गरी लागू गर्ने ।

5) अति गरिव घरधुरीलाई पाइपद्वारा वा गैरपाइपद्वारा खानेपानी तथा सरसफाइ सेवाहहरुको लागि उचित अनुदानको व्यवस्था गर्ने ।

6) निजी खानेपानी वितरक तथा ढल निकास सञ्चालकहरुका सेवाहरुको नियमन तथा अनुगमन गर्ने ।

7) समुदायमा आधारित, गैरनाफामूलक तथा निजी एवम् घरधुरी तहका खानेपानी तथा सरसफाइसम्बन्धी प्रावधानहरुलाई सहयोग र नियमन गर्ने ।

8) सरसफाइसम्बन्धी चेतना अभियान तथा कार्यक्रमहरु (खुला दिसामुक्त गाउँ) प्रवर्द्धन गर्ने ।

सुधारिएको खानेपानी तथा सरसफाइ र स्वच्छताका सुविधाहरुमा पहुँच सुनिश्चित गर्न, विस्वसनीयता र गुणस्तर बढाउन र अनुगमन प्रणालीलाइ संस्थागत गर्न स्थानीय तह सजग रहनुपर्छ । स्थानीय तहमा खानेपानी तथा सरसफाइ र स्वच्छताका विकास योजना सुनिश्चित गर्नुपर्दछ । खानेपानीको गुणस्तर, पानी सुरक्षित समुदाय, पानीको कार्यक्षमता र दीगोपनामा सुधार ल्याउन खानेपानी आयोजनाहरुको मर्मत सम्भारलाई प्राथमिकता दिनु पर्दछ । शहरी र घना भएका ग्रामीण क्षेत्रमा पानीको निकास र फोहोर मैला व्यवस्थापनमा सुधार आवश्यक छ । स्थानीय जनताको सक्रिय सहभागिता मार्फत पानीका स्थानीय स्रोतहरुको संरक्षण गर्ने, फोहोर पानीको वैज्ञानिक व्यवस्थापन गरी वातावरण (जलाधार क्षेत्र, कुवा, ताल र नदी प्रणाली) को संरक्षण गर्ने, खुल्ला दिशा पिसाव गर्ने कार्यलाइ निरुत्साहन गर्ने जस्ता खानेपानी तथा सरसफाइका कार्यक्रमलाई वार्षिक कार्यक्रममा उच्च प्राथमिकतामा राख्न आवश्यक छ ।

### ८.४.७ धान्न सकिने र स्वच्छ ऊर्जा:

स्वच्छ ऊर्जा दीगो जीवन र दीगो ग्रहको आधार हो । दीगो विकास लक्ष्य ७ का परिमाणात्मक लक्ष्यहरुमा सन् २०३० सम्ममा सस्तो, भरपर्दो आधुनिक ऊर्जामा सबैको पहुँच पुऱ्याउने, देशको सन्दर्भ अनुसार विश्व ऊर्जा सम्मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा ठूलो परिमाणमा वृद्धि गर्ने र ऊर्जा दक्षतामा विश्वको सुधार दरहरुलाई दोव्वर बनाउने यस लक्ष्यका परिमाणात्मक लक्ष्यहरु हुन् । यी लक्ष्यहरुले दीगो ऊर्जा आपूर्तिका लागि ऊर्जा अनुसन्धान र प्रविधिमा पहुँच पुर्‍याएर अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने र पूर्वाधार र प्रविधि विस्तार गर्ने पक्षहरु समेटिएका छन् । वहुउद्देशीय जलाशययुक्त जलविद्युत आयोजनाहरुको प्रवर्द्धन र निर्माण, समयमै योजना र प्रसारण लाइन र सवस्टेशन नबनेका कारण, विजुलीको निकासी हुन नसक्नु, आयोजनाको डिजाइन र कार्यान्वयनमा हुने ढिलाइ, विद्युत उत्पादन गर्ने आयोजनामा पर्याप्त पूर्वाधारको व्यवस्था, सौर्य र वायु ऊर्जाको विकल्पको सम्भाव्यता वारे पर्याप्त खोजी नहुनु, उत्पादन, प्रसारण, वितरण व्यवस्थित नहुनु जस्ता चुनौतीहरु देखिन्छन् । यसका लागि घर परिवारलाई स्वच्छ ऊर्जा स्रोतको उपयोगतर्फ डोर्‍याउन गुणस्तरमा यथाशीघ्र सुधार गरिनु आवश्यक छ । ग्रीडसँग नजोडिएका दुर्गम क्षेत्रहरुमा सौर्य र वायुजस्ता वैकल्पिक ऊर्जा स्रोतलाई प्रवर्द्धन गर्न आवश्यक छ । प्रसारण लाइन निर्माण कार्यसँग समन्वय गरी आयोजनाहरु समयमै सम्पन्न गर्नुपर्छ । घरायसी प्रयोजनका लागि स्वच्छ ऊर्जाको प्रयोगलाई

प्रवर्द्धन गर्नुपर्दछ । स्वच्छ ऊर्जा क्षेत्रमा घरेलु लगानीका साथसाथै द्विपक्षीय, बहुपक्षीय, निजी लगानी परिचालन गर्ने नीति र रणनीति अप्नाउनु आवश्यक छ ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1) स्थानीय तहको लघु जलविद्युत योजना तथा वैकल्पिक ऊर्जा सम्बन्धमा नीति निर्माण कार्यान्वयन तथा नियमन ।

2) स्थानीय विद्युत वितरण व्यवस्थापन, सेवाहरुको कार्यान्वयन तथा नियमन (जस्तो ३ मेगावाटभन्दा कम लघु जलविद्युत आयोजनाहरु) ।

### ८.४.८ मर्यादित काम र दीगो आर्थिक वृद्धिः

दीगो विकास लक्ष्य ८ आर्थिक वृद्धि र रोजगारीसँग सम्बन्धित छ । आर्थिक वृद्धिका दुइओटा पाटा छन्ः प्रतिव्यक्ति गार्हस्थ उत्पादन र रोजगारी । जब यी दुवैको सँगसँगै वृद्धि हुन्छ, आर्थिक वृद्धिका प्रतिफलहरु जनसंख्यामा अझ राम्ररी वितरण हुन्छ । दीगो विकास लक्ष्य ८ ले गरिवी न्यूनीकरण गर्ने, स्वास्थ्य, शिक्षा, स्वच्छ पानी, ऊर्जा, पूर्वाधार, रोजगारमा पहुँच बढाउन सहयोग गर्दछ । नेपाल जस्तो कम विकसित देशले कम्तीमा ७ प्रतिशतका दरले प्रतिव्यक्ति आम्दानीमा लगातार वृद्धि गर्ने, विविधीकरण र प्रविधिको स्तरोन्नति गरी उच्चस्तरको उत्पादकत्व प्राप्त गर्ने र उत्पादनशील क्रियाकलापलाई टेवा दिने, मर्यादित कामको सिर्जना गर्ने र लघु, साना र मध्यमखाले उद्योग विकासलाई उत्साहित गर्ने नीतिलाई प्रबर्द्धन गर्ने रहेका छन् ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1. सहकारीहरुको गठन, सञ्चालन तथा विघटन सम्बन्धी नीति, कानून तथा योजना निर्माण, कार्यान्वयन तथा नियमन ।
2. स्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन तथा नियमन एवम् स्थानीय आर्थिक अवस्थाको विश्लेषण गर्ने ।
3. व्यापार व्यवसाय तथा आवत-जावतको पहुँच विस्तार हुने गरी स्थानीय सडक तथा पूर्वाधारहरुको योजना तर्जुमा तथा निर्माण गर्ने ।
4. स्थानीय बजारको निर्माण, सञ्चालन तथा नियमन गर्ने, आर्थिक गतिविधिलाई सहयोगका लागि सार्वजनिक निजी साझेदारीको पक्षमा काम गर्ने ।
5. स्थानीय तहमा पर्यटनको प्रवर्द्धन गर्ने ।
6. शिक्षा तथा सीप विकास एवम् जीविकोपार्जनको प्रवर्द्धन गर्ने । स्कूलदेखि श्रम बजारमा प्रवेशवीचको अन्तरिम अवस्थाको व्यवस्थापन गर्ने ।
7. श्रम बजारमा महिलाहरुको पहुँचलाई प्रवर्द्धन गर्ने ।

रोजगारका अवसरहरु विस्तार गर्ने र बढी उत्पादनशील काम सिर्जना गर्ने, सीप विकास र रोजगारी विकास र रोजगारी बजार वीचको सम्बन्धलाई सुदृढ गर्ने, कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने , वैदेशिक रोजगारलाई सुरक्षित र बढी पारिश्रमिकयुक्त बनाउने, औपचारिक क्षेत्रको

रोजगारीको दायरा र आकार (Scope And Magnet ude) बढाउने लगायतका चुनौतिहरु यस लक्ष्यको परिपूर्तिको विशिष्टीकृत र विविधीकरण गरी आर्थिक वृद्धिका गतिलाई तीव्रता दिनु पर्दछ । बढ्दो श्रम शक्तिका लागि रोजगारका अवसरहरुको विस्तार गर्न उच्च आर्थिक वृद्धि दर आवश्यक छ । ग्रामीण क्षेत्रमा न्यूनतम रोजगार प्रत्याभूति, साना पूर्वाधार विकासलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ । उपयुक्त नीति र प्रोत्साहनको माध्यमबाट कृषि उत्पादनको प्रशोधन जैविक विविधता सम्बन्धी स्रोत आदिसँग जोडिएका रोजगारी सिर्जनाका लागि र सहकारी क्षेत्रमा साना र मध्यमखाले उद्योगहरुको विकासमा स्थानीय तहले योगदान गर्न सक्दछन् । यसका अतिरिक्त, विद्यालयहरु र प्राविधिक शिक्षण संस्थाहरुमा विभिन्न तहको सीप विकास कार्यक्रम गर्दा श्रम बजारको माग र सीपसँग जोड्नु पर्दछ । विशेषतः युवा र महिलाहरुका लागि रोजगारीका अवसरहरु सिर्जना गर्नेतर्फ स्थानीय बार्षिक बजेटका कार्यक्रमहरु परिलक्षित हुनुपर्दछ ।

८.४.९ उद्योग, नवपर्तन र पूर्वाधारः

दीगो विकास लक्ष्य ९ ले आधुनिक अर्थ व्यवस्थाको आधारभूत कुरालाई समेट्छ । यस अन्तर्गत भरपर्दो, दीगो, उत्पादनशील पूर्वाधारहरुको विकास, दीगो र समावेशी औद्योगीकरणको प्रबर्द्धन, लघु उद्योगहरुका लागि वित्तीय सेवासम्मको पहुँच विस्तार, पर्यावरणीय दीगोपना सुनिश्चित गर्न पूर्वाधार र उद्योगहरुको स्तरोन्नति र रेक्ट्रोफिटिङ्ग र औद्योगीक क्षेत्रमा वैज्ञानिक अनुसन्धान र प्राविधिक क्षमतामा वृद्धि जस्ता परिमाणात्मक लक्ष्यहरु तोकिएका छन् । यी लक्ष्यहरु कार्यान्वयनका सन्दर्भमा विभिन्न चुनौतीहरु पहिचान भएका छन् । सडक मात्र होइन, एयरपोर्ट र रेल्वे जस्ता यातायातका अन्य मोडललाई समेत ध्यानमा राखी एकीकृत यातायात प्रणाली योजना अप्नाउने, क्षमता सुधार गर्ने, पूर्वाधार मापदण्ड र उत्थानशीलता लागू गर्ने, नयाँ प्रविधिको प्रयोग गर्ने, औद्योगिक वृद्धिका लागि पूर्वाधारका अड्चनहरु र आपूर्ति पक्षमा रहेका अवरोधहरुलाई सम्बोधन गर्ने, बैदेशिक तथा आन्तरिक लगानी आकर्षित गर्ने, अनुसन्धान र प्राविधिक नवप्रवर्तनको आधारशीला राख्ने जस्ता चुनौतीहरु छन् । यसका लागि परिवहन र व्यापार प्रयोजनका लागि सडकहरुको मापदण्ड अनुसार स्तरान्नति र संभार गर्ने, राष्ट्रिय यातायात प्रणाली योजनको विकास गर्ने, तुलनात्मक लाभमा आधारित उद्योगहरुको अलग पहिचान गर्ने र दक्ष जनशक्तिको आवश्यकता सम्बन्धी अध्ययन गर्ने कामहरुलाई प्राथमिकतामा राख्न आवश्यक छ । यसका अतिरिक्त, निर्माण कामको गुणस्तर र मापदण्ड कमसल हुनबाट रोक्न स्थानीय तहले निर्माण सामग्रीको गुणस्तर नियन्त्रण र निर्माण मापदण्डको पालनामा विशेष निगरानी राख्न सक्दछन् ।

**स्थानीय तहले गर्नुपर्ने कार्य**

1) भू-उपयोग योजनाअनुरुप जमिनको उपयोग, भवन निर्माण इजाजत पत्र तथा स्वीकृति, भूमि कर तथा स्थिर सम्पत्तिसम्बन्धी नीति कानून तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने ।

2) यातायातमा पहुँच वृद्धि तथा बजार, व्यापार प्रवर्द्धन गर्न स्थानीय सडक पूर्वाधारहरु (पुलहरु, कल्भर्ट, फुटपाथ, सडक वत्ती इत्यादि) को निर्माण तथा सम्भार गर्ने । यसका साथै खानेपानी, ढल, बिजुली तथा सूचना सञ्चार प्रविधि जसले उत्पादकत्व तथा जमिनको मूल्य वृद्धिमा सहयोग पुऱ्याउँदछ तिनका निर्माण तथा सम्भार गर्ने ।

3) स्थानीय तहका व्यापारिक संस्थाहरुलाई इजाजत पत्र दिने, दर्ता गर्ने, नवीकरण गर्ने, दर्ता खारेज गर्ने, अनुगमन तथा नियमन गर्ने । घरेलु उद्योग पर्यटन तथा अन्य स्थानीय आर्थिक गतिविधिहरुको प्रवर्द्धन गर्ने ।

4) एक सय वाट क्षमतासम्मको एफएम रेडियोको लाइसेन्स वितरण गर्ने, नवीकरण गर्ने, नियमन गर्ने एवम् दर्ता खारेज गर्ने ।

८.४.१० न्यून असमानताः

चरम असमानताले आर्थिक वृद्धि र गरिवी न्यूनीकरणमा बाधा पुऱ्याउँछ, गरिव र सीमान्तकृतको सामाजिक गतिशिलतामा गतिरोध उत्पन्न गर्दछ र सुशासन र कानूनको शासनमा हस्तक्षेप गर्दछ । समावेशी भएन भने आर्थिक वृद्धि मात्रैले गरिबी न्यूनीकरण गर्न सक्दैन । असमानता घटाउनु कुनै पनि समाज समावेशी र लिङ्ग, धर्म, जातीयता, आस्था आदिका आधारमा विभेदमुक्त हुनका लागि आवश्यक पूर्व शर्त हो । तसर्थ, यस लक्ष्य अन्तर्गत आयको दृष्टिकोणले तलको तहमा रहेका ४० प्रतिशत जनसंख्याको आयको वृद्धि राष्ट्रिय औषत भन्दा बढीले हासिल गर्ने, सामाजिक, आर्थिक र राजनीतिक समावेशीहरुलाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने, परिमाण र कानूनी व्यवस्थामा समान अवसरको सुनिश्चितता गर्ने र असमानताहरुलाई घटाउने, कूल गार्हस्थ उत्पादनमा सामाजिक सुरक्षा स्थानान्तरणको हिस्सा बढाउने, विश्व वित्तीय बजारको नियमन र अनुगमनमा सुधार गर्ने, अन्तर्राष्ट्रिय आर्थिक र वित्तीय संस्थाहरुमा विकासशील देशहरुको प्रतिनिधित्व र आवाज पुऱ्याउने, व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवारपूर्ण बसाइ-सराइको सहजीकरण गर्ने जस्ता लक्ष्यहरु तोकिएका छन् ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1. महिला, केटाकेटी, गरिब तथा अन्य सुविधाबाट वञ्चित समूहमा विद्यमान असमानता हटाउने तथा सामाजिक सुरक्षाको प्रावधानको ऐन, नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तयार तथा कार्यान्वयन गर्ने ।
2. स्थानीय तहले सेवा लिने वा खरिद गर्ने लगायत सबै काममा समतामूलक तथा समावेशी तरिका अपनाउने बारे सुनिश्चित गर्ने ।
3. सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइमा पहुँच, फोहोरमैला व्यवस्थापन, रोजगारीको कार्यक्रमहरु आदि जस्ता सार्वजनिक सेवाहरुमा समान पहुँचको सुनिश्चित गर्ने ।

उल्लेखित लक्ष्यहरु हासिल गर्ने सन्दर्भमा भू-स्वामित्व र भूमिहिनतासँग सम्बन्धित संरचनात्मक असमानताहरुका मुद्दाहरुलाई सम्बोधन गर्ने, मानवीय पूँजी र क्षमता अभिवृद्धि गर्नमा बढी जोड दिने, रोजगारी सिर्जना वृद्धि गर्ने र श्रमको उत्पादकत्व बढाउने, लक्षित समूहहरुको लागि सामाजिक सुरक्षा र संरक्षणको सुदृढीकरण गर्ने जस्ता चुनौतीहरु देखिएका छन् । यसका लागि प्रगतिशील कर नीतिलाई प्रभावकारी ढङ्गले लागू गर्ने सामाजिक सुरक्षालाई राष्ट्रिय

विकास रणनीतिको अभिन्न अङ्गको रुपमा एकीकृत गर्ने, प्रगतिशील भूमिसुधारको नीति अवलम्वन गर्ने जस्ता कार्यहरुलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

### ८.४.११ दीगो शहर र समुदायहरु:

दीगो विकास लक्ष्य ११ का परिमाणात्मक लक्ष्यहरुले सबैका लागि पर्याप्त, सुरक्षित, सस्तो आवास (सुरक्षित सस्तो, दीगो यातायात प्रणाली, समावेशी र दीगो शहरीकरण र योजना र व्यवस्थापन गर्ने क्षमतामा विकास, सांस्कृतिक र प्राकृतिक सम्पदाको सुरक्षा र संरक्षण, प्रकोपबाट कुनै क्षति न्यूनीकरण र जोखिममा रहेको जनसंख्याको संरक्षण, वायु प्रदूषण र फोहोर मैलाबाट हुने खराब वातावणीय असर न्यूनीकरण, र सबैका लागि सुरक्षित समावेशी हरित स्थान) को सुनिश्चितता खोज्छन् ।

यो लक्ष्य प्राप्तीको सन्दर्भमा पूर्वाधार अन्तरलाई पूरा गर्न स्रोतको उपलव्धता, सुरक्षित, सस्तो र पर्याप्त आवासको पहुँचमा सुधार, शहरी क्षेत्र र घनावस्तीमा वातावरणको गुणस्तर सुनिश्चित गर्ने, शहरी योजना र भू-उपयोग नियमहरुको कार्यान्वयनका लागि संस्थागत प्रणालीको आवश्यकता, शहरभित्र र अन्तर शहर आमपारवहन प्रणाली स्थापना जस्ता चुनौतीहरु विद्यमान छ ।

**स्थानीय तहले गर्नुपर्ने कार्य**

1) स्थानीय स्तरका सार्वजनिक यातायात (स्थानीय रेल, बस, ट्याक्सी तथा अन्य सार्वजनिक यातायात समेत) व्यवस्था, त्यससँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तर्जुमा गरी कार्यान्वयन तथा नियमन गर्ने ।

2) स्थानीय बासिन्दाको सुरक्षा तथा दिगो बसाइसम्बन्धी वातावरण सुनिश्चित गर्न शहरी पूर्वाधारहरुको योजनाको कार्यान्वयन तथा व्यवस्थापन गर्ने ।

3) शहरी पूर्वाधार, शहरी सुविधा तथा शहरी सेवाहरु जस्तै सार्वजनिक पार्क, हरियाली स्थलहरु, सहर बत्ती, फोहोरमैला व्यवस्थापन एवम् यातायातसम्बन्धी पूर्वाधारहरुको व्यवस्थित विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

यी चुनौतीहरुलाई सम्बोधन गर्दै शहरी क्षेत्रको सडक, ढल, खानेपानी र फोहोर मैला व्यवस्थापन जस्ता पूर्वाधारको बढ्दो आवश्यकतालाई पूरा गर्न प्राथमिकतायुक्त पूर्वाधार विकासमा जोड दिन आवश्यक छ । स्थानीय/क्षेत्रीय स्रोतहरुमा आधारित सम्भावित आर्थिक गतिविधिहरुको वृद्धिसँग जोडिएका पूर्वाधार र सेवाहरुको प्रावधानका लागि एकीकृत वस्ती विकासलाई प्राथमिकता दिनुपर्दछ । मध्यम र कम आय भएका परिवारहरुको लागि सुरक्षित, किफायती र समावेशी आवास उपलव्ध गराउन पाइलट परियोजनाहरु संचालन गर्नको साथै प्रकोप उत्थानशील निर्माण विधि लागू गर्न आवश्यक छ । वायु प्रदूषण र सडकको भीड कम गर्न सस्तो वातावरणमैत्री विद्युतीय सहरी यातायात प्रणालीको संचालन गर्ने, नयाँ शहरहरुको योजना बनाउँदा भू-उपयोगमा आधारित योजना र वातावरणीय मापदण्ड र हरियाली सुनिश्चित गर्ने र समावेशी र सहभागितात्मक शहरी योजना प्रणालीलाई संस्थागत गर्ने कामलाई विशेष प्राथमिकता दिनु पर्दछ ।

### ८.४.१२ जिम्मेवारीपूर्ण उपभोग र उत्पादन:

दीगो विकास लक्ष्य १२ को परिमाणात्मक लक्ष्यहरुमा दीगो उपभोग र उत्पादन सम्बन्धी १० वर्षे ढाँचा (Framework) को कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतहरुको दीगो र दक्ष व्यवस्थापन गर्ने, प्रतिव्यक्ति विश्वव्यापी खाद्य अपव्ययलाई आधाले घटाउने, विषाक्त फोहोरको व्यवस्थापन र हावा, पानी र माटो प्रदूषणमा कटौती गर्ने, पुनः प्रशोधन र पुनः प्रयोगको प्रबर्द्धन गर्ने, दीगो अभ्यासहरुको प्रवर्द्धन गर्ने र दीगो विकास सम्बन्धी सान्दर्भिक सूचनामा पहुँच सुनिश्चित गर्ने रहेका छन् । यसैगरी वैज्ञानिक र प्राविधिक क्षमताको सुदृढीकरण, दीगो पर्यटन प्रथालाई बढावा र बजार विकृति हटाएर अनावश्यक फजुँल उपभोगलाई निरुत्साहित गर्ने अन्य लक्ष्यहरु हुन् ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1) संघीय तथा प्रादेशिक वातावरणका मापदण्डहरु समेतलाई सहयोग पुग्ने गरी दिगो खपत तथा उत्पादन सम्बन्धी ऐन, नीति, कानून, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।
2) दिगो उत्पादन तथा खपतको महत्वबारे जनताको सचेतना वृद्धि गर्ने र उनीहरुले वातावरणमा पारेको प्रभाव कम गर्न ज्ञान तथा तरिकाहरु सिकाउने ।
3) न्यून ऊर्जा खपत पद्धतिहरु अपनाएर स्थानीय तहले गर्ने आफ्ना कार्यहरुमा ऊर्जाको दिगो खपत सुनिश्चित गर्ने ।
4) निजी तथा गैर सरकारी क्षेत्रहरुको समन्वय एवम् सहयोगमा ढल निकास तथा फोहोरमैलाको मात्रा कम गर्ने । जस्तो अंग्रेजीका तीन आरका सिद्धान्त (कम उत्पादन गर्ने-Reduce, पुनः प्रशोधन गर्ने- Recycle र पुनः प्रयोग गर्ने-Reuse) अपनाउने ।

कृषि उत्पादन र खाद्यान्न आपूर्ति बढाउनका लागि वातावरण मैत्री कृषि प्रथा अप्नाउने, उत्पादनका सबै प्रक्रियामा स्रोतको उत्पादकत्व र दक्षता अभिवृद्धि गर्ने, उत्पादन र खपतमा स्पष्ट देखिने अपव्यय न्यूनीकरण गर्ने, प्रदूषण नियन्त्रण र विषाक्त फोहोरको दीगो व्यवस्थापन र विसर्जन गर्ने लगायतका विषय यस सम्बन्धी लक्ष्यको चुनौतीकै रुपमा देखिएका छन् । यसका लागि, कम पानीको उपयोग, जैविक मल र जैविक कीटनाशकको प्रयोगलाई जैविक कृषिको सम्भाव्य नीति र कार्यक्रमहरुसंग एकीकृत गर्न आवश्यक छ । उत्पादकत्व र दक्षता बढाउने प्राविधिक र नवप्रवर्तन अवलम्वन गर्नुपर्दछ । "प्रदूषणले तिर्छ" भन्ने सिद्धान्तलाई आधार बनाउँदै मुख्यतयाः शहरी क्षेत्रहरुमा "कम गर, पुनः प्रयोग र पुनः प्रशोधन गर" को निति लिनुपर्दछ । कृषिमा हानिकारक रासायनिक मल र कीटनाशकहरुको प्रयोगलाई कडाइका साथ नियमन र लागू गर्न आवश्यक छ । प्रदूषण र वातावरणीय गिरावट कम गर्न उत्पादन प्रक्रिया र यातायातमा विजुलीको प्रयोगलाई बढावा दिनुपर्दछ ।

### ८.४.१३ जलवायु सम्बन्धी कार्यः

दीगो विकास लक्ष्य १३ ले जलवायु परिवर्तन र यसबाट पर्ने असरहरुसँग जुध्न र न्यूनीकरण र अनुकूलनका उपायहरु अवलम्वन गरी यसका प्रभावहरु कम गर्न तत्काल कार्य अघि बढाउने लक्ष्य लिएको छ । यस लक्ष्य अन्तर्गत जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरुको सामना गर्न उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गर्ने, जलवायु परिवर्तन सम्बन्धी उपायहरुलाई नीति, रणनीति र योजनामा एकीकृत गर्ने, यसका असर घटाउन शिक्षा,

सचेतना र संस्थागत क्षमतामा सुधार गर्ने र जलवायु सम्बन्धी संयुक्त राष्ट्र संघको फ्रेमवर्क सम्मेलनमा विकसित देशहरुद्वारा गरिएको प्रतिबद्धताहरुको कार्यान्वयन गर्ने विषय समावेश छन् ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1) सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरु तथा बस्ती एवम् वैकल्पिक बस्तीका ठाउँहरुको पहिचान गरेर जलवायु परिवर्तन कम गर्ने उपाय अपनाउन तथा प्रकोप व्यवस्थापन गर्न कानून, नीति, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।

2) वातावरणमैत्री स्थानीय योजनाहरु र सम्भाव्य प्राकृतिक प्रकोपबाट उठ्ने जोखिम सहन सक्ने क्षमताको सुनिश्चित गर्ने ।

3) प्रकोप व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसँग सहयोग, समन्वय तथा सहकार्य गर्ने ।

4) स्थानीय तहमा जोखिमयुक्त वस्तुहरुबाट हुने प्रदूषण नियन्त्रण, नियमन तथा व्यवस्थापन गर्ने ।

5) स्थानीय तहमा प्राकृतिक प्रकोपबाट भएका हानी नोक्सानीको क्षतिपूर्तिका लागि विपद् व्यवस्थापन कोष खडा गरी सञ्चालन गर्ने ।

6) स्थानीय तहले आकस्मिक कार्यको तयारी सुनिश्चत गर्ने । यसका अलावा स्थानीय तहमा आकस्मिक कार्य व्यवस्थाहरु एवम् प्रकोपपश्चात पुनर्वास तथा पुननिर्माण योजनाहरुसमेत तयार गर्ने ।

मौसम परिवर्तनको प्रभावलाई सामना गर्ने सर्न्दभमा नीति निर्माताको तहमा जागरुकता बढाउने, व्यक्ति, घरपरिवार र समुदाय स्तरमा जागरुकता बढाउने, बहु-क्षेत्रीय साझेदारी अप्नाउने, संस्थागत, क्षमता, वित्त र प्रविधी सम्बन्धी मुद्दाहरुलाई सम्वोधन गर्ने, आधार तथ्याङ्क र अनुसन्धानमा सुधार गर्ने, प्रकोप जोखिम न्यूनिकरणमा जोड दिने जस्ता चुनौतीहरु देखिएका छन् । यसका लागि मूलतः जलवायु परिवर्तन सम्बन्धमा सचेतना जगाउँन आवश्यक छ । विद्यालय, सामुदायिक संस्थाहरु, स्थानीय सरकारी निकायहरुबाट जीविका सम्बन्धी स्थानीय अनुभवहरुमा आधारित उदाहरणहरुलाई व्याख्या गर्दै सामुदायिक स्तरमा निरन्तर जागरुकता जगाउन आवश्यक छ । यसले स्थानीय तहमा जलवायु परिवर्तन सम्बन्धी अगुवाहरुको समूह बनाउन सकिन्छ । यथार्थमूलक, कार्यान्वयनयोग्य र सहभागितामूलक स्थानीय अनुकूलन कार्ययोजना तयार गर्नु पर्दछ । जलवायु परिवर्तन सम्बन्धी पहलहरुका लागि खासगरी स्थानीय तहहरु वित्तीय र प्राविधिक हिसावले सशक्त बनाउनु पर्छ र प्रकोप् जोखिम तयारी तथा न्यूनीकरण योजना बनाउनु पर्छ ।

८.४.१४ जलमुनिको जीवन:

नेपाल भू-परिवेष्ठित मुलुक भएकाले महासागर तथा तटीय क्षेत्रहरुको संरक्षण गर्नमा प्रत्यक्ष जिम्मेवार नभएतापनि तटीय क्षेत्र तथा महासागरहरुमा प्रदूषण घटाउन नदीको माथिल्ला भागमा सरसफाइ तथा फोहोर मैलाको व्यवस्थापन गर्न जरुरी हुन्छ । विश्वव्यापी विकास तथा वातावरणीय दीगो विकासका प्रयासहरु बीच ठूलो अन्तरसम्बन्ध भएतापनि भौगोलिक अवस्थितिका कारणले दीगो विकासको चौधौ लक्ष्य नेपाल तथा खासगरी नेपालका स्थानीय तहसँग कम सम्बन्धित रहेको मानिन्छ । तथापि, स्थानीय नदी-नाला, ताल-तलैया र हिमतालहरु संरक्षण तथा सम्बर्द्धन गर्नु आवश्यक हुन्छ ।

८.४.१५ जमीन माथिको जीवनः

दीगो विकास लक्ष्य १५ ले पृथ्वीको भू-परिधिस्तरीय स्रोतहरु-जङ्गल, सिमसार, जलाधार क्षेत्र, हिमालकोसं रक्षण, पुनस्थापना र दीगो प्रयोग गरी पारिस्थितिकीय प्रणालीको अपखण्डता कायम राख्ने र वित्त, लाभको बाँडफाँड र अवैध गतिविधिहरुको नियमनको लागि विश्वव्यापी साझेदारी विकास गर्ने लक्ष्य राखेको छ । यस लक्ष्य अन्तर्गत भू-परिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरुको संरक्षण, पुनर्स्थापना र दीगो प्रयोग गर्ने, सबै प्रकारको वनको दीगो व्यवस्थापनको कार्यलाई प्रबर्द्धन गर्ने, मरुभूमिकरण विरुद्ध जुझ्ने र पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणाली र जैविक विविधता सहित क्षय भएको जमिन र माटोको पुनर्स्थापन गर्ने, प्राकृतिक वासस्थानहरुको क्षयीकरणलाई घटाउन आवश्यक लक्ष्यहरुमा आनुवंशिक स्रोतहरुको उपयोगबाट प्राप्त लाभहरुको निष्पक्ष र समतामूलक बाँडफाँड गर्ने, संरक्षित प्रजातिको चोरी शिकारी र वेचविखत बन्द गर्ने, आक्रामक खालका नौला प्रजातिको प्रभाव रोक्ने उपाय अवलम्वन गर्ने, पारिस्थितिकीय प्रणालीहरु र जैविक विविधका मूल्य मान्यतालाई राष्ट्रिय र स्थानीय तहको विकास योजना र विकास प्रक्रियामा आवद्ध गर्ने, जैविक विविधता र पारिस्थितिकीय प्रणालीहरुको संरक्षण र दीगो प्रयोगको लागि वित्तीय स्रोत साधन परिचालन गर्ने, वनको दीगो व्यवस्थापन र उत्प्रेरणाका लागि वित्तीय लगानी गर्ने र संरक्षित प्रजातिको चोरी शिकारी र बेचविखन विरुद्ध जुझ्न विश्वव्यापी सहयोग वृद्धि गर्ने रहेका छन् ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1) प्रभावकारी वातावरणीय व्यवस्थापन सुनिश्चित गर्ने सम्बन्धमा ऐन, नीति, कानून, मानक, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।
2) भू-संरक्षण तथा जलाधार व्यवस्थापन प्रभावकारी रुपमा गर्ने ।
3) स्थानीय तहमा सामुदायिक वन, ग्रामीण तथा शहरी वन, धार्मिक वन तथा कवुलियत वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापन गर्ने।
4) नदीले छोडेको ठाउँहरु वा नदी कटानहरु, नहरका किनाराहरु तथा सडक किनाराहरुमा वृक्षरोपण गरी सोको व्यवस्थापन गर्ने ।
5) स्थानीय तहमा निजी तथा व्यवसायिक वनको प्रवर्द्धन तथा नियमन गर्ने ।
6) स्थानीय तहमा सार्वजनिक खुला जमीन तथा खाली ठाउँहरुमा वृक्षारोपण, सम्भार, प्रयोग तथा व्यवस्थापन गर्ने ।
7) स्थानीय तहमा जडीवुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन तथा बजार व्यवस्थापन गर्ने ।
8) बीउबिजनका बेर्ना तयारीका साथै बगैंचा स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने ।
9) नर्सरी बिरुवा उत्पादन, वितरण, वृक्षरोपण तथा प्रवर्द्धन गर्ने ।
10) मानव तथा वन्यजन्तुवीचको द्वन्द्व व्यवस्थापन गर्ने ।

वन र जैविक विविधता संरक्षणमा उल्लेखनीय उपलव्धीहरुका वावजूद थुप्रै चुनौतीहरु कायम छन् । नाजुक पारिस्थितिकीय प्रणालीहरुमा वन र जैविक विविधताको संरक्षण गर्नु, वन र जैविक विविधता स्रोतको उपयोग, पारिस्थितिकीय प्रणालीहरुको संरक्षण र विकास क्रियाकलापहरु र आवश्यकता वीच सन्तुलन कायम गर्ने, घरायसी प्रयोगका लागि स्वच्छ ऊर्जा स्रोततर्फ उन्मुख हुन्, वातावरणीय सेवाहरुको भुक्तानी वन र जैविक विविधता व्यवस्थापनबाट प्राप्त लाभहरुको लैङ्गिक संवेदनशील, समावेशी र समतामूलक बाँडफाँड जस्ता चुनौतीहरु विद्यमान छन् । यसका लागि वन तथा जैविक विविधताको व्यवस्थापनमा तीनै तहका सरकारवीच समन्वय आवश्यक छ । सबै महत्वपूर्ण जलाधार क्षेत्रहरुमा वन, जैविक विविधता संरक्षणका साथसाथै भू-क्षय र पहिरो नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन योजना निर्माण र कार्यान्वयनलाई प्राथिमकता दिनुपर्दछ । वातावरणीय दृष्टिकोणले दीगो विकासका सिद्धान्तहरुलाई सबै विकास नीति र योजनामा एकीकृत गर्नुपर्दछ । वन र जैविक विविधता संरक्षणमा आधारित समुदाय सम्वद्ध पर्या-पर्यटनलाई प्रवर्द्धन गर्नका साथै समुदायमा आधारित मानव-वन्यजीवन द्वन्द्वको व्यवस्थापन, जलवायु अनुकूलन योजनाहरु विकास र कार्यान्वयन र हरित उद्यमहरु प्रवर्द्धनमा स्थानीय तहको विशेष भूमिका रहन्छ ।

८.४.१६ शान्ति, न्याय र सशक्त संस्थाहरुः

यस लक्ष्य अन्तर्गत सबै प्रकारको हिसा न्यूनीकरण गर्ने, दूरुपयोग, शोषण र तस्करीको अन्त्य गर्ने, कानूनको शासन प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने, अवैध वित्तीय तथा हातहतियारको प्रवाहलाई घटाउने, सबै प्रकारको भष्टाचार र घुसखोरी घटाउने र सबै तहमा जवाफदेही, प्रभावकारी र पारदर्शी संस्थाको विकास गर्ने, सबै तहको निर्णय प्रक्रियामा सहभगितामूलक र प्रतिनिधिमूलक संस्थाहरु सुनिश्चित गर्ने, सबैको कानूनी परिचय सुनिश्चित गर्ने, सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने, सम्बन्धित राष्ट्रिय संस्थाहरु/निकायहरुलाई सुदृढ गर्ने, गैर विभेदकारी कानूनहरु र नीतिहरु प्रवर्द्धन तथा कार्यान्वयन गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरु तोकिएका छन् ।

## स्थानीय तहले गर्नुपर्ने कार्य

1. नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने ।
2. उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिबाट न्याय सम्पादन छिटो, छरितो र निष्पक्ष गर्ने ।
3. मध्यस्थता तथा मेलमिलापमा जोड दिने ।
4. समावेशी तथा सहभागितात्मक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरु सुनिश्चित गर्ने ।
5. स्थानीय विकासका सूचकहरुलाई विद्युतीय माध्यमद्वारा सार्वजनिक गरेर उत्तरदायित्व प्रवर्द्धन गर्ने ।

प्रस्तुत लक्ष्य कार्यान्वयनको सन्दर्भमा कानूनको शासन कायम गर्ने, जातमा आधारित विभेदमा शून्य सहनशीलता अप्नाउने, द्रुत र प्रभावकारी न्यायको पहुँचमा सुधार गर्ने, हिंसाका घटनाहरुको सूचना/उजुरी गर्ने, प्रादेशिक र स्थानीय तहमा कानूनी र संस्थागत क्षमताको

विकास जस्ता चुनौतीहरु देखिएका छन् । यी चुनौतीहरुलाई सम्बोधन गर्न बनाइएका कानूनहरुको शीघ्र कार्यान्वयन गर्न नागरिक समाज लगायत सबै क्षेत्रबाट कानूनी शासन स्थापना गर्ने विषयमा व्यापक प्रतिवद्धता जगाउँन र सुनिश्चित गर्न आवश्यक छ। कानूनको शासन स्थापनाको लागि विभिन्न निकायहरुवीच समन्वय हुन आवश्यक छ । विभेद विरुद्धका कानूनी व्यवस्था बारेमा सामाजिक स्तरमा व्यापक जागरुकता जगाउने, विभेदका मामिलाहरुबारे सूचित गर्ने, उजूरी दिने परिपाटीलाई प्रोत्साहन गर्ने, पीडितको समस्याको शीघ्र समाधान र न्याय दिनुका साथै पीडकलाई दिइएको दण्डात्मक कारवाहीबारे व्यापक प्रचार प्रसार जस्ता कार्य विभेदको निरन्तरता (Perpetuation) को बाधक बन्न सक्छ । कानून कार्यान्वयन निकाय र नागरिक संगठनहरुवीच साझेदारी आवश्यक छ । न्यायपालिकामा गुणात्मक सुधार र न्यायिक प्रणालीमा छिटो पहुँच सुनिश्चित गरिनुका साथै बक्यौता (Backlog) रहेका मुद्दाहरु घटाउने प्रावधानहरु आवश्यक हुन्छ । हिंसा र शोषण रोक्न सामाजिक र सामुदायिक जागरुकता बढाउनुका साथै कानून कार्यान्वयनमा संलग्न निकायहरुको सक्रिय पहल आवश्यक हुन्छ । यस क्रममा, स्थानीय तहको भूमिका महत्वपूर्ण छ ।

८.४.१७<u>दीगो विकासका लागि साझेदारी:</u>

यस लक्ष्य अन्तर्गत साधन स्रोतको परिचालन सम्बन्धमा आन्तरिक स्रोत साधनहरुको सशक्त परिचालन गर्ने, औपचारिक विकास सहायता (ODA) सम्बन्धी प्रतिबद्धताहरु सुनिश्चित गर्ने, वित्तीय स्रोत साधनहरुको वहु-स्रोतहरु आकर्षित गर्ने, लगानी प्रवर्द्धन गर्ने, दीर्घकालीन ऋणमा दीगोपना कायम गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरु तोकिएका छन् । व्यापारमा विश्व व्यापार संगठन अन्तर्गत सर्वव्यापी, कानूनमा आधारित व्यापार प्रणाली सुनिश्चित गर्ने लक्ष्य पनि रहेकोछ । साझेदारी र सहयोगमा दीगो विकासका लागि विश्वव्यापी साझेदारी बढाउने, सार्वजिनक निजी र नागरिक समाजबीचको साझेदारी प्रर्वद्धन गर्ने र क्षेत्रीय/अन्तर्राष्ट्रिय सहयोग बढाउने लक्ष्यहरु रहेका छन् ।

## <u>स्थानीय तहले गर्नुपर्ने कार्य</u>

1) स्थानीय तहले आफ्नो अनुकुलताको दीगो विकास लष्यको कार्यसूची (एजेण्डा) बनाउने तथा त्यसको अनुगमन गर्ने ।
2) आफ्नो क्षेत्रभित्र राष्ट्रिय विकासका उद्देश्यहरु प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरु संयुक्त रुपमा सञ्चालन गर्ने र यसमा सहभागितात्मक ढङ्गले काम गर्ने ।
3) स्थानीय विकासका लक्ष्यहरु हासिल गर्न स्थानीय तहले आफ्नै राजस्व स्रोतबाट आर्थिक स्रोतहरु सिर्जना गर्ने ।
4) स्थानीयस्तरमा दीगो विकास लक्ष्य हासिल गर्ने स्थानीय तहले सार्वजनिक निजी साझेदारी अवधारणा अपनाउने ।
5) नागरिकको इन्टरनेट पहुँचमा (पुस्तकालयहरु, सामुदायिक केन्द्र आदि) सहयोग गर्न स्थानीय तहले प्रयास गर्ने ।

प्रस्तुत लक्ष्य कार्यान्वयनको सन्दर्भमा वैदेशिक सहयोगको प्रशोचन क्षमता वृद्धि गर्ने, उपयुक्त औद्योगिक नीति र व्यापार विविधीकरण नीतिको माध्यमबाट अर्थतन्त्रको निर्यात क्षमता बढाउने, वैदेशिक प्रत्यक्ष लगानी आकर्षिक गर्ने, साझेदारीका लागि संस्थाहरुको सुदृढीकरण जस्ता चुनौतीहरु देखिएका छन् । यसका लागि प्रभावकारी सहायता परिचालन र सामञ्जस्यताका लागि अन्तर्राष्ट्रिय संम्झौता पालना गर्नुका अतिरिक्त नीतिगत र संस्थागत मुद्दाहरुलाई पनि सम्बोधन गर्नुपर्दछ । यसका अतिरिक्त, वैदेशिक अनुदान र ऋण न्यायपूर्ण हिसाबले र प्राथमिकताका क्षेत्रमा मात्र प्रयोग गर्ने व्यवस्था भएको वैदेशिक सहायता नीति अवलम्वन गर्न पनि आवश्यक छ । निर्यात प्रवर्द्धन र विविधीकरणका लागि स्रोत साधनको परिचालन गर्न रुपान्तरकारी परिवर्तनहरु आवश्यक हुन्छन् । वैदेशिक लगानी मैत्री वातावरण सिर्जना गर्नुका साथै यस सम्बन्धी नीतिहरुले प्रविधि स्थान्तरण र आन्तरिक क्षमता अभिवृद्धिलाई सघाउँनु पर्दछ ।

## ८.५ उपसंहार/निष्कर्षः

संघीय सरकारको एकल प्रयासबाट मात्र दीगो विकास लक्ष्य कार्यान्वयनमा नेपालले जनाएको प्रतिवद्धता पूरा गर्न संभव हुँदैन । त्यसमा पनि गरिवी विहीन, शून्य भोकमरी, राम्रो स्वास्थ्य, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाइ जस्ता लक्ष्यहरु प्राप्तीमा स्थानीय तहको विशेष भूमिका देखिन्छ । अन्य लक्ष्यहरु प्राप्तीमा पनि तीनवटै सरकार-संघ, प्रदेश र स्थानीय सरकारका संयुक्त प्रयासहरुबाट मात्र संभव छ । तसर्थ, स्थानीय तहले आफ्ना वार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमा गर्ने सन्दर्भमा, दीगो विकास लक्ष्यलाई केन्द्र विन्दूमा राखु पर्दछ ।

# परिच्छेद-९
# उपसंहार

संघीय शासन व्यवस्थामा स्थानीय सरकारसँग जनताको दैनिक जीवन नजिकबाट जोडिएको हुन्छ । त्यसैले पनि स्थानीय सरकारलाई **"जनताको घर दैलोको सरकार"** भनिन्छ । स्थानीय जनताको आर्थिक, सामाजिक अवस्थामा सुधार र पूर्वाधार निर्माण जस्ता जनताको समृद्धिसँग जोडिएका विषपथहरु स्थानीय सरकारले मात्र सम्बोधन गर्न सक्दछ ।

स्थानीय तहमा जनताका आवश्यकता र आकाँक्षाहरु असिमित हुन्छन् । बदलिँदो समयसँगै जनतामा आएको चेतनाको परिणामस्वरुप पछिल्लो वर्षहरुमा स्थानीय जनताका महत्वकाँक्षाहरु पनि बढ्दै गएका छन् । तर यसको ठीक विपरित यी आवश्यकतालाई सम्बोधन गर्न आवश्यक पर्ने स्रोत/साधन भनें पर्याप्त परिचालन हुने सकिरहेको छैन । सबैजसो स्थानीय तहहरु सीमित स्रोत र असीमित आवश्यकताको भुँवरीमा रुमलिइरहेका छन् । यसर्थ, स्थानीय तहहरुले एकातिर आर्थिक गतिविधिहरु विस्तार गर्दै राजस्व परिचालनमा बढोत्तरी गर्नु आवश्यक छ भनें अर्कोतिर फजुल खर्चलाई नियन्त्रण गर्दै जतिसक्दो राम्रो र शीघ्र नतीजा दिने खालका योजना/कार्यक्रमको पहिचान, प्राथमिकीकरण र छनौट गर्न आवश्यक छ । आन्तरिक राजस्व परिचालन र योजना/कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिताका लागि नागरिक समर्थन (Citizen Support) पनि त्यत्तिकै आवश्यक पर्दछ । यसका लागि बजेट तर्जुमाका प्रत्येक चरणहरुमा नागरिकको संलग्नता (Citizen Engagement) अपरिहार्य छ ।

योजना/कार्यक्रम र बजेट तर्जुमा आफैंमा प्राविधिक विषय हो । यसका लागि व्यवसायिक क्षमता आवश्यक पर्दछ । त्यति मात्र होइन, यसलाई स्वःविवेकीय अधिकारबाट मुक्त गर्न विधिसम्मत प्रणाली अवलम्वन गर्न पनि जरुरी हुन्छ । स्थानीय तहको वार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमा गर्ने सन्दर्भमा संघीय सरकारबाट विभिन्न ऐन नियमहरु बनेका छन् । यस सन्दर्भमा, संघीय सरकारबाट तर्जुमा भएका विभिन्न ऐन, नियमहरु र दस्तावेजहरु (Documents) स्थानीय तहको वार्षिक योजना/कार्यक्रम र बजेट तर्जुमाका मार्गदर्शकको रुपमा रहेका छन् । छरिएर रहेका यी सबै ऐन नियमका प्रावधानहरु र दस्तावेजका व्यवस्थाहरुको एकीकृत जानकारी नहुँदा तिनको अनुशरण (compliance) जटील बनेको छ । यसका अतिरिक्त, वार्षिक, योजना/कार्यक्रम तथा बजेटको स्थानीय आवधिक योजना, स्थानीय मध्यमकालीन खर्च संरचना, स्थानीय आयोजना वैङ्क जस्ता दस्तावेजसँगको सम्बन्ध स्थापित गर्नुपर्ने अवस्था टड्कारो रुपमा देखिएको छ । यसका अतिरिक्त छोटो समयमा अव्यवस्थित रुपबाट र स्वविवेकीय ढङ्गबाट वार्षिक योजना/कार्यक्रम र बजेट बनाउनु पर्दा, वर्षदिनभरि स्थानीय सरकारले कार्यान्वयन गरी जनतालाई प्रवाह गर्नुपर्ने सेवा प्रभावित हुन सक्ने, प्रक्रिया पूरा नहुँदा स्वविवेकीय हुन सक्ने र नतिजामुखी नहुने अवस्था रहन्छ । यसर्थ, यसका लागि स्थानीय तहले वार्षिक योजना/कार्यक्रम बजेट वनाउँदा पर्याप्त समय दिनु पर्ने र यसका सबै चरण र प्रक्रियाहरु पूरा गर्नुपर्ने आवश्यक देखिएको छ ।

यसर्थ, स्थानीय तहको वार्षिक योजना/कार्यक्रम र बजेटको प्राविधिक र व्यवसायिक पक्षलाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि यससँग सम्बन्धित ऐन/नियमहरु, दस्तावेजहरु, दस्तावेजहरुको अन्तरसम्बन्ध, बजेट तर्जुमाका चरण, क्रियाकलाप, तिनको समयसीमा र जिम्मेवारी समेत स्पष्ट गर्दै विश्वमा पछिल्लो दिनहरुमा प्रचलनमा रहेको लैङ्गिक बजेट, बजेटमा नागरिक सहभागिता र दीगो विकास लक्ष्य जस्ता विषयहरुलाई समावेश गरी यी दिग्दर्शन तयार गरिएको छ । प्रस्तुत दिग्दर्शनको परिपालना भएमा स्थानीय तहको वार्षिक योजना/कार्यक्रम बजेट तर्जुमा गर्नमा सहज हुने अपेक्षा राखिएको छ ।

# परिच्छेद -१०
# अनुसूचीहरु

1. मध्यमकालिन खर्च संरचना
2. आय-व्यय अनुमान र प्रक्षेपणको ढाँचा
3. स्थानीय सरकारको नीति तथा कार्यक्रमको खाका (नमूनाको लागि)
4. आयोजना प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रियागत ढाँचा
5. खर्च गर्ने एकाईगत बजेट सीमा निर्धारणको ढाँचा
6. योजना तथा बजेट तर्जुमाको मार्गदर्शन (नमूना)
7. वस्ती /टोलस्तर आयोजना छनौट तथा सूची तयारी फाराम
8. वडाको बजेट सीमाभित्रका वडास्तरीय आयोजना विवरण ढाँचा
9. गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम सूची तयारी ढाँचा
10. वार्षिक कार्यक्रमको ढाँचा
11. आय-व्यय तथा वित्तीय व्यवस्था बजेटको ढाँचा
12. बजेट पुस्तिकाको ढाँचा

# अनुसूची -१ः मध्यमकालिन खर्च संरचना

१. **परिचयः**

१.१ पृष्ठभूमि

१.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

१.३ प्रमुख नतिजा सूचक र लक्ष्य

१.४ त्रिबर्षिय खर्च, बजेट विनियोजन र प्रक्षेपण

१.५ विषयगत विनियोजन र प्रक्षेपण

२. **बिषय क्षेत्रगत खर्च विवरणः**

२.१ पृष्ठभूमि

२.२ विद्यमान अवस्था

२.३ संभावना तथा अवसर

२.४ समस्या र चुनौति

२.५ विषयगत उद्देश्य तथा रणनीति

२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | इकाई | आ.व. २०७८/७९ को उपलब्धी | आ.व. २०७९/८० को उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## २.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | संघ | प्रदेश | स्थानीय सरकार |
| २०८०/८१ | | | | | | | |
| २०८१/८२ | | | | | | | |
| २०८२/८३ | | | | | | | |
| जम्मा | | | | | | | |

## २.८ कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण

| ब.उ.सि.नं | कार्यक्रम/आयोजना | उद्देश्य तथा पुष्टयाई | आयोजनाको अविध (शुरु र समाप्ति) | लागत अनुमान (लाखमा) | आगामी तीन वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |
| | चालु | | | | |
| | पुँजीगत | | | | |

## २.९ प्राथमिकीकरण, संकेतीकरण तथा त्रिवर्षीय खर्चको अनुमान

| ब.उ.सि.नं. | कार्यक्रम/आयोजना | २०८०/८१ को व्यय विनियोजन | | | | २०८१/८२ को खर्च अनुमान | | | | २०८२/८३ को खर्च अनुमान | | | | रणनीतिक स्तम्भ | प्राथमिकताक्रम | दीगो विकासको लक्ष्य संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

२.१० त्रिवर्षीय खर्चको स्रोत प्रक्षेपण

२.११ प्रति इकाई लागत

| क्र.सं | विवरण | एकाई | प्रति एकाई लागत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२.१२ जोखिम पक्ष तथा पूर्वानूमान

........... ........... ........... ........... ...........

........... ........... ........... ........... ...........

........... ........... ........... ........... ...........

# अनुसूची -२ः आय -व्ययको अनुमान तथा प्रक्षेपणको ढाँचा

क. राजस्व तथा अनुदान प्राप्तीको अनुमान तथा प्रक्षेपण

| राजस्व संकेत | राजस्व शिर्षक | आ.व. २०../.. को यथार्थ | आ.व. २०../.. को अनुमान | आ.व. २०../.. को संशोधित अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| **१००००** | **राजस्व तथा अनुदान** | | | | | | |
| **११०००** | **कर** | | | | | | |
| **११३००** | **सम्पत्ती कर** | | | | | | |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | | | | | | |
| ११३१३ | एकीकृत सम्पत्ती कर (सम्पत्ती कर) | | | | | | |
| ११३१४ | भूमी कर/मालपोत | | | | | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | | | |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | | | |
| ११३२१ | घर बहाल कर | | | | | | |
| ११४२२ | बहाल विटौरी कर | | | | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | | | |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | | | | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.क | | | | | | |
| **११४२०** | **अन्तःशुल्क** | | | | | | |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | | |
| **११४५०** | **पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | | | |
| ११४५१ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा) | | | | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | | | | | |
| **११४७०** | **मनोरंजन तथा विज्ञापन कर** | | | | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | आ.व. २०../.. को यथार्थ | आ.व. २०../.. को अनुमान | आ.व. २०../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | हुने मनोरञ्जन कर | | | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | | | | |
| **११६००** | **अन्य कर** | | | | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जिबजन्तु कर) | | | | | | |
| **११६९०** | **अन्य कर** | | | | | | |
| ११६९१ | अन्य कर | | | | | | |
| **१३०००** | **अनुदान** | | | | | | |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | | | | | | |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | | | | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालु अनुदान | | | | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | | | | |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | | | |
| १३२११ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | |
| १३२१२ | अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | |
| **१३२२०** | **बहपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | | | | |
| १३२२१ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पुँजीगत अनुदान | | | | | | |
| १३२२२ | अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट पूँजीगत अनुदान | | | | | | |
| **१३२३०** | **अन्य वैदेशिक चालु अनुदान** | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | आ.व. २०../.. को यथार्थ | आ.व. २०../.. को अनुमान | आ.व. २०../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १३२३१ | अन्य वैदेशिक चालु अनुदान | | | | | | |
| **१३२४०** | **अन्य वैदेशिक पूँजीगत अनुदान** | | | | | | |
| १३२४१ | अन्य वैदेशिक पुँजीगत अनुदान | | | | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | | | |
| **१३३१०** | **अन्तरसरकारी अनुदा** | | | | | | |
| १३३११ | समानीकरण अनुदान | | | | | | |
| १३३१२ | शःसर्त अनुदान चालु | | | | | | |
| १३३१३ | शःसर्त अनुदान पुँजीगत | | | | | | |
| १३३१४ | विशेष अनुदान चालु | | | | | | |
| १३३१५ | विषेश अनुदान पुँजीगत | | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | | | | |
| १३३१७ | समपुरक अनुदान पँजीगत | | | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा) | | | | | | |
| १३३१९ | अन्य अनुदान पँजीगत | | | | | | |
| **१३४००** | **अन्य आन्तरिक अनुदान** | | | | | | |
| **१३४१०** | **अन्य आन्तरिक अनुदान** | | | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान (सडक बोर्ड नेपाल) | | | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान (लागत सहभागिता) | | | | | | |
| **१४०००** | **अन्य राजश्व** | | | | | | |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | | | | |
| **१४११०** | **व्याज** | | | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | | | |
| **१४१२०** | **लाभांश** | | | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | आ.व. २०../.. को यथार्थ | आ.व. २०../.. को अनुमान | आ.व. २०../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | | | | |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | | | | |
| १४१५५ | वाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | | | | | | |
| १४१५६ | वाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | | | | | | |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट हुने | | | | | | |
| १४१५८ | बाँडफाँड भई पाप्त पर्वतारोहण वापतको रोयल्टी | | | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | | | | | |
| **१४१९०** | **अन्य शुल्क** | | | | | | |
| १४१९१ | पर्यटन शुल्क | | | | | | |
| **१४२००** | **वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम** | | | | | | |
| **१४२१०** | **वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम** | | | | | | |
| १४२११ | कृषी उत्पादनको बिक्रीबाट प्राप्त रकम | | | | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रीबाट प्राप्त रकम | | | | | | |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम (राजपत्र, पुस्तक, नक्सा आदि) | | | | | | |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | | | |
| १४२१८ | विद्युत् सेवा शुल्क | | | | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (पार्क, एम्बुलेन्स आदि तथा बालुवा, माटो, काठ बिक्री समेत) | | | | | | |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | | | | | | |
| १४२२१ | न्यायिक दस्तुर | | | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | आ.व. २०../.. को यथार्थ | आ.व. २०../.. को अनुमान | आ.व. २०../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (वोलपत्र, फाराम बिक्री) | | | | | | |
| **१४२४०** | **दस्तुर** | | | | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | | |
| १४२४२ | नक्सा पास दस्तुर | | | | | | |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | | | | | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | | | |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | | | | | |
| **१४२५०** | **अन्य प्रशासनिक दस्तुर** | | | | | | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | | |
| १४२५४ | रेडियो/एफ.एम. संचालन दस्तुर | | | | | | |
| **१४२६०** | **अन्य प्रशासनिक सेवा** | | | | | | |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | | | | | | |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर (पानी विक्री) | | | | | | |
| १४२६५ | अन्य क्षेत्रको आय (सामुदायिक वन पैदावर बिकीबाट) | | | | | | |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | | | | | | |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | | | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | | |
| १४३१३ | धरौटी सदरस्याहा | | | | | | |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | | | | |
| १४४११ | चालु हस्तान्तरण | | | | | | |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | | | | |
| १४४२१ | पुँजीगत हस्तान्तरण | | | | | | |
| **१४५००** | **विविध राजश्व** | | | | | | |
| **१४५१०** | **चालु दावी तथा अन्य शुल्कहरु** | | | | | | |
| १४५११ | वीमा दावी प्राप्ती | | | | | | |
| **१४५२०** | **अन्य राजस्व** | | | | | | |
| १४५२९ | अन्य राजस्व | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | आ.व. २०../.. को यथार्थ | आ.व. २०../.. को अनुमान | आ.व. २०../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| **१४५३०** | **पूँजीगत राजश्व** | | | | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिकीबाट प्राप्त आय | | | | | | |
| **१४६१०** | **व्यवसाय कर** | | | | | | |
| १४६११ | व्यवसाय कर | | | | | | |
| **१५०००** | **विविध प्राप्ती** | | | | | | |
| **१५१००** | **विविध प्राप्ती** | | | | | | |
| **१५११०** | **विविध प्राप्ती** | | | | | | |
| १५१११ | बेरुजु | | | | | | |
| १५११२ | निकासा फिर्ता | | | | | | |
| १५११३ | अनुदान फिर्ता | | | | | | |
| **३००००** | **सम्पत्ती तथा दायित्व** | | | | | | |
| **३३०००** | **दायित्व** | | | | | | |
| **३३१००** | **आन्तरिक दायित्व** | | | | | | |
| **३३१४०** | **खुद आन्तरिक ऋण** | | | | | | |
| ३३१४१ | ऋण पत्र मार्फत प्राप्त ऋण | | | | | | |
| ३३१४२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | | | | | | |
| ३३१४३ | अन्य संघ संस्थाबाट प्राप्त ऋण | | | | | | |
| ३३१४४ | अधिविकर्ष (over draft) | | | | | | |
| **३३१८०** | **तिर्नुपर्ने अन्य खाताहरु** | | | | | | |
| ३३१८१ | उधारो तथा अग्रीम भुक्तानी | | | | | | |
| ३३१८२ | तिर्नुपर्ने विभिन्न अन्य खाताहरु | | | | | | |
| **३३२००** | **बाह्रय वित्तीय दायित्व** | | | | | | |
| **३३२४०** | **खुद वैदेशिक ऋण** | | | | | | |
| ३३२४१ | वैदेशिक ऋणको प्राप्ति | | | | | | |
| | **जम्मा राजस्व, अनुदान तथा दायित्व** | | | | | | |

## ख. ब्यय अनुमान तथा प्रक्षेपण

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| २०००० | **खर्च** | | | | | | |
| २१००० | **पारिश्रमिक/ सुविधा** | | | | | | |
| २११०० | **पारिश्रमिक/ सुविधा** | | | | | | |
| २१११० | **नगदमा दिईने पारिश्रमिक र सुविधा** | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | | | | | | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | | | | | | |
| २११२० | **जिन्सी वा जिन्सी वापत कर्मचारीलाई दिइने पारिश्रमिक सुविधा** | | | | | | |
| २११२१ | पोसाक | | | | | | |
| २११२२ | खाद्यान्न | | | | | | |
| २११२३ | औषधी उपचार खर्च | | | | | | |
| २११३० | **कर्मचारी भत्ता** | | | | | | |
| २११३१ | स्थानीय भत्ता | | | | | | |
| २११३२ | मंहगी भत्ता | | | | | | |
| २११३३ | फिल्ड भत्ता | | | | | | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | | | | | | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार ४ | | | | | | |
| २११३६ | बैदेशिक भत्ता | | | | | | |
| २११३९ | अन्य भत्ता | | | | | | |
| २११४० | **पदाधिकारी भत्ता तथा अन्य सुविधा** | | | | | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | | | | | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | | | | | | |
| २११४९ | पदाधिकारी अन्य भत्ता | | | | | | |
| २१२०० | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | | | | | | |
| २१२१० | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | | | | | | |
| २१२११ | सामाजिक सुरक्षा कोष खर्च | | | | | | |
| २१२१२ | कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण तथा उपादान कोष खर्च | | | | | | |
| २१२१३ | कमचारोको योगदानमा आधारित बीमा कोष | | | | | | |
| २१२१४ | कर्मचारी कल्याण कोष | | | | | | |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | | | | | | |
| २१२२० | **पदाधिकारी सामाजिक** | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०…/.. को यथार्थ | आ.व. २०…/.. को अनुमान | आ.व. २०…/.. को संशोधिन अनुमान | आ.व. २०…/.. को प्रक्षेपण | आ.व. २०…/.. को प्रक्षेपण | आ.व. २०…/.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | **सुरक्षा खर्च** | | | | | | |
| २१२२१ | पदाधिकारी सामाजिक सुरक्षा कोष खर्च | | | | | | |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | | | | | | |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बिमा कोष खर्च | | | | | | |
| २१२२४ | पदाधिकारी कल्याण कोष खर्च | | | | | | |
| २१२२९ | पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च | | | | | | |
| **२२०००** | **मालसामान तथा सेवाको उपयोग** | | | | | | |
| **२२१००** | **सेवा महसुल** | | | | | | |
| **२२११०** | **सेवा महसुल** | | | | | | |
| २२१११ | पानी तथा बिजुली | | | | | | |
| २२११२ | संचार महसुल | | | | | | |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | | | | | | |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | | | | | | |
| **२२२१०** | **सवारी साधनको सञ्चालन तथा सम्भार खर्च** | | | | | | |
| २२२११ | इन्धन (पदाधिकारी) | | | | | | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | | | | | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | | | | | | |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | | | | | | |
| **२२२२०** | **मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च** | | | | | | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | | |
| **२२२३०** | **निर्मित सार्वजनिक सम्पत्तीको सभार खर्च** | | | | | | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सभार खर्च | | | | | | |
| **२२२९०** | **अन्य सम्पत्तिहरुको** | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | **संचालन तथा सम्भार** | | | | | | |
| २२२९१ | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | | | | | | |
| २२३०० | **कार्यालय सामान तथा सेवाहरु** | | | | | | |
| २२३१० | **कार्यालय सामान तथा सेवाहरु** | | | | | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | | | | | | |
| २२३१२ | पशुपंक्षीहरुको आहार | | | | | | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | | | | | | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | | | | | | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | | |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | | | | | | |
| २२४०० | **सेवा तथा परामर्श खर्च** | | | | | | |
| २२४१० | **परामर्श तथा अन्य सेवा शुल्क** | | | | | | |
| २२४११ | सेवा र परामर्श खर्च | | | | | | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन | | | | | | |
| २२४१३ | करार सेवा शुल्क | | | | | | |
| २२३१४ | सरसफाई सेवा शुल्क | | | | | | |
| २२४१९ | अन्य सेवा शुल्क | | | | | | |
| २२५०० | **कार्यक्रम सम्बन्धी खर्चहरु** | | | | | | |
| २२५१० | **तालिम तथा गोष्ठी** | | | | | | |
| २२५११ | कर्मचारी तालिम खर्च | | | | | | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | | |
| २२५२० | **उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च** | | | | | | |
| २२५२१ | उत्पादन सामग्री, सेवा खर्च | | | | | | |
| २२५२२ | कार्यक्रम खर्च | | | | | | |
| २२५२९ | विविध कार्यक्रम खर्च | | | | | | |
| २२६०० | **अनुगमन, मूल्यांकन र भ्रमण खर्च** | | | | | | |
| २२६१० | **अनुगमन, मूल्यांकन र** | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०…/.. को यथार्थ | आ.व. २०…/.. को अनुमान | आ.व. २०…/.. को संशोधित अनुमान | आ.व. २०…/.. को प्रक्षेपण | आ.व. २०…/.. को प्रक्षेपण | आ.व. २०…/.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | **भ्रमण खर्च** | | | | | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | | | | | | |
| २२६१२ | भ्रमण खर्च | | | | | | |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | | | | |
| २२६१९ | अन्य भ्रमण खर्च | | | | | | |
| २२७०० | **विविध खर्च** | | | | | | |
| २२७१० | **विविध खर्च** | | | | | | |
| २२७११ | विविध खर्च | | | | | | |
| २२७२० | **सभा सञ्चालन खर्च** | | | | | | |
| २२७२१ | सभा सञ्चालन खर्च | | | | | | |
| २३००० | **स्थिर सम्पत्तिको उपभोग खर्च** | | | | | | |
| २३१०० | **स्थिर सम्पत्ति उपभोग खर्च** | | | | | | |
| २३११० | **स्थिर सम्पत्तिमा ह्रास कट्टी** | | | | | | |
| २३१११ | स्थिर सम्पत्तिमा ह्रास कट्टी | | | | | | |
| २४००० | **व्याज, सेवा शुल्क तथा वैंक कमिशन** | | | | | | |
| २४१०० | **बैदेशिक ऋणको व्याज** | | | | | | |
| २४११० | **बैदेशिक ऋणको व्याज** | | | | | | |
| २४१११ | बैदेशिक ऋणको व्याज | | | | | | |
| २४२०० | आन्तरिक ऋणको व्याज, सेवा शूल्क तथा बैंक कमिशन | | | | | | |
| २४२१० | आन्तरिक ऋणको व्याज, सेवा शूल्क तथा बैंक कमिशन | | | | | | |
| २४२११ | आन्तरिक ऋणको व्याज | | | | | | |
| २४२१२ | आन्तरिक ऋणको सेवा शुल्क तथा वैङ्क कमिशन | | | | | | |
| २४२१३ | अन्य वित्तीय संस्थाको ऋणको सेवा । शुल्क, कमिशन तथा सेवा शुल्क भुक्तानी | | | | | | |
| २४३०० | **अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज,** | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुंजीगत खर्चका शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | **सेवा शुल्क तथा कमिशन** | | | | | | |
| **२४३१०** | **अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज, सेवा शुल्क तथा कमिशन** | | | | | | |
| २४३११ | अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज | | | | | | |
| २४३१२ | अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिशन | | | | | | |
| **२५०००** | **सहायता (सब्सीडी)** | | | | | | |
| **२५१००** | **सार्वजनिक संस्थानहरुलाई सहायता** | | | | | | |
| **२५११०** | **गैह वित्तीय संस्थानहरुलाई सहायता** | | | | | | |
| २५१११ | गैह वित्तीय संस्थानहरुलाई चालु सहायता | | | | | | |
| २५११२ | गैह वित्तीय संस्थानहरुलाई पुर्जीगत सहायता | | | | | | |
| **२५१२०** | **वित्तीय संस्थानहरुलाई सहायता** | | | | | | |
| २५१२१ | वित्तीय संस्थानहरुलाई चालु सहायता | | | | | | |
| २५१२२ | वित्तीय संस्थानहरुलाई पुँजीगत सहायता | | | | | | |
| **२५२००** | **व्यवसायहरुलाई सहायता** | | | | | | |
| **२५२१०** | **गैह बित्तीय व्यवसायहरुलाई सहायता** | | | | | | |
| २५२११ | गैह वित्तीय व्यवसायहरुलाई चालु सहायता | | | | | | |
| २५२१२ | गैंह वित्तीय व्यवसायलाई पुँजीगत सहायता | | | | | | |
| **२५२२०** | **वित्तीय व्यसायहरुलाई सहायता** | | | | | | |
| २५२२१ | वित्तीय व्यसायहरुलाई चालु सहायता | | | | | | |
| २५२२२ | वित्तीय व्यसायहरुलाई पूँजीगत सहायता | | | | | | |
| **२५३००** | **अन्य सहायता** | | | | | | |
| **२५३१०** | **अन्य सामाजिक संस्थालाई सहायता** | | | | | | |
| २५३११ | शैक्षिक संस्थाहरुलाई | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुंजीगत खर्चका शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधिन अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | सहायता | | | | | | |
| २५३१२ | स्वास्थ संस्थाहरुलाई सहायता | | | | | | |
| २५३१३ | उपभोक्ता समिति तथा गैह्र सरकारी संस्था सहायता | | | | | | |
| २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | | | | | | |
| २५३१५ | अन्य संस्था सहायता | | | | | | |
| २६००० | अनुदान | | | | | | |
| २६३०० | अन्य तहका सरकारहरुलाई अनुदान | | | | | | |
| २६३३० | आन्तरिक अनुदान | | | | | | |
| २६३३२ | शसर्त अनुदान | | | | | | |
| २६३३३ | जिशेष अनुदान | | | | | | |
| २६३३५ | अन्य अनुदान | | | | | | |
| २६४०० | सामाजिक सेवा अनुदान | | | | | | |
| २६४१० | चालु अनुदान | | | | | | |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान | | | | | | |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त चालु अनुदान | | | | | | |
| २६४१३ | अन्य संस्थालाई सःशर्त चालु अनुदान | | | | | | |
| २६४२० | पूँजीगत अनुदान | | | | | | |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड पुंजीगत निःशर्त अनुदान | | | | | | |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड पुंजीगत सःशर्त अनुदान | | | | | | |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान | | | | | | |
| २७००० | सामाजिक सुरक्षा | | | | | | |
| २७१०० | सामाजिक सुरक्षा | | | | | | |
| २७११० | सामाजिक सुरक्षा | | | | | | |
| २७१११ | सामाजिक सुरक्षा | | | | | | |
| २७११२ | अन्य सामाजिक सुरक्षा | | | | | | |
| २७२०० | सामाजिक सहायता | | | | | | |
| २७२१० | सामाजिक सहायता | | | | | | |
| २७२११ | छात्रवृत्ति | | | | | | |
| २६२१३ | उद्वार, राहत तथा | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०…/.. को यथार्थ | आ.व. २०…/.. को अनुमान | आ.व. २०…/.. को संशोधित अनुमान | आ.व. २०…/.. को प्रक्षेपण | आ.व. २०…/.. को प्रक्षेपण | आ.व. २०…/.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | पुनर्स्थापना खर्च | | | | | | |
| २७२१३ | औषधी खरिद खर्च | | | | | | |
| २७२१९ | अन्य सामाजिक सहायता | | | | | | |
| **२७३००** | **कर्मचारी सामाजिक लाभ सम्बन्धी खर्च** | | | | | | |
| **२७३१०** | **सेवा निवृत्त सुविधाहरु** | | | | | | |
| २७३११ | निवृत्तिभरण तथा अशक्त वृत्ति | | | | | | |
| २७३१२ | उपदान | | | | | | |
| २७३१३ | सेवा निवृत्तको सञ्चित विदा | | | | | | |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | | | | | | |
| २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता | | | | | | |
| **२८०००** | **अन्य खर्च** | | | | | | |
| **२८१००** | **सम्पत्ति सम्बन्धी खर्च** | | | | | | |
| **२८१४०** | **भाडा** | | | | | | |
| २८१४१ | जग्गाको भाडा | | | | | | |
| २८१४२ | घर भाडा | | | | | | |
| २८१४३ | सवारी साधान तथा मेसिन र औजार भाडा | | | | | | |
| २८१४९ | अन्य भाडा | | | | | | |
| **२८२००** | **फिर्ता खर्च** | | | | | | |
| **२८२१०** | **फिर्ता खर्च** | | | | | | |
| २८२११ | राजस्व फिर्ता | | | | | | |
| २८२१२ | न्यायिक फिर्ता | | | | | | |
| २८२१९ | अन्य फिर्ता | | | | | | |
| **२८९००** | **भैपरी आउने चालु खर्च** | | | | | | |
| **२८९१०** | **भैपरी आउने चालु खर्च** | | | | | | |
| २८९११ | भैपरी आउने चालु खर्च | | | | | | |
| **३००००** | **संपत्ती तथा दायित्व** | | | | | | |
| **३१०००** | **गैर वित्तीय सम्पत्ति/पुँजीगत खर्च** | | | | | | |
| **३११००** | **स्थिर सम्पत्ति प्राप्ति खर्च** | | | | | | |
| **३१११०** | **भवन तथा संरचना** | | | | | | |
| ३११११ | आवासीय भवन निर्माण /खरिद | | | | | | |
| ३१११२ | गैर आवासीय भवन निर्माण /खरिद | | | | | | |
| ३१११४ | जग्गा विकास कार्य | | | | | | |
| **३११२०** | **सवारी साधन, मेशीनरी** | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | **औजार, फर्निचर तथा फिक्वर्स** | | | | | | |
| ३११२१ | सवारी साधन | | | | | | |
| ३११२२ | मेसिनरी तथा औजार | | | | | | |
| ३११२३ | फर्निचर तथा फिक्वर्स | | | | | | |
| **३११३०** | **अन्य पूँजीगत खर्च** | | | | | | |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | | | | | | |
| ३११३२ | अनुसन्धान तथा विकास सम्वन्धी खर्च | | | | | | |
| ३११३४ | कम्प्युटर सफ्टवेर निर्माण तथा खरिद खर्च | | | | | | |
| ३११३५ | पुँजिगत परामर्श खर्च | | | | | | |
| **३११५०** | **सार्वजनिक निर्माण** | | | | | | |
| ३११५१ | सडक तथा पुल निर्माण | | | | | | |
| ३११५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | | | | | | |
| ३११५३ | विद्युत् संरचना निर्माण | | | | | | |
| ३११५४ | तटबन्ध तथा बाँधा निर्माण | | | | | | |
| ३११५५ | सिचाँई संरचना निर्माण | | | | | | |
| ३११५६ | खानेपानी संरचना निर्माण | | | | | | |
| ३११५७ | वन तथा वातावरण संरक्षण | | | | | | |
| ३११५८ | सरसफाई संरचना निर्माण | | | | | | |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | | | | | | |
| **३११६०** | **निर्मित संरचनाको सुधार खर्च** | | | | | | |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | | | |
| **३११७०** | **पूँजीगत सुधार खर्च** | | | | | | |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक **निर्माण** | | | | | | |
| **३१२००** | **मौज्दात सामानहरु** | | | | | | |
| **३१२२०** | **मौज्दात सामानहरु** | | | | | | |
| ३१२२१ | मौज्दात सामानहरु | | | | | | |
| **३१३००** | **बहुमूल्य सामानहरु** | | | | | | |
| **३१३१०** | **बहुमूल्य सामानहरु** | | | | | | |
| ३१३११ | बहुमूल्य सामानहरु | | | | | | |
| **३१४००** | **प्राकृतिक सम्पत्ति (non-produce assest s)** | | | | | | |

| चालु खर्च संकेत | चालु तथा पुँजीगत खर्चका शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण | आ.व. २०.../.. को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| **३१४१०** | **जग्गा प्राप्ती खर्च** | | | | | | |
| ३१४११ | जग्गा प्राप्ती खर्च | | | | | | |
| **३१४४०** | **अदृश्य सम्पत्ति प्राप्ति खर्च** | | | | | | |
| ३१४४१ | करार, लिज तथा लाइसेन्स खरिद/ प्राप्ति खर्च | | | | | | |
| **३१५००** | **भैपरी आउने पूँजीगत** | | | | | | |
| **३१५१०** | **भैपरी आउने पूँजीगत** | | | | | | |
| ३१५११ | भैपरी आउने पूँजीगत | | | | | | |
| **३२०००** | **वित्तीय सम्पत्ति** | | | | | | |
| **३२१००** | **आन्तरिक वित्तीय सम्पत्ति** | | | | | | |
| **३२१२०** | **नगद तथा बैङ्क मौज्दात** | | | | | | |
| ३२१२१ | नगद | | | | | | |
| ३२१२२ | बैंक मौज्दात | | | | | | |
| ३२१८० | अन्य प्राप्ती हुने खाताहरु | | | | | | |
| ३२१८१ | उधारो विक्री तथा अग्रीम भुक्तानी | | | | | | |
| ३२१८२ | प्राप्ती योग्य विविध खाताहरु | | | | | | |
| | **जम्मा खर्च तथा सम्पत्ती** | | | | | | |

ग. **घाटा**

- अनुमानित घाटा रकम (कूल आय- कुल व्यय अनुमान)
    - चालु आ.व. रु.
    - आगामी आ.व. रु.
- घाटा पूर्ति गर्ने स्रोत
    - चालु आ.व. रु.
    - आगामी आ.व. रु.

अनुसूची-३ः स्थानीय सरकारको नीति तथा कार्यक्रमको खाका
**सिस्ने गाउँपालिका**

# नीति तथा कार्यक्रमको ढाँचा

क. **सम्बोधन र संस्मरणः**

- सम्बोधन
- योगदान
- संस्मरण
- आभार आदि

ख. **विद्यमान परिवेशः**

- राजनीतिक
- आर्थिक
- सामाजिक
- प्रशासनिक आदि

ग. **विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतिः**

- चालिएका कदम तथा महत्पूर्ण प्रयासहरु
- विद्यमान अवसरहरु
- विद्यमान चनौतिहरु

घ. **नीति तया कार्यक्रम तर्जुमाका आधारहरुः**

- संविधान
- प्रचलित कानूनी व्यवस्था
- राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य
- अनुभव तथा सिकाई आदि

ङ. **चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरुको सक्षिप्त विवरणः**

- भौतिक उपलब्धी
- आर्थिक सामाजिक उपलब्धी
- वातावरणीय उपलब्धी
- संस्थागत उपलब्धी

च. **आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः**

- आर्थिक विकास

- सामाजिक विकास
- पूर्वाधार विकास
- वन तथा वातावरण
- सुशासन तथा संस्थागत विकास

छ. **आगामी आ.व.को प्रमुख नीतिहरु (उदाहरणको लागि मात्र):**

1. तरकारी उत्पादनको लागि व्यवसायिक करेसावासी; बगर खेती; करार खेती र कौशी खेतीको लागि नमूना तालिम, प्रविधि र नमूना कार्यक्रम संचालन गरी प्रोत्साहित गरिनेछ ।
2. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र कर्म सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रुपमा शुरु गर्ने र क्रमशः सबै विद्यालयमा यो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।
3. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धात्मक कार्यहरु संचालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आधारभृत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नति गरी रोकथाम, निदान र पुनःस्थापना सेवाको सहज र नियमित बनाइनेछ ।
4. खेलकुद, नवप्रवर्तन र उद्यमशिलताको विकास मार्फत युवाहरुलाई रचनात्मक कार्यहरुमा परिचालन गरिनेछ ।
5. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजनासहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार विकास निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा संचालन गरिनेछ ।
6. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा बृद्धि गरिनेछ ।
7. संरक्षण पोखरी, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमीन तथा जलाधारको संरक्षण र उत्पादनमा बृद्धि गरिनेछ ।
8. Zero Waste प्रणाली अनुसार सरसफाई केन्द्र मार्फत आधुनिक प्रविधि अपनाई फोहोरलाई वहुउपयोगी जस्तै प्लाष्टिक ब्लक र बिटुमिन बनाइनेछ ।
9. विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी (Preparedness), अल्पीकरण (Mitigation), प्रतिकार्य (Response) र पुनःस्थापना (Recovery) को कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउँन प्रेरित गरिनेछ ।
10. आन्तरिक आयका स्रोतहरुको संभाव्यता अध्ययन, राजस्व बाँडफाँड, अन्तरसकारी हस्तान्तरण तथा गैससको श्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र संघ सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गरिनेछ ।
11. स्थानीय सरकारको योजना व्यवस्थापन प्रक्रियालाई सूचना तथा तथ्यमा आधारित, सूचना प्रविधिमैत्री, पारदर्शी, नतिजामूलक र प्रभावकारी बनाइनेछ ।

**<u>नोटः</u>** माथि उल्लिखित नीति उदाहरणको लागि मात्र हो । हरेक गाउँ कार्यपालिकाले आ—आफ्नो सन्दर्भमा उल्लिखित खाकामा आफ्नो व्यहोरा र सान्दर्भिक नीति तथा कार्यक्रम तयार गर्नु पर्नेछ ।

# अनुसूची -४ः प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रियागत ढाँचा

क. **प्राथमिकता निर्धारणका आधारः**

स्थानीय सरकार संचालन ऐनमा उल्लिखित देहाय बमोजिमका आधारहरुको सर्वसामान्यताको आधारमा गाउँपालिका तथा नगरपालिकाको स्थानीय आवश्यकता र विशेषता हेरी आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारका आधारहरु तय गर्नु पर्नेछ ।

१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने

२. उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने

३. आम्दानी र रोजगार वृद्धि गर्ने

४. लागत सहभागिता जुट्ने

५. स्थानीय स्रोत, साधन र सीपको प्रयोग हुने

६. समावेशी विकासमा योगदान पुर्‍याउने

७. दीगो विकास र वातावरण संरक्षण गर्ने

८. स्थानीय भाषिक र साँस्कृतिक विकास गर्ने

ख. **प्राथमिकता निर्धारण गर्ने विधिहरुः**

आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणमा विभिन्न विधिहरु चलनलल्तीमा रहेका छन् । अभ्यासमा रहेका प्रमुख विधिहरु देहायअनुसार छन् :-

१. भार विधी (Weightage Method)

२. जोडा विधी (Pairwise Ranking Method)

३. टिका विधी (Tika Method)

४. आधार विधी Criteria Method)

५. मस्को विधि (MoSCoW Method)

उपरोक्त विधिहरु मध्ये स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शनले वडातह र विषयगत क्षेत्रको योजना तर्जुमा गर्दा भार विधिलाई प्रयोग गर्ने व्यवस्था गरेको छ । तथापी आवश्यकता अनुसार सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गरी यस विधि लगायत अन्य विधिहरु मध्ये कुनै एक वा संयुक्त विधिहरुको प्रयोग गर्न सकिनेछ । प्राथमिकता निर्धारण गर्ने भार विधि लगायत अन्य विधिहरुको ढाँचा देहायअनुसार रहेको छः

## १. भार विधी (Weightage Method):

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था भएका अनुसार भार विधिबाट देहायअनुसार आयोजना तथाका कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गरिनेछ ।

### १.१ भार निर्धारण तालिका

प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्ने हरेक आयोजना तथा कार्यक्रमको प्रत्येक आधारहरुको मूल्याङ्कन गरी प्राप्त भारको स्कोरलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिनेछ

| क.सं. | आयोजनाको नाम | प्राथमिकता निर्धारणका आधार* तथा अंकभार | | | | | | | | | प्राथमिकताक्रम** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | कूल | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

### १.२ प्राथमिकता निर्धारणको आधार र अंकभार

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा प्राथमिकता निर्धारणका हरेक आधारको भार देहायअनुसार प्रस्तुत गरिएको छः

१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (२० अंक)

— प्रत्यक्ष योगदान पुर्‍याउने (२०)

— अप्रत्यक्ष योगदान पुर्‍याउने (१०)

— तटस्थ (५)

२. उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक)

— चालु आ.व.मा नै सम्पन्न हुने (१५)

— आगामी आ.व.मा सम्पन्न हुने (१०)

— अन्य (५)

३. आम्दानी र रोजगार वृद्धि गर्ने (१५ अंक)

— प्रत्यक्ष योगदान पुर्‍याउने (१५)

— अप्रत्यक्ष योगदान पुर्‍याउने (७.५)

— तटस्थ (०)

४. लागत सहभागिता जुट्‍ ने (१५ अंक)

— ५०% वा सो भन्दा बढी सहभागिता हुने (१५)

— २०—५०% वा सो भन्दा बढी सहभागिता हुने (१०)

— २०% सम्म लागत सहभागिता हुने (५)

— लागत सहभागिता नहुने (०)

५. स्थानीय स्रोत, साधन र सीपको प्रयोग हुने (१० अंक)

— आवश्यक पर्ने स्रोत साधन स्थानीय तहमा उपलब्ध हुने (१०)

— आवश्यक पर्ने ५०% सम्म स्रोत साधन स्थानीय तहमा उपलब्ध हुने (७.५)

— अन्य (५)

६. समावेशी विकासमा योगदान पुर्‍याउने (१० अंक)

— प्रत्यक्ष योगदान पुर्‍याउने (१०)

— अप्रत्यक्ष योगदान पु¥याउने (५)

— तटस्थ (०)

७. दीगो विकास र वातावरण संरक्षण गर्ने (१० अंक)

— प्रत्यक्ष योगदान पुर्‍याउने (१०)

— अप्रत्यक्ष योगदान पुर्‍याउने (५)

— तटस्थ (०)

८. स्थानीय भाषिक र साँस्कृतिक विकास गर्ने (५ अंक)

— प्रत्यक्ष योगदान पुर्‍याउने (५)

— अप्रत्यक्ष योगदान पुर्‍याउने (३)

— तटस्थ (०)

## १.३ प्राथमिकता निर्धारणका आधारहरुको मूल्याङ्कन

प्राथमिकता निर्धारणका आधारहरुको मूल्याङ्कन देहायको सूचकहरुको आधारमा देहाय अनुसार गरिनेछः

- **प्रत्यक्ष योगदान पुर्‍याउनेः** सोही सूचकलाई प्रत्यक्ष लाभ पुग्ने (सूचक हासिल गर्न ५० प्रतिशत भन्दा बढी योगदान दिने)
- **अप्रत्यक्ष योगदान पुर्‍याउनेः** अन्य सूचकमा प्रत्यक्ष लाभ पुग्ने तर सो सूचकलाई योगदान दिने (सूचक हासिल गर्न २० देखि ५० प्रतिशत सम्म योगदान दिने)
- **तटस्थः** त्यस सूचकमा प्रत्यक्ष वा अप्रत्यक्ष योगदान नदिने वा २० प्रतिशत भन्दा कम योगदान दिने

## १.४ आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण

प्राथमिकता निर्धारणका आधाहरुको मूल्याङ्कन अंकभारको आधारमा देहायअनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकताको क्रम निर्धारण गर्नु पर्नेछः

| क्र.सं. | अंक भार | प्राथमिकता नम्बर |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ५० देखि ६० अंक प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | ४ |

**<u>नोटः</u>** यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकता क्रममा परेका आयोजनाहरु छनौट गर्ने र रकम उपलब्ध भएसम्म प्राथमिकता २, ३ र ४ का आयोजना तथा कार्यक्रम स्वीकृत गर्न सकिनेछ ।

# अनुसूची ५: खर्च गर्ने एकाईगत बजेट सीमा निर्धारणको ढाँचा

**क. कूल बजेटबाट विनियोजन योग्य बजेट निकाल्ने ढाँचा**

| | | |
|---|---|---|
| कूल अनुमानित बजेट | : | |
| तलब भत्ता र कार्यालय संचालनको लागि आवश्यक रकम घटाउने | : | |
| गाउँ गौरवका आयोजनाको लागि आवश्यक रकम घटाउने | : | |
| समपुरक कोषको लागि आवश्यक रकम घटाउने | : | |
| शःसर्त अनुदानको लागि तोकिएको रकम घटाउने | : | |
| दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको लागि आवश्यक रकम (घटाउने) | : | |
| बाँकी रकम | : | |
| स्तरीय (विषय क्षेत्र योजना) योजनाको आवश्यक रकम | : | |
| वडास्तरीय योजनाको लागि आवश्यक रकम | : | |

**ख. विषयगत क्षेत्र अनुसार बजेट सीमा निर्धारण ढाँचा**

| महाशाखा, शाखा, उप शाखा वडा | आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार विकास | वन, वातावरण तथा विपद् व्यवस्थापन | सुशासन तथा संस्थागत विकास |
|---|---|---|---|---|---|
| प्रशासन, योजना तथा अनुगमन | | | | | |
| शिक्षा | | | | | |
| स्वास्थ्य तथा सरसफाई | | | | | |
| महिला, बाल बालिका र लक्षित वर्ग | | | | | |
| युवा र खेलकुद | | | | | |
| पूर्वाधार विकास | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | |
| कृषि विकास तथा प्रसार | | | | | |
| पशु विकास तथा प्रसार | | | | | |
| उद्योग तथा पर्यटन र सहकारी | | | | | |
| नीति तथा कानून | | | | | |
| वडा समितिको कार्यालय | | | | | |

ग. **वडागत आयोजनाको बजेट सिमाको ढाँचा**

| वडा नम्बर | जनसंख्या (*३०%) | क्षेत्रफल (*२०%) | पूर्वाधार विकासको अवस्था (*२०%) | राजस्व परिचालनको अवस्था (*२०%) | लागत सहभागिताको अवस्था (*१०%) | बजेट सिमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

---

* यो प्रतिशत उदाहरणको लागि मात्र हो र प्रतिशत स्थानीय परिवेश अनुसार कार्यपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

**अनुसूची -६ः बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको खाका**
**सिस्ने गाउँपालिका**

# योजना तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन

## १. पृष्ठभूमिः

- विकास र योजना तर्जुमाको सन्दर्भ
- स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था
- मार्गदर्शन तयारीका आधार तथा अबलम्बन गरिएको प्रक्रिया
- बजेट तथा योजना तर्जुमाका आधारहरु

## २. कार्यक्रम तथा उपलब्धीको संक्षिप्त समीक्षाः

- गत आ.व.को प्रमुख उपलब्धी, समस्या, चूनौति तथा सिकाई
- चालु आ.व.को हालसम्मको प्रमुख उपलब्धी, समस्या तथा चूनौति

## ३. योजना तथा बजेट तर्जुमाका आधारहरुः

- संवैधानिक तथा कानूनी आधारहरु
- राष्ट्रिय लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताहरु
- प्रदेश सरकारको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताहरु
- गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा कार्यक्रमहरु
- अन्तराष्ट्रिय प्रतिवद्धता (दीगो विकास लक्ष्य, बाल अधिकार, महिला अधिकार सम्बन्धी महासन्धी आदि)
- अन्तरसम्बन्धित विषयहरु (विपद, वातावरण, सुशासन र पारदर्शिता आदि)
- नेपाल सरकार तथा प्रदेश सरकारको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी कार्यविधि र मापदण्ड

४. **बजेट सीमाः**

आगामी आ.व. २०../... को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा ........ ...... शाखा/एकाई/वडा कार्यालय लाई रु ......... को वजेट सीमा निर्धारण गरिएको छ । निर्धारित सीमा मध्ये चालु खर्च तर्फ रु ....... तथा पूँजीगत खर्च तर्फ रु ..... छुट् याईएको छ । उक्त वजेट सीमाको विषय क्षेत्रगत बाँटफाँट देहायअनुसार रहेको छ ।

| विषयगत शाखा तथा वडा कार्यालय | विषय क्षेत्र अनुसार बजेट सीमा रकम | | | | |
|---|---|---|---|---|---|
| | आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार विकास | वन, वातावरण तथा विपद् व्यवस्थापन | सुशासन तथा संस्थागत विकास |
| प्रशासन, योजना तथा अनुगमन | | | | | |
| पूर्वाधार विकास | | | | | |
| कृषि विकास तथा प्रसार | | | | | |
| पशुपंक्षी विकास र प्रसार | | | | | |
| उद्योग, पर्यटन र रोजगार | | | | | |
| वातावरण र विपद व्यवस्थापन | | | | | |
| शिक्षा तथा मानव संशाधन | | | | | |
| जनस्वास्थ्य तथा पोाषण | | | | | |
| खानेपानी तथा सरसफाई | | | | | |
| महिला, बालबालिका र लक्षित वर्ग | | | | | |
| युवा, खेलकुद, कला तथा सँस्कृति | | | | | |
| ....................... ............... | | | | | |

५. **प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रियाः**

- स्थानीय सरकार संचालन ऐनमा उल्लिखित आधारहरु
- स्थानीय विशेषता र आवश्यकता बमोजिम कार्यपालिकाबाट स्वीकृत अन्य आधारहरु
- कार्यपालिकाबाट स्वीकृत प्राथकिता निर्धारण सम्बन्धी अन्य विधि तथा प्रक्रिया

६. **बजेट तर्जुमा मार्गदर्शन (नमूनाको लागि मात्र)ः**

उपलब्ध बजेट सीमा भित्र रही ......................गाउँपालिकाको उपलब्ध आवधिक योजना/एकीकृत विकास योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, मध्यकालिन खर्च संरचना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरुलाई मध्ये नजर गरी आयोजना तथा कार्यक्रमहरुको छनौट, प्राथमिकता निर्धारण तथा बजेट अनुमान गरी मिति ........... भित्र पेश गर्नु हुन अनुरोध छः

- संविधान र प्रचलित कानून बमाजिम स्थानीय तहको कार्य जिम्मेवारी भित्र रहेका विषय, आयोजना तथा कार्यक्रम,
- आवधिक तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता अनुसारका आयोजना तथा कार्यक्रम,
- चालु आर्थिक वर्षमा संचालित क्रमागत र अधुरा आयोजना तथा कार्यक्रम,
- साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट नगरी उपलब्धीमूलक र प्रतिफलमुखी आयोजना तथा कार्यक्रम (आयोजनाको न्यूनतम लागत तोक्न सकिने)
- आयोजना वैंक तथा मध्यमकालिन खर्च संरचना तयार भए सोमा समावेश र नभएको भए वातावरणीय अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान सहित विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रम,
- अति विपन्न, सिमान्तकृत एवम् दलित, जनजाती, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक जस्ता लक्षित वर्ग, समुदाय र परिवारलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम,
- वातावरण संरक्षण तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन जस्ता विषयमा प्रत्यक्ष लाभ पुग्ने आयोजना तथा कार्यक्रम,
- उद्यमशीलता, उत्पादन र रोजगार बृद्धि हुने एवं गाउँपालिकाको आन्तरिक आयमा बृद्धिमा योगदान गर्ने आयोजना तथा कार्यक्रम,
- स्थानीय स्रोत, साधन, सीप, दक्षता, क्षमता र कच्चा पदार्थमा आधारित उद्यम व्यवसाय सिर्जना र
- विकास गर्ने आयोजना तथा कार्यक्रम,
- सामाजिक न्याय अभिबृद्धी गर्ने, सुशासन तथा जवाफदेहिता अभिबृद्धि र सेवा प्र वाहमा प्रभावकारिता
- अभिबृद्धि गर्ने कार्यक्रम,
- कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्‍याउने आयोजना तथा कार्यक्रम,
- स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम,
- योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र आविष्कारसँग सम्बन्धित आयोजना तथा
- कार्यक्रम,
- भू-उपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम,
- बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता अभिबृद्धि गर्ने आयोजना तथा कार्यक्रम,
- गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन आयोजना तथा कार्यक्रम,
- गाउँपालिकाको समग्र तथा सन्तुलित विकासमा योगदान पुग्ने आयोजना तथा कार्य क्रम आदि ।

**<u>नोटः</u>** माथि उल्लिखित विषयहरु उदाहरणको लागि मात्र हो र सम्बन्धित गाउँपालिकाले आफ्नो सन्दर्भमा उपयुक्त हुने गरी मागदर्शन तयार एवम् स्वीकृत गरी उपलब्ध गराउनु पर्नेछ ।

# अनुसूची -७ वस्ती/टोलस्तर आयोजना छनौट तथा सूची तयारी फाराम

क. **वस्ती/टोल स्तरको आवश्यकता पहिचान तथा छनौट फाराम**

| विषय क्षेत्र तथा उपक्षेत्र | के उपलब्ध छ? (संभावना) | के छैन? (आवश्यकता) | के हुनु पर्छ (कार्यक्रम/आयोजना)? |
|---|---|---|---|
| **आर्थिक विकासः** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र आदि | | | |
| **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रवद्र्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण आदि । | | | |
| **पूर्वाधार विकासः** सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत् , सञ्चार आदि | | | |
| **वन, वातावरण तथा विपद व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुणयन्त्र संचालन आदि | | | |
| **संस्थागत विकास, सुशासन र सेवा प्रवाहः** ऐन कानून तर्जुमा, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन, सेवा प्रवाह, सूचना व्यवस्थापन आदि | | | |

ख. **वस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फाराम**

| विषय क्षेत्र | आयोजना/कार्यक्रम विवरण | | | लागत अनुमान (रु हजारमा) | | | | लाभान्वित घरधुरी/ जनसंख्या | माग गर्ने समूह, टोल/समुदाय वा वस्तीको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थल/ स्थान | परिमाण | समुदायको योगदान | गापा/ नपा | अन्य | जम्मा | | |
| आर्थिक विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची -८ः वडाको बजेट सीमा भित्रका वडास्तरीय आयोजना विवरण फाराम

| प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | | | | माग गर्ने (वडा/टोल/समूह/संस्था) | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | लागत तथा प्रस्तावित स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | समुदाय | गापा/नपा | अन्य | जम्मा |
| आर्थिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सुशासन तथा सेवा प्रवाह | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची -९: गाउँ स्तरीय आयोजना तथा कार्यक्रम सूची तयारी ढाँचा

| प्रस्तावित आयोजना-कार्यक्रमको विवरण | | | | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | अनुमानित लागत | आवधिक योजना नतिजा र रणनीति पुग्ने योगदान |
|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | |
| आर्थिक विकास | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| सामाजिक विकास | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| संस्थागत विकास र सुशासन | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची -१०: वार्षिक कार्यक्रमको ढाँचा

| क्र.सं. | कार्यक्रम/ आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रकम रु | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँट | अन्य निकायबाट अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**<u>नोटः</u>** स्थानीय तहवाट संचालन गरिने सबै कार्यक्रमलाई क्षेत्रगत, विषयगत आधारमा छुट् याएर प्रत्येक विषय (जस्तैः कृषि, शिक्षा, स्वास्थ्य, सडक आदि) को अलग अलग विवरण तयार गर्नु पर्दछ ।

# अनुसूची -११ः आय-व्यय तथा वित्तीय व्यवस्था बजेटको ढाँचा

## क) राजस्व तथा अनुदान प्राप्तिको अनुमान

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को अनुमान |
|---|---|---|---|---|---|
| १०००० | राजस्व तथा अनुदान | | | | |
| ११००० | कर | | | | |
| ११३०० | सम्पत्ती कर | | | | |
| ११३१० | अचल सम्पत्तीमा लाग्ने कर | | | | |
| ११३१३ | सम्पत्ति कर | | | | |
| ११३१४ | भूमी कर-मालपोत | | | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | |
| ११३२० | खुद सम्पत्तिमा लाग्ने चालु कर | | | | |
| ११३२१ | घर बहाल कर | | | | |
| ११३२२ | बहाल विटौरी कर | | | | |
| ११४०० | वस्तु तथा सेवामा आधारित कर | | | | |
| ११४१० | मुल्य अभिवृद्धि कर | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | | |
| ११४२० | अन्तःशुल्क | | | | |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | |
| ११४५० | पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | | | | |
| ११४५१ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा, इरिक्सा) | | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | | | |
| ११४७० | मनोरंजन तथा विज्ञापन कर | | | | |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | | | |
| ११६०० | अन्य कर | | | | |
| ११६३० | कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर | | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी र जिवजन्तु कर) | | | | |
| ११६९० | अन्य कर | | | | |
| ११६९१ | अन्य कर | | | | |
| १३००० | अनुदान | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को अनुमान |
|---|---|---|---|---|---|
| १३१०० | द्विपक्षीय वैदेशिक अनुदान | | | | |
| १३११० | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | |
| १३१२० | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | |
| १३१२१ | द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | |
| १३२०० | बहुपक्षीय वैदेशिक अनुदान | | | | |
| १३२१० | बहुपक्षीय वैदेशिक चालु अनुदान | | | | |
| १३२११ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| १३२१२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त चालु अनुदान | | | | |
| १३२२० | बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान | | | | |
| १३२२१ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| १३२२२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | |
| १३२३० | अन्य वैदेशिक चालु अनुदान | | | | |
| १३२३१ | अन्य वैदेशिक चालु अनुदान | | | | |
| १३२४० | अन्य वैदेशिक पूँजीगत अनुदान | | | | |
| १३२४१ | अन्य वैदेशिक पूँजीगत अनुदान | | | | |
| १३३०० | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | | |
| १३३१० | अन्तरसरकारी अनुदान | | | | |
| १३३११ | समानीकरण अनुदान | | | | |
| १३३१२ | शसर्त अनुदान चालु | | | | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | |
| १३३१४ | विशेष अनुदान चालु | | | | |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा) | | | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | |
| १३४०० | अन्य आन्तरिक अनुदान | | | | |
| १३४१० | अन्य आन्तरिक अनुदान | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान (सडक बोर्ड नेपाल) | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान (लागत सहभागिता) | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को अनुमान |
|---|---|---|---|---|---|
| १४००० | अन्य राजश्व | | | | |
| १४१०० | सम्पत्तिबाट प्राप्त आय | | | | |
| १४११० | व्याज | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | |
| १४११९ | अन्य निकायबाट प्र्राप्त व्याज | | | | |
| १४१२० | लाभांश | | | | |
| १४१२९ | अन्य निकायबाट प्र्राप्त लाभांश | | | | |
| १४१५० | भाडा तथा रोयल्टी | | | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | | |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | | |
| १४१५५ | बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | | | | |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | | | | |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | | | | |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | | | |
| १४१९० | अन्य शुल्क | | | | |
| १४१९१ | पर्यटन शुल्क | | | | |
| १४२०० | बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२१० | बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रक | | | | |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (राजपत्र, पुस्तक, नक्सा आदि) | | | | |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | |
| १४२१८ | विद्युत् सेवा शुल्क | | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (पार्क, एम्वुलेन्स आदि तथा बालुवा, माटो, काठ बिक्री समेत) | | | | |
| १४२२० | प्रशासनिक सेवा शुल्क | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को अनुमान |
|---|---|---|---|---|---|
| १४२२१ | न्यायिक दस्तुर | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र, फाराम बिक्री) | | | | |
| १४२४० | दस्तुर | | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | |
| १४२४२ | नक्सा पास दस्तुर | | | | |
| १४२४३ | सिफारिश दस्तुर (प्रमाणित समेत) | | | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत) | | | | |
| १४२५० | अन्य प्रशासनिक दस्तुर | | | | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | |
| १४२५४ | रेडियो/एफ.एम. संचालन दस्तुर | | | | |
| १४२६० | अन्य प्रशासनिक सेवा शुल्क | | | | |
| १४२६२ | विद्युत् सम्बन्धी दस्तुर | | | | |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर (पानी बिक्री) | | | | |
| १४२६५ | अन्य क्षेत्रको आय (सामुदायीक वन पैदावर बिक्री बाट) | | | | |
| १४३०० | दण्ड, जरिवाना र जफ | | | | |
| १४३१० | दण्ड, जरिवाना र जफत | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | |
| १४३१३ | धरौटी सदरस्याहा | | | | |
| १४४०० | अनुदान बाहेकको हस्तान्तरण | | | | |
| १४४१० | चालु हस्तान्तरण | | | | |
| १४४११ | चालु हस्तान्तरण | | | | |
| १४४२० | पूँजीगत हस्तान्तरण | | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | |
| १४५०० | विविध राजश्व | | | | |
| १४५१० | चालु दावी तथा अन्य शुल्कहरु | | | | |
| १४५११ | वीमा दावी प्राप्ती | | | | |
| १४५२० | अन्य राजस्व | | | | |
| १४५२९ | अन्य राजस्व | | | | |
| १४५३० | पूँजीगत राजश्व | | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०.../.. को यथार्थ | आ.व. २०.../.. को अनुमान | आ.व. २०.../.. को संशोधित अनुमान | आ.व. २०.../.. को अनुमान |
|---|---|---|---|---|---|
| | प्राप्त आय | | | | |
| १४६१० | व्यवसाय कर | | | | |
| १४६११ | व्यवसाय कर | | | | |
| १५००० | विविध प्राप्ती | | | | |
| १५१०० | विविध प्राप्ती | | | | |
| १५११० | विविध प्राप्ती | | | | |
| १५१११ | बेरुजु | | | | |
| १५११२ | निकासा फिर्ता | | | | |
| १५११३ | अनुदान फिर्ता | | | | |

(ख) **ब्यय अनुमान**

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २0000 | खर्च | | | | | | | | | | |
| २१000 | पारिश्रमिक/सुविधा | | | | | | | | | | |
| २११00 | पारिश्रमिक/सुविधा | | | | | | | | | | |
| २१११0 | नगदमा दिईने पारिश्रमिक र सुविधा | | | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | | | | | | | | | | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | | | | | | | | | | |
| २११२0 | जिन्सी वा जिन्सी वापत कर्मचारीलाई दिइने पारिश्रमिक सुविधा | | | | | | | | | | |
| २११२१ | पोसाक | | | | | | | | | | |
| २११२२ | खाद्यान्न | | | | | | | | | | |
| २११२३ | औषधी उपचार खर्च | | | | | | | | | | |
| २११३0 | कर्मचारी भत्ता | | | | | | | | | | |
| २११३१ | स्थानीय भत्ता | | | | | | | | | | |
| २११३२ | मंहगी भत्ता | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २११३३ | फिल्ड भत्ता | | | | | | | | | | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | | | | | | | | | | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | | | | | | | | |
| २११३६ | बैदेशिक भत्ता | | | | | | | | | | |
| २११३९ | अन्य भत्ता | | | | | | | | | | |
| २११४० | पदाधिकारी भत्ता तथा अन्य सुविधा | | | | | | | | | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | | | | | | | | | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | | | | | | | | | | |
| २११४९ | पदाधिकारी अन्य भत्ता | | | | | | | | | | |
| २१२०० | कर्मचारीको सामाजिक सुरक्षा खर्च | | | | | | | | | | |
| २१२१० | कर्मचारीको सामाजिक सुरक्षा खर्च | | | | | | | | | | |
| २१२११ | सामाजिक सुरक्षा कोष खर्च | | | | | | | | | | |
| २१२१२ | कर्मचारीको योगदानमा | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | आधारित निवृत्तिभरण तथा उपादान कोष खर्च | | | | | | | | | | |
| २१२१३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | | | | | | | | | | |
| २१२१४ | कर्मचारी कल्याण कोष | | | | | | | | | | |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | | | | | | | | | | |
| २१२२० | पदाधिकारी सामाजिक सुरक्षा खर्च | | | | | | | | | | |
| २१२२१ | पदाधिकारी सामाजिक सुरक्षा कोष खर्च | | | | | | | | | | |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | | | | | | | | | | |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बिमा कोष खर्च | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २१२२४ | पदाधिकारी कल्याण कोष खर्च | | | | | | | | | | |
| २१२२९ | पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च | | | | | | | | | | |
| २२००० | मालसामन तथा सेवाको उपयोग | | | | | | | | | | |
| २२१०० | सेवा महसुल | | | | | | | | | | |
| २२११० | सेवा महसुल | | | | | | | | | | |
| २२१११ | पानी तथा बिजुली | | | | | | | | | | |
| २२११२ | संचार महसुल | | | | | | | | | | |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | | | | | | | | | | |
| २२२०० | पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | | | | | | | | | | |
| २२२१० | सवारी साधनको सञ्चालन तथा सम्भार खर्च | | | | | | | | | | |
| २२२११ | इन्धन (पदाधिकारी) | | | | | | | | | | |
| २२२१२ | इन्धन (कार्यालय | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | प्रयोजन) | | | | | | | | | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | | | | | | | | | | |
| २२२१४ | बिमा तथा नविकरण खर्च | | | | | | | | | | |
| २२२२० | मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च | | | | | | | | | | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा सञ्चालन खर्च | | | | | | | | | | |
| २२२३० | निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च | | | | | | | | | | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | | | | | | | | | | |
| २२२९० | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | | | | | | | | | | |
| २२२९१ | अन्य सम्पत्तिहरुको | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | संचालन तथा सम्भार खर्च | | | | | | | | | | |
| २२३०० | कार्यालय सामान तथा सेवाहरु | | | | | | | | | | |
| २२३१० | कार्यालय सामान तथा सेवाहरु | | | | | | | | | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | | | | | | | | | | |
| २२३१२ | पशुपंक्षीहरुको आहार | | | | | | | | | | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | | | | | | | | | | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | | | | | | | | | | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | | | | | | |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | | | | | | | | | | |
| २२४०० | सेवा तथा परामर्श खर्च | | | | | | | | | | |
| २२४१० | परामर्श तथा अन्य सेवा शुल्क | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २२४११ | सेवा र परामर्श खर्च | | | | | | | | | | |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | | | | | | |
| २२४१३ | करार सेवा शुल्क | | | | | | | | | | |
| २२४१४ | सरसफाई सेवा शुल्क | | | | | | | | | | |
| २२४१९ | अन्य सेवा शुल्क | | | | | | | | | | |
| २२५०० | कार्यक्रम सम्बन्धी खर्चहरु | | | | | | | | | | |
| २२५१० | तालिम तथा गाष्ठी | | | | | | | | | | |
| २२५११ | कर्मचारी तालिम खर्च | | | | | | | | | | |
| २२५१२ | सीप विकास तथा जनचेना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | | | | | | |
| २२५२० | उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | | | | | | | | | | |
| २२५२१ | उत्पादन सामग्री, सेवा खर्च | | | | | | | | | | |
| २२५२२ | कार्यक्रम खर्च | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजस्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २२५२९ | विविध कार्यक्रम खर्च | | | | | | | | | | |
| २२६०० | अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | | | | | | | | | | |
| २२६१० | अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | | | | | | | | | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | | | | | | | | | | |
| २२६१२ | भ्रमण खर्च | | | | | | | | | | |
| २२६१३ | विशिष्ट व्यक्ति/ प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | | | | | | | | |
| २२६१९ | अन्य भ्रमण खर्च | | | | | | | | | | |
| २२७०० | विविधखर्च | | | | | | | | | | |
| २२७१० | विविध खर्च | | | | | | | | | | |
| २२७११ | विविध खर्च | | | | | | | | | | |
| २२७२० | सभा सञ्चालन खर्च | | | | | | | | | | |
| २२७२१ | सभा सञ्चालन खर्च | | | | | | | | | | |
| २३००० | स्थिर सम्पत्तिको | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | उपभोग खर्च | | | | | | | | | | |
| २३१०० | स्थिर सम्पत्ति उपभोग खर्च | | | | | | | | | | |
| २३११० | स्थिर सम्पत्तिमा ह्रास कट्टी | | | | | | | | | | |
| २३१११ | स्थिर सम्पत्तिमा ह्रास कट्टी | | | | | | | | | | |
| २४००० | व्याज, सेवा शुल्क तथा वैंक कमिशन | | | | | | | | | | |
| २४१०० | वैदेशिक ऋणको व्याज | | | | | | | | | | |
| २४११० | वैदेशिक ऋणको व्याज | | | | | | | | | | |
| २४१११ | वैदेशिक ऋणको व्याज | | | | | | | | | | |
| २४२०० | आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा वैंक कमिसन | | | | | | | | | | |
| २४२१० | आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा वैंक कमिसन | | | | | | | | | | |
| २४२११ | आन्तरिक ऋणको व्याज | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २४२१२ | आन्तरिक ऋणको सेवा शूल्क तथा वैंक कमिशन | | | | | | | | | | |
| २४२१३ | अन्य वित्तीय संस्थाको ऋणको सेवा शुल्क, कमिशन तथा सेवा शुल्क भुक्तानी | | | | | | | | | | |
| २४३०० | अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज, सेवा शुल्क तथा कमिशन | | | | | | | | | | |
| २४३१० | अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज , सेवा शुल्क तथा कमिशन | | | | | | | | | | |
| २४३११ | अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज | | | | | | | | | | |
| २४३१२ | अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिशन | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २५००० | सहायता (सब्सीडी) | | | | | | | | | | |
| २५१०० | सार्वजनिक संस्थानहरुलाई सहायता | | | | | | | | | | |
| २५११० | गैह्र वित्तीय संस्थानहरुलाई सहायता | | | | | | | | | | |
| २५१११ | गैह्र वित्तीय संस्थानहरुलाई चालु सहायता | | | | | | | | | | |
| २५११२ | गैह्र वित्तीय संस्थानहरुलाई पूजींगत सहायता | | | | | | | | | | |
| २५१२० | वित्तीय संस्थानहरुलाई सहायता | | | | | | | | | | |
| २५१२१ | वित्तीय संस्थानहरुलाई चालु सहायता | | | | | | | | | | |
| २५१२२ | वित्तीय संस्थानहरुलाई पूजींगत सहायता | | | | | | | | | | |
| २५२०० | व्यवसायहरुलाई सहायता | | | | | | | | | | |
| २५२१० | गैह्र वित्तीय व्यवसायहरुलाई | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | सहायता | | | | | | | | | | |
| २५२११ | गैह्र वित्तीय व्यवसायहरुलाई चालु सहायता | | | | | | | | | | |
| २५२१२ | गैह्र वित्तीय व्यवसायहरुलाई पूँजीगत सहायता | | | | | | | | | | |
| २५२२० | वित्तीय व्यसायहरुलाई सहायता | | | | | | | | | | |
| २५२२१ | वित्तीय व्यसायहरुलाई चालु सहायता | | | | | | | | | | |
| २५२२२ | वित्तीय व्यसायहरुलाई पूँजीगत सहायता | | | | | | | | | | |
| २५३०० | अन्य सहायता | | | | | | | | | | |
| २५३१० | अन्य सामाजिक संस्थालाई सहायता | | | | | | | | | | |
| २५३११ | शैक्षिक संस्थाहरुलाई सहायता | | | | | | | | | | |
| २५३१२ | स्वास्थ संस्थाहरुलाई सहायता | | | | | | | | | | |
| २५३१३ | उपभोक्ता समिति तथा | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | गैह्र सरकारी संस्था सहायता | | | | | | | | | | |
| २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | | | | | | | | | | |
| २५३१५ | अन्य संस्था सहायता | | | | | | | | | | |
| २६००० | अनुदान | | | | | | | | | | |
| २६३०० | अन्य तहका सरकारहरुलाई अनुदान | | | | | | | | | | |
| २६३३० | आन्तरिक अनुदान | | | | | | | | | | |
| २६३३२ | शसर्त अनुदान | | | | | | | | | | |
| २६३३३ | विशेष अनुदान | | | | | | | | | | |
| २६३३५ | अन्य अनुदान | | | | | | | | | | |
| २६४०० | सामाजिक सेवा अनुदान | | | | | | | | | | |
| २६४१० | चालु अनुदान | | | | | | | | | | |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान | | | | | | | | | | |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | चालु अनुदान | | | | | | | | | | |
| २६४१३ | अन्य संस्थालाई सःशर्त चालु अनुदान | | | | | | | | | | |
| २६४२० | पूँजीगत अनुदान | | | | | | | | | | |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड पूँजीगत निःशर्त अनुदान | | | | | | | | | | |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड पूँजीगत सःशर्त अनुदान | | | | | | | | | | |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान | | | | | | | | | | |
| २७००० | सामाजिक सुरक्षा | | | | | | | | | | |
| २७१०० | सामाजिक सुरक्षा | | | | | | | | | | |
| २७११० | सामाजिक सुरक्षा | | | | | | | | | | |
| २७१११ | सामाजिक सुरक्षा | | | | | | | | | | |
| २७११२ | अन्य सामाजिक सुरक्षा | | | | | | | | | | |
| २७२०० | सामाजिक सहायता | | | | | | | | | | |
| २७२१० | सामाजिक सहायता | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २७२११ | छात्रवृत्ति | | | | | | | | | | |
| २७२१२ | उद्धार, राहत तथा पुनरुथापना खर्च | | | | | | | | | | |
| २७२१३ | औषधी खरिद खर्च | | | | | | | | | | |
| २७२१९ | अन्य सामाजिक सहायता | | | | | | | | | | |
| २७३०० | कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च | | | | | | | | | | |
| २७३१० | सेवा निवृत्त सुविधाहरु | | | | | | | | | | |
| २७३११ | निवृत्तिभरण तथा अशक्त वृत्ति | | | | | | | | | | |
| २७३१२ | उपदान | | | | | | | | | | |
| २७३१३ | सेवा निवृत्तको सञ्चित विदा | | | | | | | | | | |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | | | | | | | | | | |
| २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता | | | | | | | | | | |
| २८००० | अन्य खर्च | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| २८१०० | सम्पत्ति सम्वन्धी खर्च | | | | | | | | | | |
| २८१४० | भाडा | | | | | | | | | | |
| २८१४१ | जग्गाको भाडा | | | | | | | | | | |
| २८१४२ | घर भाडा | | | | | | | | | | |
| २८१४३ | सवारी साधान तथा मेसशन र औजार भाडा | | | | | | | | | | |
| २८१४९ | अन्य भाडा | | | | | | | | | | |
| २८२०० | फिर्ता खर्च | | | | | | | | | | |
| २८२१० | फिर्ता खर्च | | | | | | | | | | |
| २८२११ | राजस्व फिर्ता | | | | | | | | | | |
| २८२१२ | न्यायिक फिर्ता | | | | | | | | | | |
| २८२१९ | अन्य फिर्ता | | | | | | | | | | |
| २८९०० | भैपरी आउने चालु खर्च | | | | | | | | | | |
| २८९१० | भैपरी आउने चालु खर्च | | | | | | | | | | |
| २८९११ | भैपरी आउने चालु खर्च | | | | | | | | | | |
| ३०००० | सम्पत्ति तथा दायित्व | | | | | | | | | | |
| ३१००० | गैर वित्तीय | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| | सम्पत्ति/पूँजीगत खर्च | | | | | | | | | | |
| ३११०० | स्थिर सम्पत्ती प्रासि खर्च | | | | | | | | | | |
| ३१११० | भवन तथा संरचना | | | | | | | | | | |
| ३११११ | आवासीय भवन निर्माण/खरिद | | | | | | | | | | |
| ३१११२ | गैर आवासीय भवन निर्माण-खरिद | | | | | | | | | | |
| ३१११४ | जग्गा विकास कार्य | | | | | | | | | | |
| ३११२० | सवारी साधन, मेशीनरी औजार, फर्निचर तथा फिक्चर्स | | | | | | | | | | |
| ३११२१ | सवारी साधन | | | | | | | | | | |
| ३११२२ | मेशिनरी तथा औजार | | | | | | | | | | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | | | | | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | | | | | | | | | | |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | | | | | | | | | | |
| ३११३२ | अनुसंधान तथा विकास | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण: संघ | वित्तीय हस्तान्तरण: प्रदेश | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | सम्वन्धी खर्च | | | | | | | | | | |
| ३११३४ | कम्प्यूटर सफ्टवेर निर्माण तथा खरिद खर्च | | | | | | | | | | |
| ३११३५ | पुँजिगत परामर्श खर्च | | | | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | | | | | | | | | |
| ३११५१ | सडक तथा पुल निर्माण | | | | | | | | | | |
| ३११५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | | | | | | | | | | |
| ३११५३ | विद्युत संरचना निर्माण | | | | | | | | | | |
| ३११५४ | तटबन्ध तथा बाँध निर्माण | | | | | | | | | | |
| ३११५५ | सिचाँई संरचना निर्माण | | | | | | | | | | |
| ३११५६ | खानेपानी संरचना निर्माण | | | | | | | | | | |
| ३११५७ | वन तथा वातावरण संरक्षण | | | | | | | | | | |
| ३११५८ | सरसफाई संरचना निर्माण | | | | | | | | | | |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | | | | | | | | | | |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | | | | | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | | | | | | | | | |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | | | | | | | | | | |
| ३१२०० | मौज्दात सामानहरु | | | | | | | | | | |
| ३१२२० | मौज्दात सामानहरु | | | | | | | | | | |
| ३१२२१ | मौज्दात सामानहरु | | | | | | | | | | |
| ३१३०० | बहुमूल्य सामानहरु | | | | | | | | | | |
| ३१३१० | बहुमूल्य सामानहरु | | | | | | | | | | |
| ३१३११ | बहुमूल्य सामानहरु | | | | | | | | | | |
| ३१४०० | प्राकृतिक सम्पत्ति (Non-produce assets) | | | | | | | | | | |
| ३१४१० | जग्गा प्राप्ती खर्च | | | | | | | | | | |
| ३१४११ | जग्गा प्राप्ती खर्च | | | | | | | | | | |

| खर्च संकेत | खर्चका शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक स्रोत | वित्तीय हस्तान्तरण | | राजश्व बाँडफाँड | अन्य निकायको अनुदान | ऋण | जनसहभागिता |
| | | | | | | संघ | प्रदेश | | | | |
| ३१४४० | अदृष्य सम्पत्ति प्राप्ती खर्च | | | | | | | | | | |
| ३१४४१ | करार, लिज तथा लाईसेन्स खरिद वा प्राप्ति खर्च | | | | | | | | | | |
| ३१५०० | भैपरी आउने पूँजीगत | | | | | | | | | | |
| ३१५१० | भैपरी आउने पूँजीगत | | | | | | | | | | |
| ३१५११ | भैपरी आउने पूँजीगत | | | | | | | | | | |

## (ग) वित्तीय सम्पत्ति तथा दायित्व (वित्तीय ब्यवस्था)

| वित्तीय खर्च | वित्तीय शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान |
|---|---|---|---|---|---|
| ३२००० | वित्तीय सम्पत्ती | | | | |
| ३२१०० | आन्तरिक वित्तीय सम्पत्ती | | | | |
| ३२१२० | नगद तथा मौज्दात | | | | |
| ३२१२१ | नगद | | | | |
| ३२१२२ | बैंक मौज्दात | | | | |
| ३२१४० | आन्तरिक ऋण लगानी | | | | |
| ३२१४१ | अन्तर सरकारी ऋण लगानी | | | | |
| ३२१४२ | सार्वजनिक संस्थानमा ऋण लगानी | | | | |
| ३२१४३ | अन्य संस्थामा ऋण लगानी | | | | |
| ३२१४७ | अन्तर सरकारी ऋण लगानी फिर्ता (-) | | | | |
| ३२१४८ | संस्थानवाट ऋण लगानी फिर्ता (-) | | | | |
| ३२१४९ | अन्य संस्थामा ऋण लगानी फिर्ता (-) | | | | |
| ३२१५० | खूद सेयर लगानी | | | | |
| ३२१५१ | संस्थानमा शेयर लगानी | | | | |
| ३२१५२ | अन्य संस्थामा शेयर लगानी | | | | |
| ३२१५६ | संस्थानमा शेयर लगानी फिर्ता (-) | | | | |
| ३२१५७ | संस्थानमा शेयर लगानी बिक्री (-) | | | | |
| ३२१५८ | अन्य संस्थामा शेयर लगानी फिर्ता (-) | | | | |
| ३२१५९ | अन्य संस्थामा शेयर लगानी बिक्री (-) | | | | |
| ३२१८० | अन्य प्राप्ति हुने खाताहरु | | | | |
| ३२१८१ | उधारो बिक्रि तथा अग्रीम भुक्तानी | | | | |
| ३२१८२ | प्राप्ती योग्य विविध खाताहरु | | | | |
| ३२१८३ | धरौटी रकम प्राप्ती | | | | |
| ३२१८४ | धरौटी रकम फिर्ता (-) | | | | |
| ३२२०० | वाह्य वित्तीय सम्पत्ती | | | | |
| ३३००० | दायित्व | | | | |
| ३३१०० | आन्तरिक दायित्व | | | | |
| ३३१४० | खुद आन्तरिक ऋण | | | | |
| ३३१४१ | ऋणपत्र मार्फत प्राप्त ऋण | | | | |
| ३३१४२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | | | | |
| ३३१४३ | अन्य संस्थाहरुबाट ऋण प्राप्ती | | | | |

| वित्तीय खर्च | वित्तीय शीर्षक | आ.व. २०..।.. को यथार्थ | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को संसोधित अनुमान | आ.व. २०..।.. को अनुमान |
|---|---|---|---|---|---|
| ३३१४४ | अधिविकर्ष (Overdraft) | | | | |
| ३३१४५ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी (-) | | | | |
| ३३१४६ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण साँवा भुक्तानी (-) | | | | |
| ३३१४७ | अन्य संस्थाहरुबाट ऋण प्राप्ती साँवा भुक्तानी (-) | | | | |
| ३३१४८ | अधिविकर्ष (Overdraft) भुक्तानी (-) | | | | |
| ३३१८० | तिर्नुपर्ने अन्य खाताहरु | | | | |
| ३३१८१ | उधारो तथा अग्रीम भुक्तानी | | | | |
| ३३१८२ | तिर्नुपर्ने विभिन्न अन्य खाताहरु | | | | |
| ३३२०० | वाह्य वित्तीय दायित्व | | | | |
| ३३२४० | खूद वैदेशिक ऋण | | | | |
| ३३२४१ | वैदेशिक ऋणको प्राप्ति | | | | |
| ३३२४२ | वैदेशिक ऋण साँवा भुक्तानी (-) | | | | |
| ३३३०० | बाँडफाँड हुने राजश्व | | | | |
| ३३३४० | बाँडफाँड हुने कर, रजिष्ट्रेशन शुल्क तथा अन्य प्रशासनिक सेवा शुल्क | | | | |
| ३३३४१ | सवारी साधन कर | | | | |
| ३३३४२ | मनोरंजन कर | | | | |
| ३३३४३ | विज्ञापन कर | | | | |
| ३३३४४ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | | | |
| ३३३४५ | पर्यटन शुल्क | | | | |
| ३३३६० | बाँडफाँड हुने प्राकृतिक स्रोतको रोयल्टी | | | | |
| ३३३६१ | वन रोयल्टी | | | | |
| ३३३६२ | खानी तथा खनिज सम्वन्धी रोयल्टी | | | | |
| ३३३६३ | जलस्रोत सम्वन्धी रोयल्टी | | | | |
| ३३३६४ | विद्युत सम्वन्धी रोयल्टी | | | | |
| ३३३६५ | पर्वतारोहण रोयल्टी | | | | |
| ३३३६६ | दहत्तर वहत्तर शुल्क | | | | |
| ३३३६९ | अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | | | | |
| ३३३९० | अन्य बाँडफाँड हुने राजश्व | | | | |
| ३३३९१ | अन्य बाँडफाँड हुने राजश्व संकलन | | | | |

# अनुसूची -१२: बजेट पुस्तिकाको ढाँचा

**खण्ड १: परिचय तथा समीक्षा**

**१.१ गाउँपालिका/नगरपालिकाको संक्षिप्त परिचय**

- अवस्थिति, क्षेत्रफल, जनसंख्या र जातिगत विवरण, परिवार संख्या, लैङ्गिक अनुपात आदि
- भूउपयोग स्थिति, कृषि, वन, चरन, संरक्षित क्षेत्र, तालतलैया, नदी, आदि
- धार्मिक एवं पर्यटकीय क्षेत्र-स्थल तथा पर्यटकीय गतिविधि
- पेशा, रोजगारी, गरीवी र गरीवी मापन स्थिति
- शिक्षा, साक्षरता स्थिति, विद्यालय तथा शिक्षण संस्था र पहुँच स्थिति
- स्वास्थ्य, स्वास्थ सेवा संस्थाहरु, स्वास्थ्य सेवामा पहुँच स्थिति
- खानेपानी तथा सरसफाई स्थिति, पहुँच तथा चर्पी प्रयोग
- खानी, खनीज, उद्योग व्यवसाय, प्रकार संस्था तथा रोजगारी स्थिति
- कृषि, पशु सेवा, पोषण, खाद्य निर्भरता आदि
- अन्य ।

**१.२ चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा**

- चालु आ.व.मा पारित भएका नीति, ऐन, नियमावलीहरु, कार्यविधिहरु तथा सम्पन्न अन्य महत्वपूर्ण योजना, अध्ययन आदि ।
- संघ, प्रदेश तथा अन्य निकायहरुसंग भएका समन्वय, समझदारीहरु तथा तिनका उपलब्धिहरु
- कुल राजस्व अनुमान, आन्तरिक आयको अनुमान र समीक्षा अवधिसम्म भएको प्रगति/उपलब्धिहरु,
- कुल विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति,
- विषयगत क्षेत्र/उपक्षेत्र अनुसार विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति ।
- समीक्षा अवधिसम्म हासिल मुख्य उपलब्धिहरु (विषयगत क्षेत्र अनुसार)
  - **आर्थिकः** कृषि, पशु, सहकारी, उद्योग, पर्यटन आदि ।
  - **सामाजिकः** शिक्षा, स्वस्थ्य, खानेपानी, तथा सरसफाई, महिला, बालवालिका, युवा, समावेशी विकास, लक्षित समूह विकास आदि ।
  - **पूर्वाधारः** सडक, पुल, सिँचाई, आवास, शहरी विकास, भवन, सञ्चार, ऊर्जा आदि ।
  - **वन, वातावरण र विपद् व्यवस्थापनः** सामुदायिक वन, भू संरक्षण तथा जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, प्रकोप नियन्त्रण, जलवायु परिवर्तन अनुकुल आदि ।
  - **सुशासन तथा संस्थागत विकासः** शाखा/महाशाखा, कर्मचारी र दरवन्दी, क्षमता विकास, राजस्व परिचालन, पारदर्शिता (सार्वजनिक सुनुवाई), सञ्चार माध्यम परिचालन, विद्युतीय शासन, वेरुजु, लेखापालन, लेखापरिक्षण आदि ।
- चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरुः
  - नीति, कानुन, श्रोत प्राप्ती, दरवन्दी तथा कर्मचारी सम्बन्धी
  - कार्यक्रम/आयोजना सञ्चालन, कार्यालय भवन सम्बन्धी

- × समन्वय तथा साझेदारी, सहकार्य आदि सम्बन्धी ।

**भाग २ः आ.व. २०.../... को नीति, कार्यक्रम तथा बजेट**

२.१ **सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरु**

- सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीहरु
  - × **सोचः** आवधिक योजना तयार भए सो योजनावाट लिइने,
  - × **लक्ष्यः** वार्षिक बजेट तथा कार्यक्रमले सामाजिक, आर्थिक तथा वातावरणीय विकासमा हासिल गर्न चाहेको आवस्थामा योगदान पुऱ्याउने माथिल्लो तहको नतिजा उल्लेख गर्ने,
  - × **उद्देश्यहरुः** वार्षिक बजेट तथा कार्यक्रम सञ्चालन भएबाट विषय क्षेत्रगत रुपमा हासिल हुने नतिजाहरु उल्लेख गर्ने,
  - × **अपेक्षित उपलब्धिहरु (प्रतिफल)** : कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गरिएपछि तत्काल हासिल हुन सक्ने उपलब्धिहरु उल्लेख गर्ने

२.२ **वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु**

- × **समग्र नीति तथा आधारहरुः** राज्यका निर्देशक सिद्धान्त, मौलिक हक, संघियता कार्यान्वयन, गरीवी न्यूनिकरण, आर्थिक तथा वित्तीय आत्मनिर्भरता, दिगो विकास लक्ष्य आदि ।
- × **क्षेत्रगत नीति तथा आधारहरु (प्रमुख रुपमा नीति तथा कार्यक्रममा आधारित हुने)ः**
  - **आर्थिक क्षेत्रः** उत्पादन, रोजगारी, व्यवसाय प्रवद्र्धन, सहकारिता विकास, गरिवी हटाउने
  - **सामाजिक विकासः** अनिवार्य तथा नि-शुल्क शिक्षा र गुणस्तर, शिक्षमा सवैको पहुँच, समावेशी विकास, भेदभाव तथा छुवाछुत रहित समाज, स्वास्थ्य सेवामा पहुँच, सवैका लागि खानेपानी, तथा सरसफाई, महिला, बाल तथा अपाङ्गमैत्री सेवा आदि ।
  - **पूर्वाधार क्षेत्रः** यातायात पहुँच, उत्पादन वृद्धि उन्मुख, वातावरण मैत्री, सेवा प्रवाहमा सरलताका लागि भवनहरु, बजार, आवास विहिनका लागि आवास योजना, दिगो पुर्वाधार उपयोग, उर्जा, विद्युत्, सञ्चारमा पहुँच, तथा भुकम्पको क्षतिको पुर्नलाभ तथा पुननिर्माण ।
  - **वन वातावरण तथा विपद व्यवस्थापनः** वन, जैविक विविधता संरक्षण, वातावरणमैत्री विकास तथा शासन, जलवायू परिवर्तन अनुकुलन, प्रकोप नक्साङ्कन तथा विपद व्यवस्थापन आयोजना, वाढी वियन्त्रण आदि ।
  - **संस्थागत विकास, सेवा प्रवाह र सुशासनः** कानुन निर्माण, संगठन व्यवस्थापन, दरवन्दी तथा पदपूर्ति, पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विद्युतीय प्रणाली, पारदर्शिता, सञ्चार माध्यमको उपयोग, सेवामा नागरिकहरुको पहुँच, वित्तीय व्यवस्थापन तथा लेखा परिक्षण आदि।

२.३ **मुख्य आयोजना कार्यक्रमहरुको विवरण तथा अनुमानित व्यय र श्रोत व्यवस्थापन**

- × **मुख्य आयोजना कार्यक्रमहरुको विवरणः** विषय क्षेत्र/उपक्षेत्र अनुसार प्रतिफलबाट लाभान्वित हुने जनसङ्ख्या, आयोजना सञ्चालन हुने स्थान, लागत र लागत सहभागिता आदि ।

× **अनुमानित व्यय र श्रोत व्यवस्थापनः** आन्तरिक आय, संघ तथा प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण आदि ।